# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क १०८


नेपालमाथि हस्तक्षेपको अमेरिकी एजेण्डा
-आनन्दस्वरुप वर्मा

इराक युद्धपछिको विश्व-व्यवस्था
-चैतन्य मिश्र

स्वीस प्रजातन्त्रबाट नेपालले केही सिक्ने कि ?
-मल्ल के. सुन्दर



## वार्ता गम्भीर संकटमा

# वार्तामा सबैभन्दा चाम्रो एजेण्डा के होला ?

-रामबहादुर थापा 'बादल'


मूल्य रु. २५/-, भारतमा भा.रु. २०/-




जनआन्दोलन सफलताको पूर्वशर्त के?

## कस्तो हुनुपर्छ, लोकतन्त्रको नयाँ मोडल ?

● डा. बाबुराम भट्टराई ● प्रा. डा. लोकराज बराल ● नरहरि आचार्य ● प्रकाश ● शंकर पोखरेल



"... केही सपना छोराछोरीले पूरा गर्छन्
केही सपना मायोज़ ले...
आफ्ना उपभोक्ताहरूको हर-खुशीका पलहरूमा साथ दिन मायोज़ प्रस्तुत गर्दछ - १२३ मायोज़ डाइमण्ड अफर । १२३ वटा हिराका हारहरू तपाई र तपाईका प्रियजनहरूको लागि सर्वोत्तम उपहार ।
DIAMOND LOCKET
123
mayos
Diamond
अफर
१, २ र ३ नम्बर अंकित कुपनहरू जम्मा गरी मायोज़को पूरा प्याकेट मिलाउनुहोस् र नजिकको पसलबाट पाउनुहोस् १ (एक) प्याकेट मायोज़ तैयारी चाउचाउ सितैमा
साथमा, दर्जनौं किसिमका मनमोहक BREAKIES
mayos
Wonderful Mayos Noodles
चाँडै गर्नुहोस्, यो योजना सीमित अवधिको लागि अधिराज्यभर लागू गरिएको छ ।
हिराका हारहरूका लागि नजिकको डिलर वा हिमालयन स्न्याक्सको मुख्य कार्यालयमा सम्पर्क गर्नुहोस् ।
उपहार सम्बन्धी सम्पूर्ण निर्णयहरू कम्पनीमा निहीत हुने छ ।
Avenues 2003

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष– २१, पूर्णाङ्क– १०८
जेठ– २०६०



**संरक्षक**
डा. मधुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**सम्पादक**
हरिगोविन्द लुइँटेल

**सम्पादक मण्डल**
गोविन्द वर्तमान
तुलसीदास महर्जन
राजेन्द्र महर्जन
विष्णुदेवी श्रेष्ठ

**प्रबन्ध निर्देशक**
स्नेह सायमि

**कार्यालय व्यवस्थापक**
वीरप्रसाद भंसारी

**बजार व्यवस्थापक**
दुर्गा खड्का

**सहायक बजार व्यवस्थापक**
जमुनाप्रसाद चौधरी



**अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.**
का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

कार्यालय
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
क– ३/८०, टेकु, काठमाडौं-१२
फोन/फ्याक्स : २६८७९१ /२१९०८५
पो. ब. नं. ७०५०, काठमाडौं
इमेलहरु : yuwa@ntc.net.np,
yuwamonthly@yahoo.com

**मूल्य : रु. २५/-**


## कस्तो हुनुपर्छ, लोकतन्त्रको
# नयाँ मोडल ?

○ डा. बाबुराम भट्टराई ○ प्रा. लोकराज बराल
○ नरहरि आचार्य ○ प्रकाश ○ शंकर पोखरेल

## वार्ता गम्भीर संकटमा



## वार्तामा सबैभन्दा चाम्रो एजेण्डा के होला ?

**रामबहादुर थापा 'बादल'सँगको विशेष अन्तर्वार्ता**

### स्वीस प्रजातन्त्रबाट नेपालले केही सिक्ने कि ?
*-मल्ल के. सुन्दर*

■ 'शिरीषको फूल'को
### रामकहानी
*-डी. आर. पोखरेल*

### नेपालमाथि हस्तक्षेपको अमेरिकी एजेण्डा
*-आनन्दस्वरूप वर्मा*

### यसरी असफल भयो भूमिसम्बन्धी ऐन



## प्रतिगमनविरोधी जनआन्दोलन सफलताको पूर्व शर्त

## इराक युद्धपछिको विश्व-व्यवस्था
○ *चैतन्य मिश्र*




**हाम्रो मूल्यांकन :**
● वार्ता र आन्दोलनको लक्ष्य एउटै हुनुपर्छ ४
● सत्तापक्ष र माओवादीबीचको वार्ता गम्भीर संकटमा
- *श्याम श्रेष्ठ* ५

**आवरण कथा / बहस :**
● कस्तो हुनुपर्छ, लोकतन्त्रको नयाँ मोडल ?
● लोकतन्त्रको नयाँ मोडलबारे
- *डा. बाबुराम भट्टराई* ६
● नयाँ नेपालको निम्ति लोकतन्त्रको नयाँ खाका
- *प्रा. डा. लोकराज बराल* ७
● लोकतन्त्रको सुदृढीकरणका लागि संवैधानिक विकासका सूत्रहरु
- *नरहरि आचार्य* ९
● संविधानसभामार्फत् जनतालाई साँच्चै सार्वभौम पार्ने हो भने के के गरिनुपर्छ ?
- *प्रकाश* १२
● अग्रगमनका यतिखेरका मुख्य एजेण्डाहरु
- *शंकर पोखरेल* १४

**विशेष अन्तरवार्ता :**
● वार्तामा सबैभन्दा चाम्रो एजेण्डा के होला ?
- *रामबहादुर थापा 'बादल'* ४३

**विश्लेषण :**
● नेपालमाथि हस्तक्षेपको अमेरिकी एजेण्डा
- *आनन्दस्वरुप वर्मा* ३४

**घटना र प्रवृत्ति :**
● इराक युद्धपछिको विश्व-व्यवस्था
- *चैतन्य मिश्र* ३६

**कम्युनिष्ट विश्व :**
● युद्धविराम र राजनीतिक सल्लाहकार सम्मेलनको कोसेढुंगा - *राजेन्द्र महर्जन* १६

**विशेष :**
● स्वीस प्रजातन्त्रबाट नेपालले केही सिक्ने कि ?
- *मल्ल के. सुन्दर* २१

**अर्थतन्त्र / खोज :**
● यसरी असफल भयो, भूमिसम्बन्धी ऐन
- *दामोदर तिमल्सिना* २४

**साहित्य / बहस :**
● 'शिरीषको फूल'को रामकहानी
- *डी. आर. पोखरेल* २८

**किताब :**
● 'शिरीषको फूल' असमिया भाषामा
- *लीलानन्द उपाध्याय (दरङ्गे)* ३०

**लघुकथा :**
● सल्लाहकार नं २ - *सुरेश ढकाल* ३१

**कविता**
● श्रीमान बुश - *नारायण ढकाल* ३१

**पर्दा रंगमंच :**
● उसबेलाको नेपाल: क्या गजबको नेपाल
- *स्वीकार श्रान्त* ३२
● विद्यार्थी आन्दोलन मूल्यवृद्धिदेखि जनआन्दोलनसम्म
- *राजकुमार बराल* ३८
● प्रतिगमनविरोधी जनआन्दोलन सफलताको पूर्व शर्त
- *हरिगोविन्द लुइँटेल* ४०

**पाठकको कुरो :** ४६



आवरण फोटो : माओवादी वार्ता टोली सदस्य रामबहादुर थापा 'बादल'। फोटो : ए.बी.सी. फोटोज् । आवरण सज्जा : टाइम्स क्रिएशन, पुतलीसडक, फोन: ४१००५९ । कलर सेपरेशन: पोलिइमेज, फोन: २५२५७१ । कलाकारहरु: लक्ष्मण भुजेल, जि.डि. सारु, यति ग्राफिक्स, फोन : ४३०७५२ । मुद्रण: इन्द्रेणी अफसेट प्रेस, फोन: ७७१४४८

# वार्ता र आन्दोलनको लक्ष्य एउटै हुनुपर्छ

**अहिले** सिंगो राष्ट्रको ध्यान र आशा वार्ताको टेबुलमा केन्द्रित भएको छ । नेपालले फेरि गृहयुद्ध थेग्न सक्ने स्थिति नै छैन । युद्ध दोहरिएमा नेपाल आर्थिक रुपले त धरासायी हुने छ नै, यो सामाजिक र राजनैतिक हिसावले समेत बर्बाद हुनेछ । त्यसैले सम्पूर्ण जनसमुदाय अहिले शान्ति वार्ताको सफलताको कामना गरिरहेका छन् । देशभरि निक्लिरहेका शान्ति र्‍यालीहरु, शान्तद्दीप प्रज्ज्वलनहरु, हस्ताक्षर अभियानहरुले यही कुरा प्रतिविम्बित गरिरहेका छन् । 'वार्ता बिथोल्न पाईंदैन- फेरि युद्ध चाहिंदैन' -यो नारा अहिले आमजनताको मुख मुखको नारा बनेको छ ।

तर सत्ता पक्ष वार्ताको सफलताको निम्ति पटक्कै गम्भीर र जिम्मेवार देखा परिरहेको छैन । सबैभन्दा चिन्ताको विषय यो भएको छ कि नेपालमा अहिले राज्य तहमा सैन्यवाद हावी हुन थालेको छ । राजनीतिमाथि हतियार माफिया र बन्दूक हावी हुन थालेको छ । सरकार विद्रोही वार्ता टोलीसँग एउटा राजनैतिक सहमति गर्छ, रक्षा मन्त्रालय र जंगी अड्डा त्यसको ठीक विपरित वक्तव्य निकालेर पत्रकार सम्मेलन गर्छन् । यस्तो भान हुन्छ, मानौं अब नेपालको सेना राज्य मातहतको र राज्यको निर्देशनमा चल्ने अंग बाँकी रहेन । यो राज्यभन्दा पनि माथिको, राज्यलाई पनि आफ्नो नीति निर्देशनमा चलाउने एउटा छुट्टै निकाय भएको छ । यो ठूलो अनिष्टको संकेत हो । यसरी नेपाल अघोषित रुपमा सैनिक शासनतर्फ उन्मुख भइरहेको छ । अहिले सेनाबाट भइरहेका वक्तव्यबाजी, युद्धविरामको क्रममा पनि व्यापक सैनिक परिचालन, हातहतियार र सेनाको संख्यामा व्यापक वृद्धिजस्ता हर्कतहरुलाई हेर्दा यो भन्न सकिन्छ- यस पटक शान्ति वार्ताको विफलताको एउटा मुख्य कारण सेनाको वार्ताविरोधी रवैया हुनसक्छ ।

वार्ताको विफलताको अर्को मुख्य कारण अमेरिकी सरकारको शान्ति वार्ताविरोधी व्यवहार हुने देखिएको छ । भीषण गृहयुद्धको क्रममा समेत आतंककारी घोषणा नगरेको माओवादीलाई युद्धविराम गरेर शान्तिपूर्ण राजनैतिक समाधानको निम्ति वार्ताको टेबुलमा आएपछाडि अमेरिकी सरकारले आंककारीको सूचिमा राखेको छ । यो सरासर वार्ता विथोल्ने चालबाजी हो । त्यसमाथि थप, आतंकवादसम्बन्धी हालैको ५ वर्षीय सम्झौता, अमेरिकी सैनिक सहायतामा व्यापक वृद्धि, अमेरिकी सैनिकहरुको युद्धविरामको क्रममा पनि नेपालभित्र व्यापक चलखेलले यो छर्लङ्ग पारेको छ कि अमेरिकाको लागि सफल शान्ति वार्ता र गृहयुद्धविनाको शान्त नेपाल चाहिएको छैन । उसलाई नेपालमा पुनः गृहयुद्ध चाहिएको छ ता कि यसको निहुँ पारेर ऊ नेपालमा त्यस्तो गुप्तचर र फौजी संयन्त्र स्थापित गर्न सकोस्, जसको सहायताले चीन, भारत र सम्पूर्ण दक्षिण एशियामा प्रभुत्व जमाउन नेपाल महत्वपूर्ण अड्डा हुन सकोस् । यो काममा प्रजातन्त्रको जननी भनिने बेलायत सरकार पनि अमेरिकी सरकारको पिछलग्गु भएर नेपालमा आइरहेको छ ।

यी दुईथरि विदेशी शक्तिहरु अहिले शान्ति वार्तालाई सकेसम्म लम्ब्याउने र वार्तालाई बिफल पार्ने खुलेआम षडयन्त्रमा लागेका छन् । दरवार र संसदीय शक्तिलाई मिलाएर माओवादीलाई सिध्याउने उनीहरुको घोषित लक्ष्य देखिएको छ । नेपालको दिगो शान्तिको लागि उनीहरुको नीति र व्यवहार ठूलो बाधाको रुपमा देखिएको छ ।

सरकार अधिकारविहिन र विभाजित हुनु तथा कार्यकारी अधिकार लिएर बसेको दरवार सत्ता स्वार्थको लागि अमेरिकी डिजाइनमा चल्नुले पनि वार्तामा गम्भीर समस्या सिर्जना गरेको छ । ऊ या त माओवादीलाई अन्तरिम सरकारमा ल्याएर प्रतिगमनकारी कदमको पक्षमा वैधता प्राप्त गर्न चाहन्छ या यसो गर्न नमानेमा माओवादीलाई पुनः जंगलमै फर्काउन र दमनद्वारा माओवादीको शक्तिमा ठूलो क्षय गरिसकेपछि कमजोर माओवादीसँग मात्र वार्ता गर्न चाहन्छ । माओवादी र संसदीय शक्तिहरुबीच मेल हुन नदिनु नै उसको मुख्य कार्यनीति रहेको देखिन्छ ।

अहिले ५ वटा दलहरु सडकमा प्रतिगमनविरोधी आन्दोलन गरिरहेका छन् । यो आन्दोलनले प्रतिगमनकारी शक्तिलाई त धक्का पुर्‍याएको छ नै वार्ताको पक्षमा केही लचिलो हुन पनि सत्ता पक्षलाई बाध्य पारेको छ । तथापि आन्दोलनको लक्ष्य यथास्थितिवादी देखिएको छ । यो नै यो आन्दोलनको सबैभन्दा ठूलो सीमा हो । अहिलेको परिस्थितिमा सडक आन्दोलनको लक्ष्य र शान्ति वार्ताको लक्ष्य एउटै हुनसक्दामात्रै प्रतिगमनकारी शक्ति परास्त हुनसक्छ । आन्दोलनको माग र वार्ताको मागमा एकरुपता हुन सक्दा नै वार्ताले आन्दोलनलाई सघाउने र आन्दोलनले वार्तालाई सघाउने स्थिति पैदा हुन्छ । सडकका आन्दोलनकारीहरु र वार्ता टेबुलका माओवादीहरु प्रतिगमनको विरुद्धमा र अग्रगमनको पक्षमा एक ढिका हुनसक्दा नै वार्ता र आन्दोलन दुवै सफल हुने हुन्छ । यसको निम्ति सडकमा आन्दोलनकारी शक्तिहरुले खालि सर्वदलीय सरकार वा संसद स्थापनाको मागमात्रै नगरेर त्यसले गोलमेच सम्मेलन र नयाँ संविधान निर्माणको लागि संविधान सभाको निर्वाचनको मागसमेत गर्नु जरुरी छ । त्यस्तै, माओवादीहरुले संसदीय शक्तिहरुसँग अग्रगमनको विषयवस्तुको सवालमा एउटा प्याकेज सहमति कायम गरेर उनीहरुले सडकमार्फत् अहिले गरिरहेको माग र संघर्षमा समर्थन र सहभागिता जनाउनु जरुरी छ । सडकमा आन्दोनलकारीहरुमाथि दमन हुँदा ऊ सशक्त ढंगले त्यसको विरोधमा उत्रिनु जरुरी छ, वार्ताको टेबुलमा माओवादीमाथि धोकाधडी र षडयन्त्र हुँदा सडकको शक्तिले जोडदार आवाज उठाउनु जरुरी छ । वार्ता र सडक आन्दोलनबीच यसरी माग र लक्ष्यमा ऐक्यवद्धता कायम हुनसक्यो भने दुनियाँको कुनै शक्तिले यसलाई पराजित गर्न सक्ने छैन । वार्ता र संघर्ष दुवै फलदायी हुनेछन् । ❑



**मा**ओवादी र सत्तापक्षबीच भइरहेको वार्ता अहिले गम्भीर संकटमा परेको छ । जेठ १ गते माओवादी पक्षले अकस्मात आयोजना गरेको पत्रकार सम्मेलनमार्फत् सरकारी वार्ता टोलीका एक सदस्य रमेशनाथ पाण्डेलाई वार्ता टोलीबाट हटाउनुपर्ने, सर्वाधिक सम्पन्न र विश्वसनीय मानिसहरूको सहभागिता भएको अर्को वार्ता टोली गठन हुनुपर्ने, अहिले सेनाले जुन ढंगले प्रतिक्रिया दिइरहेको छ, त्यो बन्द हुनुपर्ने तथा आपत्तिजनक वक्तव्य दिन रोक्नुपर्ने र दोस्रो पटकको वार्तामा भएको सहमतिअनुसार माओवादीका तीन जना बन्दी नेताहरूलाई छाड्नुपर्ने माग गरेको छ ।

दोस्रो वार्तामा शाही सेना आफ्नो क्षेत्रभन्दा ५ किलोमिटरभन्दा बाहिर परिचालन गर्न नपाइने भन्ने सहमति भएको कुरालाई प्रस्तावमात्र आएको हो भनेर वि.वि.सी. नेपाली सेवालाई अन्तरवार्ता दिने क्रममा रमेशनाथ पाण्डेले भनेपछि माओवादी पक्षले यो प्रतिक्रिया जनाएको थियो ।

वार्ताको क्रममा अहिले मुख्यतया दुई वटा कुनाबाट वार्तालाई बिफल पार्ने प्रयत्न भइरहेको देखिन्छ, एउटा अमेरिकी सरकार पक्षबाट र अर्को शाही नेपाली सेनाबाट ।

माओवादीहरू भीषण गृहयुद्धमा सामेल भइरहेको बेलामा समेत उनीहरूलाई अमेरिकाले आतंककारीको श्रेणीमा राखेको थिएन । तर जब माओवादी वार्ताबाटै शान्तिपूर्ण ढंगले समस्या समाधान गर्ने भनेर आएका छन्, त्यतिखेर अमेरिकी सरकारले उनीहरूलाई आतंककारीको निरीक्षण सूचिमा राख्ने निर्णय गरेको छ । त्यो निर्णयको उद्देश्य नेपाल सरकारले पनि माओवादीलाई आतंककारीको दर्जा देओस् र छिनोफानो हुने ढंगले उनीहरूसँग वार्ता नहोस् भन्ने हो । साथसाथै, अन्य राजनैतिक शक्तिहरूले उनीहरूसँग हातेमालो नगरून् भन्ने पनि यसको आशय देखिन्छ । यो निर्णयले नेपालको शान्ति वार्तामा गम्भीर असर पुर्‍याएको छ । किनभने यदि उनीहरू आतंककारी नै हुन् भने एउटा आतंककारीसँग राज्यले वार्ता गर्न मिल्दैन । अमेरिकाको यो निर्णयले माओवादीहरू वार्तामा बसिरहेको बेलामा आतंककारीहरूमाथि दमन गर्ने निहुँ पारेर उसले सैनिक सहायता बढाउन सक्ने छ । यी दुवै कुरा भयो भने यसले वार्तामा गम्भीर असर पुर्‍याउन सक्ने देखिन्छ ।

त्यस्तै गरेर अहिले शाही सेनाले पनि राज्यको मातहतको एउटा निकाय नभएर सरकारभन्दा माथिको शक्तिशाली निकायको व्यवहार गर्दैछ । शाही सेनाले सरकारले गरेको निर्णय आफूलाई मान्य नहुने भन्ने खालका अभिव्यक्तिहरू दिन थालेको छ । यो अभिव्यक्तिले पनि वार्तामा गम्भीर समस्या पैदा गरेको छ । सरकारको आधिकारिता र विश्वसनीयतामाथि यसले ठूलो प्रश्नचिन्ह पैदा गरेको छ । निश्चित रूपमा राजाले दावी गरेझैं

**राज्यपक्षको वार्ता टोलीले माओवादी पक्षको वार्ता टोलीलाई फोन गरेर गृहकार्य टोलीमा सहमति भइसकेको कुरालाई पुनर्विचार गर्नको भनियो**



# वार्ता गम्भीर संकटमा



कार्यकारी अधिकारसहितको अहिलेको सरकार हो भने सरकारले जे निर्णय गर्छ, त्यो सेनालाई मान्य हुनुपर्ने हो । तर वार्ताको क्रममा सरकार एउटा सहमतिमा पुगेपछि सेनाले छुट्टै पत्रकार सम्मेलन गरेर सेना ५ किलोमिटरभन्दा बाहिर परिचालन गर्न नपाइने कुरालाई अस्वीकार गरेको र माओवादीले लुटेका हतियार नबुझाएसम्म सेना परिचालन भइरहने अभिव्यक्ति दिएको छ । यसले सेना सरकारको मातहतमा नरहेको कुरा स्पष्ट देखाएको छ । साथसाथै, सेना प्रष्ट रूपमा शान्तिवार्ताबाट राजनैतिक ढंगबाट समस्याको समाधान निकाल्ने कुराको विपक्षमा रहेको पनि यसले देखाएको छ । यसरी यी दुई वटा कोणबाट वार्तामा गम्भीर समस्या पैदा भएको छ ।

त्यसो त दोस्रो पटकको वार्ता शुरू हुनुभन्दा एक घण्टाअगाडि मात्रै पनि राज्यपक्षको वार्ता टोलीले माओवादी पक्षको वार्ता टोलीलाई फोन गरेर गृहकार्य टोलीमा सहमति भइसकेको ५ किलोमिटरभन्दा बाहिर शाही सेना परिचालन गर्न नपाइने भन्ने कुरालाई पुनर्विचार गर्नको लागि अनुरोध गरेको माओवादी वार्ता टोलीबाट थाहा भएको छ । गृहकार्य टोलीको बीचमा माओवादी पक्षले स्पष्ट रूपमा शाही सेना ब्यारेकमै सीमित हुनुपर्ने र माओवादीको आफ्नो जनसेना पनि आफ्नो थान्कोमै रहने कुरा उठाएको बुझिएको छ । तर सरकारी पक्षको अनुरोधमा नै ५ किलोमिटरभित्रसम्म शाही सेना परिचालन गर्न पाइने कुरालाई माओवादी पक्ष सहमत भएको दावी माओवादी पक्षले गरेको छ । तर वार्ता शुरू हुनुभन्दा १ घण्टाअगाडि त्यो निर्णयमा पुनर्विचार गर्नुपर्ने भन्ने कुरा आएपछि त्यसो हो भने दोस्रो चोटिको वार्ता नै रद्द गर्ने र राम्रो गृहकार्य गरेर मात्रै वार्तामा आउने जवाफ माओवादी पक्षले दिएको थियो । त्यो जवाफ दिएपछि 'ठीकै छ, ५ किलोमिटरभित्र सेना परिचालन गर्ने कुरा नै सहमत भयो, वार्ता गरौं' भन्ने कुरा राज्यपक्षको वार्ता टोलीले भनेपछि निर्धारित समयभन्दा ढिलोगरी दोस्रो चरणको वार्ता शुरू भएको थियो । अहिले फेरि त्यही कुरामा सरकारी पक्षले खिचलो झिकेको छ ।

वार्तामा छलफल भएर सहमत भइसकेका कुराहरू तत्कालै माइन्युट गर्ने र त्यसमा दुवै पक्षले हस्ताक्षर गर्ने प्रचलन नभएर पनि यो समस्या खडा भएको छ । बोलेको कुराको टिपोट राख्ने, टिपोट राखेको आधारबाट पत्रकार सम्मेलनमा प्रस्तुत हुने, माइन्युट रहने र पछाडि मात्रै दुई पक्षका संयोजकहरूले माइन्युटमा हस्ताक्षर गर्ने भन्ने समझदारीबाट अहिलेको वार्ता अगाडि बढिरहेको थाहा भएको छ । यसैको फाइदा उठाएर सहमति भइसकेको कुरालाई प्रस्तावको रूपमा मात्र आएको भन्ने कुरा व्यक्त गरिएको छ ।

यसरी यो वार्तामा जटिलता थपिएको छ । अब सरकारी पक्ष कसरी अगाडि बढ्छ तथा विदेशी शक्तिको चलखेल नेपालमा कुन ढंगले हुन्छ भन्ने कुरामा पनि यो वार्ता कसरी अगाडि बढ्छ भन्ने कुरा निर्भर हुन्छ । अहिले युरोपेली युनियन तथा भारत सरकार वार्ताको सफलताको पक्षमा देखिएका छन् । तर अमेरिकी र बेलायती सरकार भने वार्ताको सफलताको विपक्षमा देखिएका छन् । अहिलेको 'बलवान माओवादीसँग सफल वार्ता गर्नु हुँदैन, कमजोर माओवादीसँग वार्ता हुनुपर्छ' भन्ने उनीहरूको दृष्टिकोण छ । उनीहरू यतिखेरै नेपाल सरकारसँग पाँच वर्षको आतंकवादविरोधी सम्झौता गर्न पुगेका छन् । अहिले यतिखेरै नेपाल सरकारले पनि हात-हतियार थप्ने, सैनिकहरूलाई थप तालिम दिने तथा सेना थप्ने काम पनि गरिरहेको छ । यो कुराले माओवादी पक्षमा गम्भीर आशंका पैदा गरेको छ ।

त्यसो त माओवादी पक्षबाट पनि अपहरण, जवरजस्ती चन्दा उठाउने कामहरू भइरहेको कुरा समाचारमा आइरहेको छ । 'तलका कार्यकर्ताहरूलाई पर्याप्त मात्रामा प्रशिक्षित गर्न नसकिएकोले त्यस्ता केही घटनाहरू कहींकहीं भइरहेका छन्' भन्ने कुरा माओवादीहरूले पनि स्वीकारेका छन् । यो समस्या हल गर्नुपर्छ भन्ने कुरामा उनीहरू सहमत भएका छन् । तथापि माओवादी पक्षले पनि युद्धविरामको आचारसंहिता उल्लंघन गर्ने कार्य कहीं पनि गर्नु हुँदैन । युद्धविरामको समयमा पनि अन्य राजनैतिक पार्टीहरूलाई माओवादीहरूले राजनैतिक गतिविधि गर्न दिएका छैनन् भन्ने गुनासो सबै राजनैतिक पार्टीहरूबाट आइरहेको छ । माओवादी पक्षले यो कुरामा पनि सुधार गर्नु जरूरी छ । अन्य पार्टीहरूका राजनैतिक गतिविधिका कामहरूलाई माओवादीले छेक्ने काम गर्नुहुँदैन ।

यी कमजोरीहरूका बावजूद पनि माओवादी पक्ष अहिले वार्ताको लागि निक्कै गम्भीर, लचिलो र सकारात्मक भएर आएको देखिन्छ । यस स्थितिमा माओवादीलाई पुनः जंगलमा पठाउनु हुँदैन भन्ने कुरामा नागरिकहरूको ठूलो जनमत रहेको देखिन्छ । नागरिक समाजसँग सम्बन्धित २०० वटाभन्दा ज्यादा संस्थाहरू एकजुट भएर शान्तिको लागि 'शान्तिको लागि नागरिक ऐक्यवद्धता' नामक संस्था गठन भएको छ । त्यो संस्थाले देशव्यापी रूपमा हस्ताक्षर अभियान संचालन गरिसकेको छ । युद्धविराम आचारसंहिताको अनुगमन गर्ने संयन्त्र पनि बनाउँदैछ र र्‍यालीको आयोजना पनि गरेको छ । साथसाथै, दुवै वार्ता टोलीसँग भेटेर वार्तामा भएको समस्या पत्ता लगाउने र त्यो समस्या समाधानको लागि भूमिका खेल्ने पनि गरेको छ । यसरी सामूहिक रूपमा र छुट्टाछुट्टै पनि नागरिक समाज, सम्पूर्ण उद्योग व्यवसायी संघ-संस्थाहरू शान्तिको पक्षमा क्रियाशील छन् ।

> 'हामी अब धेरै पर्खन सक्ने पक्षमा छैनौं, पार्टीहरूसँग सहमति बनेन र सत्तापक्षको ताल पनि यस्तै रह्यो भने पुनः जंलग फर्कने सिवाय हामीसँग अर्को विकल्प छैन ।" - बाबुराम भट्टराई

तैपनि अझै पनि राज्यपक्ष वार्तामा गम्भीर भएको देखिँदैन । माओवादी वार्ता टोलीका सदस्य रामबहादुर थापा (बादल)का अनुसार सरकारी पक्षको वार्ता टोली विनातयारी वार्तामा आउने गरेको छ । वार्तामा पनि सबै सदस्यहरूको एउटै राय हुनेगरेको देखिँदैन, एकदमै हलुका तालले वार्तामा प्रस्तुत हुने गरेका छन्, वार्तामा भएको सहमतिका कुरा पनि राम्ररी पालना भइरहेको छैन । यो गम्भीर समस्या सरकारी वार्ता टोलीमा विद्यमान छ ।

यही कुराले वार्तामा जटिलता पैदा गरिरहेको छ । दरवार पनि वार्तामा जति गम्भीर र सकारात्मक देखिनुपर्ने हो, वास्तवमा त्यति गम्भीर देखिएको छैन । दरवारले एकदमै सीमित अधिकारमात्रै वार्ता टोलीलाई दिएर पठाएको देखिन्छ । वार्ता टोलीले हरेक कुराहरू दरवारसँग नसोधी निर्णय गर्न नसक्ने स्थिति वार्ताको क्रममा देखिएको छ । अहिलेको वार्ताको सफलता दरवार, अमेरिका र सेना वार्ताको सवालमा सकारात्मक र लचिलो हुन्छन् कि हुँदैनन् भन्ने कुरामा आधारित हुने देखिन्छ ।

सत्ता पक्ष अहिले वार्तालाई सकेसम्म लम्ब्याउने रणनीति बोकेर वार्तामा प्रस्तुत भइरहेको भन्ने माओवादी वार्ता टोलीको मूल्यांकन देखिन्छ । युद्धविराम घोषणा भएको झण्डै ४ महिना वितिसकेको छ, तर वार्ता अझै वार्ताको मुख्य पक्ष राजनीतिक एजेण्डामा प्रवेश गरिसकेको छैन । 'सत्ता पक्षको वार्ता टोली विनातयारी नै वार्तामा आउँछ । उसले कुनै गृहकार्य नै गरेको देखिँदैन । खालि झुल्याउने र युद्धविरामको पर्दाभित्र हामीमाथि दमनको तयारी गर्ने षडयन्त्रमा सत्ता पक्ष लागिपरेको हामीलाई भान भएको छ ।' माओवादी वार्ता टोलीका प्रवक्ता कृष्णबहादुर महरा बताउनुहुन्छ ।

वार्तामा सबैभन्दा जरूरी कुरा हुन्छ- विश्वासको वातावरणको निर्माण । यस पटकको वार्तामा पनि सबैभन्दा कमजोरी यही मामिलामा देखिएको छ । विद्रोहीहरू सत्ता पक्षसँग अत्यन्तै सशंकित र निराश देखिएका छन् । सेनाको वक्तव्यबाजी, वार्ता टोलीको आलटाल र सहमति भैसकेका कुरा पनि भैसकेको छैन भन्ने सार्वजनिक भनाइ र अमेरिकी सरकारको हालैको माओवादीलाई आतंककारी भन्ने र सैनिक सहायता थप्ने नीतिले विद्रोही पक्ष निक्कै सशंकित भएको छ । यो आशंकाले उनीहरूलाई जंगलतिरै फर्कन प्रेरित गरिरहेको देखिन्छ । 'हामी अब धेरै पर्खन सक्ने पक्षमा छैनौं, पार्टीहरूसँग सहमति बनेन र सत्तापक्षको ताल पनि यस्तै रह्यो भने पुनः जंलग फर्कने सिवाय हामीसँग अर्को विकल्प छैन ।" -माओवादी वार्ता टोलीका संयोजक बाबुराम भट्टराई भन्नुहुन्छ ।

❑ श्याम श्रेष्ठ

# कस्तो हुनुपर्छ, लोकतन्त्रको नयाँ मोडल ?

अहिले नेपालमा नयाँ संविधान निर्माणको बहस देशव्यापी रुपमा चलिरहेको छ । संविधान सभाबाट नयाँ संविधान त निर्माण गर्ने, तर त्यो नयाँ संविधानमा अहिलेको संविधानमा भन्दा भिन्न र उन्नत ढंगले के के गुदी कुराहरु हुनुपर्छ ? नयाँ लोकतन्त्रमा के के विशेषताहरु भयो भने अहिलेको संविधानको दोष र कमजोरी बाँकी रहँदैन र लोकतन्त्र ज्यादा पूर्ण बन्छ ? लोकतन्त्रको नयाँ मोडलमा राज्य संरचना कस्तो हुनुपर्छ ? विभिन्न जातजाति, भाषा, धर्म, लिङ्ग र क्षेत्रहरुलाई र सिंगो नेपाली जनतालाई त्यसमा के कस्तो नयाँ अधिकारहरुको व्यवस्था गर्नुपर्छ ? यी र यस्ता सवालहरुमा अहिले देशव्यापी रुपमा प्रश्न उठिरहेका छन्, बहस चलिरहेका छन् र व्यक्ति र संगठनका आफ्ना आफ्ना विचारहरु प्रस्तुत हुँदैछन् । लोकतन्त्रको विकासको लागि आम जनताबीच छलफल चल्नु नितान्त महत्वपूर्ण कुरा हो । यस्तै छलफलले संविधान सभा र त्यसमार्फत् बन्ने नयाँ संविधान सम्बन्धमा एउटा राष्ट्रिय सहमतिको विकास हुनसक्छ । यही उद्देश्यले हामीले मूल्यांकनको यस अंकमा कस्तो हुनुपर्छ लोकतन्त्रको नयाँ मोडल शीर्षकमा बहसको प्रारम्भ गरेका छौं । हामी आशा गर्छौं, पाठकहरुले यसको अध्ययनपछाडि आफ्नो विचार र प्रतिक्रियाहरु पठाउनु हुनेछ । हामी ती विचारहरुलाई संक्षिप्त रुपमा आगामी अंकहरुमा प्रकाशित गर्न कोशिस गर्नेछौं ।

*– संपादक*

## लोकतन्त्रको नयाँ मोडेलबारे नेकपा माओवादी



### १) मूल राजनैतिक एजेण्डा

राज्यसत्ताको प्रश्न वा राजनैतिक प्रश्न नै सबै समस्याको कुंजी प्रश्न भएकोले वर्तमान वार्ता प्रकृयाको मूल एजेण्डा राजनैतिक हुनपर्दछ र त्यसमा नै मुख्य ध्यान केन्द्रित हुनुपर्दछ । देशमा विद्यमान संकट समाधानको निम्ति नयाँ अग्रगामी राज्य प्रणाली र त्यसलाई परिभाषित गर्ने नयाँ संविधान अनिवार्य भएको र हाल देशमा २०४६/२०४७ को जनआन्दोलन पश्चात् निर्मित २०४७ सालको संविधान बस्तुत: मृत अवस्थामा पुगिसकेको र देश संविधानहीनताको स्थितिमा भएकोले यो धरातलीय यथार्थलाई स्वीकार्दै नयां संविधान निर्माणको विधि र नयां संविधानको न्यूनतम अन्तर्वस्तु नै वार्ताको मुख्य एजेण्डा हुनु पर्दछ । २०४७ को संविधानमा कतिपय प्रजातान्त्रिक सबल पक्षहरु (जस्तै– बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, विधिको शासन, वाक् तथा प्रेस स्वतन्त्रता इत्यादि) भएपनि त्यसमा केही गम्भीर त्रुटी र अपूर्णताहरु (जस्तै –कथित 'अपरिवर्तनीय' विषयहरु, सार्वभौम सत्ता र राजकीय सत्ता वीचको विरोधाभास, बेलायती 'औपचारिक प्रजातन्त्र'भित्र उत्पीडित वर्ग, जाति, क्षेत्र, लिंग आदिको 'वास्तविक प्रजातन्त्र'को विलय, इत्यादि) थिए भन्ने कुरालाई विगत बाह्र वर्षको अनुभवले पुष्टी गरिसकेकाले अब निर्माण गरिने संविधानको विधि र अन्तर्वस्तु त्योभन्दा अग्रगामी हुनु पर्ने निश्चित छ । एक्काइसौं शताब्दीको नयाँ जनचेतना र सात वर्षको भीषण गृहयुद्धले सिर्जना गरेको नयाँ राजनैतिक शक्ति सन्तुलनको स्थितिमा अब २०४७ सालभन्दा पछि फर्कने प्रतिगामी चिन्तन र २०४७ सालमा नैं टाँसिइरहने यथास्थितिवादी चिन्तनले देश र जनताको नयाँ आवश्यकता पूर्ति गर्न नसक्ने र वर्तमान संकटको समाधान नहुने उत्तिकै सुस्पष्ट छ । त्यसैले नयाँ संविधान निर्माणको प्रकृया वा विधि र त्यसको न्यूनतम अग्रगामी अन्तर्वस्तु निम्नबमोजिम हुनुपर्छ :

#### क) नयाँ संविधान निर्माणको प्रक्रिया वा विधि

i. आन्दोलनकारी शक्ति र देशका प्रमुख राजनैतिक शक्तिहरुको सहमतिमा आन्दोलनद्वारा जनतामा स्थापित सबै प्रजातान्त्रिक, देशभक्त र वामपन्थी शक्तिहरुको बृहत् गोलमेच सम्मेलन आयोजना गरिनुपर्छ ।

ii. सो गोलमेच सम्मेलनले २०४७ सालको संविधानले प्रत्याभूत गरेका प्रजातान्त्रिक अधिकारहरु कटौती नहुने गरी र नयाँ राजनैतिक शक्ति सन्तुलन प्रतिविम्बित हुने गरी अन्तरिम विधानको निर्माण गर्नु पर्दछ र आन्दोलनकारी शक्तिको नेतृत्वमा सर्वपक्षीय अन्तरिम सरकार गठन गरिनु पर्दछ ।

iii. अन्तरिम सरकारको मातहतमा छ महिनाभित्र विभिन्न वर्ग, जाति, क्षेत्र, लिंग र समुदायको समुचित प्रतिनिधित्व हुने गरी संविधानसभाको निर्वाचन गरिनुपर्छ र सो संविधानसभाले नयाँ संविधान निर्माण गरी जारी गर्नुपर्दछ ।

#### ख) नयाँ संविधानको न्यूनतम अन्तर्वस्तु

i. जनता पूर्ण रुपले सार्वभौमसत्ता सम्पन्न हुनुपर्दछ र राज्यसत्ता सम्पूर्ण रुपमा

जनताको हातमा हुनुपर्दछ ।

ii. जनताको सर्वोच्च प्रतिनिधि संस्थाको रुपमा सम्पूर्ण वर्ग, जाति-जनजाति, दलित जाति, महिला, भाषा, धर्म, क्षेत्र तथा विशिष्ट व्यक्तित्वहरु समेतको समुचित प्रतिनिधित्व हुनेगरी एक निर्वाचित जनप्रतिनिधिसभा गठन हुनेछ । राज्यसत्ताका सम्पूर्ण अंगहरु जनप्रतिनिधिसभाप्रति उत्तरदायी हुनेछन् । सरकारमा पनि सोही अनुसार सबैको समुचित प्रतिनिधित्वको व्यवस्था हुनेछ ।

iii. जनप्रतिनिधिसभाको दुई तिहाई बहुमतद्वारा वा जनमतसंग्रहमार्फत् संविधानका जुनसुकै प्रावधानहरु संशोधन गर्न सकिने हुनुपर्दछ ।

iv. शाही सेना र जनमुक्ति सेनामा उपयुक्त संरचनात्मक परिवर्तन गरी एकीकृत राष्ट्रिय सेनाको निर्माण गरिनु पर्दछ र सो राष्ट्रिय सेनालाई जनताका निर्वाचित प्रतिनिधिहरुको मातहतमा राखिनुपर्छ ।

v. बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, बालिग मताधिकार, विधिको शासन, वाक् तथा प्रेस स्वतन्त्रता, मौलिक हक र मानव अधिकार, आदि सर्वस्वीकृत प्रजातान्त्रिक तथा नागरिक अधिकारहरुको ग्यारेण्टी गरिनुपर्दछ ।

vi. देशका सबै उत्पीडित जाति/जनजाति, मधेसी समुदाय र उत्पीडित क्षेत्रहरुलाई आत्मनिर्णयको अधिकारसहित जातीय तथा क्षेत्रीय स्वशासनको ग्यारेण्टी गरिनुपर्दछ ।

vii. मुलुकलाई पूर्ण रुपले धर्मनिरपेक्ष राज्य बनाइनुपर्दछ ।

viii. शिक्षा, स्वास्थ्य र रोजगारी जनताको मौलिक अधिकार बनाइनुपर्दछ, सबैलाई निःशुल्क एवं सर्वसुलभ आधारभूत शिक्षा तथा स्वास्थ्य सेवाको व्यवस्था गरिनुपर्दछ ।

ix. 'जमीन जोत्नेको' सिद्धान्तको आधारमा नयाँ भूमिसम्बन्ध कायम गरिनुपर्दछ र जमीनको न्यायपूर्ण वितरण एवं उन्नत व्यवस्थापन गरिनुपर्छ । आत्मनिर्भर राष्ट्रिय औद्योगिकीकरणको नीति अवलम्बन गर्ने र राष्ट्रिय पूँजी तथा श्रोत सम्पदालाई संरक्षण गर्ने नीति अनुशरण गर्नुपर्छ ।

x. सन् १९५० को नेपाल-भारत सन्धि लगायत सबै असमान सन्धीहरु खारेज गरी सबैसंग पंचशील तथा असंलग्नताका आधारमा मैत्री संबन्ध कायम गर्ने स्वतन्त्र विदेश नीति अनुशरण गरिनुपर्छ । विदेशीसँग गरिने सबै सन्धि संझौताहरु प्रतिनिधिसभाको दुई तिहाई बहुमतले पारित गरिनुपर्छ ।

ग) अग्रगामी राजनीतिक निकासद्वारा वर्तमान संकट हल गर्न चाहने राजनैतिक शक्तिहरुका बीचमा अग्रगामी नयाँ संविधानका उपर्युक्त न्युनतम अन्तर्वस्तुका बारेमा सहमति र समझदारी हुन सक्दछ र हुनुपर्दछ भन्ने हाम्रो दृष्टिकोण हो । तर निःशर्त रुपमा हुने संविधानसभाले यस्तो नयाँ संविधान बनाउने भएकाले त्यसका सम्पूर्ण चरित्र एवं विषेशताहरुबारे अहिले नं किटानी गर्नु सैद्धान्तिक र व्यवहारिक दुवै हिसावले उपयुक्त हुँदैन । उपर्युक्त न्युनतम अन्तर्वस्तुमा राजसंस्था तथा अन्य थप अग्रगामी अन्तर्वस्तुहरु राजनैतिक शक्तिहरुले आ-आफ्नो दृष्टिकोण र मान्यता अनुसार जनताबीच लिएर जाने र जनताले नै अन्तिम फैसला गर्ने कुरा सबैलाई स्वीकार्य हुनुपर्ने कुरा स्वतः स्पष्ट छ । ❑

*(माओवादी वार्ता टोलीका तर्फबाट डा. बाबुराम भट्टराईले दोस्रो वार्ताको क्रममा पेश गर्नुभएको प्रस्तावको एक अंश )*

# नयाँ नेपालको निम्ति लोकतन्त्रको नयाँ खाका

**घरिघरि किन अस्थिर राजनीति प्रादुर्भाव भैरहन्छ र यसको निराकरण गर्न किन नेपालीले सकिरहेका छैनन् ?**

■ प्रा. डा. लोकराज बराल

**नेपालमा** लोकतन्त्रका नाउँमा धेरै पटक आन्दोलन भए । सत्ता परिवर्तन पनि नभएका होइनन् । राणा शाहीको पतन जनविद्रोहबाटै भएको हो, जसमा राजाले विभिन्न कारणवश साथ दिएका थिए । तर राणाशासनको पतन भए पनि राणा संस्कार र अन्य सामन्ती प्रथाको अन्त्य भने भएन । त्यही राणाका प्रधानमन्त्री लोकतान्त्रिक नेपालका प्रधानमन्त्री बनाइँदा र संस्कार पनि उही रहँदा परिवर्तनको अभास पाउन सकिएन । राजनैतिक आवरणमा परिवर्तनको भयो, तर आठ वर्षभित्रमा राणाबाट शाह तन्त्रमा शक्ति हस्तान्तरण भयो । २०१५ सालको (सन् १९५९) को संविधान यसको परिणति थियो । यस संविधानले राजालाई शक्तिको श्रोतका रूपमा पुऱ्यायो । निर्वाचन, संसद, दलीय व्यवस्था सबै आधारित कुरा (dependent variables) मात्र भए, किनभने संप्रभुता राजामा नै रहन गयो । १८ महिने निर्वाचित सरकारले संसद र राजा दुई मालिकलाई रिझाउनु पर्ने भयो । हुन त भट्ट हेर्दा दुई शक्तिकेन्द्र जस्तो लागे पनि निर्वाचित सरकारलाई बढी डर र आशंका राजाबाट नै भएको तथ्य त्यतिखेर नै थाहा भएको हो । यसको प्रमाण राजाका भाषण र पछि त्यतिखेरका निर्वाचित प्रधानमन्त्री वि.पी. कोइरालाका भनाइ र लेखाइबाट प्रष्ट भएका छन् । २०१७ साल पुस १ गतेको शाही कदमले यसलाई छर्लङ्ग पारिहाल्यो ।

नेपालको राजनीतिमा कहिल्यै स्थिरता आएन किनभने जुनसुकै राजनैतिक र संवैधानिक व्यवस्थामा हुकुमीतन्त्रकै संस्कार रहेकाले जनतामा आधारित शासनतन्त्र खोज्नु निरर्थक थियो । एकातिर राजनैतिक औचित्यका लागि निर्दलीय पञ्चायत व्यवस्था ल्याइयो, जसअन्तर्गत चुनाव, सरकार, व्यवस्थापिका र अन्य निकायको प्रावधान राखियो, तर यसको मूल ध्येय भने राजामा निहित शक्ति विभाजन नहोस् भन्ने थियो । अतः सुधारिएको पंचायतअन्तर्गत छानिएको प्रधानमन्त्रीको उही हविगत भयो, जसरी अरूहरूको भएको थियो । यसरी संवैधानिक प्रक्रिया स्थिर हुन नसक्नाको मूल कारण संस्थागत आधारमा कुनै पनि निकाय चल्न सकेनन्, किनभने सक्रिय राजतन्त्र र लोकतान्त्रिक प्रणाली परस्पर विरोधी संस्थाका रूपमा देखिँदै आएका हुन् ।

२०४६ सालको जनआन्दोलनको लामो पृष्ठभूमि र त्यसपछि निर्मित संविधानले राजनीतिको स्थायी ठेगाना र दिशा पत्तो लाग्ला भन्ने आशा सबैको थियो । संविधान निर्माण क्रममा धेरै कुरामा गहन छलफल नभएका होइनन् । राष्ट्रिय गान परिवर्तन गर्नेदेखि राजालाई सही रूपमा संवैधानिक बनाउने र सेनालाई निर्वाचित सरकारको अधीनमा राख्ने भावना (spirit) संविधान निर्माणका क्रममा नआएका होइनन् । त्यस्तै अन्य कतिपय पक्ष, जो देशको सामाजिक र आर्थिक रूपान्तरणसित सम्वन्धित छन् । संविधानको प्राक्कथनमै जनआन्दोलनले निर्धारण गरेअनुसार संविधान निर्माणको कुरा परेको र नेपाली जनता सार्वभौम भएको पनि उल्लेख छ । संवैधानिक राजतन्त्र, बहुदलीय लोकतन्त्र र अधिकारको समेत ग्यारेन्टी गरिएको छ । तर यति हुँदाहुँदै किन संविधानमा विचलन आयो र के विकृति र विसंगति देखिए भन्ने कुराको गहिरो अध्ययन र विश्लेषण हुनुपर्ने भएको छ । यस्तो अध्ययनले पछिको राजनैतिक बाटो (roadmap) तय गर्न आवश्यक भएको छ । घरिघरि किन अस्थिर राजनीति प्रादुर्भाव भैरहन्छ र यसको निराकरण गर्न किन नेपालीले सकिरहेका छैनन् ?

२०४६ सालको संविधान नेपाली सन्दर्भमा प्रगतिशील नभएको होइन । निरंकुश राजतन्त्रलाई सवैधानिक राजतन्त्रमा बदल्ने र जनतालाई सार्वभौम पार्ने कुरा क्रान्तिकारी बभन्नै पर्छ । तर यस्तो परिवर्तनको रक्षाका लागि परिवर्तनकारी शक्ति र पारिवर्तित संस्था (राजतन्त्र)को संस्कार र अठोटमा परिवर्तन आउन सकेन । हुन त संसदीय इतिहासलाई हेरिँदा राजा र जनताको (संसद) संघर्षबाटै लोकतन्त्र बलियो भएको पाइन्छ, किनभने राजतन्त्र कहिल्यै स्वेच्छाले परिवर्तित हुन सक्तैन भन्ने उदाहरण धेरै ठाउँमा पाइन्छ । चाहे बेलायत, चाहे थाइल्याण्ड, चाहे जापान, जहाँ पनि राजाले सही रूपको लोकतन्त्र दिएको पाइँदैन । अर्कोतिर, देशका राजनैतिक संगठन र

नेता न्यूनतम सिद्धान्तमा नअड्दा लोकतन्त्र धराशयी हुँदोरहेछ भन्ने तथ्य आज छर्लङ्ग भएको छ ।

२०४६ सालको संविधानले विकासशील बाटातिर लाग्न नसक्नाको राजनैतिक कारण के हो भने उहाँ लोकतान्त्रिक पद्धतिलाई पनि पुरानै पंचायती शैलीमा चलाइन थालियो । उही पुरानो सोचाइ, संस्कार र कार्यशैली अपनाइँदा लोकतान्त्रिक व्यवस्था मूल रूपमा पुरानो व्यवस्थाबाट अलग हुन सकेन । निर्वाचनलाई खालि प्रक्रिया पुऱ्याउने यन्त्रका रूपमा लिइयो र सरकार चलाउनेहरू अत्यन्त स्वार्थी र अदूरदर्शी हुनाले देशको नीति निर्माण र कार्यान्वयन दृढतापूर्वक लागु हुन सकेन । शक्ति सन्तुलनको भूतले त्रसित नेताले आफू के भूमिका खेलिरहेछु भन्ने सोचाइ राख्न सकेनन् । जब राजनैतिक दलका नेता संभौतावादी हुँदै गए, तब व्यवस्थालाई सिद्धान्त र मान्यता विपरित चलाउन थालियो र सरकारको शक्ति क्षिण पार्ने कुरापट्टि लाग्दा निर्वाचित सरकारको क्षमतामा ह्रास आएको देखिन थाल्यो । देशमा संकट परेका बेला नीति निर्माण गर्न खोजिँदा या मुख्य ठाउँमा मान्छे भर्ना गरिँदा सरकार दुर्वल भएको देखिन थालियो । संविधानको भावना विपरित धेरै कुरा हुन थाले र कतिपय संवैधानिक निकाय पनि आफ्नो स्वतन्त्र भूमिका खेल्न नसक्ने भए । सुरक्षा परिषद् (defense council) को बनावट त्रुटिपूर्ण भएकाले र प्रधानमन्त्री हुने व्यक्तिहरूमा संविधानको सही मर्मको ज्ञानको अभाव र कार्यान्वयनको आँटको कमीले गर्दा सुरक्षा परिषद्को काम देखावटी जस्तो मात्र हुन गयो । त्यसमा पनि प्रधानमन्त्री र रक्षामन्त्री रहेको सुरक्षा परिषद्मा प्रधान सेनापति पनि सदस्य रहेन प्रावधान मर्यादा र कार्यशैलीका हिसावले अमिल्दा देखिन्छन् । राष्ट्र प्रमुखका हिसावले राजालाई सेनाको सर्वोच्च कमाण्डर भनिएको आधारमा सेनासम्बन्धी सम्पूर्ण निर्णय राजाको स्वीकृति वेगर हुन सक्तैन भन्ने व्याख्या संवैधानिक राजतन्त्रको विपरित हो भन्ने बोध नराख्दा निर्वाचित सरकारले सेनावाट असहयोग पाएको कुरा देशको प्रधानमन्त्री र गृहमन्त्रीबाटै सार्वजनिक भएको छ । माओवादी युद्धको सामना गर्न सेना परिचालन गर्न सरकार असमर्थ भयो । किनभने राजा सेना परिचालन गर्ने कुरामा सहमत नहुँदा र सेनाले आफ्नै शर्त राखेकाले सरकार एक्लो परेको कुरा सार्वजनिक भएका छन् । गृहमन्त्री गोविन्दराज जोशीले त पत्रकार सम्मेलन गरी संकटका समयमा सरकारको आदेश पालन नगर्ने र असहयोग गर्ने हो भने नेपालमा स्थायी सेना (standing army) को आवश्यकता किन पऱ्यो ? भनेर प्रश्न गर्दै राजिनामा दिएका हुन् । त्यस्तै, पछि गरिजाप्रसाद कोइरालाले सेनाकै निहुँमा राजिनामा गरेको कुरा बुझिन आएको हो । सेनाले खोजेको शर्त (सेना परिचालन गर्न माओवादीलाई आतंककारी घोषणा गर्नु पर्ने, संकटकाल लागु गर्नु पर्ने, एकीकृत विकास योजना प्रभावित क्षेत्रमा लागु गर्नु पर्ने) मानेकाले संकटकाल लागु गरी सेना परिचालन गरियो । तर पछि त्यही सरकारले संकटकालविना नै राजाको स्वीकृति लिई माओवादी युद्ध दबाउन लागेको देखिन्छ ।

चुनाव गरेर मात्र लोकतन्त्र स्थापित हुन सक्दो रहेनछ भन्ने तथ्य नेपालको १२ वर्षको अनुभवले देखाएको छ । २०४६ सालको संविधानको भावना र मान्यतालाई श्री ५ ज्ञानेन्द्रको असोज १८, २०५९ को कदमले प्रष्ट रूपमा पन्छाएको छ । राजाले फेरि शक्ति आफूमा रहेको घोषणा गरी निर्वाचित प्रधानमन्त्रीलाई असक्षम भनी बर्खास्त गर्दै आफूले चाहेअनुसारको सरकार गठन गरेको र राजनैतिक दललाई किनारा लगाएकोले यो संविधान मरेतुल्य भएको छ । धारा १२७ को सहारा लिई यस्तो कदम चालिएको र निर्वाचन गरी पुनः शक्ति हस्तान्तरण गर्ने कतै कुनै काम नदेखिएकोले वर्तमान संविधानको अन्त्य भएको छ । राजाले अब त संवैधानिक राजतन्त्रको उल्लेख गर्न समेत छाडेकोले पनि राजनीति पुनः राजामा केन्द्रित भएको सिद्ध हुन्छ ।

**वर्तमान गतिरोधको अन्त्य र राजनीतिको जनमुखी चरित्र र यसको स्थायित्वको खोजी गर्नु पर्दछ । सर्वदलीय सरकार या संसद बिउँत्याएर मात्र जनता शक्तिशाली हुँदा रहेनछन् किनभने वर्तमान राज्य व्यवस्थाको बनावट र स्वभाव नै प्रतिगामी खालको छ ।**

संविधान र नियम कानून विश्वास र प्रतिवद्धतामा चल्ने हुनाले संविधानको भावना रक्षा गर्न त्यही खालको अठोट चाहिन्छ । नेपालको वर्तमान राजनीति भने यथास्थितिपूर्वको स्थितिमा पुगेको छ । जसको निकास यथास्थितिलाई फर्काएर संभव छैन । यथास्थितिलाई फर्काउनु भनेको त सरकार बनाउने, चुनाव गर्ने र पुनः सरकार बनाउने खेलमा लाग्ने मात्र हो । शक्तिको वास्तविक स्थानान्तर यस्तो अवस्थामा संभव छैन भन्ने तथ्य १२ वर्षको अनुभवले देखाएको छ । अब के नेपाल संधै संक्रमणकालीन राजनीतिक अवस्थामा रहिरहन सक्छ या यसले आफ्नो निर्दिष्ट बाटो समाई राजनीतिलाई स्थायित्व दिनुपर्छ ? जबसम्म शक्ति हत्याउने कुरामा पुरानै खाले झगडा कायम रहिरहन्छ, तबसम्म न त स्थायित्व आउँछ, न त लोकतन्त्रले जनमुखी भई निमुखा जनताको कल्याण गर्न सक्छ ।

यसै परिप्रेक्ष्यमा वर्तमान गतिरोधको अन्त्य र राजनीतिको जनमुखी चरित्र र यसको स्थायित्वको खोजी गर्नु पर्दछ । सर्वदलीय सरकार या संसद बिउँत्याएर मात्र जनता शक्तिशाली हुँदा रहेनछन् किनभने वर्तमान राज्य व्यवस्थाको बनावट र स्वभाव नै प्रतिगामी खालको छ । लोकतन्त्रका नाउँमा सबैले शोषण मात्र गर्ने परम्परा चलेकाले अब हुने राजनैतिक परिवर्तन सही खाले लोकतान्त्रिक चरित्रको र अग्रगामी दिशावोध गराउने हुनुपऱ्यो ।

यो व्यवस्था कसरी हुनसक्ला भन्ने प्रश्न आज सबैका सामु आएकाले राजनैतिक व्यवस्थाको संरचनाको नमूना पनि साथै आउनु पऱ्यो । माओवादीले उठाएको संविधान सभाको विषय नयाँ होइन । तर यो लोकतन्त्रको जग मानिँदामानिँदै पनि किन धेरैलाई ग्राह्य भैरहेको छैन ?

पहिलो कुरा त कुनै पनि व्यवस्था ल्याउन प्रायःजसो सबै शक्तिको न्यूनतम सम्मति कायम हुनुपऱ्यो र त्यस समझदारीमा आधारित सोच र दिशावोधका निमित्त सबै प्रयत्नशील हुनुपऱ्यो । साधारणतयाः सबै राजनैतिक शक्ति यहाँ उल्लेख गरिएका केही बुँदामा समझदारी कायम गर्न सक्षम भए भने राजनीतिले निकास पाउने र त्यसखाले व्यवस्थाको संरक्षणका लागि ती सबै शक्ति लागिरहने वातावरण बन्न सक्छ ।

सबै राजनैतिक शक्ति, जो आफूलाई जनमुखी राजनीतिका प्रतिनिधि भन्छन्, तिनीहरूले निम्न पक्षलाई पन्छाउन मिल्दैन : (क) बहुदलीय व्यवस्था, (ख) जनतामा आधारित राज्यशक्ति, (ग) सहभागितामूलक लोकतान्त्रिक व्यवस्था र संरचना निर्माण, (घ) निर्वाचन प्रणालीमा सुधार र जनमुखी, उत्तरदायी सरकार बनाउने प्रावधान, (ङ) मौलिक हकको पूर्ण पालना, (च) धर्मनिरपेक्ष राज्य, (छ) समाजिक न्यायको पूर्ण पालना, (ज) राज्य संरचनामा गुणात्मक परिवर्तन गरी शोषणविहीन राज्य र समाज व्यवस्था कायम गर्ने सहमति । सबै शक्तिले यस्तो नमूना (model) माथि व्यापक बहस चलाउनु पर्ने हुन्छ किनभने यसको प्राप्तिका लागि के वर्तमान सवैधानिक संरचना र राजनैतिक अस्पष्टताद्वारा संभव छ ?

वर्तमान संविधान यथास्थितिवादी र कठोर (rigid) संविधान हो । यसले चारवटा पक्षलाई अपरिवर्तनीय मान्दै परिवर्तनको ढोका थुनेको छ । यसले जनता सर्वभौम हुन् भन्ने सिद्धान्त र व्यवहारको उलंघन गरेको छ । न त लोकमतलाई बेलाबखतमा जाहेर गर्ने प्रावधान छ, न त शक्तिको प्रष्ट स्थानको प्रष्टता छ । जनता सार्वभौम छन् भनेर लेखिँदा मात्र वास्तविकता झल्किने रहेनछ । यदि संविधान यस्तै कठोर र अपरिवर्तनीय रह्यो भने क्रान्तिको संभावना धेरै रहन्छ । जोन लकले शताब्दीयौं पहिले जनतालाई क्रान्ति गर्ने अधिकारको वकालत गरेका थिए, यदि उनीहरूको संभौता अनुसारको व्यवस्थाको उलंघन भयो भने । आज एक्काइसौं शताब्दीमा उही पुरानो बन्दी मनस्थिति राखियो भने कसरी जनमुखी लोकतन्त्रको सम्बर्धन हुनसक्छ ?

नेपालको वर्तमान राजनीतिले हामीलाई निर्णायक घडीमा पुऱ्याएको छ । तर बितेका अनुभवलाई हेरिँदा भने यस्ता निर्णायक मोड पनि यथास्थितिवादी र क्षणिक संक्रमणकाललाई प्रतिनिधित्व गर्ने खालका देखिएका छन् । राजनीतिलाई गति दिनका लागि र बढी जनमुखी पार्न वर्तमान संवैधानिक र राजनैतिक संरचनाले पुग्दैन । अतः संरचना र मूल्यलाई गुणात्मक रूपमा परिवर्तन गर्ने सोचाइ र गराइको आवश्यकता परेको छ । तर सबै शक्तिको सहकार्य र सहमतिले नै राजनैतिक पूँजीको निर्माण गर्दछ र यही पूँजीद्वारा नयाँ नेपालको निर्माण हुन सक्तछ । ❑

# लोकतन्त्रको सुदृढीकरणका लागि संवैधानिक विकासका सूत्रहरू



○ नरहरि आचार्य

## लोकतन्त्रको मोडलमा परिवर्तन

असोज १८ को शाही कदमपछि देशमा लोकतन्त्रको नयाँ मोडलको बारेमा पुनः चर्चा हुन थालेको छ । हुन त करिब ६ वर्षअगाडिदेखि नै २०४७ सालको संविधानको परिमार्जन र पुनरावलोकन गर्नुपर्छ भन्ने बारेमा र प्रचलित शास्त्रीय संसदीय पद्धतिको स्थानमा वैकल्पिक मोडल विकास गर्ने बारेमा धारणाहरू आउन थालेका थिए । तर त्यसले व्यापकता पाएको थिएन । अहिले चारैतिरबाट वैकल्पिक शासन प्रणालीका कुराहरू आउन थालेका छन् । नेकपा (माओवादी) पनि अहिले **जनवादी (साम्यवादी) राज्यसत्ता** स्थापना गर्ने भन्ने आफ्नो पुरानो लक्ष्यलाई परिवर्तन गरेर **लोकतान्त्रिक समुन्नत नेपाल**को खोजी गर्ने एजेण्डासहित वार्तामा आएको छ ।

हाम्रो देशमा अहिले भएको शास्त्रीय संसदीय शैली प्रभावकारी हुन सकिरहेको देखिँदैन । यसमा थुप्रै खालका समस्याहरू र विकृतिहरूसमेत देखिएका छन् । यसलाई नियन्त्रण र व्यवस्थित गर्ने सन्दर्भमा भएका प्रयासहरू पनि त्यति प्रभावकारी हुन सकिरहेका छैनन् । यस परिस्थितिमा लोकतन्त्रको वैकल्पिक मोडलका बारेमा व्यापक छलफल र वहस चलाउनु पर्ने आवश्यकता भएको छ । तर वैकल्पिक मोडलको बारेमा चर्चा गर्दा खालि बेलायत र भारतको वा त्यस्तै खालको शास्त्रीय संसदीय प्रणालीको स्वरूप मात्रै हाम्रो उदाहरण बन्नु हुँदैन ।

यहाँ २००७ सालदेखि नै बेलायत र भारतमा प्रचलित संसदीय प्रणाली नै लोकतन्त्रको एकमात्र विकल्पको रूपमा हामीले देख्यौं, बुझ्यौं । बेलायतसँगको नेपालको पहिलेदेखिको सम्बन्ध, राजसंस्था र लोकतन्त्र पनि सँगसँगै गइरहेको परिस्थिति र भारतको स्वतन्त्रता आन्दोलनपछि त्यहाँ पनि बेलायतकै मोडल यथावत् रूपमै अनुकरण गरिएका कारणले नेपालको लागि पनि त्यो नै एकमात्र मोडल हो भन्ने धारणा हामीमा रह्यो ।

२०४६ सालको जनआन्दोलनको सफलतापछि संविधान निर्माण गर्ने बेलामा लोकतन्त्रको वैकल्पिक मोडलबारेमा आंशिक छलफल भएको थियो । तर त्यति बेला पनि यस छलफलले खासै गति लिन सकेन । हामी फेरि शास्त्रीय संसदीय प्रणालीमा नै प्रवेश गर्‍यौं । तर यो १२ वर्षमा हामीले नै के अनुभव गर्‍यौं भने नेपालमा लोकतान्त्रिक मूल्य पद्धतिभित्रै प्रणालीगत परिमार्जन र परिवर्तनको आवश्यकता छ ।

वास्तवमा लोकतन्त्रको अभ्यास हुँदाहुँदै पनि बेलायतभन्दा फ्रान्सको मोडल भिन्दै खालको छ, फ्रान्समा भन्दा जर्मनीको मोडलमा भिन्नता छ, जर्मनीको भन्दा डेनमार्कको मोडल भिन्न छ । त्यहाँभन्दा स्पेनको लोकतन्त्र भिन्न मोडलको छ । इजरायलले अर्कै मोडल अपनाइरहेको छ ।

दक्षिण एशियाकै प्रयोग हेर्ने हो भने श्रीलंकाको आफ्नै मोडल छ । श्रीलंकाले धेरै अगाडिदेखि नै भारतको मोडलभन्दा भिन्दै खालको मोडलमा काम गरिरहेको छ । वास्तवमा अनुभव नै हेर्ने हो भने पनि श्रीलंकामा २० वर्षदेखि गृहयुद्ध चलिरहेको छ । यस समयमा पनि उसको स्थिति सार्क राष्ट्रका अरू देशहरूभन्दा अगाडि नै छ । उसले आफूलाई अगाडि बढाउन सकेको कारण उसको रानजैतिक मोडल हो भन्नुमा कुनै अत्युक्ति नहोला । त्यस ढंगबाट पनि हामीले लोकतन्त्रको मोडललाई हेर्नुपर्छ होला ।

जुन लामो समय लिएर बेलायतले शास्त्रीय संसदीय प्रणालीलाई अंगिकार र विकास गर्नसक्यो, त्यो समय र अवसर अब हामीलाई प्राप्त छैन । त्यस किसिमको साधन-स्रोत पनि हामीसँग प्राप्त छैन । उसले संसारभरका साधन-स्रोतलाई आफैंले उपयोग गर्ने परिस्थितिमा त्यो पद्धतिको विकास गरेको थियो । तर अहिले हामीसँग सीमित साधन र स्रोत छ । त्यसरी अभ्यास गरेर आफैं विकसित हुने परिस्थिति पनि हामीसँग ज्यादै कम छ । त्यसैले, अहिले संसारमा भइरहेका प्रयोगलाई राम्रोसँग हेरेर हाम्रो परिप्रेक्षमा त्यसको व्यवहारिक ढंगबाट प्रयोग कसरी गर्न सकिन्छ, हामीले सोच्नुपर्छ । साथै आवश्यक परेको खण्डमा रचनात्मक ढंगबाट प्रणालीगत परिवर्तन गर्नको लागि पनि हामी तयार रहनुपर्दछ । यसको लागि सबभन्दा पहिले हाम्रो मानसिकतामा परंपरागत रूपमा रहँदै आएको लोकतन्त्रको शास्त्रीय संसदीय मोडल बाहेक अर्को मोडलको बारेमा विचारै नगर्ने कुरामा परिवर्तन हुनुपर्छ ।

संसारभरि लोकतन्त्रको मूल्यपद्धति एउटै हुन्छ, तर संस्थाहरू त हामीले आफ्नै ढंगबाट विकसित गर्न सक्छौं । हाम्रा अनुभवबाट ती संस्थालाई के-कस्तो भूमिका दिने भन्ने कुरा पनि विकसित गर्न सकिन्छ । तर हामीले आफ्नै अनुभवबाट कुनै कुरा खोज्ने प्रयत्न नै गरेनौं । राजा महेन्द्रले १७ सालपछि पंचायतका नाममा गरेको प्रयत्न लोकतान्त्रिक मूल्यपद्धति बाहिर गएको र पूरै अधिनायकवादी शैलीमा परिणत भएका कारण पनि त्यसको कुनै सार्थकता रहेन ।

**यस परिस्थितिमा प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन अहिलेको महत्वपूर्ण आवश्यकता हो।**

## प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन

अहिले फेरि संवैधानिक विकासको कुरा आएको छ । यस अवस्थामा लोकतन्त्रको कुन मोडल वा प्रणालीलाई अंगिकार गर्दा हाम्रा सामाजिक, सांस्कृतिक, आर्थिक समस्याहरूलाई राम्ररी संबोधन गर्न सकिन्छ अथवा आर्थिक, शैक्षिक सुधारहरूलाई अगाडि बढाउन सकिन्छ भन्ने कुरामा हाम्रो ध्यान केन्द्रित हुनुपर्दछ । हाम्रोजस्तो सांस्कृतिक तथा भौगोलिक दृष्टिले अत्यन्त विविधतापूर्ण रहेको तथा भू-बनोटको हिसावले कठिन र जटिल अवस्थामा समेत रहेको मुलुकलाई कस्तो किसिमको पद्धति सबभन्दा उपयुक्त हुन्छ

**अहिलेको शास्त्रीय संसदीय प्रणालीले व्यवस्थापिका सदस्यहरूलाई कार्यपालिकामा नपुगी पूर्ण नहुने अंगको रूपमा देखाइरहेको छ**

भन्ने प्रश्न हाम्रो छलफलको केन्द्र बन्नुपर्छ । त्यसको सँगसँगै एउटा एकीकृत राष्ट्रको रूपमा समग्र जनताको प्रत्यक्ष सहभागितामा लोकतान्त्रिक संस्थाहरूको राष्ट्रिय स्वरूप कसरी निमार्ण गर्न सकिन्छ भन्ने कुरामा पनि हामीले ध्यान दिनुपर्ने हुन्छ ।

यस परिस्थितिमा प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन अहिलेको महत्त्वपूर्ण आवश्यकता हो । दोस्रो, यसको पूरक भनेको मुलुकलाई प्रादेशिक प्रणालीमा पुनर्रचना गरेर विकेन्द्रीकरण र स्वशासनसहित लोकतन्त्रका आधारभूत विशेषताहरूलाई समाविष्ट गर्न सकिन्छ ।

> राजनीतिक निर्णय र आर्थिक स्रोत परिचालनसम्बन्धी अधिकारको वितरण र व्यवस्थापन पहिलो चासोको विषय हो । अन्य अधिकारहरू त्यसपछि स्थापित हुँदैजाने विषयभित्र पर्दछन् ।

केवल एउटा निर्वाचन क्षेत्रबाट मात्र चुनिएर आएको आधारमा सांसदहरूको बहुमतले प्रधानमन्त्रीको निर्वाचन गर्ने पद्धति अहिलेको परिस्थितिमा प्रभावकारी र कार्यमूलक ढंगबाट अगाडि बढ्नको लागि उपयोगी हुन सकिरहेको छैन । त्यसैले समष्टिगत रूपमा राष्ट्रका सबै नागरिकहरूले आफ्नो प्रधानमन्त्री निर्वाचन गर्ने प्रक्रियामा प्रत्यक्ष रूपले भूमिका निर्माण गर्न पाउने परिस्थिति सृजना गर्न सकियो भने प्रधानमन्त्री अहिलेजस्तो आफ्नो क्षेत्रको मात्र प्रतिनिधि हुँदैन । व्यवहारिक रूपमा पनि आफ्नो क्षेत्र र क्षेत्रको वरिपरिमात्र केन्द्रित नभएर समुच्च राष्ट्रलाई नै केन्द्रमा राख्नु पर्ने र त्यसलाई नै आधार बनाएर उसले आफ्ना एजेण्डाहरू तय गर्नुपर्ने परिस्थिति सृजना हुनसक्छ । त्यसैले **प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन** कार्यपालिकाको प्रभावकारिताको लागि जरूरी छ ।

यो प्रणाली खालि कार्यपालिकाको प्रभावकारिताको लागि मात्र नभएर व्यवस्थापिकाको प्रभावकारिताको लागि पनि आवश्यक छ । किनभने अहिलेको शास्त्रीय संसदीय प्रणालीले व्यवस्थापिका सदस्यहरूलाई कार्यपालिकामा नपुगी पूर्ण नहुने अंगको रूपमा देखाइरहेको छ । कुनै पनि सांसद निर्वाचन लड्दाखेरि नै कार्यपालिकामा पुग्ने ढंगबाट मतदाताहरूको अगाडि प्रस्तुत हुन्छ । कार्यपालिकामा नपुगी पूरा गर्न नसक्ने खालका कामहरूको आश्वासन दिएर ऊ सांसदमा जित्छ । संसदमा गएर ५ वर्ष सांसदको रूपमा प्रस्तुत हुनुभन्दा पनि उसको पार्टीको बहुमत आयो भने कार्यपालिकामा जाने इच्छा, आकांक्षा उसले राखेको हुन्छ । त्यहाँ पुग्नको लागि उसले अस्वभाविक ढंगका प्रयत्नहरू पनि गर्ने स्थिति आइरहेको कुरा विगतले देखाइसकेको छ । एक प्रकारले सांसदमात्र हुँदा वा कार्यपालिकामा नपुग्दा सांसद हुनको लागि थालेको आफ्नो प्रक्रियामा पूर्णता नै नआएको उसले ठान्छ । त्यसैले गर्दा हामीकहाँ व्यवस्थापिका र कार्यपालिकाको स्वतन्त्र व्यक्तित्व निर्माण नै हुन सकेन ।

हुन त शास्त्रीय संसदीय प्रणालीमा व्यवस्थापिकाको नियन्त्रणमा कार्यपालिका रहन्छ भन्ने गरिन्छ । तर व्यवहारमा कार्यपालिकाको नियन्त्रणमा व्यवस्थापिका रहेको देखिएको छ । जुन पार्टीको संसद्मा बहुमत आउँछ, उसैको प्रधानमन्त्री हुने भएकोले संसद्का बहुमत सदस्यहरूलाई ह्वीपद्वारा नियन्त्रण गर्नसक्ने सामर्थ्य प्रधानमन्त्रीसँगै हुन्छ । यसरी यी दुई वटा निकायहरू पारस्परिक नियन्त्रण र सन्तुलनको अंग बन्नुभन्दा पनि एउटै अंग बनेको जस्तो देखियो । । सायद कार्यपालिकाका सबै सदस्यहरू व्यवस्थापिकाबाटै जानुपर्ने कारणले पनि यस्तो परिस्थिति निर्माण भएको हुनसक्छ ।

त्यसैले यी दुवै संस्थालाई स्वतन्त्र बनाउन र दुवैका भूमिका र जिम्मेवारीलाई प्रष्ट रूपमा निर्धारण गर्ने परिस्थिति निर्माण गर्न पनि प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन हुनु जरूरी छ । यतिमात्र नभएर व्यवस्थापिका सदस्यहरू कार्यपालिका (सरकार)मा नजाने पद्धतिको विकास पनि सँगसँगै हुनुपर्छ । अनिमात्रै हामीले अपेक्षा गरेअनुसारको प्रधानमन्त्रीको भूमिका निर्माण गर्न सजिलो हुन्छ । यसको लागि धेरै प्रक्रियागत कुराहरू र अरू विभिन्न आधारहरूमाथि छलफल गर्नुपर्ने हुन्छ ।

प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचनपछि संसद्ले प्रधानमन्त्रीलाई अविश्वासको प्रस्ताव राख्न मिल्दैन । तर उसमाथि महाअभियोग लगाउन सकिन्छ । त्यसको लागि कम्तिमा संसद्को दुई तिहाई बहुमत चाहिने हुन्छ । किनभने प्रत्यक्ष रूपमा जनताबाट चुनिएर आएको प्रधानमन्त्रीलाई खालि विश्वास छैन भन्ने आधारमा मात्रै सीमित सांसदहरूले हटाउन मिल्ने परिपाटी मिल्दो हुँदैन । त्यस्तै गरेर अहिलेजस्तो प्रधानमन्त्रीले पनि आफूलाई अप्ठ्यारो पर्ने बित्तिकै संसद्लाई विघटन गर्ने प्रक्रिया पनि यस प्रणालीमा हुँदैन ।

## प्रादेशिक संरचना

यसरी केन्द्रीय कार्यकारिणी प्रमुखलाई समष्टि राष्ट्रले नै निर्वाचित गर्ने पद्धति विकसित भएपछि स्वभाविक रूपमा मुलुकको **केन्द्रीकृत राज्य संरचनालाई प्रादेशिक संरचनामा** लान सकिन्छ । र, त्यसबाट प्रादेशिक तहमा, अर्थात् क्षेत्रीय तहमा उठिरहेको राजनैतिक, सामाजिक, सांस्कृतिक, आर्थिक आकांक्षा प्रतिविम्बित हुनुका साथै राष्ट्रिय नेतृत्व निर्माणको निम्ति पनि एउटा महत्वपूर्ण पृष्ठभूमि तयार हुन्छ । यसबाट स्थानीय विशेषता र प्रतिभाहरूको अधिकतम प्रयोग हुन्छ । सही अर्थमा नेतृत्वको राष्ट्रव्यापी विकासको लागि पनि यसले ठूलो सहयोग पुऱ्याउँछ ।

नेपालमा अहिले राज्य केन्द्रिकृत ढंगबाट नै संचालित छ । नेपालको गठन वा एकीकृत भएदेखि नै यो प्रणाली प्रारम्भ हुन थालेको थियो । अफ राणा शासनको उदय सँगसँगै यो प्रणालीले थप जरा गाडेको देखिन्छ । ०७ सालमा विकेन्द्रिकृत प्रणालीको बारेमा चर्चा त भयो । तर ०१५ सालमा बनेको संविधानले पनि यसको बारेमा ठोसै प्रक्रिया निर्माण गर्न सकेन । ०४७ सालको संविधान निर्माण गर्दा पनि विकेन्द्रित शासनको कुरा उल्लेख गर्न हामी समर्थ भएनौं । गएको १२ वर्षमा विकेन्द्रित शासन प्रणाली विकसित गर्ने भन्नेबारेमा निकै छलफल र बहसहरू भए । तर त्यो विकेन्द्रित शासन प्रणालीको सीमा परंपरागत रूपमा पंचायती शासनले निर्माण गरेको स्थानीय निकायहरूलाई निर्देशित र सीमित रूपमा खटाइएका केही जिम्मेवारी वितरित गर्ने सीमाभन्दा धेरै बाहिर गएन । यसरी यो १२ वर्षको अवधिमा केन्द्रीय संरचना र विभिन्न तहको राज्य संरचनालाई विकेन्द्रित गर्ने, प्रदेश वा स्थानीय निकायको संरचनामा पनि खासै प्रगति र ठोस स्वरूप निर्माण गर्ने काम हुन सकेन ।

यसमा हामीले विचार गर्नुपर्ने कुरा के हो भने केन्द्रिकृत र एकीकृत शासन भनेको एउटै होइन । केन्द्रिकृत भन्नासाथ यसमा केन्द्रीय अहंकार हुन्छ र केन्द्रीय वर्चस्वको बढी भूमिका प्रतिविम्बित हुन्छ । एकीकृत भन्नासाथ त्यहाँ भावनात्मक एकीकरणको संभावना बढी देखिन्छ । त्यसैले यस पक्षलाई पनि ध्यान दिनुपर्ने अवस्था छ ।

नेपाल एकातिर बहुसंस्कृतिमूलक समाज हो भने अर्कातिर अवसर उपलब्धताका दृष्टिले पनि यहाँ तुलनात्मक रूपमा क्षेत्रीय असन्तुलनको भिन्नता व्यापक छ । राजधानी र राजधानीबाहिरका क्षेत्रहरूको तुलनामा मात्र होइन, पूर्वाञ्चल र सुदूर पश्चिमाञ्चल एवं पश्चिमाञ्चल र मध्य पश्चिमाञ्चलका बीचकै अन्तर पनि ठूलो छ । त्यसैगरी जातीय र सांस्कृतिक समुदायगत हिसावले पनि असन्तुलनको मात्रा तीव्र देखिन्छ । यस परिप्रेक्ष्यमा राजनीतिक निर्णय र आर्थिक स्रोत परिचालनसम्बन्धी अधिकारको वितरण

र व्यवस्थापन पहिलो चासोको विषय हो । अन्य अधिकारहरू त्यसपछि स्थापित हुँदैजाने विषयभित्र पर्दछन् ।

आन्तरिक बसाईंसराइ र शहरीकरणको प्रक्रियाले एउटै ठाउँमा निश्चित समुदाय वा सांस्कृतिक समूहमात्र बसोबास गर्ने परम्परागत शैलीमा ठूलो परिवर्तन आएको छ । जनसंख्याको घनत्व भएका ठाउँहरू मिश्रित बसोबासकेन्द्री भएका छन् । तैपनि कतिपय क्षेत्रमा समुदाय विशेषको बहुलता अझै पनि कायम रहेको छ । तर आत्मनिर्णयको अधिकारका अधारमा राज्य संरचना गर्ने विषय अव्यावहारिक र कतिपय दृष्टिले अस्पष्ट समेत छ । मुलुकभित्र विद्यमान यस्ता सबै विशेषताहरूलाई राज्यको राजनीतिक नेतृत्वमा पुऱ्याउने उपयुक्त राज्य संरचनाको आवश्यकता छ । यसैले गर्दा केन्द्र र स्थानीय निकायका बीच प्रदेश रचना जरूरी भएको छ । यसैले लैङ्गिक, जातीय र सांस्कृतिक सहभागितामूलक राजनीतिक संरचना र प्रतिनिधित्वपूर्ण नेतृत्वको विकास गर्ने छ । साथै प्रदेशअन्तर्गत स्थानीय स्वशासित र आवश्यकताअनुसार सांस्कृतिक स्वायत्ततालाई पनि व्यवस्थित र विकसित गर्न सकिनेछ ।

## जनमत संग्रहको प्रावधान

संविधान (२०४७) ले सम्पूर्ण राज्यशक्तिको स्रोत नेपाली जनता र सार्वभौमसत्ता नेपाली जनतामा निहित भनेको छ । तर त्यसको व्यावहारिक प्रयोग कसरी हुन्छ र कुन प्रक्रियाले गरिन्छ भन्ने विषय स्पष्ट छैन । त्यसैगरी राजकीय सत्ताको प्रयोगका विषयहरूमा पनि केही अलमल र अस्पष्टता छ । अबको संवैधानिक विकासले यस सम्बन्धमा स्पष्ट व्यवस्था वा प्रक्रियाको स्थापना गर्नुपर्छ । यस निम्ति संविधानमा सार्वभौमिकसत्ता नेपाली जनतामा निहित भनेर मात्रै पुग्दैन । त्यसको प्रयोग जनमत संग्रहको माध्यमबाट जनताले गर्छन्- भनेर लेखिनुपर्छ । मुलुकमा उपस्थित हुने कुनै पनि संवैधानिक, राजनीतिक वा अन्य कुनै राष्ट्रिय महत्वका विषयहरूमा विवाद उत्पन्न हुँदा संसद्को निर्णयद्वारा **जनमत संग्रह हुने संवैधानिक** प्रावधान रहनु अनिवार्य छ । यस प्रक्रियाले मात्र जनताको सार्वभौमसत्तालाई सुनिश्चित गर्छ र संविधानका मूल चरित्रलाई नै अग्रगामी र सही अर्थमा लोकतान्त्रिक बनाउँछ ।

## राजतन्त्रको नयाँ व्यवस्था

असोज १८ को शाही घोषणाले २०४६-४७ मा भएको जनता र राजाका बीचको समझदारीपूर्ण संवैधानिक प्रयोगलाई द्विविधापूर्ण र संशकित बनाएको छ । यस घटनाले संवैधानिक राजसंस्थाविरूद्ध गणतन्त्रका विचारहरू पनि प्रवल र आधारभूत रूपमा उठ्न थालेका छन् । यस परिस्थितिले एकातिर २०४७ को संविधानले स्थापना गर्न चाहेको संवैधानिक राजसंस्थाको व्यवस्था अपूर्ण रहेको उजागर गरेको छ भने अर्कोतर्फ **नेपाल अधिराज्यको संविधान २०४६** को पक्षपाती रहेका नेपाली कांग्रेस र नेकपा (एमाले)जस्ता पार्टीलाई चुनौतिपूर्ण प्रश्नहरूको घेरामा पारेको छ । राजा संवैधानिक हुनु भनेको 'तन्त्र'का रूपमा नरहेर 'संस्था'का रूपमा रहनु हो । राजालाई सम्मानित र राष्ट्रिय संस्थाका रूपमा मान्न सकिन्छ, तर एक्काइसौं शताब्दीमा राजालाई तन्त्रका रूपमा स्वीकार्न मिल्दैन । त्यसैले राजसंस्थाको लोकतान्त्रिक व्यवस्थापनका लागि र सही अर्थमा सम्वैधानिक राजसंस्थाको विकासका लागि केही आधारभूत विषयहरू यसप्रकार छन् :

१. **राजसंस्था र दरवारसम्बन्धी सम्पूर्ण कानून संसद्ले बनाउनुपर्छ ।**
२. **संसद्भित्रै नयाँ राजाको घोषणा हुने र नयाँ संसद्समक्ष नयाँ राजाले प्रतिज्ञा- संबोधन गर्ने प्रावधान हुनुपर्छ ।**
३. **राजाले संविधानमात्रै होइन, मुलुकको अन्य कानूनको पनि सम्मान र पालना गर्नु पर्ने परिपाटी बन्नुपर्छ ।**
४. **राजदरवारसम्बन्धी सम्पूर्ण व्यवस्था राजदरवार-सम्बन्धी मन्त्रालयले गर्नुपर्छ ।**

> राजसंस्था र दरवार सम्बन्धी सम्पूर्ण कानून संसद्ले बनाउनुपर्छ

अहिले एकातिर विगत बाह्र वर्षदेखि लोकतान्त्रिक र सम्वैधानिक अभ्यासमा रहेका नेपाली कांग्रेस र एमाले लगायतका राजनीतिक दलहरू प्रतिमगनका विरूद्ध अग्रगामी विकास र सुधारको एजेण्डासहित शान्तिपूर्ण आन्दोनलमा छन् । त्यसैगरी सात वर्षदेखि सशस्त्र विद्रोहमा रहेको नेकपा (माओवादी) संघर्ष विराम गर्दै शान्तिपूर्ण समाधानको खोजीमा वार्ताको टेवुलमा आएको छ । दुवै पक्षले कुनै न कुनै रूपमा नेपाली जनतामा निहित प्रगतिशील लोकतान्त्रिक र अग्रगामी परिवर्तनको आकांक्षालाई प्रतिनिधित्व गर्न खोजिरहेका छन् । सार्थक संवादका आधारमा नै सम्वैधानिक विकास तथा परिवर्तनका सूत्रहरू पहिल्याउन सकिन्छ र लोकतन्त्रको परिमार्जित एवं नयाँ मोडल तयार गर्न सकिन्छ ।

❑ *प्रस्तुति : मुक्ता श्रेष्ठ*

मंगलमय शुभकामना
नव वर्ष २०६० सालको सुखद् उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहक तथा शुभचिन्तकहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल आयल निगम
नेपाल आयल निगम लि.

# संविधानसभामार्फत् जनतालाई साँच्चै सार्वभौम पार्ने हो भने के के गरिनुपर्छ ?

○ प्रकाश
सहमहामन्त्री, नेकपा एकताकेन्द्र-मसाल

## लोकतन्त्रको नयाँ मोडलको आधारभूत विशेषताहरु के के हुनुपर्छ ?

प्रतिगमन, गृहयुद्ध र राजनैतिक गतिरोध नेपाली समाजको तीव्र वस्तुगत संकटको कारणबाट पैदा भई गहिरिंदै र चर्किंदै गएको तात्कालिक राजनैतिक संकटका अभिव्यक्तिहरू हुन । यिनीहरू एक अर्कासँग सम्बन्धित परिघटनाहरू हुन् । मूलतः प्रतिगमन र अग्रगमन बीचको तीव्र द्वन्द्व संघर्षयुक्त संक्रमणकालीन चरणबाट गुज्रिरहेको नेपाली समाजको वर्तमान संकट हल गर्नका लागि यी सबै पक्षहरूलाई सम्बोधन गर्नु अनिवार्य छ । आजको शक्ति सन्तुलनमा आधारित एक स्तरको फड्कोयुक्त अग्रगामी परिवर्तनले मात्र संकटको समाधान गर्न सक्दछ । त्यस्तो अग्रगामी परिवर्तनले मात्र एकैसाथ प्रतिगमनलाई परास्त गर्न, गृहयुद्धलाई अन्त्य गरी शान्ति स्थापना गर्न र विद्यमान संकटलाई सकारात्मक रूपमा समाधान गर्न सक्दछ । क्रान्ति नै सम्पन्न गर्न नसकिने, तर ०४६ सालको भन्दा उल्लेखनीय रूपमा उच्च रहेको आजको नयाँ शक्तिसन्तुलनमा संविधानसभाले त्यस्तो अग्रगामी परिवर्तनको प्रतिनिधित्व गर्दछ । यसरी देशको आजको विशिष्ट परिस्थितिमा संविधानसभा नै राष्ट्रलाई संकटमुक्त गराउने उपयुक्त निकास हुन पुगेको छ । संविधानसभाको निकासमा सहमति कायम हुन नसक्दा देशले थप प्रतिगमन, गृहयुद्ध र विदेशी हस्तक्षेप व्यहोर्नु पर्ने स्थिति स्पष्ट छ । यस अवस्थामा संविधानसभा सिंगो देशको नै मुख्य एजेण्डा बन्नु स्वाभाविक हो ।

## यो संविधानसभालाई कसरी बुझ्ने ?

देशमा विद्यमान संकटको शान्तिपूर्ण अग्रगामी राजनैतिक निकासका रूपमा संविधानसभालाई स्वीकार्दा यसको आजको विशिष्टतालाई ठीक ढंगले बुझ्नु जरूरी छ । अहिले प्रस्तावित संविधानसभा क्रान्ति सम्पन्न गरिसकेपछि क्रान्तिले हासिल गरेका उपलब्धिहरूलाई संस्थागत गर्न गठन गरिने संविधानसभा होइन । (त्यसो त क्रान्तिका उपलब्धिहरूलाई संस्थागत गर्न निरपेक्ष रूपमा सँधै संविधानसभाकै प्रक्रिया अपनाउनु अनिवार्य हुन्छ भन्ने पनि होइन ।) अहिलेको संविधानसभा नेपाली समाजको वर्ग संघर्षको विकासको आजको विन्दुको ठोस उपज हो, जसमार्फत् नेपाली जनताले आजसम्म प्राप्त गरेका प्रजातान्त्रिक अधिकारहरूको रक्षा गर्दै थप अधिकारहरू हाँसिल गर्नेछ । आजको संविधानसभा नेपाली जनताले अधिकार प्राप्तिका निम्ति गर्दै आएको संघर्षको उपज त हुने नै छ, तर ध्यान दिनु पर्ने कुरा के हो भने संविधानसभा स्वयं संघर्षको विशिष्ट थलो हुनेछ ।

> क्रान्तिकारीहरुले खुला दृष्टिकोणका साथ संविधानसभा-मार्फत हुने अग्रगामी परिवर्तनलाई पूँजीवादी जनवादी क्रान्तिका कार्यभारहरुलाई पुरा गर्ने दिशामा लैजान सम्पूर्ण प्रयत्न गर्नु पर्दछ

## नयाँ जनवादी मोडेलको परित्याग हुनुहुन्न

संविधानसभामार्फत् ल्याउन खोजिएको लोकतन्त्रको नयाँ मोडेलको चर्चा गर्ने हो भने त्यसको बारेमा केही स्पष्टताको आवश्यकता छ । सर्वहारा क्रान्तिकारीहरूका लागि साम्राज्यवाद र सर्वहारा क्रान्तिको आजको युगमा नयाँ जनवादी वा समाजवादी मोडेल नै प्रजातन्त्रका आधारभूत मोडेल हुन् । जनताको जनवाद वा सर्वहारा जनवाद भन्दा छुट्टै अर्को कुनै प्रजातन्त्रको मोडेलको अवधारणाले अन्यौल र भ्रम पैदा गर्न सक्दछ । सामान्यतः क्रान्तिकारी मार्क्सवादको वैज्ञानिक एवं विकासवान चरित्रलाई आत्मसात गर्दै र ठोस रूपमा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनका आजसम्मका अनुभवहरू, विशेषतः प्रतिक्रान्तिका अनुभवहरूलाई संश्लेषण गर्दै जनताको जनवाद वा समाजवादका मोडेलहरूमा थप परिमार्जन वा विकास गर्दै जानु पर्ने आवश्यकता स्वतः स्पष्ट छ । तर त्यो आधारभूत रूपमा नयाँ जनवादी वा समाजवादी मोडेलहरूको परित्याग होइन र हुनु हुँदैन ।

## पूँजीवादी प्रजातन्त्रको पूर्णता

आधारभूत रूपले अर्धसामन्ती तथा अर्धऔपनिवेशिक आर्थिक सामाजिक संरचना कायमै रहेको नेपाली समाजमा ०४६ सालको ऐतिहासिक जनआन्दोलनपछि स्थापित संसदीय बहुदलीय व्यवस्थाले बुर्जुवा प्रजातन्त्रको राजनैतिक प्रणालीलाई अँगिकार गर्न खोजे पनि त्यसले एक त राजनैतिक क्षेत्रको औपचारिक बुर्जुवा प्रजातन्त्रलाई पनि पूर्णता दिन सकेन (संवैधानिक राजतन्त्र भनिए पनि राजतन्त्रलाई वास्तविक र पूर्ण संवैधानिक बनाउन सकेन) भने अर्कोतिर त्यसले राष्ट्रिय पूँजीवादको होइन, सामन्तवादसँग साँठगाँठ गरेको दलाल तथा नोकरशाही पूँजीपति वर्गको राजनैतिक अधिरचनाको काम गऱ्यो । सार तत्वमा २०४६ सालको परिवर्तनपछि पनि पूँजीवादी क्रान्तिको कार्यभार पूरा हुन सकेन ।

तसर्थ नेपाली समाजले ऐतिहासिक वस्तुगत आवश्यकताका रूपमा आज पनि नयाँ जनवादी क्रान्तिद्वारा नयाँ जनवादी मोडलको प्रजातन्त्र स्थापनाको माग गरेको छ । नयाँ जनवादी क्रान्तिले पूँजीवादी क्रान्तिलाई पूर्णता दिने र समाजवादमा संक्रमणको ढोका खोल्ने काम गर्दछ । तर वर्ग संघर्षको विकास त्यस प्रकारको जनवादी प्रजातन्त्र स्थापना गर्ने विन्दुमा पुगिनसकेको आजको स्थितिमा हुने संविधानसभाले पूर्ण रूपमा नयाँ जनवादी मोडलको प्रजातन्त्र स्थापित गर्ने आशा एवं अपेक्षा गर्न सकिन्न । यस स्थितिमा आजको संविधानसभाले एक, पूँजीवादी प्रजातन्त्रलाई राजनैतिक तहमा औपचारिक रूपमा पूरा गर्नेछ र दुई, जनताको जनवादका कतिपय अन्तरवस्तुलाई समाहित गर्ने

## लोकतन्त्रका मोडल आधारभूत विशेषताहरु के के हुनुपर्छ ?

संभावना पैदा गर्नेछ । संविधानसभा पूँजीवादी प्रजातान्त्रिक अभ्यासको सर्वोच्च रूप भए पनि नेपालको आजको विशिष्ट परिस्थितिमा संविधानसभाको नेतृत्व क्रान्तिकारी एवं वामपन्थी शक्तिहरूले गरिरहेकाले संविधानसभाले दिने परिणाममा यसको ठूलो प्रभाव रहनेछ । त्यसैले संविधानसभाले स्पष्ट रूपमा समाजवादमा संक्रमण गर्ने चरित्रसहितको पूँजीवादी जनवादी क्रान्तिलाई पूर्णता दिने वा नयाँ जनवादी मोडेलको प्रजातन्त्र स्थापना गर्ने कार्य नगरे पनि औपचारिक रूपमा पूँजीवादी प्रजातन्त्रलाई पूर्णता दिने कार्य गर्नुका साथै पूँजीवादी प्रजातान्त्रिक क्रान्तिका कतिपय महत्त्वपूर्ण अन्तरवस्तुलाई समाहित गर्दै नेपाली समाजको राष्ट्रिय पूँजीवादी रूपान्तरणको दिशामा महत्त्वपूर्ण योगदान दिनेछ । यस स्थितिमा संविधानसभामार्फत् हुने परिवर्तनले पूँजीवादी क्रान्तिलाई वास्तविक अर्थमा पूर्णता दिने दिशामा संक्रमणकालीन चरणको काम गर्ने संभावना पनि हुन सक्दछ । क्रान्तिकारीहरूले यान्त्रिक र जड भएर होइन, वैज्ञानिक, गतिशील र खुला दृष्टिकोणका साथ संविधानसभा मार्फत हुने अग्रगामी परिवर्तनलाई पूँजीवादी जनवादी क्रान्तिका कार्यभारहरूलाई पुरा गर्ने दिशामा लैजान सकिने संभावनाहरूलाई पक्रने सम्पूर्ण प्रयत्न गर्नु पर्दछ । तर यो नेपाली समाजको आजको विशिष्ट परिस्थितिको उपज भएकाले यसलाई आम रूपमा संक्रमणकालीन वा कुनै नयाँ मोडलको रूपमा प्रस्तुत गर्न उपयुक्त हुने छैन ।

## नयाँ मोडेलको विशेषता के हुनसक्छ ?

"संविधानसभामार्फत् ल्याउन खोजिएको लोकतन्त्रको नयाँ मोडेलका विशेषताहरू"लाई संविधानसभामार्फत् हासिल गर्न खोजिएको अग्रगामी परिवर्तन (पूँजीवादी प्रजातन्त्रलाई औपचारिक रूपमा पूर्णता दिने र जनताको जनवादका कतिपय महत्त्पूर्ण अन्तरवस्तु समाहित गर्ने)का विशेषताहरूका रूपमा चर्चा गर्नु उपयुक्त हुन्छ । मूलतः ती विशेषताहरू निम्नानुसार छन् :

(i) गणतन्त्रको स्थापनाः

वर्तमान नेपाली समाजमा विद्यमान सबै प्रकारका शोषण उत्पीडनको मूल जड नै राजतन्त्र रहेको छ । राजतन्त्र नै नेपाली समाजको प्रगतिशील रूपान्तरणको मुख्य बाधक शक्ति रहेको छ । नेपाली समाजको आजको विन्दुमा जनगणतन्त्रको स्थापना तत्काल‍ै संभव नभए पनि पूँजीवादी गणतन्त्रको स्थापनाको संभावना छ । तसर्थ संविधानसभा मार्फत गणतन्त्रात्मक संविधान निर्माणको निम्ति प्रयत्न गर्नु पर्दछ ।

संविधानसभाले गणतन्त्रात्मक संविधान बनाउन नसकेको अवस्थामा कम्तिमा पनि सबैधानिक राजतन्त्रलाई पूर्णता दिनु अनिवार्य छ । त्यस अवस्थामा राजसंस्थाबाट राजकीय सत्ताको प्रयोग गर्ने स्थितिको पूर्ण अन्त्य गर्ने, राजाले सबै कामहरू मन्त्रीपरिषद्को निर्णयको आधारमा प्रधानमन्त्रीले गर्ने सिफारिशअनुसार गर्नु पर्ने, सेनामाथि रहेको राजाको नियन्त्रण समाप्त गर्ने, राजगद्दी उत्तराधिकार ऐन संसदले बनाउने र राजा तथा राजपरिवारका सदस्यहरूको बारेमा पनि छलफल र आलोचना गर्न सकिने (जनप्रतिनिधि सभामा समेत) व्यवस्था गरिनु पर्दछ ।

**संविधानसभाले गणतन्त्रात्मक संविधान बनाउन नसकेको अवस्थामा कम्तिमा पनि संबैधानिक राजतन्त्रलाई पूर्णता दिनु अनिवार्य छ**

(ii) जनतालाई वास्तविक अर्थमा सार्वभौम सत्ता सम्पन्न बनाउनुः

०४७ सालको संविधानले जनतामा नै सार्वभौम सत्ता निहित छ भनेर उल्लेख गर्नु महत्त्वपूर्ण भएर पनि अझसम्म पनि नेपाली जनतामा वास्तविक रूपमा सार्वभौम सत्ता हस्तान्तरण गरिएको छैन भन्ने कुरा स्पष्ट भइसकेको छ । त्यसैले संविधानसभामार्फत् जनतालाई वास्तविक र पूर्ण सार्वभौम सत्ता सम्पन्न बनाउनु पर्दछ । त्यसको लागि :

(क) संविधानसभा निःशर्त हुनुपर्दछ ।

(ख) नयाँ संविधानमा जनताको सार्वभौमिकतासँग बाझिने गरी कुनै पनि अपरिवर्तनीय प्रावधानहरू रहनु हुँदैन ।

(ग) संविधान संशोधनका अतिरिक्त महत्त्वपूर्ण राष्ट्रिय मुद्दाहरूमा जनमत संग्रहद्वारा आवश्यक परिवर्तनहरू गर्न सकिने व्यवस्था हुनुपर्दछ ।

(घ) राज्यसत्ताको मुख्य अंग सेना जनप्रतिनिधि संस्थाको अधिकार र नियन्त्रणमा रहने स्पष्ट व्यवस्था गरिनु पर्दछ । शाही सेनाको राजसंस्थाप्रति रहेको परम्परागत बफादारीको पृष्ठभूमि र माओवादी जनसेनाको व्यवस्थापनको आवश्यकता समेतको कारणबाट माओवादी सेनासँग एकीकरण गरी शाही सेनामा आवश्यक संरचनागत परिवर्तन गरेर राष्ट्रिय सेनाको निर्माण गरिनु पर्दछ ।

(iii) वाक-प्रकाशन तथा संगठन स्वतन्त्रता लगायतका मौलिक अधिकारहरू सुनिश्चित हुनपर्दछ ।

(iv) बहुदलीय प्रतिस्पर्धा, वालिग मताधिकार, आवधिक निर्वाचन, निर्वाचित जनप्रतिनिधि सभा र निर्वाचित सरकारको व्यवस्था हुनुपर्दछ ।

(v) सबै उत्पीडित जाति/ जनजातिहरूको लागि जातीय क्षेत्रीय स्वायत्तता (National Regional Autonomy) को अधिकार प्रदान गरिनु पर्दछ ।

(vi) एक जाति, एक भाषा र एक धर्मको विशेषाधिकारको अन्त्य गरिनु पर्दछ । धर्म निरपेक्ष राज्य घोषणा गरिनु पर्दछ ।

(vii) महिलाहरूलाई पैत्रिक सम्पति लगायत सम्पूर्ण क्षेत्रमा पुरूषसरह समाज अधिकार प्रदान गरिनु पर्दछ ।

(viii) शिक्षा, स्वास्थ्य र रोजगारीलाई नागरिकको मौलिक हकको रूपमा व्यवस्था गरिनु पर्दछ । आधारभूत स्वास्थ्य सेवा र शिक्षा निःशुल्क एवं सर्वसुलभ ढंगले उपलब्ध गराइनु पर्दछ ।

(ix) "जमिन जोत्नेको" सिद्धान्तका आधारमा नयाँ भूमि सम्बन्ध कायम गरी कृषि क्रान्तिको कार्यक्रम लागु गर्नु पर्दछ । कृषिमा स्वेच्छिक सहकारीकरणको अभियान संञ्चालन गरिनु पर्दछ । दलाल तथा नोकरशाही पूँजीको शोषण-उत्पीडनलाई अन्त्य गरी राष्ट्रिय पूँजीलाई संरक्षण गरिनु पर्दछ । राष्ट्रिय औद्योगिकरण र आत्मनिर्भर अर्थतन्त्रको नीति लिइनु पर्दछ ।

(x) सन् १९५० को नेपाल-भारत सन्धि लगायत सबै असमान सन्धि संभौताहरू खारेज गरिनु पर्दछ । आवश्यकताअनुसार पारस्परिक सम्मान र समानतामा आधारित नयाँ सन्धि गरिनु पर्दछ । 'पञ्चशील'का आधारमा स्वतन्त्र विदेश नीति अबलम्बन गरिनु पर्दछ ।

प्राकृतिक श्रोत लगायत विदेशसँग गरिने सन्धि संभौताहरूको सम्बन्धमा २०४७ को संविधानको धारा १२६ जस्ता प्रावधानहरूलाई अझ स्पष्ट रूपले निरन्तरता दिइनु पर्दछ ।

मुलुकलाई पूर्ण सार्वभौम र स्वाधीन मुलुकका रूपमा अक्षुण्ण राख्न सबै खुला सीमालाई व्यवस्थित र नियन्त्रित गरिनु पर्दछ ।

विदेशीलाई रोजगारी दिंदा "वर्क परमिट" प्रणाली लागु गरिनु पर्दछ ।

(xi) मजदूरहरूको लागि हप्ताको ४० घण्टाको कार्य दिन तोकिनु पर्दछ । न्यूनतम ज्याला निर्धारण गरी कडाइपूर्वक लागु गरिनु पर्दछ । पेशागत सुरक्षा र आवास, शिशु स्याहार, स्वास्थ्य सुविधासहित सामाजिक सुरक्षाको व्यवस्था गरिनु पर्दछ । उद्योगको व्यवस्थापनामा मजदूरहरूको सहभागिताको व्यवस्था गरिनु पर्दछ ।

(xii) दलित जातिमाथि छुवाछूत लगायतका सम्पूर्ण शोषण उत्पीडनको अन्त्य गरिनु पर्दछ । लामो समयदेखि शोषण-उत्पीडनमा रहँदै आएकाले व्यवहारिक रूपमा अरूसरह समान नहोउञ्जेल दलितहरूलाई विशेषाधिकारको व्यवस्था गरिनु पर्दछ ।

(xiii) राष्ट्रिय तथा वैज्ञानिक शिक्षा प्रणाली लागु गरिनु पर्दछ । शिक्षामा भइरहेको निजीकरण र व्यापारीकरणलाई अन्त्य गरिनु पर्दछ । ❑


नव वर्ष २०६०

को सुखद् उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना !

नबिल बैंक लिमिटेड

NABIL BANK LTD.

Nabil House, P.O.Box : 3720, Kamaladi, Kathmandu, Nepal., Cable : NABIL, KATHMANDU

Your Bank at Your Service



○ शंकर पोखरेल

# अग्रगमनका यतिखेरका मुख्य एजेण्डाहरू

**मूलधारका राजनीतिक दलहरू र माओवादीहरूको बीचमा अग्रगमनका प्रश्नहरूमा एक प्रकारको सहमति विकास गर्न सक्नु पर्दछ**

२०५२ सालदेखि जनयुद्धका नाममा हिंसात्मक आन्दोलन संचालन गर्दै आएको माओवादी र सरकारका बीचमा भैरहेको वार्ताका क्रममा नेकपा (माओवादी)ले वार्ताको टेबलमा आफ्नो तर्फबाट वार्ताको संक्षिप्त कार्यसुचि प्रस्तुत गरेको छ र त्यसमा "आवश्यकता अनुसार थप व्याख्या र परिमार्जन गर्दै लैजान सकिने" कुरा अघि सारेको छ । सरकारले वार्ताको टेबलमा आफ्नो कुनै प्रकारको कार्यसूची प्रस्तुत गर्न नसके पनि वार्ताको प्रक्रियालाई गंभीरतापूर्वक अघि बढाउने प्रतिबद्धता अघि सारेको छ । राजाको प्रत्यक्ष नेतृत्वमा रहेको सरकार र गणतन्त्रको संस्थागत विकासको कुरा गर्दै आएका माओवादीहरूका बीचमा वार्ताको प्रक्रिया अघि बढ्नु र वार्ताको सफलताका बारेमा सर्वसाधारणका बीचमा विश्वास बढ्दै जानु अनुमान गर्नै नसकिने कुरा हो । सक्रिय हुन चाहने राजा र राजनीतिमा राजाको भूमिका र उपस्थिति समेत नचाहने माओवादीका बीचमा वार्ताको माध्यमबाटै सहमति प्राप्त हुने कुनै बलियो आधार अहिलेसम्म देखिएको छैन । अनि माओवादीले झैं राजा र राजावादीहरूले "जनताले नै अन्तिम फैसला गर्ने कुरा सबैलाई स्वीकार्य हुनुपर्ने कुरा स्वतः स्पष्ट छ" भनेर स्वीकारी सकेको अवस्था छैन । यस्तो अवस्थामा सरकार र माओवादी बीचको वार्तामा दुवै पक्ष बीचको सहमतिको मिलन बिन्दु कसरी तयार हुने हो, अहिले नै अनुमान गर्न सकिने अवस्था देखिदैन । तर पनि वार्ताको प्रक्रिया अघि बढेको छ र यसमा जनताको व्यापक सरोकार समेत प्रकट भएको छ । हत्या र हिंसाका कारणले आक्रान्त मुलुकका जनताका बीचमा विकास भएको यस प्रकारको आशावाद पनि एक हदसम्मको सकारात्मक कुरा नै हो । समस्याको समाधानमा यस प्रकारको आशावादको पनि निकै ठूलो भूमिका हुने गर्दछ ।

> **राजाको प्रत्यक्ष नेतृत्वमा रहेको सरकार र गणतन्त्रको संस्थागत विकासको कुरा गर्दै आएका माओवादीका बीचमा वार्ताको प्रक्रिया अघि बढ्नु र वार्ताको सफलताका बारेमा सर्वसाधारणका बीचमा विश्वास बढ्दै जानु अनुमान गर्नै नसकिने कुरा हो**

'अहिले मुलुक गंभीर संकटको क्रमबाट गुज्रिरहेको छ । असोज १८ को शाही कदम पछि मुलुकमा संवैधानिक संकट संवैधानिक शून्यताको हदसम्म विकास भएको छ । यस अवस्थामा राजसस्था र राजावादीहरू वर्तमान सम्वैधानिक संकटलाई निरन्तरता दिएर आफ्नो स्थिति सुदृढ गर्ने प्रयासमा जुटेका छन् । माओवादीहरू पनि संम्वैधानिक संकटका बीचमा नै पुरानो राज्यसत्तालाई गलाएर आफ्नै आन्दोलनलाई वैधता दिलाउन सकिन्छ भन्ने मान्यतमा पुगेका छन् । मूलधारका राजनीतिक दलहरू सम्वैधानिक संकटलाई राजनीतिक पहलकदमीबाट समाधान गरेर भए पनि पुरानो सम्वैधानिक प्रक्रिया अघि बढाउने पक्षमा रहेका छन् । द्वन्दरत तिनै पक्षका तिनतिर फर्किएका अडानहरू पनि वर्तमान अवस्थामा संकटको समाधानका लागि अपरिहार्य कुरा हो । शान्ति र अग्रगमन नेपाली राजनीतिको प्राथमिक एजेण्डा बन्दै गइरहेका बेलामा असोज १८ को राजाको प्रतिगमनकारी कदमका कारणले शान्ति र अग्रगमनको एजेण्डासँग प्रजातन्त्रको एजेण्डा अन्योन्याश्रित ढंगले गासिन पुगेको छ । यस्तो अवस्थामा शान्ति र प्रजातन्त्रका माध्यमबाट अग्रगमनको दिशा अवलम्बन गर्ने कुरा नै प्रमुख कुरा हो । यसका लागि मूलधारका राजनीतिक दलहरू र माओवादीहरूको बीचमा अग्रगमनका प्रश्नहरूमा एक प्रकारको सहमति विकास गर्न सक्नु पर्दछ । अग्रगमनका प्रश्नहरूमा सहमति कायम गर्न सकिएको अवस्थामा मात्र आन्दोलन र वार्ता एक अर्काको सहयोगी बन्ने र त्यसले समस्या समाधानमा सहयोगको भूमिका खेल्न सक्छ । तर अहिलेसम्म माओवादी र मूलधारका राजनीतिक शक्तिहरू परस्पर अविश्वासका साथ आन्दोलन र वार्ताको प्रक्रियामा प्रवेश गरेका हुन कि भन्ने अवस्था उत्पन्न भएको छ । यस प्रकारको अवस्थालाई समय मै अन्त्य गर्ने प्रयास गर्नु पर्दछ ।

सरकार र माओवादीका बीचमा वार्ताको प्रक्रिया आरम्भ भएको बेलामा मूलधारका राजनीतिक दल र राजसंस्थाका बीचमा गंभीर द्वन्द्व उत्पन्न भएको छ । सरकार र माओवादी बीचको वार्ताको सफलता नेपाली समाजका लागि जति आवश्यक छ, त्यति नै मूलधारका राजनीतिक दलहरूले अघि सारेका प्रश्नहरूको वार्तापूर्व वा वार्ताको समयमा यथोचित समाधान हुनु आवश्यक छ । वार्तामा मूलधारका राजनीतिक दलहरूको सक्रिय उपस्थितिका लागि वर्तमान सरकारको चरित्र र भूमिका नै समस्याको विषय हो भन्ने दलहरूको धारणा छ भने अग्रगमनका लागि राजालाई आम्ने साम्ने पारेर निशस्त्र गर्नु आवश्यक छ भन्ने माओवादीहरूको मान्यता रहेको छ । राजालाई आम्ने साम्ने पारेर अग्रगमनका लागि मार्ग प्रशस्त गर्न बाध्य पार्ने माओवादीको सोच र प्रतिगमनको दिशामा अघि बढेको सरकारलाई कुनै प्रकारको भूमिकामा देख्न नचाहने दलहरूको सोचाइ नै शान्ति र प्रजातन्त्रको पक्षको संयुक्त पहल कदमीको समस्या बन्न पुगेको छ । यस प्रकारको विरोधाभाषपूर्ण अवस्थालाई अन्त्य नगरी मूलधारका राजनीतिक दलहरू र माओवादीहरू दुई अलग अलग उद्देश्यका साथ राजासँगको वार्ता र राजाको प्रतिगामी कदमका विरूद्धको आन्दोलनमा उत्रने कुरा दुवैका लागि उत्तिकै नोक्सानदायी बन्न सक्छ । यस प्रश्नमा मूलधारका राजनीतिक दलहरू र माओवादी दुवैको यथोचित ध्यान जान सकेको देखिँदैन ।

मूलधारका राजनीतिक दलहरू र माओवादीका बीचमा शान्ति, प्रजातन्त्र र अग्रगमन नै सहमतिको विषय हो र हुनु पर्दछ । अहिलेसम्म मूलधारका राजनीतिक दलहरू र माओवादी समेतले नीतिगत रूपमा उपरोक्त तिनै प्रश्नहरूमा प्रतिवद्धता जनाउदै आएका छन् । तर शान्ति, प्रजातन्त्र र अग्रगमनका लागि मूलधारका राजनीतिक दलहरू र माओवादीहरू भिन्न भिन्न भूमिकामा रहेका छन् । असोज १८ को असम्वैधानिक साही घोषणा र त्यसयताका प्रतिगमनकारी कदमपछि मूलधारका राजनीतिक दलहरू शान्ति, प्रजातन्त्र र अग्रगमनको उद्देश्यका साथ प्रतिगमनविरोधी आन्दोलनमा उत्रन बाध्य भएका छन् । माओवादीहरू भने ७ वर्षको हिंसात्मक आन्दोलनका माध्यमबाट रणनीतिक सन्तुलनमा पुगेको दावीका

साथ आन्दोलनको राप र तापसहित वार्ताको प्रक्रियामा प्रवेश गरेका छन् र वार्ताको प्रक्रियाबाट नै शान्तिपूर्ण ढंगले अग्रगमनमा पुग्न सकिन्छ भन्ने मान्यतामा पुगेका छन् । तर माओवादीले चाहेको अग्रगमन र मूलधारका राजनीतिक दलहरूले चाहेको सम्वैधानिक प्रक्रियाको पुनर्स्थापनाका लागि राजसस्था नै बाधक बनेर तेर्सिएको छ । यस्तो अवस्थामा मूलधारका राजनीतिक दलहरू र माओवादी दुवैले शान्ति, प्रजातन्त्र र अग्रगमनका एजेण्डामा सहमति कायम गरेर अघि बढ्ने प्रयास गर्नु पर्दछ । आन्दोलनका माध्यमबाट प्रतिगमनलाई सच्याउने मूलधारका राजनीतिक दलहरूको प्रयास होस् वा वार्ताका माध्यमबाट अग्रगमन हासिल गर्ने माओवादीको प्रयास होस्, दुवैको सफलताका लागि राजाको महत्वाकांक्षामा लगाम लगाउन सक्नु पर्दछ । यसका लागि वर्तमान सत्ताका विरूद्धमा वार्ता र आन्दोलनको भिन्न भिन्न भूमिका रहेका शक्तिहरूको बीचमा न्युनतम सहमति वा सहकार्यको वातावरण तयार गर्न सक्नु पर्दछ ।

वर्तमान समयमा शान्ति, प्रजातन्त्र र अग्रगमनको साझा उद्देश्यमा अघि बढ्ने प्रक्रियामा रहेको भिन्नतालाई हल गर्दै एउटै प्रक्रियामा अघि बढ्नु वा दुवै प्रक्रियालाई एकै साथ एउटै साझा उद्देश्य प्राप्त गर्न सक्ने हिसावले अघि बढाउन दुवैले आफ्ना उद्देश्यलाई एउटै साझा एजेण्डामा रूपान्तर गर्न सक्नु पर्दछ । मूलधारका राजनीतिक दलहरू र माओवादी दुवै मिलेर संयुक्त रूपमा प्रतिगमन विरूद्ध आन्दोलनमा उत्रने र त्यसमा सफलता हासिल गर्ने प्रक्रियासँगै शान्ति, प्रजातन्त्र र अग्रगमनलाई संस्थागत गर्ने काम पनि गर्न सकिन्थ्यो । तर शान्तिवार्ताको प्रक्रियालाई अघि बढाउने उद्देश्यकासाथ माओवादीहरू वार्ताको टेबलमा बसिसकेको अवस्थामा अब उनीहरूलाई वार्ताको टेबल छोडेर आन्दोलनमा सामेल हुने कुरा कठिन विषय हो । माघ १५ भन्दा पहिले यस दिशामा पहल भएको भए यस कुराको सम्भावना पनि रहन सक्थ्यो । तर अब त्यस प्रकारको सम्भावना रहेन । माओवादीहरू वार्ताको टेबलमा बसेपछि वार्ताको माध्यमबाट पनि शान्ति, प्रजातन्त्र र अग्रगमनको दिशामा अघि बढ्न सक्ने सम्भावनाको विकास भएको थियो । मुलधारका राजनीतिक दलहरू र माओवादीहरू साझा एजेण्डाकासाथ वार्ताको प्रक्रियामा सहभागी बन्न सकेको भए त्यस प्रकारको अवस्था विकास गर्न सकिन्थ्यो । तर प्रतिगमनको घटनाबाट मर्माहत भएका राजनीतिक दलहरू वर्तमान सरकारसंगको वार्ता प्रक्रियामा सहभागी बन्न तयार नभएको अवस्थामा उपरोक्त सम्भावना समेत कमजोर भएर गएको छ । यस्तो अवस्थामा वार्ता र आन्दोलन दुवैलाई साझा उद्देश्य र साझा एजेण्डाका साथ अघि बढाउन सकिएको अवस्थामा दुवै एक अर्काका परिपुरक हुने अवस्थाको विकास हुनेछ ।

संवैधानिक प्रक्रिया आरम्भ गरी त्यसको माध्यमबाट माओवादी समस्याको शान्तिपूर्ण समाधान गर्दै अग्रगमनको दिशामा अघि बढ्नका लागि पनि गंभीर प्रकृतिका समस्या रहेका छन् । यस प्रक्रियाबाट अघि बढ्ने कुराले संविधानलाई पूर्ववत अवस्थामा सक्रिय बनाउन सकिने अवस्था समेत कमजोर भएर गएको छ । सम्वैधानिक प्रक्रिया आरम्भ गर्नका लागि निर्वाचन हुनु अपरिहार्य छ । तर माओवादी समस्याको समाधानविना चुनाव हुन सक्ने अवस्था देखिंदैन । अनि माओवादी समस्याको समाधान यथास्थितिमा सम्भव छैन । यस्तो अवस्थामा शक्ति सन्तुलनमा आएको परिवर्तनलाई ध्यानमा राखेर नयाँ ढंगले अघि बढ्नु पर्ने अवस्था विकास भएको छ । त्यसरी नै कुनै तरिकाबाट संविधान सक्रिय भएको अवस्थामा असोज १८ गते राजाबाट संविधान विपरित प्रयोग गरिएको परम्परागत राजकीय सत्तालाई खण्डित गर्ने र संविधानको धारा १२७ अन्तरगतका आदशहरूलाई निरस्त्र गर्ने कुनै सम्वैधानिक र कानूनी आधार छैन । यस्तो अवस्थामा प्रतिगनका आधारहरूलाई समाप्त गरेर मुलुकलाई कसरी अग्रगमनमा लैजाने भन्ने अहं महत्वको विषय समेत मुलुकका मूलधारका राजनीतिक दलहरूसामु उपस्थित भएको छ । त्यसरी नै संविधानसभाका माध्यमबाट नयाँ संविधान निर्माणको प्रक्रियामा अघि बढ्दा उत्पन्न हुने संक्रमणकालीन स्थिति लम्बिएर संविधान सभाको प्रक्रियामा प्रवेश नै नगरी प्राप्त अधिकारहरूसमेत गुम्ने खतरा समेत आउन सक्छ । यस प्रकारको स्थिति आउन नदिनका लागि समेत अग्रगमनका शक्तिहरूका बीचमा एकता आवश्यक हुनेछ ।

मूलधारका राजनीतिक शक्तिहरू र माओवादीहरूका बीचमा शान्ति, प्रजातन्त्र र अग्रगमनको उद्देश्यमा सहमति रहेको हो भने त्यसलाई कसरी सस्थागत र मूर्त गर्ने भन्ने प्रश्न अहं महत्वको प्रश्न हो । अहिलेसम्म मूलधारका राजनीतिक दलहरू र माओवादीले आन्दोलन वा वार्ताको उद्देश्य शान्ति, प्रजातन्त्र र अग्रगमनलाई बनाउदै आएका छन् । तर त्यसलाई सस्थागत गर्ने प्रक्रिया भने उनीहरूबीच मतैक्यता कायम हुन सकेको छैन । अनि उपरोक्त उद्देश्यलाई ठोस रूपमा कसरी हासिल गर्न सकिन्छ भन्ने सन्दर्भमा सहमति कायम गर्न प्रयास भएको देखिंदैन । विगत केही समययता अग्रगामी परिवर्तनको एजेण्डामा मूलधारका राजनीतिक दलहरू र माओवादीहरूका बीचमा सहमति कायम गर्नु पर्दछ भन्ने धारणा विकास भएको छ । नागरिक समाजले पनि मूलधारका राजनीतिक दलहरू र माओवादीलाई समेत अग्रगामी परिवर्तनको एजेण्डा प्रस्तुत गर्नका लागि दवाब दिँदै आएको छ । नेकपा (माओवादी) ले वार्ताको टेबलमा वार्ताको लक्ष्य र उद्देश्य, वार्ताको मूल राजनीतिक एजेण्डा, नयाँ संविधानको विषय वस्तु र आर्थिक सामाजिक प्रश्नहरूका रूपमा आफ्ना धारणाहरूलाई एक हदसम्म मूर्त गर्ने प्रयास गरेको छ । यसरी नै नेकपा (एमाले) ले पनि केन्द्रिय कमिटीको तेस्रो पूर्ण बैठकबाट अग्रगामी परितर्वनका विषयका रूपमा सम्वैधानिक, राजनीतिक र आर्थिक तथा समाजिक एजेण्डालाई ठोस रूपमा अघि सार्ने प्रयास गरेको छ । नेपाली कांग्रेसले पनि अग्रगमनका पक्षमा राजसस्था र सेनाका सन्दर्भमा आफ्नो धारणालाई सार्वजनिक गरेको छ । अन्य दलहरूले पनि विभिन्न रूपमा अग्रगामी परिवर्तनका विषयवस्तुहरूलाई अघि सार्ने प्रयास गरिरहेका छन् । वर्तमान अवस्थामा विभिन्न राजनीतिक दलहरूले अघि सारेका विषयवस्तुहरू, नागरिक समाजले अघि सार्दै आएको सरोकारहरूका आधारमा नयाँ शक्ति सन्तुलनका आधारमा अघि बढ्नका लागि निम्न विषयवस्तुहरूमा सहमति कायम गर्न सक्ने अवस्था रहेको छ ।

१. राजकीय सत्ताको श्रोत जनता हुन् भन्ने मान्यतालाई स्थापित गर्ने । त्यस मान्यता अन्तरगत सार्वभौमसत्ता जनतामा निहित रहने र त्यसको प्रयोग जनताबाट निर्वाचित जनप्रतिनिधि संस्थाबाट हुने कुरालाई स्पष्ट रूपमा संविधानमा किटान गर्ने ।
२. एकीकृत राज्य र विकेन्द्रित शासन प्रणालीका आधारमा राज्यसत्ताको पुनर्संरचना गर्ने । जातीय सघनता, सास्कृतिक, ऐक्यबद्धता, आर्थिक अन्तरसम्बन्ध, प्रशासनिक सुगमता र निश्चित भौगोलिक क्षेत्रका आधारमा नेपाललाई २५-३० क्षेत्रमा विभाजन गरी स्थानीय सरकारको व्यवस्था गर्ने ।
३. राष्ट्रिय सभा र जन प्रतिनिधि सभा गरी दुई सदनात्मक व्यवस्था कायम राख्ने । जनप्रतिनिधि सभामा सबै भौगोलिक क्षेत्रको प्रतिधित्वको व्यवस्था मिलाउने । त्यस अन्तरगत ३३ प्रतिसत महिला सहभागिताको व्यवस्था मिलाउने । राष्ट्रिय सभालाई उत्पीडित जाति, जनजाति, पिछडिएका जाति र विभिन्न जाति तथा सामाजिक समूहको प्रतिनिधित्व भएको जातीय सभा (हाउस अफ नेसनालिटिज)का रूपमा कायम गर्ने ।
४. राजसस्थालाई सांस्कृतिक सस्थाको रूपमा मान्यता दिई पूर्ण सम्वैधानिक बनाउने । राजसस्थाको उत्तराधिकार लगायतका सबै प्रश्नहरूलाई संसदको सरोकारको विषय बनाउने । राज परिषद्जस्ता

**मूलधारका राजनीतिक शक्तिहरू र माओवादीहरूका बीचमा शान्ति, प्रजातन्त्र र अग्रगमनको उद्देश्यमा सहमति रहेको हो भने त्यसलाई कसरी सस्थागत र मूर्त गर्ने भन्ने प्रश्न अहं महत्वको प्रश्न हो**

बाँकी ४२ पेजमा



प्लेनबाट छुङकिङ ओर्लंदा जनसमूहको अभिवादन स्वीकार्दै माओ

# युद्धविराम र राजनीतिक सल्लाहकार सम्मेलनको कोसेढुंगा

## चीनको क्रान्तिको क्रममा भएको युद्धविराम र राजनीतिक सल्लाहकार सम्मेलनको नालीबेली

○ राजेन्द्र महर्जन

### वार्ताभित्रको रणनीति

"मैले भेटेका मानिसहरूमध्ये धेरैले के भनेका थिए भने... च्याङ काई-शेक अभरपर्दो र धोकेवाज हुन्, उनीसंगको वार्ताले कहीं पनि लाँदैन, परिणाम सार्थक हुँदैन... उनीहरूलाई मैले भनेको थिएँ- 'तपाईंहरूको भनाइ पुष्टि भएको छ... कोमिन्ताङ् र कम्युनिष्ट पार्टी दुबैलाई के लागेको थियो भने वार्ता असफल हुनेछ, युद्ध अवश्यंभावी छ अनि वार्ता र सम्झौता भंग हुनेछ ।"

"वस्तुको एउटा सकारात्मक पाटो हो- वार्ता समान हैसियतका बीच सम्पन्न हुनु । इतिहासमै पहिलो पटक युद्धरत दुई पक्षले औपचारिक रूपमा सम्झौतामा हस्ताक्षर गरेका छन् । दोस्रो सकारात्मक पाटो हो- सम्झौताको क्रममा हस्ताक्षर भएको छ बुँदे सहमति पूर्ण रूपमा जनताका लागि हितकर हुनु ।"

*- माओ त्से तुङ*

'छुङकिङ सम्झौता' अर्थात् '१० अक्टोबर सम्झौता' गरेर ११ अक्टोबरमा चिनियाँ कम्युनिष्ट पार्टी (चि.क.पा.)को मुख्यालय रहेको शहर येनान फर्कनुभएका माओ त्से तुङले अमेरिकी सरकारको मध्यस्थतामा कोमिन्ताङ् शासित चीनको राजधानी छुङकिङमा कोमिन्ताङ् सरकारसँग भएको '१० अक्टोबर सम्झौता'को मूल्यांकन गर्दै चि.क.पा.को पोलिट्ब्यूरोसमक्ष उल्लिखित विचार पोख्नुभएको थियो ।

'छुङकिङ सम्झौता'लाई जनताको ऐतिहासिक विजयको अर्थमा लिएको चि.क.पा. संभौताको क्रममा भएका द्विपक्षीय सहमतिका बुँदाहरू केवल कागजमा मात्रै सीमित नरहून् भन्ने ध्याउन्नामा लागेको थियो । तर वार्ताको अवधिलाई ठूलो युद्धको व्यापक तयारी र आक्रमणको उचित अवसरको रूपमा उपयोग गरिरहेको कोमिन्ताङ् सरकार भने सम्झौताको मसी सुक्नै नपाई चि.क.पा.माथि भीषण आक्रमणमा तल्लीन हुन थालिहालेको थियो ।

युद्धको तम्तयारी र आक्रमणसँगसँगै चि.क.पा.संग वार्ता गरिरहेको कोमिन्ताङ् सरकारले तबमात्रै सहमतिका बुँदाहरू व्यवहारमा लागू गर्ने प्रयत्न गरेको थियो, जब वार्ता र युद्धको क्रममा चि.क.पा.बाट सहमति क्रियान्वयनको अवधिमै १ लाखभन्दा बेसी आक्रमणकारी कोमिन्ताङ्का सैनिकहरूको सफाया भएपछि कोमिन्ताङ्का शासक च्याङ काई-शेकले आफ्नो रणनीतिमाथि पुनर्विचार गर्नु परेको थियो । र, अमेरिकी दवाब र सुझावमा उनले युद्धविराम घोषणा गर्ने र राजनीतिक सल्लाहकार सम्मेलन बोलाउने काम गर्नु परेको थियो ।

### अमेरिकी मध्यस्थकर्ताहरूको भूमिका

वार्तामा 'इमान्दार मध्यस्थकर्ता'को भूमिका खेलिरहेको दावी गर्ने अमेरिकी राजदूत प्याट्रिक जे. हरलेले खुलेआम रूपमा देखाउन थालेको आक्रामक कोमिन्ताङ सरकारप्रतिको पक्षधरता अति नै नागिएपछि उनले २६ नोभेम्बर, १९४५ मा असफलताको पोकोसहित राजीनामा दिनु परेको थियो । उनको राजीनामाको लगत्तै राजदूतका रूपमा येनजिङ यूनिभर्सिटीका चान्सलर लीटन स्टूअर्टलाई र वार्ताको मध्यस्थताका लागि अमेरिकी राष्ट्रपति ह्यारी एस. त्रुम्यानका विशेष प्रतिनिधिका रूपमा जनरल जर्ज सी. मार्शललाई चीन पठाइएको थियो । राजदूतमा हेरफेर गर्ने र नयाँ व्यक्तिलाई वार्ताको मध्यस्थताका लागि पठाउने अमेरिकी सरकारद्वारा आफ्नो नीति र व्यवहारमा भने कुनै फेरबदल गरिएको थिएन ।

जनरल जर्ज मार्शल चीनतिर लागेकै दिन अर्थात् १५ डिसेम्बर, १९४५ मा अमेरिकी राष्ट्रपति त्रुम्यानले चीनसम्बन्धी अमेरिकी सरकारको नीति-वक्तव्य जारी गरेका थिए । वक्तव्यमा चीनका सबै प्रमुख राजनीतिक पार्टीहरूको प्रतिनिधित्वसहित हुने 'राजनीतिक सल्लाहकार सम्मेलन'प्रति समर्थन गर्ने र आन्तरिक युद्धको राजनीतिक निकासको खोजी कार्यमा सहयोग दिने घोषणा गरिएको थियो । र, कम्युनिष्ट पार्टीको लाल सेनाको अस्तित्वमाथि प्रश्नचिन्ह उठाउँदै त्यसलाई राष्ट्रिय सेनामा समाहित गर्नुपर्ने माग पनि गरिएको थियो ।

दोस्रो विश्वयुद्धका विजेताहरू सोभियत संघ, अमेरिका र बेलायतले २७ डिसेम्बर, १९४५ मा चीनको एकता र लोकतान्त्रीकरणका लागि गृहयुद्धको अन्त्य र राष्ट्रिय सरकारको निर्माणमाथि जोड दिंदै एउटा सहमति कायम गरेका थिए । त्यस्तै, त्यही बेला चीनभित्र पनि

शहर शहरमा शान्ति र लोकतन्त्रको स्थापनाका लागि व्यापक जनसंघर्षहरू उठ्न थालेका थिए ।

यस्तो परिस्थितिमा चीनको एकताका लागि मध्यस्थकर्ताको भूमिका खेल्न चीन आएका चर्चित सैन्य जनरल जर्ज सी. मार्शलले युद्ध र वार्ता सँगसँगै चलाइरहेका दुबै पक्षलाई युद्धविराम र राजनीतिक सल्लाहकार सम्मेलनको चरणसम्म पुऱ्याउन महत्वपूर्ण सफलता प्राप्त गरेका थिए । यस सफलताको कारण खोतल्ने क्रममा इतिहासकार हो कान-चले लेखेका थिए- आफ्ना सेनाको पुनः तैनाथीका खातिर समय प्राप्त गर्नका लागि र जनताको जबर्जस्त दवाबका अगाडि केही भुकेको जस्तो ढोंग गर्नका लागि कोमिन्ताङ् र उसका अमेरिकी गुरूहरूले विवश भएर चि.क.पा. र अन्य लोकतान्त्रिक पार्टीहरूद्वारा प्रस्तुत मागहरू स्वीकार्नु परेको थियो ।

## वार्ताको कसरत

ती पार्टीहरूकै माग र '१० अक्टोबर सम्भौता'अनुरूप जर्ज मार्शलले कोमिन्ताङ् शासक च्याङ काई-शेकलाई राजनीतिक सल्लाहकार सम्मेलनमार्फत् युद्धको निकास खोज्न सुभाव वा दवाब दिएका थिए । यसको पृष्ठिभूमि खोतल्ने क्रममा चि.क.पा.को तर्फबाट प्रमुख वार्ताकार चाओ एन-लाईले १६ डिसेम्बर, १९४५ मा पुनः छुङकिङ गई राजनीतिक सल्लाहकार सम्मेलनका लागि आवश्यक दवाब दिने र अनौपचारिक वार्ताको सिलसिला चलाउने कार्य गर्नुभएको पक्षलाई पटक्कै बेवास्ता गर्न मिल्दैन ।

चि.क.पा.को तर्फबाट चाओ एन-लाईले सम्मेलनका लागि आवश्यक सहज वातावरण बनाउन सर्वप्रथम निःशर्त युद्धविराम गर्नुपर्ने प्रस्ताव मध्यस्थकर्ता मार्शल र कोमिन्ताङ् सरकारसमक्ष राख्नुभएको थियो । पटक पटकको वार्तापछि अन्ततः ५ जनवरी, १९४६ मा कोमिन्ताङ् र चि.क.पा.का वार्ताकारहरूबीच आक्रमण-प्रत्याक्रमणलाई रोक्ने सम्भौता भएको थियो । सो सम्भौतालाई केही दिनपछि औपचारिक रूपमा घोषणा गरिएको थियो ।

## युद्धविरामको आदेश

'१० अक्टोबर सम्भौता' भएको ठीक दुई महिनापछि मात्रै १० जनवरीका दिन कोमिन्ताङका तर्फबाट च्याङ काई-शेक र चि.क.पा.को तर्फबाट माओ त्से तुङद्वारा अलग्ग अलग्गै वक्तव्य जारी गरी युद्धविरामको घोषणा गरिएको थियो । युद्धरत दुबै पक्षका प्रमुखहरूद्वारा जारी गरिएको युद्धविरामको घोषणा १३ जनवरीको मध्यरातदेखि लागू गर्न-गराउन आदेश दिइएको थियो । त्यसमा युद्धरत दुबै पक्षका सैनिकहरू पहिले जहाँ जुन स्थिति (position)मा रहेका हुन्, त्यही स्थितिमा यथावत् रूपमा अडिएर रहने र सबै सैनिक कारवाहीहरू बन्द गर्ने आदेश दिइएको थियो ।

युद्धविरामको आदेश दिने क्रममा पूरै आशावादी हुँदै माओले के घोषणा गर्नुभएको थियो भने चीनमा शान्ति र लोकतन्त्रको नयाँ युग शुरू भयो र अब हाम्रो सिंगो पार्टी पंक्तिले आन्तरिक शान्तिको सुदृढीकरणका लागि प्रयत्न गर्नुपर्छ, लोकतान्त्रिक सुधारका कार्यक्रमहरू अगाडि बढाउनुपर्छ र यो पंक्ति स्वतन्त्र, समुन्नत, शक्तिशाली नयाँ चीन निर्माण गर्न जुट्नुपर्छ ।

युद्धविरामको आदेशसँगै १३ जनवरीको मध्यरातदेखि उत्तर-पूर्वी चीनमा बाहेक देशभरि नै युद्ध रोकिएको थियो, बन्दूकको आवाज बन्द भएको थियो । र, युद्धविरामको क्रियान्वयनसँगै चिनियाँ जनतामा नयाँ खालको आशा संचार भएको थियो । लगभग दुई दशक अगाडिदेखि चलिरहेको युद्ध र विनाशबाट थाकेका जनताबीच गृहयुद्ध अन्त्य हुने र शान्तिसहितको लोकतन्त्र स्थापना हुने भरोसा पैदा भएको थियो ।

## फौजी मामिलासम्बन्धी संभौता

यही आशा र भरोसालाई व्यवहारमा अनुवाद गर्न जनरल जर्ज मार्शलको मध्यस्थतामा युद्धविरामको घोषणा भएकै दिनदेखि राजनीतिक सल्लाहकार सम्मेलन शुरू भएको थियो, गोलमेच सम्मेलनकै शैलीमा । मूल रूपमा गृहयुद्धको समाप्तिका लागि राजनीतिक समस्याहरू समाधानका उपायहरूको खोजीलाई यसको लक्ष्यको रूपमा निर्धारण गरिएको थियो ।

यस सम्मेलनले पारित गरेको सैनिक मामिलासम्बन्धी सम्भौतालाई अभ ठोस, मूर्त र स्पष्ट बनाउन तथा युद्धविरामको पालना गर्न-गराउन तीन व्यक्तीय अनुगमन टोलीको रूपमा फौजी मामिलासम्बन्धी उप-समिति पनि बनाइएको थियो ।

गृहयुद्धका सैनिक मामिलाहरूको समाधानका लागि बनाइएको सो फौजी मामिलासम्बन्धी उप-समितिको कार्यकारी मुख्यालय पेकिङमा राखिएको थियो । त्यसमा युद्धरत पक्षहरूमध्ये कोमिन्ताङ्का तर्फबाट चाङ चून, कम्युनिष्ट पार्टीका तर्फबाट चाओ एन-लाई र मध्यस्थकर्ता अमेरिकी सरकारका तर्फबाट जनरल जर्ज सी. मार्शलको प्रतिनिधित्व रहेको थियो । जनरल मार्शलको अध्यक्षतामा गठित सो समितिको पेकिङस्थित कार्यकारी मुख्यालयमा जनरल चेङ चीह-मिन, येह चीयन-यिङ र अमेरिकाका वाल्टर एस. रोबर्ट्सनचाहिँ तीन सदस्यीय उप-समितिका सहायकका रूपमा क्रियाशील रहेका थिए ।

सैनिक मामिलासम्बन्धी वार्ताको क्रममा २५ फेब्रुअरी, १९४६ मा जीवन-मरणको संघर्ष गरिरहेका पक्षहरूबीच अर्को महत्वपूर्ण सम्भौता भएको थियो । चि.क.पा.का चाओ एन-लाई र कोमिन्ताङ्का चाङ चिह-चुङबीच भएको सम्भौतामा दुईवटा पक्षमा सहमति कायम गरिएको थियो ।

एक : सैन्य शक्तिको पुनर्गठन र विघटनबारे । यस सहमतिअनुसार एक वर्षभित्र कोमिन्ताङ सेनालाई ९० डिभिजनमा र लाल सेनालाई १८ डिभिजनमा घटाउने, त्यसपछिका ६ महिनामा क्रमशः ५० र १० डिभिजनमा भार्ने समभदारी कायम गरिएको थियो ।

दुई : युद्धविरामकै समयमा कोमिन्ताङ् सेनालाई मन्चुरियामा प्रवेशका लागि लाल सेनाले अनुमति दिने ।

## राजनैतिक सल्लाहकार सम्मेलन

यी दुईवटा सैनिक सम्भौताहरूले चीनमा दिगो शान्तिप्रति जनताको आशा र भरोसालाई शिखरमा पुऱ्याएका थिए, राजनैतिक सल्लाहकार सम्मेलनले जस्तै ! शान्तिका विरूद्ध क्रियाशील राजनैतिक र सैनिक शक्तिहरूका प्रयत्नलाई लोप्पा ख्वाउँदै भएको यस्तो सहमति र सम्भौताको क्रियान्वयनमा अरूभन्दा पनि बेसी मात्रामा सहमतिमा हस्ताक्षर गर्ने कोमिन्ताङ् सरकार नै त्यति प्रतिबद्ध नहुँदा पछि ठूलो समस्या देखापरेको थियो ।

१० जनवरी, १९४६ देखि छुङकिङमा शुरू



*दायाँबाट बायाँ : येनान एयरपोर्टमा माओ (दोस्रो), हरले (चौथो), चाओ एन-लाई (छैठौं)*

भएको राजनीतिक सल्लाहकार सम्मेलनले १० अक्टोबर सम्झौता तथा युद्धविरामले ल्याएको शान्ति र लोकतन्त्र स्थापना हुने आशालाई शिखरमा पुऱ्याएको थियो तथा सर्वदलीय अन्तरिम संयुक्त सरकार निर्माण हुने संभावनासमेत देखाएको थियो ।

युद्धविराम र राजनीतिक सल्लाहकार सम्मेलनले जनतामा जगाएको आशालाई मुखरित गर्ने क्रममा सम्मेलनमा चि.क.पा.का नेता चाओ एन-लाईले उद्घाटनको अवसरमा 'संयुक्त सरकारको निर्माणका लागि' हार्दिक अपील गर्नुभएको थियो । उहाँले १० जनवरीमा शुरू भएको सम्मेलनलाई सम्बोधन गर्दै अनुरोध गर्नुभएको थियो– 'पारस्परिक मान्यता, पारस्परिक सरसल्लाह, पारस्परिक लेनदेन, पारस्परिक छूट... हामी श्रीमान् च्याङ काई-शेकको नेतृत्वलाई स्वीकार गर्दछौं ।... हामी कोमिन्ताङ्लाई सबैभन्दा ठूलो पार्टीको रूपमा मान्यता प्रदान गर्दछौं... तर सबै पार्टीले पनि अरूहरूको अस्तित्वप्रति मान्यता र शक्तिहरूप्रति स्वीकारोक्तिको जरूरत छ ।.. हामी साँच्चै नै शान्तिप्रति आशावादी हुनु आवश्यक छ ।'

## कार्यनीतिक चतुऱ्याइँ र संघर्षको शक्ति

चि.क.पा.को मागबमोजिम चिनियाँ गृहयुद्धको राजनीतिक निकास खोज्नका लागि बोलाइएको त्यस सम्मेलनमा देशका सबै प्रमुख राजनीतिक पार्टीहरूका प्रतिनिधिहरू र कुनै पनि पार्टीमा संलग्न नभएका गण्यमान्य व्यक्तिहरू गरी ३८ जनालाई सहभागी गराइएको थियो । त्यसमा कोमिन्ताङ् सरकारका ८ जना, चि.क.पा.का ७ जना, यूथ पार्टी र लोकतान्त्रिक लीगजस्ता तेस्रोथरी राजनीतिक पार्टीहरूका ११ जना र पार्टीमा असंलग्न रहेका ९ जना नेतृत्वदायी व्यक्तित्वहरूको सहभागिता थियो । उनीहरूबाट देशभरिका वामपन्थी, दक्षिणपन्थी र मध्यमार्गी राजनीतिक पार्टी र शक्तिहरूको प्रतिनिधित्व भएको विश्वास लिइएको थियो ।

जनवरी १० देखि जनवरी ३१ सम्म चलेको सो ऐतिहासिक राजनीतिक सम्मेलनमा सहभागी भएका प्रतिनिधिहरूमा प्रतिक्रियावादीहरूको बहुमत थियो । कोमिन्ताङ् सरकारदेखि यूथ पार्टी र केही निर्दलीय व्यक्तिहरूले दक्षिणपन्थ र प्रतिक्रियावादको प्रतिनिधित्व गरेका थिए । उता वामपन्थी चि.क.पा., मध्यमार्गी लोकतान्त्रिक लीग तथा वाम र मध्यमार्गी विचार बोक्ने स्वतन्त्र व्यक्तित्वहरूबीच अग्रगामी निकासको सवालमा मतैक्यता थियो । उनीहरू शान्तिको पक्षमा, गृहयुद्धको विपक्षमा, कोमिन्ताङको एकदलीय तानाशाहीको सट्टा लोकतान्त्रिक शासनको स्थापनाको पक्षमा उभिएका थिए । सम्मेलनको सिलसिलामा उनीहरूबीच मुख्य मुख्य राजनीतिक एजेण्डाहरूमा अलग्गै सरसल्लाह गर्ने र समान समझदारी कायम गर्ने कार्यनीति पनि अपनाइएको थियो ।

त्यसैले राष्ट्रिय पूँजीपति वर्गको प्रतिनिधित्व गर्ने ती मध्यमार्गीहरूले सामन्यतया कम्युनिष्ट पार्टीले जस्तै अडान लिएका थिए । तर लोकतान्त्रिक संयुक्त सरकारको सवालमा भने उनीहरूले यूरोपेली र अमेरिकी शैलीको संसदीय प्रणालीभन्दा उन्नत विकल्प स्वीकार्न सकेनन् । त्यस्तै, दुबै पक्षका सैनिकहरूको राष्ट्रियकरणको प्रश्नमा पनि उनीहरूले एउटा निराकार वा काल्पनिक समाधान प्रस्तुत गरेका थिए । दुबै खेमाका सेनालाई तानाशाही राज्य वा लोकतान्त्रिक राज्यअन्तर्गत राष्ट्रियकरण गर्ने सवालमा उनीहरूले यथार्थवादी समाधान प्रस्तावित गर्न सकेका थिएनन् ।

यी सबै कमीका बावजूद पनि उनीहरू र चि.क.पा.को सहकार्यको कार्यनीतिका फलस्वरूप सम्मेलनले प्रतिक्रियावादीहरूको बहुमत हुँदाहुँदै पनि पाँचवटा त्यस्ता महत्वपूर्ण प्रस्तावहरू पारित गरेको थियो, जसले शान्ति, एकता, लोकतन्त्र र एकीकरणलाई टेवा दिने काम गरेका थिए । त्यस्ता प्रस्तावहरू सरकारको पुनर्गठन, राष्ट्रिय सभाको पुनर्निर्माण, देशको शान्तिपूर्ण पुनर्निर्माणको कार्यक्रम, संविधानको मस्यौदा र फौजी समस्याहरूको समाधानका सवालमा केन्द्रित थिए ।

यहाँ के कुरा उल्लेखनीय छ भने ती प्रस्तावहरू जनताको अत्याधिक दवाब, सचेत नागरिकहरूको राजनीतिक संघर्ष तथा जनता र पार्टीहरूको तीव्र संघर्षको फलस्वरूपमात्रै पारित भएका थिए । त्यसमा फौजी संघर्षबाट तिखारिएका कम्युनिष्ट नेताहरूले वार्ताको टेबुलमा गरेको सफल कूटनीतिक संघर्षको महत्तालाई पनि पटक्कै बेवास्ता गर्न सकिँदैन । त्यस कूटनीतिक संघर्षको क्रममा फौजी समस्याहरू र संविधानको मस्यौदासँग सम्बन्धित सवालहरूमाथि विशेष रूपमा कटु बाद-विवाद भएको पक्षलाई पनि लत्याउन सकिँदैन ।

## सशस्त्र सेनाको राष्ट्रियकरणको मुद्दा

सम्मेलनमा फौजी समस्याहरूको बारेमा कोमिन्ताङ् र उसको पछि लाग्ने यूथ पार्टीले 'सशस्त्र सेनाको राष्ट्रियकरणको प्रस्ताव' राखेका थिए । कोमिन्ताङ् सरकारको मतियारी गर्ने क्रममा यूथ पार्टीका एक प्रतिनिधि छन् ची-थ्येनले फौजी प्रश्नलाई सर्वोपरि राख्नुपर्ने माग गरेका थिए । उनको माग थियो– हतियार समर्पण नगरेसम्म लोकतन्त्र र सम्वैधानिक सरकारको बारेमा कुनै कुराकानी हुनसक्दैन । सशस्त्र सेनाहरूको राष्ट्रियकरणको प्रश्न राजनीतिक रूपमा लोकतान्त्रीकरणको प्रश्नभन्दा पहिले नै हल हुनुपर्छ ।

कोमिन्ताङ् र यूथ पार्टीका यस्ता अराजनीतिक मागहरूमाथि टिप्पणी गर्दै इतिहासकार हो कान-चले लेखेका थिए– यसको स्पष्ट अर्थ हो: कोमिन्ताङे प्रतिक्रियावादीहरू जनताका सशस्त्र सेनाहरूलाई लोकतन्त्र लागू गर्ने आकर्षक नारामा समाप्त पार्न चाहन्छन् ।

यसै क्रममा चि.क.पा.ले सशस्त्र सेनाहरूको राष्ट्रियकरणका लागि एउटा आधारभूत सिद्धान्तसहित मूल योजना पेश गरेको थियो । जगलाई थाहा छ : संसारमा कुनै पनि राज्य कहिल्यै निराकार रूपमा अस्तित्ववान रहेको छैन, राज्यको स्वरूप लोकतान्त्रिक वा तानाशाही हुन्छ । अतः चि.क.पा.ले के प्रस्ताव राखेको थियो भने लोकतान्त्रिक राज्यमा राष्ट्रियकरणपछि सशस्त्र सेना लोकतान्त्रिक शासनतन्त्रको अंग बन्छ र तानाशाही राज्यमा भने तानाशाही शासनतन्त्रको अंग बन्छ ।

हो, कान-चकाअनुसार चि.क.पा.ले सेनाको राष्ट्रियकरणको सवालमा लोकतान्त्रिक शैलीको पक्ष लिँदै दुईवटा महत्वपूर्ण योजना प्रस्तुत गरेको थियो :



*छुङकिङमा अमेरिकी हवाई सैनिकहरुका साथ माओ*

एक, सशस्त्र सेनाको राष्ट्रियकरणभन्दा अगावै राज्यको लोकतान्त्रीकरण गरिनुपर्छ । कोमिन्ताङ्को एकदलीय तानाशाहीलाई समाप्त गरेर त्यसको ठाउँमा एउटा लोकतान्त्रिक संयुक्त सरकार स्थापना गरी राज्यको लोकतान्त्रीकरण गर्नु आवश्यक छ । सेना र जनताबीच, सैनिक, हाकिम र फौजी जवानहरूबीच आपसी सहयोगको सिद्धान्तमा आधारित भएर सशस्त्र सेनालाई पनि लोकतान्त्रीकरण गर्नुपर्छ । राज्य र सशस्त्र सेनाको लोकतान्त्रीकरण भनेको सशस्त्र सेनाहरूको राष्ट्रियकरण गर्नका लागि आवश्यक दुईवटा पूर्वशर्तहरू थिए ।

दुई, लोकतान्त्रिक संयुक्त सरकार र एउटा संयुक्त सर्वोच्च कमानको स्थापनापछि कम्युनिष्ट पार्टीले जनमुक्ति सेनालाई तुरून्तै सरकारको हातमा सुम्पनेछ र कोमिन्ताङ्ले पनि आफ्ना सबै सशस्त्र सेनाको सम्बन्धमा यस्तै गर्नुपर्छ । त्यस प्रस्तावमा सशस्त्र सेनाहरूको प्रश्न समाधानका लागि कोमिन्ताङ् र कम्युनिष्ट पार्टीद्वारा शासित क्षेत्रहरूमा कार्यरत दुबै पक्षका सशस्त्र सेनाहरूले आफूलाई लोकतान्त्रिक संयुक्त सरकारको हातमा सुम्पने मूलभूत योजना समावेश गरिएको थियो ।

ती प्रस्तावहरूको आधारमा भएका लामा र तीखा बहसहरूपछि फौजी समस्याहरूसँग सम्बन्धित सम्झौता गर्ने क्रममा चारवटा सिद्धान्तहरू पारित गरिएका थिए । एक : सेना र राजनीतिक पार्टीहरूलाई अलग अलग्गै राख्ने । यस सिद्धान्तअनुसार, अब उप्रान्त कुनै पनि राजनीतिक पार्टी वा व्यक्तिले सेनाको प्रयोग आफ्नो राजनीतिक संघर्षको साधनको रूपमा गर्न नसकिने व्यवस्था गरिएको थियो । दुई : फौजी सत्ता र नागरिक सत्तालाई अलग्गै राख्ने । यस सिद्धान्तअनुसार, सामरिक सेवामा नियुक्त कुनै पनि अधिकारीलाई एक्कै बेला नागरिक अधिकारीका रूपमा नियुक्त नगरिने व्यवस्था गरिएको थियो । तीन : राजनीतिको कमानमा फौजलाई राख्ने । यस सिद्धान्तअनुसार, कोमिन्ताङ्को फौजी परिषद्‌लाई राष्ट्रिय प्रतिरक्षा मन्त्रालयको रूपमा पुनर्गठित गरिनेछ । यो मन्त्रालय मन्त्रिपरिषद् सरहको कार्यकारी य्वान (Executive Yuan) को अधीनमा रहनेछ र यसले देशका सबै सशस्त्र सेनाहरूको संचालन गर्नेछ । चारः सिंगो देशका सशस्त्र सेनाहरूको न्यायसंगत र समानताका अधारमा पुनर्गठन गर्ने । यस सिद्धान्तअनुसार, पुनर्गठनपछि सिंगो देशका सशस्त्र सेनाहरू राष्ट्रिय प्रतिरक्षा सेनाका रूपमा विकसित गर्ने व्यवस्था गरिएको थियो ।

## संविधानको मस्यौदाबारे विवाद

राजनीतिक सल्लाहकार सम्मेलनद्वारा पारित पाँचवटा प्रस्तावहरूमध्ये फौजी समस्यासम्बन्धी प्रश्नसँगै संविधानको मस्यौदासँग सम्बन्धित सवालहरूमा पनि कटु विवाद भएको थियो । यस सवालमा कोमिन्ताङ् र यूथ पार्टीका प्रतिनिधिहरूले के ठानेका थिए भने संविधानको



*युद्धविरामको निरीक्षणको क्रममा माओ, जर्ज मार्शल र चु तेह येनानमा*

मस्यौदा आफ्नो स्वार्थअनुकूल नै हुनेछ । उनीहरूले कोमिन्ताङ्को एकाधिकार भएको पुरानो राष्ट्रिय सभा (National Assembly) मा कोमिन्ताङ्ले धेरै पहिल्यै निर्माण गरेको संविधान अनुमोदन गराउन पाए सबै झन्झट साफ हुनेछ ।

जनताको आँखामा छारो हाल्न र आफ्नो तानाशाही शासन सुदृढ गर्नका लागि आफूले सन् १९३६ मा 'राज्यसत्ता जनतालाई फर्काउने' नौटंकी गर्ने क्रममा तयार गरिएको 'चिनियाँ गणराज्यको संविधानको मस्यौदा' कोमिन्ताङले ५ मे, १९३६ मा सार्वजनिक गरेको थियो । त्यसैले उनीहरूले '५ मेको संविधानको मस्यौदा'का रूपमा चर्चित सोही थोत्रो संविधान नै पारित गराउन सकिएमा आफ्नो तानाशाही शासनलाई सम्वैधानिक सरकारमा रूपान्तरण गर्न पाउने दिवास्वस्न देखेका थिए । सोही दिवास्वप्नको पूर्तिका लागि प्रयास गरिंदा सम्मेलनमा चि.क.पा.ले कडा प्रतिकार गरेको थियो ।

अन्ततः लामो विवादपछि पारित संविधानको मस्यौदासम्बन्धी प्रस्तावमा बेलायत वा फ्रान्सको जस्तै संसदीय लोकतन्त्र स्थापना गर्न नयाँ संविधान निर्माण गर्ने र त्यसका लागि राष्ट्रिय सभाको निर्वाचन गर्ने व्यवस्था गरिएको थियो । इतिहासकारहरू हु शेङ र हो कान-चका अनुसार, सो प्रस्तावमा अहिलेको लोकतान्त्रिक राज्यका संसद वा प्रतिनिधि सभासरहको विधान य्वान (Legislative Yuan) जनताद्वारा प्रत्यक्ष रूपमा चुनिनेछ र यो राज्यसत्ताको शक्तिको सर्वोच्च संगठन हुनेछ । लोकप्रिय मतद्वारा चुनिने विधान य्वानप्रति कार्यकारी य्वान (Executive Yuan) उत्तरदायी हुनेछ । मन्त्रिमण्डलको समकक्षी मानिएको कार्यकारी य्वान भनेको राज्यको सर्वोच्च प्रशासनिक इकाई हुनेछ । यसका कुनै पनि निर्णय मन्जुर गर्ने-नगर्ने, भिटो प्रयोग गर्ने र कुनै पनि निर्णयमाथि अविश्वासको मत व्यक्त गर्ने अधिकार विधान य्वानलाई हुनेछ । र, कार्यकारी य्वानप्रति विधानमा य्वानले सामूहिक रूपमा अविश्वास प्रकट गरेमा कार्यकारी य्वानले राजीनामा दिनु पर्नेछ वा राष्ट्रपतिलाई विधान य्वान भंग गरी नयाँ चुनावका लागि सिफारिस गर्न सक्नेछ । यसले च्याङ काई-शेकको निरंकुश र तानाशाही सत्तामाथि पूरै अंकुश लगाउनेछ ।

संविधान मस्यौदासम्बन्धी पारित प्रस्तावअनुसार, केन्द्रीय सरकार र स्थानीय सरकारलाई अलग्याउने र अलग्गै स्वायत्त अधिकार र कर्त्तव्य दिने व्यवस्था गरिएको थियो । मूल रूपमा प्रान्तीय स्वायत्तताको प्रणाली विकसित गर्ने ध्येयअनुरूप प्रान्तीय सरकारलाई स्थानीय स्वायत्त शासनको सर्वोच्च अंगको रूपमा किटान गरिएको थियो । जननिर्वाचित प्रान्तीय सरकारलाई राष्ट्रिय मूल संविधानसँग नबाझिने हदसम्म अलग्गै प्रान्तीय संविधान बनाउने अधिकार पनि दिइएको थियो, जुन निक्कै उत्साहप्रद लोकतान्त्रिक प्रक्रियाको रूपमा प्रशंसित भएको थियो । यसले मुक्त क्षेत्रहरूमा रहेका जनवादी सरकारहरूको अस्तित्व र विकासको संभावनालाई समेत फराकिलो पारेको थियो ।

पारित संविधान मस्यौदाअनुसार, एउटा निरीक्षण य्वान (Control Yuan) को व्यवस्था पनि गरिएको थियो । यसको चुनाव प्रान्तीय विधान सभा र राष्ट्रिय स्वायत्त शासित क्षेत्रहरूद्वारा गरिनेछ । राज्यको सर्वोच्च निरीक्षण इकाईको रूपमा रहने यस य्वानले कार्यकारी य्वानका क्रियाकलापहरू मंजुर गर्ने, महाअभियोग चलाउने र रेखदेख गर्ने अधिकार पाउनेछ ।

सर्वोच्च अदालतसरहको न्यायिक य्वान नागरिक कर्मचारीहरू र राज्य व्यवस्थाहरूसँग सम्बन्धित परीक्षाहरूको लागि परीक्षा य्वानको व्यवस्था पनि गरिएको थियो । जम्माजम्मीमा संसदीय प्रणाली, मन्त्रिमण्डलीय संचरना र स्थानीय स्वायत्तताको पद्धतिसहितको यस संविधान मस्यौदा धेरै नै लोकतान्त्रिक र जनमुखी थियो ।


## राजनीतिक सहमतिको विशिष्टता

यस्ता सम्वैधानिक र फौजी समस्याहरूसम्बन्धी सहमतिका अतिरिक्त गृहयुद्धको राजनीतिक

# अमेरिका र कोमिन्ताङ सरकारको कुचालको शिकार भयो : वार्ता, युद्धविराम र राजनीतिक सल्लाहकार सम्मेलन



कुशल वार्ताकार
चाओ एन-लाई



कोमिन्ताङ् शासक
च्याङ काई-शेक

निकास खोज्न राजनीतिक सहमति पनि कायम गरिएको थियो । राजनीतिक सल्लाहकार सम्मेलनको पहिलो बुँदा नै सरकारको पुनर्गठनसम्बन्धी सहमति थियो । सो सहमतिअनुसार कोमिन्ताङ्को नियन्त्रणमा रहेको एकदलीय निरंकुश र तानाशाही शासनको पुनर्गठन गरी राजकीय मामिलासम्बन्धी उत्तरदायी सर्वोच्च अंगको रूपमा 'गभर्मेन्ट काउन्सिल' गठन गर्ने निर्णय गरिएको थियो ।

एकदलीय तानाशाहीको उन्मूलन गरी बनाइने लोकतान्त्रिक संयुक्त सरकारसरहको सो गभर्मेन्ट काउन्सिलमा २० जना कोमिन्ताङ्का प्रतिनिधिहरू र अन्य २० जनामा अरू पार्टी र स्वतन्त्र व्यक्तिहरूबाट प्रतिनिधित्व गराउने प्रावधान बनाइएको थियो । ती २० प्रतिनिधिहरूमा चि.क.पा.ले १० वटा आफ्नो पार्टीलाई र ४ वटा लोकतान्त्रिक लीगलाई जरूरी भएको तर्क दिएको थियो । च्याङ काई-शेकले ती दुबै पार्टीबाट १२ जनाको मात्रै प्रतिनिधित्व हुनुपर्ने अडान राखेपछि पदीय विभाजनको सवाल नराम्ररी अड्केको तथ्य इतिहासकार जेरोमी चेनले उल्लेख गरेका थिए ।

सहमतिको अर्को बुँदा हो- राष्ट्रिय सभासम्बन्धी सम्झौता, जसमा अरू राजनीतिक पार्टी र गण्यमान्य व्यक्तिहरूको तर्फबाट अरू ७ सयजना प्रतिनिधिहरू थप्ने र एउटा नयाँ संविधान तयार गरी त्यसलाई स्वीकृत गर्नु प्रथम राष्ट्रिय सभाको कर्तव्य र अधिकार हुने व्यवस्था गरिएको थियो ।

अर्को बुँदामा शान्ति र पुनर्निर्माणसम्बन्धी कार्यक्रमका ९ वटा धाराहरू समावेश गरिएका थिए । नागरिक अधिकारहरूको प्रत्याभूतिदेखि राजनीति, प्रशासन, सेना, धर्म, शिक्षा, संस्कृतिसम्बन्धी मामिलामा गरिनुपर्ने मसिना-मसिना पक्षहरू केलाएर समाधानका विन्दुहरू यसमा पहिल्याइएका थिए । तर आधार इलाकासम्बन्धी सवाललाई भने राष्ट्रिय सरकारको पुनर्गठनपछि मात्रै हल गरिनुपर्ने पक्षका रूपमा स्थगित गरिएको थियो ।

## गृहयुद्धका लागि बुनिएको कुचाल

सम्मेलनले पारित गरेका यी पाँचवटै प्रस्तावहरू दशकौं लामो गृहयुद्धको निकासमाथि केन्द्रित रहेका थिए । सम्मेलनको क्रममा इतिहासमै पहिलो पटक कोमिन्ताङ्का नेता तथा शासक च्याङ काई-शेकले कम्युनिष्ट पार्टी र अरू ससाना पार्टीहरूलाई समान हैसियत (Equal status) भएका पार्टीका रूपमा सकार्ने र अरू पार्टीहरूले पनि च्याङ काई-शेकलाई राष्ट्रका नेताका रूपमा मान्यता दिने काम गरेका थिए । यो हदसम्मको सहमतिले चीनका अधिकांश जनतामा अब कोमिन्ताङ्को एकदलीय निरंकुश शासन र गृहयुद्धको नीतिको अन्त्य हुने तथा सबै पार्टी र गण्यमान्य व्यक्तिहरूको सहभागितामा लोकतान्त्रिक संयुक्त सरकार गठन हुने, त्यसले नयाँ संविधान निर्माण गर्न राष्ट्रिय सभाको निर्वाचन गर्ने अनि त्यस सभाले नयाँ लोकतान्त्रिक संविधान लेख्ने आशा, भरोसा र विश्वास पैदा गरेको थियो ।

साँच्चै भन्ने हो भने युद्धरत पक्षहरूका साथै राजनीतिक पार्टी र गण्यमान्य व्यक्तिहरूको सहभागितामा सम्पन्न राजनीतिक सल्लाहकार सम्मेलनले विद्यमान स्थितिमा मूलतः सिंगो चिनियाँ जनताको शान्ति र लोकतन्त्रको आकांक्षाअनुरूप उन्नत निकास पहिल्याएको थियो । वास्तवमै ती प्रस्तावहरू अग्रगमनका पक्षपाती जनता र तिनीहरूलाई नेतृत्व गरिरहेका राजनीतिक शक्तिहरूको विजय तथा कोमिन्ताङ्लगायतका प्रतिक्रियावादी शक्तिहरूको राजनीतिक पराजयको द्योतकका रूपमा प्रशंसित भएका थिए । त्यही कारणले ती प्रस्तावहरू पारित भएपछि प्रतिक्रियावादीहरू निक्कै आक्रोशित भएका थिए भने जनताहरू चाहिं हर्षित भएका थिए । र, राजनीतिक सल्लाहकार सम्मेलनको सफलताबाट खुशी भएका जनताले ती प्रस्तावहरूको हार्दिक स्वागत गरेका थिए ।

आफ्नै पक्षको बहुमत हुँदाहुँदै पनि चि.क.पा.को क्रान्तिकारी कूटनीति तथा शान्ति र लोकतन्त्रप्रेमी जनताको चर्को दवावको फलस्वरूप आफू पराजित भएको महसूस गरी कोमिन्ताङ्लगायत सबै प्रतिक्रियावादी शक्तिहरू नयाँ रणनीति निर्माण गर्न जुटेका थिए । चि.क.पा.ले १० अक्टोबरको सम्झौतादेखि युद्धविरामको आदेश र राजनीतिक सल्लाहकार सम्मेलनका प्रस्तावहरूको क्रियान्वयनका लागि कुनै कसर बाँकी राखेको थिएन । तर कोमिन्ताङ सरकारले भने १० अक्टोबरको सम्झौतादेखि युद्धविराम र राजनीतिक सल्लाहकार सम्मेलनलाई समेत केवल राजनीतिक दाउपेचको रूपमा मात्रै लिएको थियो । आफ्नो सत्ता उखेल्न खोज्ने कम्युनिष्टहरूविरूद्ध सैनिक कारवाही गर्नका लागि सुविधा होस् भनेर त्यस सरकारद्वारा वार्ता, सम्मेलन र युद्धविरामको अवधिलाई दुरूपयोग मात्रै गरिएको थियो ।

कोमिन्ताङ् सरकारले गृहयुद्धको पूर्ण तम्तयारीका लागि र सामरिक महत्वका लाभदायिक स्थानहरूमाथि कब्जा जमाउनका लागि जनताका शान्ति र लोकतन्त्रसम्बन्धी मागहरू स्वीकार्ने खालको स्वांग गर्ने एवं विद्रोही सेनासँग वार्ता र सम्झौता गर्ने हदसम्मको ढोंग गर्ने कार्य गरेको यियो भन्ने रहस्य केही दिनपछि नै उद्घाटन भएको थियो । अमेरिकी सरकारको दस्तावेज र राष्ट्रपति ट्रुम्यानका भनाइहरूबाट र तिनका व्यवहारहरूबाट पछि सबैलाई थाहा भएको थियो- वार्ता, युद्धविराम, सम्मेलन र मध्यस्थताको नौटंकीलाई धुँवाको आवरणको रूपमा मात्रै प्रयोग गरिएको थियो । त्यस्तो धुँवाको आवरणको रूपमा, जसको भित्री उद्देश्य थियो- कूटनीतिक प्रयासबाट सके कम्युनिष्टहरूलाई नरम पार्ने वा निल्ने, नसके गृहयुद्धको सम्पूर्ण तम्तयारी गरी सखाप नै पार्ने ।

त्यसैले, कोमिन्ताङको मतियारीको भूमिका र अमेरिकी साम्राज्यवादको कुचाल र कुनियतकै फलस्वरूप चीनमा तेस्रो भीषण गृहयुद्ध मच्चिएको थियो, जसको अन्त्य कोमिन्ताङ शासनको समाप्ति र अमेरिकी सरकारको चीनलाई विशाल उपनिवेश बनाउने दिवास्वप्नको पतनसँगै भएको थियो । ❑

*सन्दर्भ सामग्रीहरु :*


- A Short History of Chinese Communism: Franklin W. Houn/A Spectrum Book/ Prenlice-Hall, Inc. New Jersey, 1973.
- A Concise History of the Communist Party of China : Hu sheng (Chief Editor) Foreign Language Press, Beijing 1994.
- A History of the Modern Chinese Revolution : Ho Kan- Chih, Peking, 1960
- China : The Other Communism : K.S. Karol, Hill and Wang, New York, 1968
- The Politics of China : The Era of Mao and Deng : Roderick Macfarquhar (ed.), Cambridge University Press, 1997
- The Chinese Communist Movement : A Report of the U.S. War Department, July 1945 : Lyman P.Van Slyke (ed., Stanford University Press.
- Mao and the Chinese Revolution : Jerome Ch'en, Oxford University Press, USA, 1967.
- Party Leadership and Revolutionary Power in China : John Wilson Lewis, Cambridge University Press, 1970.

हालैको स्वीट्जरलैण्डको भ्रमणपछि

# स्वीस प्रजातन्त्रबाट नेपालले केही सिक्ने कि ?

■ मल्ल के. सुन्दर

त्यहाँ संवैधानिक रूपमा कुनै पनि भाषालाई राष्ट्र भाषा र कुनै पनि धर्मलाई राज्य धर्मको हैसियत प्रदान गरिएको छैन

**युद्धविरामको** अवस्था छ, यतिबेला मुलुकमा । सर्वत्र शान्तिको कामना भइरहेको छ, एउटा शान्ति, जुन स्थायी र दिगो बन्न सकोस्, एउटा शान्ति, जुन परिवर्तन र प्रगतिउन्मुख पनि होस् । तर, शान्ति केवल कामना र चाहनाको विषय रहेन, यो एउटा नितान्त राजनीतिक, सामाजिक, आर्थिक तथा अन्य विविध पक्षको सही व्यवस्थापनको प्रतिफल मात्रै हो । त्यसमा पनि खास गरेर संस्थागत हिंसा (Structural Violence) र अशान्तिको श्रोत सदैव राज्यसत्ता नै हुने गरेकोले शान्तिको चाहनामा राजनीतिक प्रश्न प्रत्यक्षतः गाँसेर आएको हुन्छ नै । जबसम्म राज्यसत्ताको स्वरूपमा सुधार आउँदैन तबसम्म कुनै पनि हिंसात्मक द्वन्दको ठीक तरिकाबाट रूपान्तरण संभव हुन सक्दैन । एउटा आकलनका अनुसार विगत नब्बेको दशकमा संसारभर देखापरेका लगभग १०१ बटा हिंसात्मक संघर्षहरूमध्ये ९५ बटा राष्ट्रिय सीमाभित्रका आन्तरिक स्वरूपका थिए, जसमा अधिकांश द्वन्द्वहरू जातीय, साँस्कृतिक, धार्मिक, भाषिक वा क्षेत्रीय पहिचान वा अस्तित्वका खोजीमा चर्किएका रहेछन् । छिमेकी मुलुक भुटान, बङ्गलादेश, भारत, श्रीलङ्का र अन्यत्र अहिले भड्किएका विद्रोहका आगोहरू यिनै प्रकृतिका हुन् । मुलुकभित्र विद्यमान सामाजिक, साँस्कृतिक, धार्मिक, जातिगत वा भाषागत बहुलता अनुरूप राज्यसत्ताको स्वरूपलाई संयोजन गर्नमा देखिएका असक्षमताका प्रतिफलहरू हुन- यस किसिमका सम्पूर्ण विद्रोहहरू ।

यतिबेला नेपालभित्र पनि राजनीतिक रूपान्तरणका सन्दर्भमा संविधान सभाको निर्वाचन लगायत नयाँ संविधानको लेखनीको आवश्यकताबारे व्यापक चर्चा चल्दै गरेको छ, यही बेला हाम्रो मुलुकको सामाजिक, साँस्कृतिक, भाषागत, क्षेत्रगत, धार्मिक विविधता सुहाँउदो राज्यसत्ताको पुनर्संरचना कसरी वा कुन रूपमा गरिने भन्ने सम्वन्धमा हाम्रो धारणागत स्पष्टता आवश्यक हुन्छ । सामाजिक बहुलतामा द्वन्द्वको शान्तिपूर्ण व्यवस्थापनका सवालमा अत्यन्त प्रभावकारी देखिएको स्वीस महासंघको प्रजातान्त्रिक राज्य संरचना र शासनप्रणाली हाल नेपालको परिप्रेक्षमा एउटा सही दृष्टान्त बन्नसक्छ, संभवत् ।

एउटा सानो भूभाग, चारैतिरबाट विशाल राष्ट्रहरूबीचको एउटा भूपरिवेष्ठित पहाडी मुलक स्वीट्जरलैण्ड, सामाजिक बनौटमा रहेको बहुलताका कारणले पनि नेपालसँग थुप्रै समानताहरू छन् । यद्यपि, अहिले स्वीट्जरलैण्ड राजनीतिक संरचनाको दृष्टकोणले एउटा महासांघिक देश हो । लगभग ७० लाखको हाराहारीमा जनसंख्या रहेको यस मुलुकमा मूलतः भाषाभाषीहरूको हिसावले जर्मन बोल्नेहरू ६५.६ प्रतिशत, फ्रान्सिली १९.३, इटालियन ७.६, रोमन्स ०.६ तथा अन्य भाषाभाषीहरूको संख्या ८.९ प्रतिशत छन् । त्यसै गरी रोमन क्याथोलिक ४६.१ र प्रोटेष्टायन्ट ४० तथा अन्य धर्मालम्वीहरू १३.९ प्रतिशत छन् । तर, त्यहाँ संवैधानिक रूपमा कुनै पनि भाषालाई राष्ट्र भाषा र कुनै पनि धर्मलाई राज्य धर्मको हैसियत प्रदान गरिएको छैन ।

संघात्मक संरचना अन्तगर्त प्रत्याभूत अधिकारको विकेन्दीकरण, सामाजिक, ऐतिहासिक, भौगोलिक, धार्मिक र भाषिक विशिष्टताका आधारमा व्यवस्था गरिएको स्वशासन नै मूलत स्वीस प्रजातन्त्रका आधारशीला हुन् । अधिकारको बाँडफाँड र सामाजिक समूहहरूलाई स्वतन्त्र रूपमा आ-आफ्नो इलाका वा क्षेत्रहरूमा स्वशासनको अधिकार प्रत्याभूत गरिंदा कसरी सामाजिक सदभाव र एकताका साथ मुलुकलाई द्रुत गतिमा आर्थिक उन्नतिको अवस्थामा पुऱ्याउन सकिन्छ भन्ने राम्रो दृष्टान्त हो, स्वीट्जरलैण्ड ।

विभिन्न २० वटा पूर्ण काउण्टी (जिल्ला) र ६ वटा अर्ध काउण्टीसहित कूल २३ काउण्टी र कूल २८७३ कम्यून (गाउँ)मा विभाजित राजनीतिक इकाईहरूको संयुक्त स्वरूप हो, वर्तमान स्वीट्जरलैण्ड । यद्यपि, केन्द्रीय संसदको तहमा प्रत्यक्ष निर्वाचनबाट छानिने २०० जना सांसदहरूको राष्ट्रिय सभा, जसलाई वृहत सभाको रूपमा पनि चिनिन्छ, त्यसै गरी प्रत्येक पूर्ण काउण्टीबाट दुई दुई जना र अर्ध-क्यान्टोनबाट एक एक जना गरी कूल ४६ जना सदस्यहरूको राज्य सभा अर्थात् सानो



स्वीस जनताहरु प्रत्यक्ष प्रजातन्त्रको उपभोग गर्दै जनमत संग्रहमा मतदान गरिरहेको ►

सभा नै स्वीस संसदको पूर्णता हो । संसदको आकारमा भिन्नता रहेता पनि हैसियत र भूमिकामा दुवैको समान स्तर रहेको छ । प्रत्येक आम-निर्वाचनपश्चात् यी दुवै संसदहरूको संयुक्त अधिवेशन अर्थात् संघीय सभाद्वारा नै स्वीस महासंघको सरकार गठनदेखि अन्य संवैधानिक अङ्गका प्रमुखहरूको चयन गर्ने काम गर्दछ ।

यान्त्रिक अनुशरणको कुरा नगरौं, तर, वहुल साँस्कृतिक, वहुल सामाजिक संरचनामा विभेदको अन्त्य गर्दै समानताका आधारमा सबै पक्ष, वर्ग तथा समुदायको समानुपातिक प्रतिनिधित्व गराउँदै राज्यको नीति निर्माणमा नागरिकहरूलाई सहभागी बनाउने स्वीस प्रजातन्त्रका विशेषताहरू नेपालको वर्तमान विभेदकारी राज्य संरचनाको रूपान्तरण गरी अग्रगामी राजनीतिक निकासको खोजीको सन्दर्भमा अवश्य पनि विचारणीय हुन्छ होला ।

सामान्यतया दक्षिणी गोलार्द्ध तथा विकासशील समाजका सोचहरूमा प्रजातन्त्र र दलीय व्यवस्थाका सम्वन्धमा चर्चा गरिँदा बेलायतको वेष्ट मिनिष्टर प्रणालीलाई नै आदर्शको रूपमा प्रस्तुत गरिने गरिन्छ । दलीय प्रतिस्पर्धा र बहुमतको शासनलाई मूल मन्त्र मानिएको यस प्रणालीलाई हामीले पनि एउटा आदर्श मानेर २०४७ सालको नेपाल अधिराज्यको संविधानमार्फत् यसलाई पुनर्स्थापित गऱ्यौं । तर, केवल बाह्र/तेह्र वर्षको छोटो कालक्रममै यस प्रकारको शासन पद्धति त्रुटिपूर्ण देखियो । २०४६ सालको त्यत्रो राजनीतिक आन्दोलनबाट संस्थापित हाम्रो वर्तमान राजनीतिक प्रणाली आफैमा अपूर्ण सावित हुँदैगयो भने त्यसको साथसाथै मुलुकको एउटा ठूलो हिस्सा, जो सामाजिक कारणबाट, भाषिक रूपबाट, धार्मिक आस्थाका कारण वा क्षेत्रीय भिन्नता, आदिवासी जनजाति र महिला भएकै कारणबाट जुन रूपमा शदियौंदेखि वहिष्कृत हुँदै सीमान्तिकरण अवस्थामा थिए, उनीहरूको आवाजको सुनुवाई हुने कुनै प्रक्रिया वा पद्धति बस्न सकेन न त संवैधानिक रूपबाट उनीहरूको उचित प्रतिनिधित्वको कुनै वैकल्पिक व्यवस्था हुन सक्यो । राजनीतिक परिवर्तनपछि पनि नीति निर्माण तहसम्म ती समुदायहरूले पुग्ने अवसर पाएनन् । राज्य श्रोतमाथि पनि उनीहरूको पहुँच कत्ति पनि रहेन । एक अर्थमा प्रजातन्त्रको मूलभूत आदर्श समानताको अधिकारबाट बञ्चित हुँदै आए, ती । त्यसैले पनि समाजशास्त्री तथा राजनीतिज्ञहरू के ठहर गर्दछन् भने- हालको हिंसात्मक विद्रोहको एउटा मूलभूत कारण विद्यमान यी विभेदकारी आर्थिक, सामाजिक तथा राजनीतिक यथार्थ हुन् ।

स्वीस प्रजातन्त्रतिर फर्केर नियाल्दा हामीले पाउने कुरा के हुन् भने द्वन्द र हिंसात्मक विद्रोह तथा अशान्तिका कारण सामाजभित्रको वहुल आस्था र विविध साँस्कृतिक संरचना नभई त्यसलाई व्यवस्थापन गर्ने राजनीतिक कुशलता र पद्धतिको अभाव नै प्रमुख हुन् । जातीय बाहुल्यताको दृष्टिकोणमा जर्मन भाषाभाषीहरू अधिकतम रहेका छन्, त्यसरी नै प्रोटेस्टायण्टहरू पनि अन्य धर्मालम्वीहरूभन्दा अधिक छन्, तापनि सामाजिक सदभाव र सह-अस्तित्वमा मुलुकलाई ऐक्यवद्ध राख्ने मान्यतामा कूल जनसंख्याका केवल ०.६ प्रतिशत मात्र रहेका रोमन्स भाषाभाषीहरूका लागि पनि समान मान्यता, स्थानको सुरक्षा संवैधानिक रूपमै गर्न सफल बने, स्वीसहरू । यसले गर्दा अल्पसंख्यक वा बाहुल्यता नभएकै आधारमा कुनै पनि समुदायले आफूहरू राज्यको तर्फबाट उपेक्षित वा वहिष्कृत अवस्था रहनु पऱ्यो भन्ने किसिमको असन्तोष र कुण्ठाका साथ रहनु पर्ने अवस्था रहेन । स्वभाविक रूपमा यसले गर्दा समाजमा विद्रोह वा द्वन्दको स्थितिलाई मत्थर गरी बहुमतको सदरको नारामा अल्पसंख्यक वा अल्पमतहरूमाथि समतामूलक व्यवहार नहुने खतरा सदैव रहिरहन्छ । यथार्थमा संसारका अनेकन राष्ट्रहरूमा हाल चलिरहेका आन्तरिक संघर्ष र विद्रोहभित्र लुकेका वास्तविक कारकतत्व यिनै हुन । तर, स्वीस प्रजातन्त्रद्वारा आफ्नो देशको सामाजिक, धार्मिक र भाषिक बहुलताको आवश्यकताअनुसार राजनीतिक वृत्तमा प्रतिस्पर्धालाई भन्दा पनि परस्पर सहयोगको संभावनालाई मूर्तता दिइयो, संघर्षको संभावनालाई बढावा दिइनु भन्दा संयोजनको द्वारलाई सँधै खुल्ला राखियो । एकल संस्कृति र जातीय अंहकारको प्रवृत्ति बीचबाट सिर्जना हुने साम्प्रदायिक तथा साँस्कृतिक कलहबाट सुरक्षित



सेनारहित स्वीट्जरलैण्डको लागि संविधान संशोधनको माग गर्दै स्वीस नागरिकहरु जनमत संग्रहको लागि सन् १९८९ मा प्रचार प्रसार र हस्ताक्षर संकलन गर्दै

**स्वीसहरू के ठान्छन् भने वेष्ट मिनिष्टर ढाँचाको संसदीय प्रणालीमा अन्य कुरामा भन्दा दलीय प्रतिस्पर्धालाई मात्र विशेष महत्व दिइन्छ, जसले गर्दा त्यसभित्र एकातिर वहुमतको अधिनायकत्वको शैलीमा कार्य संचालन हुन्छ**

राज्यसंगको सामिप्यता र संलग्नताको बोध गराउने अवसर जुराइदिएको छ ।

स्वीसहरू के ठान्छन् भने वेष्ट मिनिष्टर ढाँचाको संसदीय प्रणालीमा अन्य कुरामा भन्दा दलीय प्रतिस्पर्धालाई मात्र विशेष महत्व दिइन्छ, जसले गर्दा त्यसभित्र एकातिर वहुमतको अधिनायकत्वको शैलीमा कार्य संचालन हुन्छ । यस्तोमा स्वभाविक रूपमा सदैव एक समूहबीच प्रतपक्षीय भावनालाई स्थापित गराउँछ, अर्कोतिर त्यहाँ अल्पसंख्यक वा अल्पमतको अवस्थामा रहेका समूहहरूको आवाजको सुनवाईको खासै अवसर विद्यमान रहन्न । जस्ले गर्दा बहुल सामाजिक, साँस्कृतिक बनौटयुक्त देशहरूमा हुन सर्वपक्षीय अस्तित्वको स्वीकार, सम्मान र संरक्षणको नीतिलाई अंगिकार गरियो ।

दशकौंदेखि स्वीट्जरलैण्डमा दलीय आधारमा केन्द्रीय सत्ताको लागि चुनाव हुने गरेता पनि, जुन कोही राजनीतिक पार्टीद्वारा बहुमत हासिल गरेता पनि त्यहाँ संघीय सरकार गठन गरिँदा सकेसम्म प्रमुख राजनीतिक पार्टीका प्रतिनिधिहरूलाई समानुपातिक सहभागी बनाएर सबैको सरकार बनाउने अभ्यास गरिँदै आएको छ । शक्ति सन्तुलनको प्रयत्नमा केवल दलीय प्रतिनिधित्वको सवालमा मात्र नभई सामाजिक संरचनाअनुसार सात सदस्यीय मन्त्रीमण्डलको गठन गरिँदा बढीमा चार जना जर्मनभाषी

समुदायबाट, फ्रान्सिली, इटालीन र रोमन्स भाषाभाषीहरूबाट कम्तिमा एक एक जना मन्त्री चयन गरिने गरेको छ । रमाइलो कुरा के हो भने यसरी सरकारको गठन गरिँदा सर्वपक्षीय समानुपातिक प्रतिनिधित्वका लागि न्यायोचित प्रयत्न गरिँदा दलगत, तथा भाषिक समुदायको प्रतिनिधित्वको पक्षमा मात्र नभई धार्मिक समुदाय तथा लैंगिक हिसावले पनि प्रतिनिधित्वको सवाललाई त्यतिकै सन्तुलन कायम गर्ने परम्परालाई अहिलेसम्म निरन्तरता दिइँदै आएको पाइन्छ ।

तलबाट माथि भन्ने अधिकार प्रत्याभूतिको प्रजातान्त्रिक मान्यताअनुसार प्रत्येक कम्यून, प्रत्येक क्यान्टोन आफैमा स्वतन्त्र राज्यको रूपमा नितान्त स्वायत्त र अधिकार सम्पन्न छन्, स्थानीय तहका आ-आफ्नै स्वायत्त संसदद्वारा विकास निर्माणका योजना तर्जुमाका अतिरिक्त स्थानीय तहका नीति र कानून निर्माणमा समेत स्वतन्त्र निर्णय गर्न सक्छन् । यसले गर्दा केन्द्रसँगको द्वन्द र विवाद अत्यन्त न्यून पारेको छ । साँस्कृतिक, भाषिक, धार्मिक तथा ऐतिहासिक आधारमा स्वायत्त क्षेत्र निर्धारित क्यान्टोनहरूको स्वरूप हुनाले प्रत्येक क्यान्टोनबाट तोकिएको संख्यामा विधायिकाहरू राज्य सभामा प्रतिनिधित्व गर्न पाउने संवैधानिक व्यवस्था छ, यसबाट स्वीस संसदमा सबै समुदायको आवाज समान रूपमा उठाउने पाउने अवसरको पनि व्यवस्था गरिएको छ ।

अन्यत्रको संसदीय व्यवस्था अन्तर्गत दलीय प्रतिस्पर्धामा सफल हुनसक्ने दल मात्रै सर्वेसर्वा हुने र राज्यको श्रोतमाथिको एकाधिकारपूर्ण चलखेल हुने गर्दछ, तर सोभन्दा भिन्न स्वीस प्रजातन्त्रले मूलतः दलगत स्वार्थको संकीर्णतालाई त्यागेर सकेसम्म सहमति, समझदारी तथा सहकार्यबाटै सामाजिक सदभावलाई मजबूत पार्ने एक प्रकारको उदात्त व्यवस्थालाई अंगाल्न सकेकोले नै आज त्यहाँभित्र कुनै पनि हिंसात्मक द्वन्दको संभावना रहेन । सत्तामाथिको कब्जा होइन, साझेदारीको भावनामा सर्वपक्षलाई सहभागी बनाउनुमा नै समाजभित्रको संभावित द्वन्द्व निषेधको अचूक उपाय हो भन्ने सन्देश दिइरहेको छ, स्वीस प्रजातन्त्रले । तसर्थ, स्वीस महासंघ आफ्ना नागरिकहरूलाई स्थानीय स्वशासनका लागि मात्र आधिकारिक ठान्दैन, संविधानतः जनता नै वास्तविक सार्वभौम हुन भन्ने यथार्थ पुष्टि गराउने क्रममा राजनीतिको प्रतिक्षण उनीहरूलाई आत्मनिर्णयको अधिकार प्रत्याभूत गरिएको छ । राज्य संरचनाको उपल्लो स्थान अन्यत्र जस्तै त्यहाँ पनि संसदले प्राप्त गर्दछ, तर पनि अधिकांश मुलुकहरूका प्रजातान्त्रिक प्रणालीभन्दा भिन्न स्वीट्जरलैण्डमा नागरिकहरूको भूमिकालाई संसदभन्दा शक्तिशाली रूपमा स्थापित गराएको छ । संविधानद्वारा ग्यारेण्टी गरिएको कानून निर्माण तथा संविधान संशोधनका सवालमा नागरिक हस्तक्षेप (Peoples' Initiatives) को अधिकार स्वीस प्रजातन्त्रबको एउटा विशिष्टता नै हो ।

**कुनै पनि नियम, कानून, ऐन र कार्यक्रमका सम्वन्धमा असहमति जाहेर गर्दै वालिग नागरिकहरूबाट पचास हजारको सामूहिक हस्ताक्षर एक महिनाको अवधिभित्र जम्मा गरेर त्यस सम्वन्धमा जनमत संग्रह गर्नका लागि राज्यलाई कानूनी चुनौति दिने अधिकार प्राप्त छ ।**

प्रत्यक्ष प्रजातन्त्र (Direct Democracy) को मान्यताअन्तर्गत त्यहाँका प्रत्येक वालिग नागरिकले संविधानमा आवश्यक हेरफेरका लागि हस्तक्षेप गर्नसक्छ, यसका लागि अठार महिनाभित्र एक लाख मतदाताहरूको सामूहिक हस्ताक्षर संकलन गरेर कुनै पनि अवसरमा, कुनै पनि सवालमा संसदमा प्रस्ताव पेश गर्न सक्छ, जुन एउटा गैर सरकारी विधेयकको रूपमा संसदले छलफलका लागि स्वीकार्नु पर्ने बाध्यता छ । त्यसै गरी संसदबाट पारित गरेर सरकारद्वारा कार्यान्वियन गरिनलागेका कुनै पनि नियम, कानून, ऐन र कार्यक्रमका सम्वन्धमा असहमति जाहेर गर्दै वालिग नागरिकहरूबाट पचास हजारको सामूहिक हस्ताक्षर एक महिनाको अवधिभित्र जम्मा गरेर त्यस सम्वन्धमा जनमत संग्रह गर्नका लागि राज्यलाई कानूनी चुनौति दिने अधिकार प्राप्त छ । यस किसिमको अधिकारले सत्ताशक्तिको मातमा स्वेच्छाचारी बन्नबाट दलहरूलाई नियन्त्रमा राख्ने गरेको छ भने यसको साथै प्रत्येक नागरिकलाई सक्रिय तथा सचेत प्रतिपक्षको भूमिका निभाउने दायित्व बहन पनि गराएको छ, स्वीस प्रजातन्त्रले । यथार्थमा जनता नै प्रमुख निर्णायक हुन् र जनतामाथिको सार्वभौमिकताको वास्तविक स्वरूप के हुने भन्ने कुरा वोध गराउने गरेको छ, त्यहाँको राजनीतिक प्रणालीले ।

अहिले, नेपालमा जनता सही रूपमा सार्वभौम छन्, छैनन् वा त्यसका लागि संविधान सभाको चुनाव लगायत विविध प्रक्रियाहरूमध्ये कतातिर लाग्ने भन्ने राजनीतिक चर्चा चल्दै गरेको बेला सरोकारवालाहरूले नेपाल जस्तै बहुल साँस्कृतिक देश स्वीट्जरलैण्डले त्यहाँको द्वन्द्व समाधानको चाहनामा रोजेको सहभागी तथा प्रतिनिधिमूलक प्रणालीको अनुभव सके हाम्रो प्रसङ्गमा लाभप्रद हुँदो हो । ❑


# HIMALAYAN GENERAL INSURANCE CO. LTD.

DURBAR MARG, GPO BOX 148, KATHMANDU, NEPAL
TEL : 231788, 231581, FAX : 00977-1-223903, E-mail : ktm@hgi.com.np

**YOUR SECURITY, OUR CONCERN**

**Branches :**

**Biratnagar**
Tel : 021-28524
E-mail : brt@hgi.com.np

**Birgunj**
Tel : 051-25366
E-mail : grj@hgi.com.np

**Pokhara**
Tel : 061-32100
E-mail : pkr@hgi.com.np



# यसरी असफल भयो भूमिसम्बन्धी ऐन

○ दामोदर तिमल्सिना

फोटो सौजन्य : आत्मनिर्भर केन्द्र

तत्कालीन देउवा सरकारले कथित क्रान्तिकारी कार्यक्रमको आवरण दिएर ल्याएको ९ बुँदे सुधारका कार्यक्रम अन्तर्गत भूमिसम्बन्धी ऐनको पाँचौं संशोधनले जमीनको हदबन्दी कायम गर्ने र जिमिदारी उन्मूलन गर्ने कामलाई प्राथमिकतामा राखेको थियो । पछिल्लो डेढ वर्षको अनुभवले सरकारी योजना पानीको फोका झैं फुटेको देखायो । न त जिमिदारी नै उन्मूलन भयो, न त हदबन्दीभन्दा बढी एकधुर जमीन नै निस्कियो ।

**मोही र जग्गाधनी बीच दुई वर्षभित्रै आधा-आधा जग्गा बाँडिसक्ने कुरा उल्लेख छ । ऐन आएको डेढ वर्ष बितिसक्दा पनि उल्लेख्य रुपमा जग्गा बाँडफाँडको काम हुन सकेको छैन ।**

मोहीको समस्या र जमीनको हदबन्दीसम्बन्धी व्यवस्था कसरी असफल भयो त ?

भूमिसम्बन्धी पाँचौं संशोधन ऐनमा मोही र जग्गाधनी बीच दुई वर्षभित्रै आधा-आधा जग्गा बाँडिसक्ने कुरा उल्लेख छ । ऐन आएको डेढ वर्ष बितिसक्दा पनि उल्लेख्य रूपमा जग्गा बाँडफाँडको काम हुन सकेको छैन । भूमि सुधार तथा व्यवस्था मन्त्रालयका उपसचिव शंकरप्रसाद ढुङ्गानाकाअनुसार सामान्जस्यता, मेलमिलाप र सौहाद्रता नभएका मोही र जग्गा धनीहरूले मात्रै जग्गा बाँडफाँड गर्न चाहे, धेरैले जग्गा बाँडफाँड गर्नै चाहेनन् । 'आखिर यो आधा जमीनको मालिक म नै हुँ, किन बाँडफाँड गरिहालौं ? सबै कमाउँछु भन्ने भावना मोहीमा देखियो, आधा बाँडफाँड भएपछि त्यसलाई पनि कमाउन दिंदा थोरै उब्जनी मात्रै मेरो भागमा आउने भयो, किन आधा-आधा बाँडिहाल्ने ? भन्ने भावना जग्गा धनीमा भयो, दुवै मिले' उपसचिव ढुंगाना भन्छन् । ऐनले बालि नतिरेमा मोहीबाटै हटाउनसक्ने उल्लेख गरेकोले मोहीहरूले समयमै बालि तिर्न थालेको पनि उनले बताए ।

त्यसो भए दुई वर्षभित्रै जमीन आधा-आधा बाँडेर भूमिमा द्वैध स्वामित्वको अन्त्य गर्ने सरकारी कार्यक्रम फेल खायो त ? भन्ने प्रश्नमा उपसचिव ढुंगाना यसो भन्छन्, 'हो, तर सरकारले भनेर मात्रै कहाँ हुने रहेछ र ? जग्गा बेच्नै पर्‍यो वा घर बनाउनु पर्‍यो भने मात्रै मोही र जग्गा धनीले बाँडफाँडबारे चासो राख्दा रहेछन् । जग्गाधनीलाई एक मुख्य बालिबाट आधा तिर्ने हो, अरू सम्पूर्ण कमाई आफैं खान पाइहालिन्छ भनेर पनि मोहीहरूले यसमा चासो देखाएनन् ।' त्यसो त कतिपय वामपन्थीहरू निःशर्त जसको जोत, उसको पोतको कुरा अगाडि सार्ने गर्दछन् । र, मोही मात्र जमीनको एक्लो मालिक हुनुपर्ने बताउँछन् । देउवाको कथित भूमिसुधार कार्यक्रमको विरोध गर्दै संसद्मा क्रान्तिकारी भूमिसुधारको पक्षमा संशोधन प्रस्ताव पेश गर्ने वामपन्थी नेता लीलामणि पोखरेल भन्छन्, 'जसले खेतीमा काम गर्छ, जग्गामा उसकै स्वामित्व हुनुपर्छ । मोहीयानी हकको त प्रश्नै होइन । मोहीयानी भनेको त द्वैध स्वामित्वको स्थिति नै हो । जमीनमा एकल स्वामित्व निर्माणको प्रश्न मुख्य प्रश्न हो । मोहीको पक्षमा एकल स्वामित्व निर्माण गरेर द्वैध स्वामित्व अन्त्य गर्नुपर्छ भन्ने हाम्रो माग हो ।' यस पक्षमा त सरकारले सोचेकोसम्म पनि छैन । सरकारको ध्यान दर्तावाल मोहीहरूको समस्या टुङ्ग्याउनेतिरै छ ।

भूमिसुधार ऐन २०२१ को चौथो संशोधन २०५३ ले मोहीयानी हकसम्बन्धी अवधारणा नै अन्त गरिसकेको पृष्ठभूमिमा तत्काल जग्गा बाँडफाँड गरेर भूस्वामित्व हटाउने सोचाइ सरकारले ल्याएको हो । मोहीयानी हकको सन्दर्भमा पाँचौं संशोधनले केही नयाँ व्यवस्था नगरे पनि जग्गाको बाँडफाँड टुंग्याउने सवाललाई चाहिं निश्चित समय सीमामा ल्याइएको थियो ।

यो त दर्तावाला मोहीको कुरा भयो, वेदर्तावाला मोहीहरूलाई मोही हक दिनेबारे चाहिं धेरै ठूलो आवाज उठ्दा पनि सम्बन्धितहरूले कुनै चासो देखाएका छैनन्, न त ऐनमा नै यो कुरा उल्लेख

छ । सरकारको दावी के छ भने, "०२१, ०२२ र ०२३ सम्म तीन वर्ष लगाएर नेपाल अधिराज्यभर भूमिसम्बन्धी ऐन लागू भयो । त्यो ऐन लागू भएको बेलामा एक वर्षदेखि जसले कमाइरहेको छ, भूमिसुधार अड्डाले उनीहरूको दर्ताको लागि गाउँ-गाउँमा लगत खडा गरिदिएको थियो । लगत फर्मको पहिलो अनुसूचीमा 'फलानाको मोही भएर मैले यो जग्गा कमाएको हुँ' भन्ने उल्लेख छ । दोस्रो अनुसूचीमा 'फलाना व्यक्तिले यो जग्गा मैले कमाएको छु भनेर फर्म भरेको छ, यदि यो कुरा होइन भने जग्गा धनीले ३५ दिनभित्र उजुरदावी गर्नुपर्नेछ । नत्र जग्गा कमाएको दावी गर्ने व्यक्तिलाई नै मोही मानिने छ' भन्ने कुरा उल्लेख छ । यी दुवै काम नछुटाइकन भएका छन् । र, वास्तविक मोहीलाई ४ नं. जोताहा अस्थायी प्रमाणपत्र तुरुन्तै दिइएको छ । त्यसपछि स्थायी मोही प्रमाणपत्र दिइएको छ । कसै-कसैले मोही प्रमाणपत्र लिन छुटाएका हुनसक्छन् । तर अस्थायी प्रमाणपत्र र त्यो नभएपनि अनुसूची एक र दुईको प्रमाण नहुनेहरू कोही छैनन् । कुनै प्रमाण नभएकालाई त कसरी मोही भन्ने ? एकादुई विभिन्न धम्की वा ढाँटछलका कारण प्रमाणविहिन भएका हुनसक्छन्, तिनीहरूलाई त कसरी दिन सकिन्छ र ? त्यसरी छुट्नेहरू त अब समेटिनै सक्दैनन् ।"

तर मोहीयानी हकका पक्षधरहरू, आन्दोलकहरू सरकारको यो दाबीप्रति तीव्र असहमति व्यक्त गर्दछन् । नेपालको भूमिसम्बन्धी समस्या नबुझेका, सामन्त तथा जमीनदार वर्गको पक्षपोषण गर्नेहरूले मात्रै यस्तो तर्क गर्ने गरेको उनीहरूको भनाइ छ । हुन पनि ०४८ सालकै सरकारी रेकर्डमै पनि १६ हजार वेदर्तावाल मोहीहरू छन्, जसले जीवनभर अर्काको कमाई गरेका छन् तर उनीहरूको नाममा एकधुर पनि जमीन छैन । तर बेदर्तावाल मोहीहरूको वास्तविक संख्या दुई लाखभन्दा बढी भएको अनुमान छ । लाखौं मोहीहरू दर्ता नभएकै कारणले मोहीयानी हकबाट बञ्चित भएका छन् । किसान नेता केशव बडाल भन्छन्, 'भूमिसुधार ऐन ०२१ केही खास-खास ठाउँ (जहाँ मोहीहरू सचेत थिए) मा मात्रै लागू भयो । नेपालका जुनजुन ठाउँहरूमा सामन्तवाद जर्जर अवस्थामा थियो, ५० औं वर्षदेखि जग्गा कमाउँदै आएको भए पनि त्यहाँ कतै मोही दर्ता भएन । सामन्त र सत्ताधारीहरूले कुनै पनि हालतमा मोहीको नाममा जग्गा दर्ता नगराउने वातावरण बनाए ।'

के देखिन्छ भने काठमाडौं उपत्यका र केही सचेत पूर्वी तथा मध्य भागका वस्तीहरूमा बाहेक अन्यत्र मोहीको नाममा जग्गा दर्ता नै भएको छैन । मध्यपश्चिम र सुदुरपश्चिममा त दर्ता भएको कुनै प्रमाणै छैन ।

पछिल्ला संशोधन ऐनहरूले यो (बेदर्तावाल मोहीहरूको) प्रमुख र ज्वलन्त समस्यालाई समेट्न नसकेकैले कथित क्रान्तिकारी विल्ला भिरेर आएका यस्ता नीतिहरूप्रति सर्वसाधारणहरू आश्वस्त हुन नसकेका हुन् । बडाल भन्छन्, 'मोहीयानी दर्ता भएकाहरूलाई त

के देखिन्छ भने काठमाडौं उपत्यका र केही सचेत पूर्वी तथा मध्य भागका वस्तीहरुमा बाहेक अन्यत्र मोहीको नाममा जग्गा दर्ता नै भएको छैन । मध्यपश्चिम र सुदुरपश्चिममा त दर्ता भएको कुनै प्रमाणै छैन ।



तस्वीर : नवराज काले

*भूमिमा खेति : रोपाइँको बेला*

## बर्दिवासको ज्यादती : पछिल्लो उदाहरण

**भूमाफियाको** षड्यन्त्रका कारण बर्दिबासका विपन्नहरू वर्षौंदेखि बसिरहेको जमीनबाट विस्थापित हुने स्थितिमा छन् । उक्त गाविसको वडा नं. १,४,६ र ९ मा लामो समयदेखि बसोबास गर्दै आएका करीब २ सय परिवारको जमीन कीर्ते कागजका आधारमा धमाधम बिक्री गर्न थालेको बुझेपछि उनीहरू सम्बन्धित मन्त्रालयमा षड्यन्त्र रोक्न अनुरोध गर्दै 'डेलिगेशन' आएका थिए । मुख्य रूपमा बर्दिबास गाविसका पूर्व प्रधानपञ्च एवं निवर्तमान अध्यक्ष चिरञ्जीवी हमाल र उनका बाबु निरबहादुर हमालले षड्यन्त्र गरी उनीहरूको जमीन हडपेका हुन् । स्थानीय गौरीडाँडाको तीन दर्जन परिवार बस्ने करीब २ बिघा ६ कठ्ठा, त्यति नै परिवार बस्ने मुसहरी टोलको करीब २ बिघा र बहादुरगञ्जको १६ बिघा जमीन हमालले हडपेका छन्, जुन जमीनमा १ सय २८ घर परिवारको बसोबास छ ।

नापीको समयमा दर्ता हुन छुट भएका जग्गाको कीर्ते कागजात बनाएर स्थानीय ठालु नीरबहादुर हमाल र उनका छोरा चिरञ्जीवी हमालले यी बस्तीका जग्गाहरू धमाधम बेच्ने गरेका हुन् । जग्गा बेचिएर उठिबास लाग्नेमा धेरै जसो दलितहरू छन् । आफूहरू ६ बिघा जमीनमा बसेको तर हमालले बेच्दाबेच्दै अहिले २ बिघामा खुम्चिन पुगेको र त्यो पनि धमाधम बिक्री भइरहेको दुखेसो मुसहरी टोलका बिल्टु सदाले भूमिसुधार तथा व्यवस्थापन मन्त्रालयमा ज्ञापनपत्र दिन काठमाडौं आएका बेला *मूल्याङ्कन*लाई बताए । 'सबैसँग आफू बसोबास गरिरहेको जमीन किनेको प्रमाण छ, तर पनि किर्ते कागजका आधारमा उसले जमीन बिक्री गरिरहेको छ'- पीडितहरूले भने । यीमध्ये केही जमीनमा मुद्दासमेत परेको र मुद्दा परेको जमीन समेत 'घरायसी कागज'का आधारमा बिक्री गर्ने गरिएको बुझिएको छ । किन्नेले बसिरहेकालाई हटाएर त्यहाँ आफ्नो घर ठड्याइहाल्ने गरेको उक्त मुद्दा हेरिरहेका शिवराम राई बताउँछन् । राजमार्गबाट करीब १ किलोमिटरभित्र पर्ने यी जमीन प्रतिकठ्ठा दुई, तीन लाख रुपियाँमा बिक्री हुने भएकोले यसमा हमाल र उनका सहयोगी भूमाफियाले आँखा गाडेको बुझिएको छ । गाविसमा रहने जग्गा जमीनको अभिलेखका आधारमा नापीको समयमा छुट भएका जग्गा पत्ता लगाउने र कर्मचारीलाई प्रभावित पारी किर्ते कागज खडा गरेर त्यो आफ्नो वा सहयोगीका नाममा दर्ता गराएर बेच्दै खाने हमाल परिवारको पेशा नै भइरहेको धारणा पीडितलाई सहयोग गरिरहेको स्थानीय संस्था महिला सहयोगात्मक समाजकी दुर्गा दाहालको छ ।

केही टाठाबाठा र अगुवा गाउँलेलाई सुँगुर, टायल आदि दिएर फकाउने र उसैमार्फत् विशेष गरी दलित र गरीबका जग्गा जमीन हत्याउने हमालको बानी नै भइसकेको छ । जग्गामा स्वामित्व माग गर्छन् भनेर हमाल बाबुछोराले कहिल्यै पनि मुसहरलाई नागरिकता बनाउन सिफारिस नदिएको र उल्टै रोक्ने काम गरेको स्थिति पनि यहाँ छ । 'मन्त्रीले हाम्रा कुरा राम्रोसँग ध्यान दिएर सुने, म तपाईंहरूलाई उठिबास लगाउन दिन्न भनेका छन्, हेरौं अब केही हुन्छ कि ?' 'डेलिगेसन' आएका पीडितहरूले भने । ❑

मोहीयानी हक निशर्त दिनै पर्‍यो । लामो समयदेखि जोतभोग गर्दै आएका तर मोहीमा दर्ता हुन नसकेका (अज्ञानता, साहुको डर, धम्कि आदि कारणले)लाई पनि मोहीयानी हक दिनैपर्छ । ०५१ सालको उच्चस्तरीय भूमिसुधार आयोगको प्रतिवेदन (जसको उहाँ संयोजक हुनुहुन्थ्यो-सं) ले मोहीको सवालमा मुख्य जोड दिएको कुरा पनि यही हो, जो विविधकारणले मोहीमा दर्ता भएको छैन, उसलाई पनि मोहीयानी हक दिएर जमीन आधा-आधा गर्नुपर्छ ।'

पाँचौं संशोधन ऐनको अर्को महत्त्वपूर्ण पक्ष के थियो भने खेतीयोग्य जमीनको वितरण बढी न्यायोचित हुनसकोस् भनेर जमीनमा हदबन्दी लगाइने नीति सरकारले ल्याएको थियो । ऐनको पाँचौं संशोधनमा हदबन्दीअनुसार पति पत्नी, बाबुआमा जीवित छउन्जेल १६ वर्ष उमेर नपुगेका नाबालक छोरा र ३५ वर्ष उमेर नपुगेकी अविवाहित छोरीसम्मको प्रत्येक परिवारले वा त्यस्तो परिवारभित्र नपरेका प्रत्येक व्यक्तिले जग्गावालाको हैसियतले नेपाल अधिराज्यमा जम्मा १० विगाहामा नबढ्ने गरी भित्री मधेश समेत सम्पूर्ण तराई क्षेत्रमा १० विगाहा, काठमाडौं उपत्यकामा २५ रोपनी र काठमाडौं उपत्यका बाहेक सम्पूर्ण पहाडी क्षेत्रमा ७० रोपनीसम्म जग्गा राख्न पाउने व्यवस्था छ र घडेरीको हकमा तराई, काठमाडौं र पहाडी क्षेत्रमा क्रमशः एक विगाह, पाँच रोपनी र पाँच रोपनी राख्न पाउने उल्लेख छ ।

**अब खोज्न जाने हो भने त हदबन्दीभन्दा एकधुर जमीन पनि बढी देखिदैन**

यसो हुँदा हदबन्दीभन्दा बढी जमीन निस्कियो त ? उपसचिव ढुंगाना भन्छन्, 'ऐन लागू भएको मितिदेखि नै सरकारले ६ महिनासम्म जग्गा बेचबिखन बन्द गर्‍यो तर केही समयपछि नै सर्वोच्च अदालतले त्यसरी अनधिकृत रूपमा जग्गा बेचबिखनलाई रोक्का गर्न मिल्दैन भनी उक्त नीतिलाई अमान्य गरिदियो । सर्वोच्चले त्यसरी फुकुवा गर्नेबित्तिकै जग्गावालाहरूले १६ वर्ष उमेर पुगेका छोरा नातिहरूको नाममा हदबन्दीले भ्याउने जति जग्गा नामसारी गरे । अब खोज्न जाने हो भने त हदबन्दीभन्दा एकधुर जमीन पनि बढी देखिदैन ।'

## सिन्धुपाल्चोक राम्रो उदाहरण

**मोहीयानी हकप्राप्तिको सवालमा सिन्धुपाल्चोक एउटा उदाहरणीय जिल्ला मानिन्छ । भूमिमा खास गरी मोहियानी हक र गुठीको समस्याका विषयमा संगठित रूपमा सिन्धुपाल्चोकबाटै पहिलो पटक आवाज उठेको हो । सिन्धुपाल्चोकमा हालसम्म ११ सय ५० भन्दा बढीले मोहीयानी हक प्राप्त गरेका छन् । त्यसमध्ये तीनसय ६० भन्दा बढीले जग्गाधनी पुर्जा समेत पाइसकेका छन् । जिल्लामा हजार भन्दा बढी मानिसहरू मोहीयानी कायम हुनुपर्ने, गुठी जमीनलाई रैकर बनाइनु पर्ने, जग्गा बाँडफाँड गरिनुपर्ने र छुट पुर्जा पाउनुपर्ने जस्ता मागहरूका लागि मुद्दा लडिरहेका छन् ।**

**मोहीहरूको हक हितमा क्रियाशील संस्था सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, नेपालका जगत देउजा भन्छन्– 'सिन्धुपाल्चोक जिल्लाभरिका मोही किसानहरूमा मोही हकबारे धेर थोर जानकारी हुन थालेको छ, उनीहरू भर्पाई नलिई कुत नबुझाउने अभियानमा सरिक छन् ।' त्यस्तै गुठीको जमीन जोतिरहेका २० हजारभन्दा बढी घरपरिवारहरू जमीन आफ्नो नाममा रैकर बनाउन सक्रिय छन् । ❑**

## भूमिसम्बन्धी केही वास्तविक तथ्य

पछिल्लो आँकडा अनुसार नेपालमा ३ लाख ७० हजार २१७ दर्तावाल मोही परिवार छन्, वेदर्तावाल मोही परिवारहरूको संख्या २ लाखको हाराहारीमा छ । २ रोपनीभन्दा पनि कम जमीन भएकाहरूको परिवारसंख्या १० लाख छ, २१ लाख कृषि श्रमिक भूमिहीन छन् । पाँच प्रतिशत भूमिपतिहरूको २६ प्रतिशत कृषिभूमिमा नियन्त्रण छ । सय रोपनीभन्दा बढी जमीन हुनेहरू १ दशमलव ५ प्रतिशत छन्, खेतियोग्य जमीनको करीब १४ प्रतिशत भाग यिनीहरूकै स्वामित्वमा छ । कुल खेतियोग्य जमीनको ६ प्रतिशत भाग गुठीको जमीन छ, जसमा मोही समस्या झन् जटिल छ । ❑

तर किसान नेता केशव बडाल चाहिँ ७६ प्रतिशत जनता कृषिमा आधारित र ५० प्रतिशत जनता निरक्षर रहेको हाम्रो जस्तो मुलुकमा बढीमा एक परिवारलाई (परिवार भन्नाले बुबा-आमा, छोरा-छोरीसहित छ-सात जनासम्मको) तीन हेक्टर तराईमा, एक हेक्टर काठमाडौं उपत्यकामा र दुई हेक्टर पहाडमा हदबन्दी कायम गरिनुपर्ने बताउँछन् । 'यसो भयो भने मात्रै सामन्ती भूस्वामित्वको अन्त्य गरेर प्रजातान्त्रिक हिसाबले कृषि अर्थतन्त्रको पुनर्गठन गर्न सकिन्छ' उनी भन्छन् । तर देउवा सरकारले जमीनको अधिकतम हदबन्दी कायम गरेर धनी र ठूला किसानहरूको पक्ष लिएको त थियो नै, त्यसमाथि १६ वर्ष पुगेका छोराछोरीलाई पनि एक अंशियार बनाएर हदबन्दी निर्धारण गर्दा स्वभावतः त्यो फेल भयो । बडाल भन्छन्, 'छोराछोरीलाई पनि अंशियार बनाइसकेपछि त एउटा परिवारको हदबन्दी झन् बढ्ने भयो । मानौं एउटा परिवारमा सोह्र वर्ष नाघेका एउटा छोरा र एउटी छोरी छन् भने उनीहरूको दुई भाग र बाबुआमाको एक भाग गर्दा एउटै परिवारले एघार तीयाँ ३३ विगाह जमीन कानूनतः पाउने भयो । त्यसैले देउवा सरकारले भूमिहीनहरूलाई जमीन उपलब्ध गराउने सोचले होइन, हदबन्दीलाई एउटा नाटक र ठट्टाको रूपमा मात्रै ल्यायो ।'

वामपन्थी नेता लीलामणि पोखरेल पनि सिंगो परिवार एउटै हदबन्दीको दायरामा हुनुपर्ने बताउँछन् । उनी भन्छन्, 'जमीनको उत्पादकत्वबाट पालिएको परिवारलाई एउटा परिवार भन्नुपर्छ ।' पोखरेलकै विचारमा बडाल आयोगको प्रतिवेदन सापेक्ष रूपमा राम्रो छ,



तस्वीर: रघुनाथ लामिछाने

*मालपोत कार्यालय सिन्धुपाल्चोक अगाडि धर्ना दिँदै मोही किसानहरु*



*ग्रामीण किसानहरुलाई भूमि र खेतिमा सुधारको चिन्ता*

जसले तराईको हदबन्दीलाई चार विगाहमा कायम गरेको छ र सिङ्गो परिवारलाई नै एउटै हदबन्दीमा ल्याउनुपर्ने बताएको छ ।

सर्वोच्चले जग्गा बिक्री रोक्का गरे पनि अहिलेको ऐनमा 'ऐन लागू भएको मितिबाट अंशवण्डा पाउनु पर्नेले अंश पाएको बाहेक कसैले कुनै पनि किसिमले लिखत गरेर अरूलाई जग्गा दिएको रहेछ भने त्यसलाई बदर गरिनेछ र त्यो साविक जग्गा धनीकै नाममा कायम गरिनेछ' भन्ने कुरा पनि उल्लेख छ । त्यसरी किन हेरिएन त ? 'त्यसरी हेर्न नियमावली आउनुपर्छ । तर भूमिसम्बन्धी पाँचौं संशोधन ऐनअनुसार नियमावली नै आएको छैन' उपसचिव आचार्य भन्छन् । नियमावली आए पनि त्यसरी जग्गा लिन जटिल समस्या पर्ने कुरा पनि उपसचिव आचार्य बताउँछन् । 'अहिलेसम्म मान्छेले ११ विगाह आफ्नो नाममा राखेर त्यसभन्दा बढी जग्गा अर्कोको नाममा राख्यो वा बेच्यो होला । किन्नेले फेरि अर्कोलाई बेचिसक्यो होला । कतिले घर बनाए होलान् । अब ती जग्गालाई साविकको जग्गाधनीको भनेर कायम गर्ने, अनि हदबन्दी लाएर बढ्ता जग्गा निकाल्ने, अनि त्यसलाई भूमिहीनहरूलाई बेच्ने । यो त बहुत जटिल छ, के गर्ने, के नगर्ने ?' उनी भन्छन् । वास्तवमा आचार्यको यो भनाइले सरकारी अकर्मण्यतालाई पनि उदाङ्गो पार्दछ ।

त्यसो त सरकारले पनि भूमिहीनहरूलाई बेच्न पुग्नेगरी जग्गा निकाल्न सक्ने आशा मारिसकेको छ । 'धेरै उब्रने जग्गा छँदै थिएन । ०२१ सालको हदबन्दी तराईमा २८ विगाह थियो, काठमाडौं उपत्यकामा ५८ रोपनी थियो र पहाडी क्षेत्रमा ९६ रोपनी थियो । ०२१ सालदेखि ०५८ सालसम्म त्यो त्यही रूपमा रहने कुरै भएन । दुई तीन पुस्ताको बीचमा धेरै जमीन टुक्रिसकेको छ । अहिले त जग्गा थोरै, मान्छे धेरै भएका छन् ।' भूमिसुधार तथा व्यवस्था मन्त्रालयको एउटा रिपोर्टमा उल्लेख भएको यो कुरालाई किसान नेता केशव बडाल चाहिं अस्वीकार गर्दछन् । उनी भन्छन्, 'तराई, उपत्यका र पहाडमा क्रमशः प्रति परिवार तीन हेक्टर, एक हेक्टर र दुई हेक्टरको आधारमा जमीनको हदबन्दी कायम गरिएको भए हाम्रो देशमा भएका १० लाख भूमिहीन किसानहरूलाई राम्रैसँग स्थापित गर्नेगरी जमीन उब्रन्थ्यो ।'

हदबन्दीबाट उब्रिएको जमीन भूमिहीनहरूलाई कुन प्रक्रियाबाट बाँड्ने भन्ने सवालमा पनि दुई तीनवटा मत आउने गरेका छन् । सत्ताधारीहरूले भूमिहीनहरूलाई उक्त जग्गा बेच्ने कुरा सोचेका देखिन्छन् भने एमाले जस्ता पार्टीहरूले राज्यले आफ्नो अवस्था हेरी सित्तैमा वा ब्याज नतिर्ने गरी र जग्गाको उब्जनीबाट तिर्ने गरी सरल किस्तामा दिनुपर्छ भनेका छन् । तर एकथरी वामपन्थी शक्तिहरू चाहिं राज्यले निशर्त विनामुआब्जा भूमिहीनहरूलाई जमीन बाँड्नुपर्ने तर्क गर्दछन् । लीलामणि पोखरेल भन्छन्- 'एक, राज्य व्यापारिक कम्पनी हुन सक्दैन र दुई, भूमिहीनसँग जग्गा किन्ने पैसा पनि हुँदैन । जमीन निःशुल्क वितरण हुनुपर्छ ।' तर जग्गा निकाल्ने कार्यक्रम नै फेल भएको अवस्थामा अर्थात् एक धुर पनि जग्गा ननिस्किएको अवस्थामा जग्गा के-कसरी बाँड्ने भन्ने कुरा त परैको भयो ।

केशव बडाल संयोजक रहनुभएको उच्चस्तरीय भूमिसुधार आयोगको प्रतिवेदनले हदबन्दी घटाउने, दोहोरो नियन्त्रण प्रणाली अन्त्य गर्ने, चक्लाबन्दी गर्ने, भू-उपयोग नीति लागू गर्ने, हदबन्दी निर्धारण गर्ने तथा कृषि सडक, कृषि सिंचाइ र कृषि उद्योगलाई कृषि श्रमिकको हकअधिकार रक्षा गर्ने पक्षमा एकीकृत बनाउने कुरामा जोड दिएको छ । हुन पनि भूमिसम्बन्धी समस्याहरू उल्लेखित एक अर्को बुँदासँग अन्योन्याश्रित रूपमा जोडिएका छन् । एउटा मात्रै पक्ष झिक्ने हो भने पनि गाडीको एउटा पांग्रो झिकेजस्तै हुनेछ ।

लीलामणि पोखरेल नेपालको भूमिसम्बन्धी समस्यालाई चार कोणबाट हेर्छन् । एक, भूमिको समानुपातिक वितरण भएको छैन, अर्थात् यहाँका बहुसंख्यक श्रमजीवी जनतासँग खास जमीन छैन, धेरै भूमिको स्वामित्व केही सामन्तहरूको हातमा छ । दुई, पहिलो बुँदाको समस्याकै कारण उत्पादकत्व कम छ, तेस्रो, ठीक ढङ्गले भूउपयोग भएको छैन र चौथो, कृषिजन्य आर्थिक व्यवस्थापनको कार्यक्रमै छैन ।

यी सबै समस्यालाई समेट्ने एकीकृत कार्यक्रम नआएकैले पाँचौं संशोधन फेल खाएको तर्क बडाल गर्छन् । बडाल भन्छन्, 'जमीनमा हदबन्दी घटाउने सवालमा मात्र देउवा सरकारको पालामा यसरी ऐन आयो, त्यो आफैंमा बेठीक थियो । त्यसरी एउटा मात्रै कार्यक्रम ल्याउने नै होइन । एउटा मात्रै विषय उठान गरियो भने त्यो समग्र परिवर्तनलाई असफल बनाउने योजना रहेछ भन्ने बुझ्नुपर्छ ।'

डेढ वर्षको अनुभवले सिद्ध गऱ्यो, आखिर भयो पनि त्यस्तै । ❑

फागुनदेखि वैशाखसम्मको समय हावाहूरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई, लाइटर, मट्टितेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराख्ने, केटाकेटीहरूलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरूबारे संझाईबुझाई गर्ने र यस्ता कुराहरूबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं ।

श्री ५ को सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

# 'शिरीषको फूल'को रामकहानी

■ डी. आर. पोखरेल

नेपालकै बहुचर्चित साहित्य स्रष्टा पारिजातको जेठो तर विवादित उपन्यास - 'शिरीषको फूल' पुनः चर्चामा आएको छ । यसलाई साझा प्रकाशनले तेस्रो संस्करणदेखि छाप्न थालेको देखिन्छ । तर साझाले छाप्न त छाप्यो, त्यस उपन्यासको पछिल्लो भाग (*एक पेज*) भने छुटाएको रहेछ । प्रत्येक पछिल्ला संस्करणहरूमा छुटाउँदै ल्याएको रहेछ । यो कुरा आजसम्म कसैको नजरमा परेन । भर्खरै हेटौंडा क्याम्पसका शिक्षक उदय अधिकारीले पत्तो लगाए । उनले साझालगायत केही सरोकारका ठाउँहरूमा सोध खोज पनि गरेछन् । तर हामीलाई त चितवनको कालिका एफ.एम.को साहित्यिक कार्यक्रमका संचालक सिर्जन अविरलले छुटेको भाग पढेर सुनाएपछि पो थाहा भयो ।

'शिरीषको फूल' त्रि.वि.वि.को पाठ्यक्रममा राखिएको छ । यता दशौं वर्षदेखि पाठ्यपुस्तकको रूपमा पढाइ हुने उपन्यासको उपसंहार भाग नै छैन र त्यतिकै पढ्ने, पढाउने र यसमाथि शोध गर्ने कामहरू भइरहे र भइरहेछन् । तर साझा प्रकाशनले यो भाग छुटाएता पनि निर्माण प्रकाशन, सिक्किमले भने छुटाएको रहेनछ । दुवै संस्करणहरू तुलना गरेर पढ्न पाइने अवसर प्राप्त छ । जरूरत छ, विद्यार्थी एवं पाठकहरूको चनाखोपनको । र, जरूरत छ- साझाले किन यस कुरामा ध्यान दिएन भनेर प्रश्न उठाउनु । तर प्रश्नहरू उठिसकेका छन् - कुनै एउटा प्रकाशन संस्थाको गल्ती वा हेलचेक्राइका कारणले उब्जेको गम्भीर समस्याको जिम्मेवार को ? पाठ्यपुस्तकमा भएका यावत कुराहरू जस्ताकोतस्तै पढ्न पाउने नैसर्गिक अधिकार विद्यार्थी वर्ग एवं पाठकको हुने कि नहुने ?! विद्यार्थी एवं शोधार्थीलाई आवश्यक सूचना सामग्री वा विषयवस्तुको वास्तविक ज्ञान र पहिचान गर्ने कार्यमा पुग्न गएको विघ्न बाधाको जिम्मेवारी कसले लिने ? प्रकाशक संस्थालाई स्वयं स्रष्टाले नै उसका पूर्व प्रकाशित कृतिका कुनै अंक छाप्न वा नछाप्न इजाजत दिए नै पनि प्रकाशकले उक्त कृतिको पूर्वरूप यो थियो भनेर सार्वजनिक जानकारीमा ल्याउने कि नल्याउने ? यसबाहेक स्रष्टाको बौद्धिक सम्पत्तिको अधिकारको परिभाषा कसरी र कसले गर्ने ? धेरै प्रश्नहरू उभिएका छन् । यसरी फेरि एकचोटि 'शिरिषको फूल' चर्चामा आएको छ ।

विगतमा पनि धेरैचोटि 'शिरीषको फूल' विभिन्न ढंगले धेरै धेरै चर्चामा आएको छ । यस उपन्यासलाई लिएर नेपाली एवं विदेशी साहित्यकारहरूका बीच दुईवटा प्रतिध्रुवहरू नै निर्माण भएका छन् । अरू त अरू स्वयं परिजात पनि यसलाई लिएर कहिले यो ध्रुव, कहिले अर्को ध्रुवमा बाँडिनु भएको छ । उहाँमा समेत अन्यौल छाएको देखिन्छ । आज यस लेखमा किन यस्तो भयो भन्ने विश्लेषण गरिँदैन, बरू विगतमा यस 'शिरीषको फूल'लाई लिएर के कस्ता चर्चाहरू, विवादहरू भए भन्ने रामकहानी यहाँ प्रस्तुत गरिन्छ ।

> साझाले छाप्न त छाप्यो, त्यस उपन्यासको पछिल्लो भाग (एक पेज) भने छुटाएको रहेछ । प्रत्येक पछिल्ला संस्करणहरूमा छुटाउँदै ल्याएको रहेछ ।




नेपाली साहित्य आकाशमा पारिजात र 'शिरीषको फूल' झण्डै पर्यायवाची शब्दहरू भैसकेका छन् भन्ने कुरा यहाँ दोहोऱ्याइ रहनु नपार्ला । कमसेकम 'पारिजात' नामको उच्चारणले अब दार्जीलिङ्गको चिया कमानमा वि.सं. १९९४ वैशाख महिनामा डा. कालुसिंह वाइबा र अमृता मोक्तानको तेस्रो सन्तानको रूपमा जन्मिएकी विष्णुकुमारी वाइबा वा छेकुडोल्मा भनेर मात्र चिनिदैन । बरू यसभन्दा बढी नै २०२२ सालको मदन पुरस्कार प्राप्त कृति- 'शिरीषको फूल' की रचयीता भनेर नै चिनिने गरिएको पाइन्छ । यसको अर्थ हो- यस कृतिले पारिजातलाई चर्चाको शिखरमा पुऱ्यायो । यस कृतिका भूमिकाकार शंकर लामिछानेले त यस कृतिले नेपाली साहित्यलाई विश्व साहित्यको उपन्यासको क्यालेण्डरमा सन् १९६६ (वि.सं. २०२३) मै पुऱ्यायो भन्ने उद्घोष गरेका थिए । वास्तवमा उनको भविष्यवाणी साकार पनि भैरहेछ । किनभने यस उपन्यासलाई सन् १९९२ मा अमेरिकाको मेरीलैण्ड विश्वविद्यालयले आफ्नो पाठ्यक्रममा राख्यो- अंग्रेजी अनुवाद "Blue Mimosa" को रूपमा । यसपछि पनि यसको अन्य भाषाहरू इटालियन, फ्रेन्च आदि भाषाहरूमा निरन्तर अनुवाद भैरहेका छन् । यसअघि नै स्वयं पारिजातलाई नै थाहा पत्तो नदिई त्रि.वि.वि.ले आफ्नो पाठ्यक्रममा यो उपन्यास राखिसकेको थियो । साझा प्रकाशनले २०३८ साल (तेस्रो संस्करण)देखि छापेको छाप्यै छ । प्रत्येक संस्करण दुई हजार, तीन हजारप्रति छापिएको देखिन्छ । कमसेकम अहिलेसम्म साझाले दशचोटि छापिसकेको छ र नेपालका धेरै बिक्री हुने पुस्तकहरूमध्ये यो एक प्रमुख कृति बनेको छ । मेरो विचारमा यो लेखकका निम्ति ठूलो सौभाग्य हो । पाठकले दिएको महानतम् सम्मान हो । यतिमात्र होइन, पारिजातका लागि त 'शिरीषको फूल' 'कमाउ पुत्र' नै हो । र, नेपालका लागि एउटा गौरवमय सांस्कृतिक सम्पदा हो ।

तर नेपालका विद्वान समीक्षकहरू, स्रष्टाहरू, विचारकहरू यसलाई लिएर खेमावद्ध छन् । एकथरिले यसलाई कामै नलाग्ने कृति ठान्दछन् भने अर्कोथरिले यसलाई अपूर्व कृति मान्दछन् । शंकर लामिछानेलगायतका व्यक्तित्वहरू यस कृतिलाई विश्व-साहित्य समकक्षको महान कृति मान्दछन् भने गोविन्द भट्ट, निनु चापागाईं, खगेन्द्र संग्रौला, डा. ऋषिराज बराल, मुरारी अर्यालहरू यसलाई झण्डै 'कागजको फूल' नै ठान्दछन् । स्वयं पारिजात यिनीहरूको लहैलहैमा यस कृतिलाई 'च्यातिदिए हुन्छ' भन्नुहुन्छ । (नौलो नेपाली- २०३०), यसलाई म आफैँले जनविरोधी उपन्यास भनेर घोषणा गरिसकेकी छु (-पारिजात, अन्तर्वार्ता, 'छाल', दार्जिलिङ्ग, सन् १९८४) भन्नुहुन्छ । फेरि अर्को ठाउँमा उहाँ भन्नुहुन्छ- "मेरा पहिलेका ती कृतिहरूमा भएका सकारात्मक पक्षहरूलाई पनि नकारात्मक किसिमले हेरिदिए समीक्षकहरूले । मेरो कृतिको राम्रो मूल्यांकन गर्ने समीक्षक डी. आर. पोखरेललाई मैले पाएको छु ।" ('जनसंवाद' २०४३, मंसिर ५) पनि उहाँ भन्नुहुन्छ । यसको अर्थ हो, पारिजात यस उपन्यासलाई लिएर अन्यौलमा हुनुहुन्छ । किनभने डी. आर. पोखरेलले 'पारिजातको राम्रो मूल्यांकन' केही गरेको छैन । यति हो- पारिजातको 'शिरीषको फूल'लाई नकारात्मक रूपले मात्र हेर्ने नकारात्मक दृष्टिकोणले पारिजातलाई साच्चि नै मद्दत पुऱ्याउँदैन, र स्रष्टाहरूलाई देशकाल परिस्थिति निरपेक्ष रहेर आफ्ना आग्रहहरूद्वारा

मूल्यांकन गर्ने पद्धति सही पद्धति होइन भनेर ।' ('उत्साह' पूर्णाङ्क २३, २०४३ मा छापिएको एक लेखमा) भनिएको मात्र हो । तर त्यस लेखलाई पनि सम्पादन मण्डलले प्रकाशन त गऱ्यो, तर नभएको टिप्पणी गरेर । त्यस लेखको पुछारमा छापिएको सम्पादकीय टिप्पणीमा 'डी.आर.पोखरेलले 'शिरीषको फूल'लाई 'यथार्थवादी रचना'भन्यो भनिएको छ ।

उक्त लेखमा कहीं पनि त्यसो भनिएको थिएन । यस्तो छ- 'शिरीषको फूल'लाई हेर्ने साहित्यकार, पत्रकार, बुद्धिजीवीहरूको दृष्टिकोण । अर्थात् दृष्टिकोण पूर्वाग्रहपूर्ण छ । यस लेखलाई लिएर धेरै समीक्षकहरूले मेरो 'बालका खाल' उखेल्ने प्रयत्न पनि गरे । निनुले यसलाई प्रगतिवादी चिन्तनबाट विचलन भएको लेखका रूपमा आलोचना गर्नुभयो । खगेन्द्रले प्रगतिवादमा विचलन आएको उद्घोष गर्नुभयो । अन्य समीक्षकहरूले 'शून्यवादमा प्रगतिवाद खोजेको' आरोप लगाए । तर पारिजातले भने यस लेखलाई आफ्नो राम्रो मूल्यांकन गरिएको लेखको रूपमा ग्रहण गर्नुभयो । 'शिरीषको फूल' बारेको डी.आर.को यस मान्यतासित मिल्दो मान्यता वामपन्थी नेता निर्मल लामाले पनि प्रस्तुत गर्नुभएको थियो । उहाँको भनाइमा 'शिरीषको फूल' 'अनिदो पहाडसँगै'को प्रसव वेदना थियो । त्यस्तैगरी, वरिष्ठ वामनेता मोहनविक्रम सिंह पनि 'शिरीषको फूल'लाई पारिजातको स्वभाविक अभिव्यक्ति ठान्नुहुन्छ । उहाँ भन्नुहुन्छ- "मेरो आफ्नो अध्ययन के छ भने... वास्तवमा उहाँका नयाँ रचनाहरू अर्थात् प्रगतिशील र वामपन्थी विचारहरूलाई आधार बनाएर लेखिएका रचना त्यति सफल हुन सकेनन्- कला र विचार दुवैका दृष्टिले तिनीहरूले 'शिरिषको फूल'लाई छुन सकेनन् ।" (मोहनविक्रम सिंह, पारिजात स्मृति ग्रन्थ- २०५१, पृष्ठ १६६) । मोहनविक्रम, निर्मल लामामात्रै नभई पत्रकार शक्तिलम्साल पनि 'शिरीषको फूल'लाई स्वाभाविक कृति मान्नुहुन्छ । (पारिजातसितको अन्तरवार्ता, भानु- २०२३) ।

तर प्रगतिवादी वरिष्ठ समीक्षक गोविन्द भट्ट भने यस कृतिलाई 'कागजको फूल' भन्न रूचाउनुहुन्छ । भट्टजीको यसै मान्यतालाई अघि बढाउँदै निनु, खगेन्द्र, डा. ऋषिराज बरालहरू पारिजातले 'शिरीषको फूल' लेखेर जनविरोधी काम गरेको निष्कर्ष निकाल्नुहुन्छ । समीक्षकहरूको यस निष्कर्षलाई पारिजात मान्न तयार देखिनुहुन्न । गोविन्द भट्टका आलोचनाप्रति लक्ष गर्दै पारिजात भन्नुहुन्छ- "उपन्यासलाई उहाँले एक पक्षीय दृष्टिकोणले मात्र हेर्ने चेष्टा गर्नुभयो ।... जुनसुकै प्रगतिशील साहित्यलाई पनि मार्क्सवादी चश्माले मात्र हेरिदिने गर्नुहुन्न । (पारिजात, 'भानु'सितको अन्तरवार्ता २०२३, वर्ष ३) नेपालका अर्का वरिष्ठ समीक्षक वासुदेव त्रिपाठी भने 'शिरीषको फूल'लाई उच्च मूल्यांकन गर्नुहुन्छ- "वास्तवमा 'शिरीषको फूल' औपचारिक कलाका कसीमा रूपनारायण सिंहको 'भ्रमर' उपन्यासपछि नेपाली भाषामा सिर्जिन पुगेको कलात्मक उत्कृष्ट गुणस्तरको अर्को उपन्यास हो ।" (पारिजात स्मृतिग्रन्थ- २०५१, पृष्ठ १९९)

यसरी यस उपन्यासलाई हेर्ने, विचार गर्ने क्रममा दुईथरि अलगअलग वैचारिक सांस्कृतिक ध्रुवहरू खडा भएका छन् । शिरिषको फूललाई जनविरोधी उपन्यास वा 'कागजको फूल' ठान्ने सोच होस् वा विश्व-साहित्यको समकक्षी उत्कृष्ट कृति मान्ने सोच होस्, दुवै अतिवादी सोच हुन् । यी दुवै सोचहरूभन्दा भिन्न, यस उपन्यासलाई अग्रगामी उपन्यासहरूको प्रसव वेदना ठान्ने सोच नै वास्तविक रूपको सन्तुलित र सही सोच हो । आलोचनाको नाममा नकारात्मक दृष्टिले मात्र हेरिने दृष्टिकोण र श्रद्धाका नाममा अनावश्यक पगरी गुथाएर स्रष्टालाई उचाल्ने दृष्टिकोण, दुवै गलत दृष्टिकोणहरू हुन् । स्रष्टाहरूलाई मूल्याङ्कन गरिंदा देश काल परिस्थितिको सापेक्षतामा रहेर स्रष्टालाई वास्तविक रूपमा उठाउन सँच्चिनै मौका प्रदान गर्ने खालका सकारात्मक र सिर्जनात्मक ढंगका मूल्यांकनहरू नै वास्तविक मूल्यांकन हुन् । आ-आफ्नो डम्फू बजाउने खालका पूर्वाग्रहयुक्त र देशकाल निरपेक्ष मनोगत मूल्यांकनहरू त साहित्यिक विकासका लागि दुर्भाग्यहरू हुन् । यी केवल कुनै कृति विशेषका रामकहानी भएरमात्र रहनेछन् । अरू कुनै उपादेयता यिनको हुने छैन । ❑


एक्काइसौं शताब्दीको राजतन्त्र प्रजातन्त्रका लागि, प्रजातन्त्र राष्ट्रको विकासको लागि र राजतन्त्र तथा प्रजातन्त्र नेपालको सुनौलो भविष्यको लागि भन्ने नै हाम्रो निर्दिष्ठ लक्ष्य हुनुपर्छ ।

- श्री ५ ज्ञानेन्द्र

राष्ट्रले परिलक्षित गरेको विकासका अवधारणालाई अघि बढाउन हरतरहले प्रयत्नशील रहन नेपाल राष्ट्र बैंक आफ्नो

**४८ औं वर्ष प्रवेशको**

सुखद् अवसरमा प्रण गर्दछ ।

नेपाल राष्ट्र बैंक

परिवार



# मकालु यातायात

फोन नं. २७७५५२

| जाने स्थान | छुट्ने समय |
|---|---|
| काठमाण्डौ - काकडभिट्टा- | बिहान ५:०० बजे |
| काठमाण्डौ - भद्रपुर- | बिहान ५:१० बजे |
| काठमाण्डौ - उर्लाबारी-मधुमल्ला- | बिहान ५:२० बजे |
| काठमाण्डौ - विराटनगर- | बिहान ५:४५ बजे |
| काठमाण्डौ - राजविराज- | बिहान ६:०० बजे |
| काठमाण्डौ - सिरहा-माडर- | बिहान ६:१५ बजे |
| काठमाण्डौ - मलंगवा- | बिहान ६:३० बजे |
| काठमाण्डौ - विराटनगर दोस्रो- | बिहान ६:४५ बजे |
| काठमाण्डौ - धरान- | बिहान ७:०० बजे |
| काठमाण्डौ - जनकपुर- | बिहान ७:२० बजे |
| काठमाण्डौ - गौर- | बिहान ७:४० बजे |
| काठमाण्डौ - बिरगंज- | बिहान ७:०५ ८:००, १०:००, १०:१५, ११:०० र १२:१५ बजे |
| काठमाण्डौ - कलैया- | बिहान ८:०० र १०:१५ बजे |
| काठमाण्डौ - बरहथवा- | बिहान ८:३० बजे |
| काठमाण्डौ - भरतपुर- | बिहान ८:३०, ९:१५ र ११:४५ बजे |
| काठमाण्डौ - गितानगर- | दिउँसा १:३० बजे |
| काठमाण्डौ - पर्साढाप-मेघौली- | दिउँसो १:५५ बजे |
| काठमाण्डौ - नारायणगढ-विशालचोक- | दिउँसो २:२० बजे |
| काठमाण्डौ - बिरगंज रात्री- | बेलुका ८:१५ बजे |

आरामदायी तथा भरपर्दो सेवाको लागि मकालु यातायातलाई सम्झनुहोस् !

# 'अनुवाद गर्नुको पछि एउटा निहित उद्देश्य छ'

पारिजात स्मृति दिवसको उपलक्ष्यमा गत वैशाख २७ गते शनिबार काठमाण्डौमा पारिजात स्मृति केन्द्रले आयोजना गरेको पुरस्कार वितरण कार्यक्रममा लीलानन्द उपाध्याय उपस्थित भएका थिए । भारतको असम राज्यको राज्य भाषा असमियामा आफूले अनुवाद गरी हालै प्रकाशित गरेको पारिजातको 'शिरीषको फूल' (कृष्ण चुहार फूल) पुस्तकलाई उनले सो कार्यक्रममा प्रदर्शन गरी त्यसबारे छोटो मन्तव्य पनि दिएका थिए । एउटा कविता संग्रह प्रकाशित र एउटा प्रकाशोन्मुख रहेका कवि लीलानन्द उपाध्याय (दरङ्गे) हाल केही समयका लागि काठमाण्डौमा आएका छन् । उनीसँग हामीले छोटो कुराकानी गरेका थियौं । प्रस्तुत छ : उक्त कुराकानीको सार । - मूल्यांकन)



○ लीलानन्द उपाध्याय (दरङ्गे)



# 'शिरीषको फूल' असमिया भाषामा

■ 'शिरीषको फूल'लाई तपाईले कहिले, कसरी अनुदित र प्रकाशित गर्नु भएको हो ?

- यसको अनुवाद प्रक्रियाको शुभारम्भ ०५८ सालको प्रारम्भदेखि नै भएको हो । तर सग्लो कृतिको रुपमा चैत २३ गते, ०५९ को दिनमात्र यसलाई लोकापर्ण गरिएको हो । प्रकाशकको अभिभारा भने गाउँले भाइबहिनीहरुले देउसी, भैलो र होली खेली स्थापना गरेको 'मिलन ज्योति संघ एवं पुस्तकालय'ले लिएको छ ।

■ अनुवाद गर्न किन 'शिरीषको फूल' नै छान्नु भयो ?

- अनुवाद गर्नुको पछि एउटा निहित उद्देश्य छ । समयान्तरमा मैले भनी आएझैं जब समाज एउटा बहुभाषिक वर्गको जमात हुन्छ, तब एक वर्ग या जातिले जमातभित्रका अन्यहरुको साहित्य, संस्कृतिको ज्ञान लिनु र दिनुले एकअर्का बीचमा सहृदयता बढाउँछ र समाज पुनर्स्थापनाको लागि यसले निक्कै टेवा पुऱ्याउँछ । उत्तर पूर्वाञ्चल भारत तथा असाममा भाषिक रुपमा सशक्त असमीया, बङ्गाली, बडो र हिन्दीभाषीहरु प्रशस्त मात्रामा छन् र त्यहाँ एकअर्काको सामाजिक र साहित्यिक स्तर जान्नु र आदान-प्रदान गर्नु प्रयोजनीय भै देखापर्छ । यसपश्चात् असमीया माध्यमबाटै शिक्षित नेपाली नवीन कर्णाधारहरुलाई नेपाली भाषा साहित्यको विकासधारा र मिठास चखाउनु पनि यसको दोस्रो उद्देश्य हो ।

'शिरीषको फूल' छान्नुपछिका तर्कहरु पनि धेरै छन् । काल र स्तरियताको दृष्टिले जेठाहरु भानुभक्तीय 'रामायण' र देवकोटाकृत 'मुनामदन' असमका घरदैलोमा खेल्न थालेपछि दिदी पारिजातको पालो आएझैं मैले महशूस गरेको थिएँ । दिदीका समस्त रचनाहरु पढिसकेर एक टक आँखा चिम्म गरी सबैलाई दाँजेर हेर्दा दुईवटा नाम सल्बलाइरहेका थिए । 'शिरीषको फूल' अनि 'पर्खालभित्र र बाहिर' । मलाई कुनै बादपन्था प्रतिस्थापन गर्नु बाध्यता थिएन, अनि सर्वोत्कृष्टलाई नै चयन गर्नुपर्ने हुनाले भाषिक स्तरियता, उपस्थापनाको मौलिकता र घटना प्रवाहको चुम्बकीय आकर्षणले गर्दा नै 'शिरीषको फूल' भाग्यवान भै देखापऱ्यो । साथै अञ्चल विशेषको सांस्कृतिक, राजनैतिक र भौगोलिक छापहरुले पूर्ण उपन्यास भिन्न अञ्चलका अर्कै परिवेशमा हुर्किएकाहरुलाई आत्मसात गर्न धेरै अप्ठ्यारो परेको देखिन्छ, जब कि मनोविश्लेषणात्मक उपन्यास सबै भाषा र परिवेशमा चटक्क मिल्न पुग्छ ।

■ यो अनुवादका विशेषता भनेर तपाई के कुरालाई मान्नुहुन्छ ?

- यो अनुवादका उल्लेखनीय कुराहरु थुप्रै छन् । प्रथमत: 'शिरीषको फूल' आफैंमा उत्कृष्ट छँदैछ । असफल प्रेमको माध्यमबाट जीवन र जगतको निस्सारताको बोध गराउन पारिजात दिदीले गर्नुभएको विम्ब प्रयोग अचम्मको छ । सायद असमीया पाठक वर्गमा यो नौलो स्वाद हुन्छ । दोस्रो पक्ष के हो भने, दिदीले लेखेका प्रत्येक शब्द, विम्ब र वाक्यशैलीलाई दुरुस्त असमीया भाषामा अनुवाद गर्ने मेरो अथक परिश्रम, जसबाट नेपाली गद्य लेखन शैली असमीया भाषामा भित्र्याउनु हो ।


■ किताबको प्रसंगभन्दा अलिकति बाहिर जाऔं । अहिले असममा नेपाली साहित्यको स्थिति कस्तो छ ?

- असमेली नेपाली साहित्यमा अहिलेको हालमा सुधार भएको छ र पनि विस्तृत अञ्चलमा अल्पसंख्यक भै बसोबास गर्नुपर्ने बाध्यताले प्रचार र प्रसारमा कठिनाई आईपर्छ । साहित्य एकेडेमी नयाँ दिल्लीले 'मौलिक' र 'अनुदित' दुवैथरि कृतिलाई प्रोत्साहन दिने भएकोले थुप्रै नयाँ लेखकहरुका नयाँ सृजनाहरु प्रकाशमा आउने तरखरमा छन् । नेपाली साहित्य परिषद्, असम, नेपाली साहित्य सभा, नेपाली कला निकेतन, नवध्वनि संगठनहरुले यस पुनित कार्यमा अंग्रजको भूमिका निर्वाह गर्दैछन् । असीमीया र अंग्रेजी माध्यममा पढ्न पर्ने बाध्यताले नेपाली भाषाको विकास सीमित भए पनि नेपाली जनता भने आ-आफ्नै यथेष्ट सजग नै छन् मेरो दृष्टिमा । ❑



उल्लेख्य




निर्मल लामाका केही रचनाहरू
विधा : संकलित रचना
सम्पादन : निनु चापागाई
प्रकाशक : क. निर्मल लामा संकलित रचना तथा स्मारिका प्रकाशन समिति
पृष्ठ : ५१३+१०
मूल्य : रु. १८०/-
विशेष संस्करण : ५००/-




स्खलन
विधा : उपन्यास
लेखक : आहुति
प्रकाशक : विवेक सिर्जनशील प्रकाशन प्रा.लि.
पृष्ठ : ७०
मूल्य : रु. ३५/-




आजादको हत्या अघोषित मृत्युदण्ड
विधा : खोज
लेखक : लेखनाथ भण्डारी
प्रकाशक : वैकल्पिक समूह (वैकल्पिक सूचना प्रेषण तथा अध्ययन समूह)
पृष्ठ : ८२+१४
मूल्य : रु. १००/-



# सल्लाहकार नं २

- सुरेश ढकाल

**सधैंझैं** यस वर्ष पनि बजेट भाषण गर्ने समय आयो । देशको खस्कँदो अर्थव्यवस्था र बिग्रदो राजनैतिक अवस्थाका कारण मानिसहरूमा पहिले पहिलेजस्तो बजेटप्रति चासो नै थिएन । कर्मचारीहरू तलब बढ्ने कुरामा आशै छैन भन्दै थिए । अब बजारभाउ कति बढ्ने हो भनेर सामान्य जनता सशंकित थिए ।

उता अर्थमन्त्रालयको समेत कार्यभार सम्हालिरहेका प्रधानमन्त्रीजी चाहिँ अलमल्लमा थिए- 'कसरी बजेट तयार गर्ने हो ?' उनी न नयाँ अर्थमन्त्री नियुक्त गर्ने हैसियत राख्दथे, न त यसपालीको बजेट भाषण तयार पार्ने सामर्थ्य नै राख्दथे । उनको एउटै आश भनेको उनका सल्लाहकार थिए- सल्लाहकार नम्बर १ । सल्लाहकार अमेरिकाको राम्रै विश्वविद्यालयबाट अर्थशास्त्रमा पि.एच.डि. गरेर फर्केका फूर्तिला मानिस थिए । उनी प्रधानमन्त्रीजीका लगौंटिया यार पनि हुन् रे । तर प्रधानमन्त्रीजीको विचारमा उनको सल्लाहकार राजनीति कम बुझ्दथे । र, बेला बेलामा उनलाई त्यो जनाऊ पनि दिएर भन्थे : 'राजनीतिक समझ बढाउ यार, तिम्रो ज्ञानमात्र पर्याप्त छैन यो देशमा ।'

प्रधानमन्त्रीले एक दिन तिनै सल्लाहकारलाई डाकेर निर्देशन दिए : 'विशेष परिस्थितिले गर्दा यस पटकको बजेट भाषण तिमीले नै तयार पार्नुपर्‍यो' ।' उनले बजेटमा के के कुरा समावेश हुनुपर्दछ भन्नेसमेत निर्देशन दिए ।

निर्धारित मितिभन्दा केही दिन पहिले आएर सल्लाहकारले भने : 'प्रधानमन्त्रीज्यू, हजूरले भनेजस्तो गरी बजेट भाषण तयार गर्न त के सबै तथ्यांक बटुल्नमात्र पनि तीन महिनाको समय चाहिन्छ ।' उनी भन्दै गए, 'सरकारी कार्यालयहरूमा तथ्यांकहरूको व्यवस्थापन नै छैन ।'

प्रधानमन्त्री फेरि एकपटक अलमल्ल परे । उपाय केही जचेन र उनले सल्लाहकार नम्बर २ लाई गुहारे । उनको विचारमा सल्लाहकार नम्बर २ अर्थशास्त्रभन्दा राजनीति बढी बुझ्दथे ।

सबै कुरा सुनाएपछि सल्लाहकार नम्बर २ ले प्रधानमन्त्रीलाई आश्वस्त पारे र जुँगा मुसार्दै फाईल बोकेर प्रम कार्यालयबाट बाहिरिए । प्रधानमन्त्रीजीले लामो सास फेरे, मानौं उनले ठूलो भारी भर्खरै बिसाएका छन् ।

सल्लाहकार नं २ ले समयमै तथ्य तथ्यांकसहितको आकर्षक बजेट भाषण तयार पारेर बुझाए । प्रधानमन्त्रीजीले प्रशन्न मुद्रामा सल्लाहकार नं २ लाई धन्यवाद दिए । ऊ फिसिक्क हाँस्यो, अनि फेरि जुँगा मुसार्दै बाहिरियो ।

बजेट भाषणको दिन जब प्रधानमन्त्रीजीले बजेट भाषण पढिसके, रेडियो, टिभीबाट ठूला ठूला अर्थशास्त्री, विद्वान र व्यापारीहरूले समेत बजेटको प्रशंसा गरे । भोलिपल्ट पत्र-पत्रिकाले पनि प्रशंसामा लेखे, 'अहिलेको अवस्थामा योभन्दा राम्रो बजेट आउनै सक्दैनथ्यो, प्रधानमन्त्री-कम-अर्थमन्त्रीजीको भिजनलाई मान्नैपर्छ' आदि आदि । केही अर्थशास्त्रीहरूले बजेटको आलोचना त गरे, तर तिनलाई 'प्रतिपक्षी हुन् सधैं यसै गर्छन्, तिनीहरूको काम नै विरोध गर्नु हो' भनेर भनियो ।

तर यो बजेटबाट सर्वाधिक चकित हुने व्यक्ति भने सल्लाहकार नं १ नै थिए । उनले सल्लाहकार नं २ को उपस्थितिमा प्रधानमन्त्रीसमक्ष आफनो जिज्ञासा व्यक्त गरे : 'प्रधानमन्त्रीज्यू, यो सब कसरी ?' तब प्रधानमन्त्रीजीभन्दा पहिले नै सल्लाहकार नं २ ले मुख खोले : 'जब तपाईले भन्नुभयो- सही तथ्याकं बटुल्नमात्र तीन महिना लाग्छ भनेर, तब कुनै तथ्यांक गलत छ भनेर प्रमाणित गर्न पनि त तीन महिना नै लाग्छ नि ! हैन र ? र, तीन महिनासम्म यो मुलुकको स्थिति के हुन्छ कसलाई के थाहा ?'

सल्लाहकार नं २ को कुरा सुनेर सल्लाहकार नं १ तीन छक्क परे । प्रधानमन्त्रीजी आफ्नो पोक्चे गाला सुमसुम्याउदैं मुसुमुसु हाँसिरहे ।


❑ ❑

तीन महिनापछि मुलुकको स्थिति बेग्लै बनेको छ । उता सल्लाहकार नं २ भने बेग्लै परिस्थितिमा बेग्लै सरकारको बेग्लै प्रधानमन्त्रीको पनि सल्लाहकार बनेकै छन्, तर यस पटक भने सल्लाहकार नं १ को रूपमा पहिलेका सल्लाहकार नं १ फेरि पनि एकपटक चकित भए, र मनमनै भने : 'बल्ल बुझैं देशको राजनीति !'

❑

> 'जब तपाईले भन्नुभयो- सही तथ्याकं बटुल्नमात्र तीन महिना लाग्छ भनेर, तब कुनै तथ्यांक गलत छ भनेर प्रमाणित गर्न पनि त तीन महिना नै लाग्छ नि, हैन र ?





# श्रीमान बुश


नारायण ढकाल

**मेरो** आँगनमा
अहिले आइपुगेको छ
इतिहासको
एउटा जल्लाद
हातमा विषाक्त भाला बोकेर
आँखा तर्दैछ मतिर
र म हेरिरहेको छु
त्यसको कुरुप
ज्ञानेन्द्रिय

मेरोविरुद्ध
उसले शस्त्र उठाएको छ
तर म शस्त्रहीन छु
मसित शक्तिको नाउँमा
कविताका केही पङ्तिहरु मात्र छन्

सायद ऊ मेरो विनाश चाहन्छ
र त्यसको जगमा उठाउन चाहन्छ
आफ्नो कालो सभ्यताको इतिहास
तर म प्रतिबद्ध छु
उसको विरुद्ध
आफ्नो कवितामा ❑

*(जनआन्दोलन दिवस २०४९, काठमाण्डौं)*



# उसबेलाको नेपाल : क्या गजवको नेपाल

● स्वीकार श्रान्त

**सामान्यतया बिदेशीहरू काठमाण्डौ उपत्यकाको चारभञ्ज्याङ्गबाट बाहिर जान नपाउने बेलामा पूरै नेपाल घुमेका टोनीले पछिल्लो पुस्ताका लागि अझै महत्वपूर्ण हुने ठानेर त्यस बखतको नेपालको छायाकंन गर्ने अठोट गरेछन्**

"**केदारजी** धेरै राम्रो काम गर्नु भए छ, धेरै गुन लगाउनु भयो हामीलाई, धन्यबाद है", यही बैशाख १२ गते काठमाडौंमा प्रदर्शित टोनी हागनले तयार पार्नु भैएको 'उसबेलाको नेपाल' नामक बृत्त चित्र हेरेपछिको मेरो प्रतिक्रियामा पत्रकार केदार शर्मा उत्साहित हुंदै भन्दै थिए : "बास्तवमा यो कनकजीको परिकल्पना थियो, चारबर्ष अघि टोनी हागन काठमाडौंमा उनको पुस्तक 'उसबेलाको नेपाल' सार्वजनिक गर्ने क्रममा उक्त आवाजबिहीन बृत्तचित्र आफैंलै अर्थ्याउंदै देखाउंदै थिए । कनकजीले त्यो रेकर्ड गर्ने सोच दिनु भयो, मैले पनि भर्खर जापानबाट क्यामरा ल्याएको थिएँ । खिचियो । तर यस्तो गतिलो काम गरिदैं छ जस्तो लागेको थिएन, साँच्चै राम्रो गरिएछ भन्ने अहिले महसूस हुंदैछ ।

टोनी हागनले नेपालका लागि साच्चै राम्रो काम गरेका रहेछन् । यही बैशाख ६ गते उनले माया गर्ने गरेको धर्ती छोडेर बिदा भए । खोज पत्रकार एवं कुशल बृत्तचित्र निर्माता मोहन मैनाली भन्दै थिए- "टोनी हागन धेरैका लागि बेग्ला बेग्लै ब्यक्तित्व थिए, तर हाम्रा लागि त एक कुशल बृत्तचित्र निर्माता पनि थिए ।" यसो भन्दै गर्दा उनी गर्वित थिए, नेपालको बृत्तचित्रको इतिहास उनै नेपाल-मीत्र टोनी हागनसँग गाँस्न पाउंदा ।

हागनले संग्रह गरेको उसबेलाको नेपाल सांच्चै सुन्दर रहेछ । उसबेला अर्थात् आजभन्दा करिब ५० बर्षअघि भूगर्भविद् टोनी हागनले नेपालको पूर्वदेखि पश्चिम र उत्तरदेखि दक्षिण चिरा चिरा पारेर घुमेछन् । करिव एक दशकमा १४ हजार किलोमिटर नेपाली भूमिमा पैदल यात्रा गरेछन् टोनीले । यही यात्राका क्रममा बिभिन्न समयमा भिन्न भिन्न भूखण्डमा खिचिएको चलचित्रहरूको क्रम मिलेको र कतै क्रम टुटेको ४७ मिनेट लामो बृत्तचित्र हो : 'उसबेलाको नेपाल' ।

धरान र पोखरामा बृत्तचित्र महोत्सवको समयमा र काठमाडौंमा समाज बिज्ञानका ज्ञाताहरूको जमघटमा, अनि नेपाल टेलिभिजनको *आँखिभ्याल* कार्यक्रममा उक्त बृत्तचित्र हेर्न पाएकाहरूमध्ये मुग्ध नहुने शायद नै कोही थिए वा हुन्छन् होलान् ।

नेपालको भौगर्भिक अध्ययन अनुसन्धान गर्ने बिदेशीहरूमा टोनी नै पहिलो चाहिं होइनन्, तर नेपाललाई माया गर्ने र अन्ततः नेपालको सही मित्र भने टोनी मात्र साबित हुन पुगे । बृत्तचित्रमा उनले स्पष्ट सकारेका छन् : "म हिमालबाट जस्तै यहाँका मानिसहरूबाट पनि निक्कै नै प्रभावित भएँ ।" मानिसहरूको सरल स्वभाव र कडा परिश्रमबाट प्रभावित टोनी त चट्टान र हिमालहरूभन्दा पनि यहाँका मानिस, कठीन जीवन र तिनको संस्कृतिसँग पो बढी रमाउन थालेछन् । उक्त बृत्तचित्रका थुप्रै दृष्यहरूबाट यो तथ्यको भेउ पाउन सकिन्छ ।

पोखरामा खिचिएको तिब्बतीहरूको नाँच, पूर्वको लिम्बूगाउँको च्याब्रु नाच, सुकेका लौका र कुभिण्डाबाट बनाइएको डुङ्गा र तिनकै माला बनाएर कम्मर वरिपरि बाँधेर नदी तर्ने काइदा वा जगंलकै लहरा र हागांहरूबाट अस्थाई झोलुगें पुल बनाएर तर्दा देखाइएको स्थानीय शीप र प्रविधि बिछट्टै राम्रा छन् । अक्करको बाटो र बर्खाका बेलामा ज्यान जोखिममा पारेर भेल आएको नदी तर्नुपर्ने बाध्यताको दृष्यपछि उनी भन्छन्- "धेरै ठाउँका मानिसले मेरासामु झोलुगें पुल भए जीवन धेरै सजिलो हुने बताए, सन् १९६० पछि झोलुगें पुलको प्रविधि भित्रिएपछि त मानिसको जीवन निक्कै सरल भयो ।"

सामान्यतया बिदेशीहरू नेपालभित्र काठमाण्डौ उपत्यकाको चारभञ्ज्याङ्गबाट बाहिर जान नपाउने बेलामा पूरै नेपाल घुमेका टोनीले त्यस बखतको नेपालको केवल आफूले मात्र आनन्द लिएनन्, बरू उनले पछिल्लो पुस्ताका लागि अझै महत्वपूर्ण हुने ठानेर छायाकंन गर्ने अठोट गरेछन् । गुराँस फुलेर राताम्मे अन्नपूर्ण क्षेत्रको सुन्दरता खिच्न मात्र तीनपटक त्यस क्षेत्रको भ्रमण गरेछन् । धौलागिरिको भव्य सुन्दरता, कान्जीरोवाको मन हर्ने दृष्यहरू, डोल्पो क्षेत्रको प्रवेशद्वारमा रहेको र उनले सन् १९५२ मा क्यामरामा कैदगरेका 'रिम्वो' (फोक्सुण्डो ताल)को दृष्य, जुन *क्याराभान* चलचित्रमा खिचिएको जस्तै वा त्योभन्दा पनि भव्य देखिन्छ ।

उनी सचेत रूपले बृत्तचित्र निर्माणमा पनि लागिपरेका रहेछन् । भरिया पहराबाट लडेर टाउकोमा चोटलाग्दा भरियाका दौंतरीहरूले त्रिखुट्टीमा कुखुरोलाई उधोमुण्टो पारेर बली चढाएर झारफूक गर्दै उपचार गरेका तर टोनीले चाहिँ कोरामीन र पेनिसिलीनको सूई दिएका रहेछन् । पछि भरिया ठीक भएपछि सूईले कि झारफूकले निको भएको भनी पछिसम्म बिबाद भैरहेको, त्यस्तै अर्को एक भरियाको पिप जमेको खुट्टाको औंला फोरेर पीपको लत्को निकालेको र उपचार गरेको दृश्य पनि उल्लेखनीय छ । पछि सयुक्त राष्ट्रसंघीय कार्यक्रमका मानिसहरूलाई त्यो दृश्य देखाएको अनि उनीहरूसँगको उनको बिबादलाई जसरी बुनेका छन् टोनीले, ती सबबाट उक्त तथ्यको अनुमान लगाउन सकिन्छ ।

मुगुमा संचार उपकरणसहितको भारतीय सेनाको चेकपोष्ट रहेको तथ्य र टोनी मुगुमा बेस्कन बिरामी परेर आपत् पर्दा काठमाडौं खवर गरिदिन असहयोग गरेको प्रसंग त्यस बेलाको नेपाली भू-भागमा र निश्चय पनि राजनीतिमा भारतीयहरूको हालीमुहालीलाई झल्काउने राम्रो उदाहरण हो । त्यतिबेलाको भारतीय ब्यवहार देख्नेले आज पनि नेपाली राजनीतिमा हुने भारतीय दलालहरूको उपस्थितिलाई घृणा गर्नु शायद स्वभाविक नै हो ।

यात्रामा एक भरियाको मृत्युभएको र धेरै दिनसम्म त्यसले नरमाइलो बनाएको प्रसंग बताइरहँदा उनमा रहेको मानव जीवनको उच्च मूल्यबोध बुझ्न पाइन्छ ।

हिउँमा जुत्ता लाएर हिंडदा चिप्लिन सक्छ भनेर जुत्ता ढाकरमा भुण्डाएर नांगै खुट्टाले हिँउमा हिंड्ने सरल स्वभावका भरियाहरू साँच्चै कति सरल थिए । तर अर्कोतर्फ टोनीलाई स्थानीय रूपमा सहयोग होस् र आफू पनि रवाफ देखाउन पाइयोस् भनेर टोनीलाई कहिले 'कर्नेलसाप हुन्' वा अझै नमाने 'जर्नेलसाप हुन्' भन्ने, बौद्ध समुदायमा पुग्दा चाहिँ 'ऊ स्वीस लामा हो' भनेर गाउँलेलाई चिनाउने र यात्राको उद्देश्यलाई सजिलो पार्ने चतुर्याँई जानेका नाइके आइला चाहिँ अन्य भरियाभन्दा फरक रहेछन् ।


त्यस बेलाको अझै राम्रो पोखरा, **स्वीसबीच** भनेर नामाकरण गरिएको फेवातालको दृश्यसँगै टोनी हामीलाई थाहा नपाउने गरी व्यङ्ग र गुनासो एकसाथ गर्दछन् : "त्यतिबेला फेवातालमा अहिलेजस्तो ढल मिसाइएको थिएन ।" हालको एयरपोर्ट नजिकको सम्म पाटोलाई देखाउँदै यहाँ अहिले **सांग्रीला होटल** ठडिएको छ, फेवाताल छेउको रमाइलो ठाउँमा चाहिँ अहिले **फीसटेल होटल** छ भनेर देखाइरहँदा पनि उनले हाम्रो तथाकथित विकासलाई व्यंग्य कस्तै छन् कि भन्ने भान पर्दोरहेछ । पोखरामा इकोटा प्लेन पहिलो जिप लिएर ओर्लंदा "त्यो जहाजको बच्चा हो, ठूलो भए पछि यसको पनि पखेटा लाग्छ र माउ जस्तै उडेर जान्छ" भनेछन्, उस बखतका पोखराबासीहरूले, टोनीले वृत्तचित्रको क्रममा त्यो कुरा संभन्न भूलेनन्, कति टाढा थियौं, हामी बाँकी दुनियादारीबाट भन्ने प्रष्टाउन ।

त्यसो त टोनीमा रहेको रसिक र रमाइलो स्वभावको छाप थुप्रै भेटिन्छन्, त्यस ४७ मीनेटमा । जस्तै : स्यागंबोचे गुम्वानजिक दुई लामासँग मस्तसँग हात हल्लाउँदै, मरी मरी हाँसेर गफ गरिरहेको दृष्यलाई अर्थ्याउँदै टोनी भन्छन् : "हामीलाई भाषाको कुनै समस्या भएन । उनीहरूले तिब्बति बोले, मैले चाहिँ जर्मन फ्रेन्च बोलें, हामीले एक अर्काको कुरा राम्ररी बुझ्यौं ।" टोनीको यस्तै मिजासिलो गुणका कारण त्यस्तो कठीन तर सुन्दर काम गर्न सके होलान् ।

नेपालका दृष्यमात्र होइन, उनको स्वीट्जरल्याण्डस्थित आफ्नो गाउँको प्रस्तुति पनि गजबकै छ । उनी नेपालसँग मिल्दोजुल्दो प्राकृतिक धरातल र त्यहांका विकास झल्कने केही दृष्य देखाएर भन्छन् : "हामीचाहिँ यस्तो ठाउँको संरक्षण गर्दछौं ।" उनको घरमा हुलाकीले चिठी पुऱ्याएको र उनका श्रीमती, छोरा, छोरी रमाएर चिठी पढ्न झुम्मेको प्रसंगलाई सान्दर्भिक बनाउँदै उनी मार्मिक ढंगले ब्याख्या गर्छन् : "त्यतिबेला नेपालबाट मेरो घरसम्म चिठी पुग्न ६ महिना लाग्दथ्यो, र चिठी हात परेपछि म जिउँदै रहेछु भनेर मेरा परिवार ढुक्क हुन सक्दथे ।"

पुग नपुग ८५ लाख, त्यसमध्ये २० लाख त मलेरियाबाट प्रभावित जनसंख्या भएको त्यसबेलाको नेपालमा जम्मा ११ हाइस्कूल र २ वटा कलेज मात्र थिए र साक्षरता प्रतिशतचाहिँ २ प्रतिशत थियो रे ।

संयुक्त राष्ट्रिसंघीय कार्यक्रम अन्तर्गत कार्यरत टोनी हागनले टेक्टोनिक आधारमा नेपालको पहिलो भौगर्भिक नक्सा बनाउने काम चाहिँ गरे, तर उनलाई दिइएका खनिजहरूको थुप्रो पत्ता लगाउने काम भने पुरा गर्न सकेनन् । बरू नेपालको विकासको सूत्र भने दिए- "सानो नै सुन्दर" (small is beautiful) । स्थानीय पूँजी, शीप र प्रविधिमा आधारित उद्योगमा उनको जोड थियो । कर्णाली नदीमा रहेको जलविद्युतको संभावनालाई देखाइदिने पहिलो व्यक्ति हागन भने यहाँका हिमाली सौन्दर्य, प्राकृतिक भू-बनोटमा आधारित पर्यटन उद्योग र कम लगानीका झोलुगें पुल, घिर्लीङ्ग आदिको विकासबाट यातायात संचालन गर्नु पर्ने ठान्दथे । बाहिरी सहायता सकेसम्म नलिने सोचका नेपालवादी टोनीका विकाससम्बन्धी अवधारणाका बारेमा जमेर बहस त भए जस्तो लाग्दैन । अझ टोनी हागनको नेपालमा गरिएको काम र नेपाललाई विश्वसामु चिनाउन उनले गरेको प्रयासलाई नेपालको वामपन्थी वृत्तले कसरी मूल्यांकन गर्दछ कुन्नि, तर आफूलाई विशुद्ध राष्ट्रवादी ठान्ने माओवादी नेताहरूले समेत बजार अर्थतन्त्रको समर्थनमा भाषण गर्दै हिडिरहेको आजको बखतमा टोनी हागनको नेपाली राष्ट्रवादको बारे खुला छलफल उनका 'स्यानो नै सुन्दर' जस्ता नेपालवादी धारणाको अनुशरण (यदि गर्नु पर्ने भए !) बाट उनलाई श्रद्धान्जली दिनु उपयुक्त हुनेछ । ❑

# सोलार बिजुली प्रयोग गरौं, अंध्यारोमा नबसौं !

सूर्यको किरणलाई विद्युतीय शक्तिमा (बिजुलीमा) परिवर्तन गरी विद्युत उत्पादन गर्ने प्रक्रियालाई सौर्य विद्युत वा सोलार बिजुली भनिन्छ । एउटा घरमा एउटा सोलार प्यानेल र अन्य उपकरणहरू (जस्तै ब्याट्री, कन्ट्रोलर) राखी ३-४ वटा बत्ती बाल्न, रेडियो, क्यासेट बजाउन र टेलिभिजन हेर्न सकिन्छ । सम्पूर्ण जडान कार्य अलिकति प्राविधिक ज्ञान भएको व्यक्तिले एक दिनमै पूरा गर्न सक्दछ । एक चोटी जडान गरिसकेपछि ब्याट्रीमा समय समयमा डिष्टिल पानी थप्ने बाहेक अन्य मर्मत सम्भार गरिरहनु पर्दैन ।

सोलार प्यानेलहरू १० देखि २५ वर्ष ग्यारेन्टी गरिएका हुन्छन् र तिनीहरूले २५-३० वर्षसम्म राम्रोसँग काम गर्दछन् । ब्याट्रीको हकमा ४-६ वर्षपछि फेर्नु पर्ने हुनसक्छ । चीमहरू जलेमा मात्र फेर्नु पर्दछ । तसर्थ सौर्य विद्युतको संचालन खर्च न्यूनतम नै हुन आउँछ । शुरूको लगानी (करीव २०,०००/- देखि ३५,०००/- पर्छ) । यसमा सरकारबाट रू. ८,०००/- देखि १२,०००/- सम्म अनुदान पाइने हुनाले पूरै रकम ब्यहोर्नु पनि पर्दैन । बैंकबाट सस्तो ब्याजमा ऋणको व्यवस्था पनि छ । मट्टितेलको खर्चमा बचतका साथै टुकीको धुँवाबाट मुक्ति पनि पाइन्छ । बिजुलीले तपाईंको घर सधैंलाई उज्यालो पार्नेछ ।

**SEC सोलार इलेक्ट्रिसिटी कम्पनी (प्रा.) लि.**

पोष्ट बक्स १२५१५, सोलार कम्प्लेक्स, बागबजार, काठमाण्डौ, फोन : २२५२५३, २२७८७६, फ्याक्स : २२३८५१

# नेपालमाथि हस्तक्षेपको अमेरिकी एजेण्डा

■ आनन्दस्वरूप वर्मा

अमेरिकी सरकारले नेकपा (माओवादी)लाई अमेरिकी परराष्ट्र मन्त्रालयबाट ३० अप्रिल, २००३ मा जारी भएको एक पत्रमार्फत् आतंकवादीको श्रेणीमा राखेको छ । मई दिवसको दिन प्रकाशित यस खबरले सबैलाई आश्चर्यचकित पारेको छ । यो मननयोग्य कुरा छ कि नेपाल सरकारले माओवादीहरूसँग हाल शान्तिवार्ता गर्दैछ । त्यसको पहिलो चरण अप्रिल २७ मा सम्पन्न भएको छ । त्योभन्दा महत्वपूर्ण कुरा के भने नेपालको सरकार आफैले माघ १५ गते युद्धविराम घोषणा हुनुअघि नै युद्धविराम गर्नका लागि विद्रोहीहरूले राखेको एउटा शर्तको रूपमा माओवादीमाथि लगाइआएको आतंकवादको बिल्ला खारेज गरिसकेको छ । यो विडम्बना हो कि नेपाल सरकारले जुन नेपाली संगठनलाई आतंकवादी संगठन ठान्दैन, त्यसलाई आतंकवादी संगठनको सूचीमा सामेल गर्न अमेरिकी सरकार बढी उद्दत देखिएको छ । के माओवादीबाट अमेरिकी नागरिकहरूमाथि अथवा अमेरिकाको राष्ट्रिय स्वार्थमाथि कुनै टड्कारो खतरा पैदाभएको छ ? स्मरणीय छ, कुनै विदेशी संगठनलाई आतंकवादी घोषणा गर्नु अमेरिकी कानूनहरूले उपरोक्त पूर्वशर्त विद्यमान हुनु पर्ने व्यवस्था गरेको छ ।

नेपालका माओवादीहरू राजतन्त्रको अन्त्य र असली लोकतन्त्रको स्थापनाको उद्देश्य राखेर संघर्ष गरिरहेका छन् । उनीहरू त्यही साम्यवादी परंपरासँग सम्बन्धित छन्, जसबाट नेपालको प्रमुख प्रतिपक्षी र सरकारमा पनि गइसकेको पार्टी नेकपा एमाले पैदा भएको थियो । दुईबीचको मुख्य भिन्नता के हो भने नेकपा एमाले जनताको आकांक्षाहरूलाई कुल्चेर संसदीय पार्टीमा रूपान्तरित भएको छ । यही कुराले माओवादीलाई संसद बहिष्कार गर्दै सशस्त्र संघर्षको बाटो अपनाउन बाध्य पारेको हो । यसले के कुरा अत्यन्त स्पष्ट पारेको छ भने नेपालका माओवादीहरूले संयुक्त राज्य अमेरिकाको राष्ट्रिय स्वार्थमा कुनै पनि किसिमको जोखिम सृजना गरेका छैनन् । यसो हुँदाहुँदै पनि ३० अप्रिलमा कोलिन पावेलद्वारा जारी गरिएको पत्रमा माओवादीहरूलाई आतंकवादी संगठनको सूचीमा राख्नुले गम्भीर सरोकार र आशंकाहरू जन्माएको छ ।

वास्तवमा माओवादीहरूले अमेरिकाको राष्ट्रिय स्वार्थमा कुनै खतरा सृजना गरेका छैनन् । तर उनीहरूले अमेरिकाको साम्राज्यवाद र संसारव्यापी विश्वआर्थिक व्यवस्थामाथि चाहिं गम्भीर खतरा सृजना गरेका छन् । यही मुख्य कारण हो, जसले गर्दा २०५२ सालमा जनयुद्ध शुरू भएयता नेपाली मामलाहरूमा अमेरिकाको चासो बढेको छ । शुरूमा यो आन्दोलनको चाँडै मृत्यु हुनेछ भनेर त्यसले अपेक्षा गरेको थियो, तर यसको ठीक विपरित यो आन्दोलनको जनाधार व्यापक हुन शुरू गऱ्यो । र, यसले अकल्पनीय मात्रामा आफ्ना समर्थकहरू वृद्धि गरेको देखियो । यतिमात्र होइन, केवल ३ वर्षको समयावधिभित्र यसले आफ्नो संगठनात्मक आधार नेपालका ७५ जिल्लाहरूमध्ये धेरैजसो जिल्लाहरूमा विस्तारित गऱ्यो र २५ जिल्लाहरूभन्दा ज्यादामा मुक्त क्षेत्रहरू सृजना गऱ्यो । यसैबाट अमेरिकी संस्थापन पक्ष झस्कियो । सोभियत संघको विघटनपछि साम्यवादको अन्त्य हुने कुराबाट मदोन्मत्त भएको अमेरिकी साम्राज्यवादले यो नयाँ परिवेशलाई स्वीकार्न सकेन । 'इतिहासको अन्त्य र सभ्यताहरूको द्वन्द'को उद्घाटन उत्सवको रूपमा मनाइरहेको समयमा जनताको सशक्त आन्दोलनको उत्पत्तिले उसको उल्लासमा बाधा सृजना गऱ्यो । यही कारण हो, जसले गर्दा अमेरिकाका विदेश तथा रक्षा विभागहरू र विभिन्न गुप्तचर एजेन्सीहरूले अमेरिकी राष्ट्रपतिहरूलाई अमेरिकी स्वार्थमा कुनै खतरा पैदा नगर्ने यूरोपको सट्टामा दक्षिण एशियामाथि केन्द्रित हुन सुझाव दिएका थिए । खालि कम्युनिष्ट खतराको सामना गर्नको लागि मात्र होइन, बरू चीनमाथि सतर्कतापूर्ण आँखा लगाउन, जुन अमेरिकी विज्ञहरूका अनुसार अमेरिकाको आर्थिक, राजनैतिक र सैनिक प्रतिद्वन्दीको रूपमा विस्तारै पैदा भइरहेको छ, अमेरिकाको लागि दक्षिण एशियामा किल्ला खडा गर्नु जरूरी भएको छ । अफगानिस्तानमाथिको आक्रमण अघि र पछिका घटनाहरूको एउटा अध्ययनले के कुरा स्पष्ट पार्छ भने सेप्टेम्बर ११ को घटनाको निहुँ पारेर कुनै पनि तरहले अफगानिस्तामाथि हस्तक्षेप गर्नु थियो ।

जुन ढंगले इराकमाथिको अभियानपछाडि अमेरिकी युद्धक विमानहरूको निम्ति काशिमर चासोको विषयवस्तु भइरहेछ, त्यसबाट के स्पष्ट हुन्छ भने अमेरिका दक्षिण एशियामा सैनिक अखडा राख्नका लागि बहानाहरू खोज्दैछ । पाकिस्तानमा पहिले नै उल्लेख्य मात्रामा उसको सैनिक उपस्थिति छँदैछ र उसले भारतसित पनि संयुक्त सैनिक अभ्यास सम्पन्न गरिसकेको छ । वर्तमानमा यसले भारत र पाकिस्तानलाई वार्ताको माध्यमबाट शान्ति खोज्ने अर्ति उपदेश दिइरहेको छ र जुनबेला वार्तामार्फत् शान्तिको यो सम्भावना वास्तविकतामा बदलिन सक्ने देखिन्छ, यसले त्यति नै बेला यो प्रक्रियामा भाँजो हाल्ने उपाय अपनाउने छ, जस्तो कि अहिले नेपालमा उसले गरिरहेको छ ।

नेपालकै घटनालाई हेर्ने हो भने अमेरिकी अधिकारीहरू युद्धरत दुवै पक्षलाई वार्ताको माध्यमबाट समस्या सुल्झाउन सुझाव दिइरहेका थिए । वार्ताको प्रारम्भको निम्ति उपयुक्त परिस्थिति त्यतिबेला सृजना भयो, जब नेपालका गृहमन्त्री धर्मबहादुर थापाले एउटा पत्रकार सम्मेलनमा के घोषणा गरे भने नेपालको सरकार माओवादीहरूलाई आतंकवादी ठान्दैन र माओवादीको टाउकोको मूल्य चाँडै नै फिर्ता गरिने छ । यस मामलामा उनले भूतपूर्व प्रधानमन्त्री शेरबहादुर देउवाको आलोचनासमेत गरे । अझ त्योभन्दा अगाडि २० नोभेम्बरको दिन नेपालका महिला तथा समाज कल्याणमन्त्री गोरेबहादुर खपाङ्गीले माओवादीको गिरफ्तारको निम्ति राखिएको पुरस्कार फिर्ता लिने आशय व्यक्त गरिसकेका थिए । यसको दुई दिन अगाडि १८ नोभेम्बरको दिन नेपालका उप-प्रधानमन्त्री बद्रीप्रसाद मण्डलले विराटनगरमा संचार माध्यमका प्रतिनिधिहरूलाई के कुरामा आस्वस्त पारिसकेका थिए भने सरकारले माओवादीहरूको संविधान सभाको मागमाथि विचार गर्नसक्छ यदि उनीहरू शान्ति वार्ताको लागि इमान्दार भएर आउँछन् भने । यस्तो परिस्थितिमा गृहमन्त्रीको वक्तव्यले माओवादीहरूको निम्ति सकारात्मक सन्देश



**के माओवादीबाट अमेरिकी नागरिकहरू अथवा अमेरिकाको राष्ट्रिय स्वार्थमाथि कुनै टड्कारो खतरा पैदाभएको छ ? स्मरणीय छ, कुनै विदेशी संगठनलाई आतंकवादी घोषणा गर्नु अमेरिकी कानूनहरूले पूर्वशर्त विद्यमान हुनु पर्ने व्यवस्था गरेको छ ।**

दियो । तर यसले अमेरिकी संस्थापन पक्षमा खतराको घण्टी बजाउने काम गऱ्यो र यसले शान्ति प्रक्रियामा भाँजो हाल्ने षड्यन्त्र शुरू गऱ्यो । फलस्वरूप १४ डिसेम्बर २००२ का दिन अमेरिकाका सहायक विदेश सचिव र दक्षिण एशियासम्बन्धी मामलाका इन्चार्ज क्रिस्टिना रोक्काले काठमाण्डौको भ्रमण गरिन् र संचारकर्मीहरूलाई भनिन् कि अमेरिका नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गर्न चाहँदैन । तर त्यतिनै बेला उनले माओवादीविरूद्ध भने वीष वमन गर्न बाँकी राखिनन् । तिनले भनिन् कि यद्यपि अहिलेसम्म माओवादीहरूलाई आतंकवादीहरूको सूचीमा राखिएको छैन, परन्तु उनीहरूको हिंसा बेरोकटोक रूपमा जारी रह्यो भने यो दिशातिर घटनाक्रम दोहरिन सक्छ ।

माघ १५ मा युद्धविरामको घोषणा भइसकेपछि पनि क्रिस्टिना रोक्काले आफ्नो करतूत बन्द गरिनन् । ४ फरवरी २००३ का दिन 'रक्षा मामलाका लेखकहरूको समूहसँग सम्बन्धित पत्रकारहरूसँग कुराकानी गर्ने क्रममा उनले युद्धविरामप्रति केही आशा व्यक्त त गरिन्, तर उनले 'बिग्रिरहेको तत्कालीन परिस्थिति'माथि जोड दिइन् । २८ फरवरीको दिन अमेरिकाका उप-सहायक विदेशमन्त्री डोनाल्ड क्याम्पले 'नेपालमा कम्युनिष्ट सत्ता-विद्रोहलाई रोक्ने सवाल'सम्बन्धी कार्यक्रममा भाग लिए । क्याम्पले त्यहाँ दिएको भाषणमा के कुरा निक्कै स्पष्ट पारे भने नेपालमा माओवादीहरूको सफलताले अमेरिकी स्वार्थमा भाँजो हाल्छ । यद्यपि क्याम्पले यस कुराको व्याख्या विस्तार भने गरेनन् । 'संयुक्त राज्य अमेरिका यी विद्रोहीहरू नेपालमा हावी भएको हेर्न चाहँदैन' उनको तर्क रह्यो- माओवादीहरूले अमेरिकी स्वार्थमाथि खतरा पैदा गर्छन्, किनकि यसको नेतृत्वले के कुरा स्पष्ट पारेको छ भने यो नेपालमा संवैधानिक राजतन्त्रको स्थानमा सर्वसत्तावादी कम्युनिष्ट शासन स्थापना गर्न चाहन्छन् । उनले के आशंका व्यक्त गरे भने माओवादीहरूको कारणले 'नेपाल निक्कै सजिलै असफल राज्यमा परिणत हुनसक्छ, यो आतंकवादीहरूको गतिलो आश्रयस्थलमा बदलिन सक्छ । जस्तो कि अफगानिस्तान थियो । त्यसलाई हामीले रूपान्तरित गरेका छौं ।' उनले के पनि बताए भने माओवादी खतराको सामना गर्न भारत र ब्रिटेनजस्ता मित्रहरूसँग मिलेर अमेरिका शाही नेपाली सेनालाई मद्दत गर्दैछ र यसले नेपालमाथि निरन्तर रूपमा निगरानी कायम गरिरहेको छ । उनले थप के पनि बताए भने- "संयुक्त राज्यले संसारभरि थुप्रै विदेश नीतिसम्बन्धी चुनौतिहरू व्यहोर्दैछ र नेपाल यो सूचीमा पर्दछ । हामीले दैनिक रूपमा यस परिस्थितिमाथि आँखा लाउँदैछौं र हामी के कुरा सुनिश्चित गर्न निरन्तर काम गरिरहेछौं भने हाम्रा नीतिहरूले अमेरिकी राष्ट्रिय स्वार्थहरूलाई र नेपाली जनताका स्वार्थहरूलाई भरथेग गरौं' । के कुरा स्मरणीय छ भने यस्तो नोक्सानदायी वक्तव्यहरू डोनाल्ड क्याम्प र क्रिस्टिना रोक्काबाट त्यस समयमा आउन शुरू गरेका थिए, जब सरकार माओवादीबीचको शान्ति वार्ताको प्रक्रिया शुरू नै भइसकेको थियो । क्रिस्टिना रोक्काको पदचिन्हलाई पछ्याउँदै उनले खुलेआम रूपमा के धम्की पनि जारी गरे भने माओवादीहरूलाई आतंकवादी संगठन घोषणा गर्ने अमेरिकाको अधिकार छ ।

वार्ताको माध्यमबाट शान्ति स्थापना हुनु र फलस्वरूप माओवादीहरूले अहिंसात्मक लोकतान्त्रिक बाटो अपनाउनु अमेरिकाको निम्ति अनुकूल कुरा होइन । संयुक्त राज्य अमेरिका वार्ताको विफलतालाई पर्खेर बसिरहेको छ । संयुक्त राज्य अमेरिका वार्ताको विफलता र माओवादीहरू फेरि सशस्त्र संघर्षकै बाटोमा जाओस् भनेर पर्खिरहेको छ ता कि आतंकवादविरूद्धको नाममा यसले नेपालमा सैनिक हस्तक्षेप गर्ने अवसर प्राप्त गर्नेछ । यी कुराहरूको अलावा अमेरिका, भारत र बेल्जियमबाट हतियारका अनेकौं खेपहरू नेपालमा पुगिसकेका छन् । यतिमात्र होइन, पचास जना अमेरिकी सैनिक विज्ञहरू शाही नेपाली सेनासँग मिलेर संयुक्त सैनिक अभ्यास गरिनैरहेका छन् ।

**वार्ताको माध्यमबाट शान्ति स्थापना हुनु र फलस्वरूप माओवादीहरूले अहिंसात्मक लोकतान्त्रिक बाटो अपनाउनु अमेरिकाको निम्ति अनुकूल कुरा होइन । संयुक्त राज्य अमेरिका वार्ताको विफलतालाई पर्खेर बसिरहेको छ । ऊ माओवादीहरू फेरि सशस्त्र संघर्षकै बाटोमा जाओस् भनेर पर्खिरहेको छ ता कि आतंकवादविरूद्धको नाममा यसले नेपालमा सैनिक हस्तक्षेप गर्ने अवसर प्राप्त गर्नेछ ।**

यस मामलामा अमेरिकी दृष्टिकोणसंवन्धी एउटा विज्ञापन उल्लेखनीय छ । २६ फरवरी २००३ का दिन यु.एस.एड.ले आफ्नो इन्टरनेटको एउटा साइटमा 'व्यक्तिगत सेवा ठेकेदार (Personal Services Contractor) को निमित्त दरखास्तहरू आह्वान गऱ्यो । त्यो विज्ञापनले भन्छ- "नेपालमा माओवादी विद्रोहलाई प्रत्युत्तर दिनको लागि यु.एस.एड.ले द्वन्द्वलाई सम्बोधन गर्ने उद्देश्यले हस्तक्षेपहरूलाई सहायता दिन लागिरहेछ । र, यसले आफ्नो भर्खरै गठन भएको विशेष योजना कार्यालय (Sepcial Projects Office), जसले द्वन्द्वको रोकथाम, यसलाई मथ्थर पार्ने कार्य र प्रत्युत्तर (Conflict Prevention, Mitigation and Responce (CPMR) लाई सम्बोधन गर्छ, त्यसमार्फत् त्यसले हस्तक्षेपलाई सहयोग गर्न खोजिरहेछ । यु.एस.एड. मिसनले CPMR लाई सन् २०००-२००५ सम्मको अवधिको लागि तयार गरिएको सम्पूर्ण मुलुक रणनीतिसँग एकीकृत गरेको छ, र CPMR सम्बन्धी अंश, विशेष योजना कार्यालय (SPO) द्वारा व्यवस्थित गरिनेछ । दरखास्तको अन्तिम मिति २५ मार्च २००३ तोकिएको थियो ।

पोहर साल मे १५-१६ का दिन तत्कालीन भारतीय सेना प्रमुख जनरल एस. पद्मनावनले र मे २७ का दिन ब्रिटेनका रक्षा स्टाफ प्रमुख एडमिरल जनरल सर माइकल वोइनले नेपालको माओवादी प्रभावित क्षेत्रको भ्रमण गरेका थिए । उनीहरू दुवैले माओवादीलाई तह लगाउने मामलामा 'नेपाल सरकारलाई पूर्ण समर्थन रहने आश्वासन दिएका थिए । जनरल पद्मनावनको नेपाल भ्रमणको ठीक एक दिन अगाडि भारतीय पारा ट्रूपरहरू र अमेरिकी विशेष अपरेशन अधिकारीहरूले आग्रानिर संयुक्त सैनिक अभ्यास शुरू गरेका थिए । भारत स्वतन्त्रता पछाडिको यो सबैभन्दा ठूलो सैनिक अभ्यास थियो । १९ जून २००२ का दिन विशेष मामला तथा कामवेल्थ मामलासम्बन्धी बेलायती संसदीय राज्य उपसचिव माइक ओब्रियनले ब्रिटेन नेपाल संसदीय समूहका अध्यक्ष सर जोहन स्टान्लेलाई संसदमा बताएका थिए- "हामी विद्रोहलाई रोक्नको लागि उपायहरू पत्ता लगाउन अमेरिकी सहकर्मीहरू र अन्यसित घनिष्ट रूपले काम गरिरहेका छौं ।"

संयुक्त सैनिक अभ्यास शुरू भएकै दिन कृस्टिना रोक्काले एउटा वक्तव्य जारी गरेकी थिइन्- "आफ्नो प्रशासनको शुरूवातदेखि नै राष्ट्रपति बुशले अन्तर्राष्ट्रिय समुदायले हाल सामना गरिरहेका सम्पूर्ण मुद्दाहरूमा भारतलाई सामेल गर्ने किसिमको अमेरिकी भारतसम्बन्ध सम्बन्धमा विश्वव्यापी दृष्टिकोण अपनाउन खोजेका छन् । ...यो साझेदारीको सबैभन्दा सम्बन्धित क्षेत्र हाम्रो बीचको सैनिक सैनिक सम्बन्ध हुनेछ ।" तिनले के पनि भनिन् भने- "आतंकवादविरूद्धको लडाईंमा संयुक्त राज्य अमेरिका र भारत पहिलेभन्दा निकट भएका छन् ।"

माओवादीहरूलाई आतंकवादी संगठनहरूको सूचिमा राखेर संयुक्त राज्य अमेरिकाले आफ्नो नियत स्पष्ट पारेको छ । चाहे नेपाल होस् वा काश्मिर, यदि अमेरिकीहरू कुनै पनि बहानामा दक्षिण एशियामा आफ्नो सैनिक उपस्थिति कायम राख्न समर्थ भए भने यसले प्रभुसत्तामा सामान्य रूपमा समग्र दक्षिण एशियामा र विशेष रूपमा भारतको गम्भीर खतरा पैदा गर्नेछ । त्यसकारण नेपालमा हाल चलिरहेको शान्ति प्रक्रियालाई यसको तार्किक निष्कर्षसम्म पुऱ्याउनको लागि सम्पूर्ण लोकतान्त्रिक शक्तिहरूले मद्दत गर्नु आवश्यक भएको छ । यसैमा भारतको स्वार्थनिहित छ, साथै समग्र दक्षिण एशियाको स्वार्थ पनि । ❑

*(लेखक भारतका वरिष्ठ पत्रकार तथा मानवअधिकारकर्मी हुनुहुन्छ - मूल्यांकन)*



■ साउदीअरबबाट किन अमेरिकी फौज झिकिँदैछ ?
■ अबको अमेरिकाको अन्तरविरोध को सँग ?
■ संयुक्त राष्ट्रसंघ एन. जि. ओ.को तहमा ओर्लेको छ !

○ चैतन्य मिश्र

# इराक युद्धपछिको विश्व व्यवस्था

इराक-अमेरिका युद्धलाई हामीले विश्वको राजनीतिक सन्दर्भमा समेत बुझ्नुपर्ने हुन्छ । यस सन्दर्भलाई तन्काउँदा अझ बढी केन्द्रीकृत साम्राज्यवादी विश्व व्यवस्थलाई र मूलतः सन् १९९१ मा समाजवादी राष्ट्र सोभियत संघको पतनपछि अमेरिकाको हैसियतमा भएको बढोत्तरीलाई बुझ्नुपर्छ । अमेरिकालाई १९९१ अघि महाशक्ति राष्ट्र भनिन्थ्यो, त्यसपछि ऊ अतिशक्ति राष्ट्रको रूपमा आएको छ । वास्तवमा सन् १९९१ देखि नै अमेरिका अतिशक्ति साम्राज्यवादी राष्ट्र हुन थालेको थियो, तर इराक युद्धताका मात्र अमेरिकालाई अंग्रेजीमा hyperpower भन्ने शब्द बढी उजागर हुन थालेको हो ।

अतिशक्ति राष्ट्र भएपछि अमेरिकाको दृष्टिकोण यस्तो बन्यो : हामी एउटैमात्र सर्वाधिक शक्तिसम्पन्न राष्ट्र हौं, हाम्रो जोडा कोही छैन ।

सैनिक शक्ति र रक्षालाई पहिला अपेक्षाकृत साँघुरो परिभाषाअन्तर्गत राखिन्थ्यो, १९९१ पछि यो परिभाषा विस्तारित बन्यो । अब संसारमा हुने कुनै पनि महत्वपूर्ण राजनैतिक, सामाजिक, आर्थिक घटना-परिघटनालाई अमेरिकाले नितान्त रूपले आफ्नो स्वार्थसँग मात्र गाँसेर हेर्दछ । र, त्यसलाई आफ्नो अनुकूल बनाउनका लागि यसले तत्काल पाइला चाल्ने भयो । गत वर्ष अमेरिकामा नयाँ राजनीतिक-सामारिक नीति प्रतिपादन भयो । त्यस नीतिअन्तर्गत अमेरिकाले लिएको नीतिअनुरूप मात्र विश्वले हिंड्नुपर्छ भन्ने धारणा अमेरिकाले लियो । त्यस्तो सिद्धान्तलाई अमेरिकी अन्तर्राष्ट्रियतावादको नाम दिइयो । अमेरिकी अन्तर्राष्ट्रियतावाद भनेको अमेरिकाले बनाएको बाटोमा हिंड्नुपर्ने सिद्धान्त हो । अमेरिकाले यस्तो सिद्धान्त प्रतिपादन गर्नु भनेको विश्वमाथि नै आफ्नो प्रभुत्व लाद्ने, विश्वलाई आफ्नो बाटोमा हिंडाउने सिद्धान्त हो ।

अमेरिकाले बनाएको यस सिद्धान्त अनुसारको बाटो नहिंड्ने सबै मुलुक, संस्कृति वा राष्ट्रहरूलाई अमेरिकाले विभिन्न किसिमका नकारात्मक धारणा राख्ने, धम्क्याउने र लडाईसमेत गर्ने नीति लिएको छ । तर साथसाथै हामीले के पनि बुझ्नुपर्छ भने यस्तो साम्राज्यवादअन्तर्गत विभिन्न किसिमका अन्तरविरोधहरू प्रकट हुन्छन् र गहिरिन्छन् । ती अन्तरविरोधहरू विश्व तहमा र अमेरिकाभित्रै पनि प्रकट भइरहेका छन् । हामीले देख्यौं, अमेरिकाभित्रै पनि यस लडाईका विरूद्ध विभिन्न किसिमका शान्ति जुलुसहरू भइरहेका थिए । खास गरेर अमेरिकाका अल्पसंख्यक नागरिकहरूमा यस्तो विरोधको स्वर बढी प्रकट भइरहेको देखिएको छ । त्यस्तै, अमेरिकी महिलाहरूले पनि लडाईका विरूद्ध प्रदर्शनहरू गरेका छन् । साथसाथै अमेरिकाका विश्वविद्यालयहरूका प्राध्यापकहरूबाट पनि अमेरिकी नीतिका विरूद्ध प्रखर विरोध भएको हामीले देखेका छौं ।

अर्को तहको अन्तरविरोध कसरी प्रकट हुन्छ भने अमेरिकाको अत्यन्त ठूलो सामरिक खर्च अझ द्रुत गतिले बढ्ने संभावना प्रबल छ । त्यसमाथि वर्तमान दक्षिणपन्थी अमेरिकी सरकारले करको दर र सामाजिक सेवा दुवै घटाउँदैछ । अमेरिकाले दक्षिणपन्थी आर्थिक नीतिअन्तर्गत सार्वजनिक क्षेत्रमा कम खर्च गर्ने नीति लिँदैछ । त्यसो गर्नु भनेको त्यहाँको गरीब समुदायले सरकारबाट पाउने संरक्षण घटाउनु हो । त्यो भनेको शिक्षा, स्वास्थ्य आदि क्षेत्रमा अमेरिकी सरकारले कम खर्च गर्नु हो । आय र सम्पत्ति बढी हुनेलाई करको दर कम गर्ने नीतिले राजस्वको बृद्धिदर कम हुन्छ । अबको स्थितिमा राजस्वको पहिलाको भन्दा पनि बढी उल्लेख्य हिस्सा रक्षामा खर्च हुन्छ । यसो भएपछि अमेरिकी नागरिकहरूले यस्तो नीतिको विरोध गर्ने संभावना प्रशस्त देखिन्छ ।


अमेरिकी सरकारले फौजको संख्या केही मात्रामा घटाउने नीति लिएको छ । यस नीतिअन्तर्गत स्थायी फौजको संख्या घटाउने, तर विश्वको कुनै पनि भागमा सामरिक स्वार्थ हासिल गर्नुपर्‍यो भने सानो फौज, घातक हतियार र छद्म सूचनाद्वारा युद्ध छोट्याउने नीति सरकारले प्रतिपादन गरिरहेको छ । तर यसबाट वास्तवमा सामरिक खर्च उल्लेख्य मात्रामा नघट्ने मात्र होइन, बरू धेरै बढ्ने देखिन्छ ।

त्यसपछिको अमेरिकाको अन्तरविरोध भनेको अरू साम्राज्यवादी शक्तिहरूसँगको अन्तरविरोध हो । साना शक्तिहरू, तर साम्राज्यवादी शक्तिहरू । जस्तै : युरोप, जापान, अबको विश्व राजनीतिको रंगमंचमा तत्कालको लागि अमेरिका अतिशक्ति राष्ट्र त भयो, तर अब युरोपेली महासंघले कस्तो रूप लिन्छ भन्ने प्रश्न टड्कारो भएर आएको छ । विश्व राजनीतिक, आर्थिक र सामरिक रंगमंचको भविष्य कस्तो होला भन्ने प्रश्नको हल युरोपेली महासंघले आफैं र अमेरिकाबारे तत्कालमै कस्तो नीति अख्तियार गर्छ, त्यसले पनि देखाउनेछ । खास गरेर युरोपेली महासंघ र रूसबीच केही कार्यगत एकता देखियो भने युरोपेली महासंघको राजनीतिक र आर्थिक शक्तिसँग रूसको सामरिक शक्ति मिसिँदा त्यो शक्ति ठूलो अमेरिकाको लागि चुनौति बन्नसक्छ । त्यस्तो संभावना देखिन्छ पनि । हालसालै बेल्जियमले युरोपेली महासंघभित्र सैनिक शक्ति निर्माण गर्न एउटा खाका प्रस्तावित गर्‍यो । त्यसअन्तर्गत तत्कालको लागि फ्रान्स, जर्मनी र बेल्जियम रहने र पछि त्यसलाई विस्तारित गरिने उसको प्रस्ताव थियो । यो प्रस्ताव तत्काल लागु भैहाल्दैन, तर त्यस्ता संभावनाहरू अब खुल्न थालेका छन् । युरोपेली महासंघको सैनिक शक्ति विस्तारित गरिँदा त्यसभित्र सामरिक शक्तिसहितको रूस र पछि गएर चीन पनि रहन सक्ने कुरासमेत यदाकदा परिकल्पना गर्न थालिएको छ । यदि यस्तो भयो भने अमेरिकाको अतिशक्तिपनालाई सन्तुलनमा राख्न सहयोग पुर्‍याउने संभावना देखिन्छ ।

अब हामी पश्चिम एशिया र इराकतिर आऔं । अमेरिकाले गरेको अहिलेको आक्रमण त्यस क्षेत्रको सामरिक लगायत आर्थिक र राजनीतिक प्रक्रियालाई नियन्त्रण गर्ने प्रयत्न हो । अमेरिकी सरकारको दृष्टिकोणमा पश्चिम एशिया र इराक इस्लामी कट्टरपन्थको मुख्य केन्द्र भएकोले त्यहाँको संस्कृतिलाई पनि "सुधार" गर्ने अमेरिकी मनसुवा देखिन्छ । त्यहाँको संस्कृतिलाई नियन्त्रण गरेर कज्याउने ध्येय अमेरिकी सरकारको देखिन्छ ।

त्यही सन्दर्भमा हालै साउदी अरेबियाबाट अमेरिकी फौज

युरोपेली महासंघको सैनिक शक्ति विस्तारित गरिँदा त्यसभित्र सामरिक शक्तिसहितको रूस र पछि गएर चीन पनि रहन सक्ने कुरासमेत यदाकदा परिकल्पना गर्न थालिएको छ । यदि यस्तो भयो भने अमेरिकाको अतिशक्तिपनालाई सन्तुलनमा राख्न सहयोग पुर्‍याउने संभावना देखिन्छ ।



सद्दाम, ब्लेयर र बुस

हटाउने निर्णय बाहिर आएको छ । माथि भनिएझैं स्थायी तवरले ठूलो फौज कहीं पनि नराख्ने नयाँ अमेरिकी नीतिअन्तर्गत पनि यो आएको छ । अर्थात् अमेरिकी सरकारको दृष्टिमा कतै "समस्या" देखापर्‍यो भने सानो फौज र घातक हतियारद्वारा त्यहाँ सामरिक विजय हासिल गर्न सकिन्छ भन्ने नीति अन्तर्गत पनि साउदी अरेबियाबाट फौज झिक्ने निर्णय आएको छ ।

अर्कोतिर, सेप्टेम्बर ११ को दुर्घटना गराउनेमध्ये अधिकांश व्यक्तिहरू साउदी अरेबियाका नागरिकहरू थिए । त्यसबाट के पनि स्पष्ट हुन्छ भने अन्य अरेबियन मुलुकहरूलगायत साउदी अरेबियामा पनि अमेरिकी एकाधिकारविरोधी भावना फष्टाएको छ । र, अमेरिकी दृष्टिकोणअनुसार साउदी राजतन्त्रले यस्तो अमेरिकाविरोधी भावना रोक्न यथेष्ट पाइला चालेको छैन । यही कुराको विरोधमा पनि त्यहाँबाट अमेरिकी फौज फिर्काइँदैछ । अब इराक युद्धको दोस्रो संस्करण सिरियामा नभएर साउदी अरेबियामासमेत हुनसक्ने संभावना बनेको छ ।

इराक युद्धपछि अब प्यालेस्टिनीहरूको अवस्था अझ कमजोर हुनसक्छ । प्यालेस्टिनीहरूको आन्दोलन कमजोर पार्दै लगेर प्यालेस्टिनी जनतालाई घाटा पर्ने गरी प्यालेस्टिनी-इजरायली कलह "सुल्झिने" संभावना अब बढेको छ ।

इराकभित्रै अमेरिकाले अहिलेसम्म आमविनाशकारी हतियार फेला पार्न सकेको छैन । जब कि इराकमाथिको आक्रमणको प्रमुख निहुँ त्यही थियो । त्यस्तो हतियार फेला पार्छ कि पार्दैन भन्न सकिँदैन, तर केही पश्चिमी पत्रकारहरू नै के भन्दैछन् भने त्यस्तो हतियार फेला परेन भने अमेरिकाले नै त्यहाँ त्यस्तो हतियार लगेर राखिदिने वा गोप्य रूपमा त्यस्तो हतियारको उत्पादनको कारखाना नै खडा गर्ने र आफ्नो अभियोग सत्य भएको सावित गर्ने प्रवल संभावना छ ।

त्यस्तै, इराकको अबको राजनीतिक संरचना कमसेकम दुईदेखि पाँच वर्षसम्म अमेरिकी सेनाले नै नियन्त्रण गर्ने र सत्ताको आवरण चाहिँ गैर-सैनिक व्यक्तिको नेतृत्वमा राख्ने अमेरिकाको व्यवहार देखिँदैछ । त्यस्तो गैर-सैनिक नेतृत्व अमेरिकाकै अवकाश प्राप्त जर्नेलहरूले गर्दैछन् । यस्तो खालको संरचना ५ वर्षभन्दा बढीसम्म पनि लागु हुनसक्ने संभावना छ । यसो भन्नुको अर्थ गैर-सैनिक प्रजातान्त्रिक व्यवस्था इराकमा लामो कालसम्म लागु हुँदैन । गैर-सैनिक आवरणमा भए पनि त्यहाँको राजनीति अमेरिकी सैनिक शक्तिअन्तर्गत संचालन हुने संभावना प्रवल छ । तर त्यसको विरोधमा अहिले नै इराकमा उल्लेख्य विरोध प्रदर्शन शुरू भइसकेको छ । अप्रिल २८-२९ तिर नै इराकको एउटा स्कूलमा सैनिकहरूले गढ जमाएको र त्यहाँ विद्यार्थीहरूलाई पढ्न नदिएकोमा विरोध गरिएको थियो । त्यो विरोध प्रदर्शनमा तेह्रजना इराकीलाई अमेरिकी सैनिकले मारेका थिए र पचासौं इराकीहरू घाइते भएका थिए ।

विश्वसमुदायले इराकको तात्कालीक राजनीतिक नियन्त्रण संयुक्त राष्ट्रसंघले गर्नुपर्छ भनेको छ । तर तत्कालका लागि संयुक्त राष्ट्रसंघअन्तर्गत नागरिक शासन रहनुपर्छ र त्यसपछि चुनाव गराएर इराकीहरूले नै इराकको शासन चलाउनुपर्छ भन्ने भावना अहिले कमजोर भइरहेको छ । विश्वमा संयुक्त राष्ट्रसंघको वर्चश्व कमजोर भएर गएको छ । संयुक्त राष्ट्रसंघ मूलतः राजनैतिक र सुरक्षाको प्रयोजनका निम्ति स्थापना भएको हो । तर अहिले संयुक्त राष्ट्रसंघका यी दुवै मूलभूत दायित्वहरू एकदमै कमजोर भएका छन् । अर्थात् विश्व राजनीति र सुरक्षामा संयुक्त राष्ट्रसंघको महत्व नै छ कि छैन भने जस्तो स्थिति भएको छ । इराकका विरूद्ध जाइलाग्न जुन दोस्रो संकल्प प्रस्ताव आवश्यक छ भनिएको थियो, त्यो नल्याएर अमेरिकी सरकारले लडाईं छेड्नेबित्तिकै कमसेकम संयुक्त राष्ट्रसंघको महासचिवले राजीनामा गर्नुपर्थ्यो । र, अहिलेको विवाद भनेको आम गैर-सरकारी संस्थाले जस्तो संयुक्त राष्ट्रसंघले इराकभित्र विकासे काम गर्न पाउने कि नपाउने भन्नेमै सीमित हुन पुगेको छ । यसरी अहिले संयुक्त राष्ट्रसंघ एन.जि.ओ.को तहमा ओर्लिएको छ । तर विकासे काम पनि अमेरिकाको मातहतमा रहेरमात्र गर्न पाउने स्थिति बनेको छ ।

संसारमा शान्ति कायम गर्ने, सकेसम्म लडाईं हुन नदिने, हरेक राष्ट्रको आफ्नो संप्रभूतालाई संरक्षण दिने भन्ने संयुक्त राष्ट्रसंघको कर्तव्य र अधिकार इराकको सन्दर्भमा अहिले पूरै औचित्यहीन भएको छ ।

हामी सबै विश्वका समान हैसियत बोकेका नागरिक हौं कि, विश्वको मालिक-मुलुकका दास हौं भन्ने कुरा हामीजस्ता मुलुकका जनताले बुझ्नुपर्ने बेला आएको छ । विश्वको कुनै पनि मुलुक र त्यसका जनतालाई अमेरिका-इराक युद्धको यस घटनाले त्यसरी सोच्ने तहमा पुर्‍याउँछ । यो घटनाले खासगरी युरोपेली मुलुकका नागरिकहरूलाई नराम्ररी घोचेको छ । विश्वका श्रेष्ठ मुलुकका श्रेष्ठ नागरिकहरू हौं भन्ने स्थितिमा पुगेका युरोपका अधिकांश नागरिकहरूलाई अमेरिकाको यस्तो व्यवहारले ज्यादै चिन्तित तुल्याएको पनि छ । तर यस घटनाले हाम्रोजस्तो मुलुकका नागरिकहरूको आवाज एकदमै कमजोर बनाएको छ । अमेरिकी नागरिकहरूलगायत हामीजस्ता मुलुकका नागरिकहरूले अहिलेको संयुक्त राष्ट्रसंघको औचित्यहीनताको विरोधको सघनता र खास गरेर युरोपेली महासंघ कति संगठित भइरहन सक्छ, युरोपेली महासंघ र रूसबीच कार्यगत एकता हुन सक्छ वा सक्दैन, अबको विश्व संरचनाको निमित्त महत्वपूर्ण ठहरिने छन् ।

जनताको तहमा मात्र होइन, आर्थिक तथा सामरिक तहमा समेत प्रतिरोध गर्नसक्ने मुलुकहरूबाट कति वास्तविक प्रतिरोध हुन सक्छ, विश्वबाट आम विनाशकारी हतियारहरूको विनाश कति छिटो गर्न सकिन्छ वा सकिँदैन भन्ने प्रश्नहरूले र प्रतिरोधको दायरा र गहिराइले पनि निर्णय गर्नेछ- आगामी विश्व संरचनाको नक्शा कोर्नेछ । ❑


शुभकामना

नव वर्ष २०६० को उपलक्ष्यमा सम्पूर्ण देशवासी तथा हाम्रा समस्त ग्राहकवर्गमा मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड

शुभकामना

नव वर्ष २०६० को उपलक्ष्यमा हाम्रा समस्त ग्राहकवृन्दमा मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

डा. जनकलाल कर्माचार्य
कार्यकारी निर्देशक, तथा

नेपाल विद्युत प्राधिकरण
परिवार

नव वर्ष २०६० को उपलक्ष्यमा सम्पूर्ण देशवासी तथा हाम्रा समस्त उपभोक्त वर्गमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

KMM
काठमाण्डौ मैदा मिल्स प्रा. लि.
बालाजु औद्योगिक क्षेत्र, काठमाण्डौ

# विद्यार्थी संघर्ष

# मूल्यवृद्धिदेखि जनआन्दोलनसम्म

■ राजकुमार बराल



**माओवादीले** वार्ताको टेबलमा आउन युद्धविराम घोषणा गरिसकेपछि संसदीय राजनीतिक दलहरू असोज १८ को शाही घोषणाको विरूद्धमा आन्दोलन गर्ने तम्तयारी गरिरहेको बेला थियो । त्यही समयमा चन्द सरकारले पेट्रोलियम पदार्थको भारी मूल्य वृद्धि गरेर जन आक्रोशको बिऊ रोपेको थियो, त्यही बिऊ विद्यार्थी आन्दोलनको रूपमा पल्हाउन थाल्यो ।

शुरूमा शान्तिपूर्ण ढंगले उठेको विद्यार्थी आन्दोलन बुटवलमा प्रहरीको गोलीबाट ने.प्र.वि.यु.का विद्यार्थी नेता देवीलाल पौडेल चैत्र २५ गते नृसंश ढंगले मारिएपछि एक्कासी आगोको ज्वालाभैँ दन्क्यो । उक्त घटनापछि यो आन्दोलन नयाँ मागसहित नयाँ उँचाइमा उठ्यो । हप्तौं दिन बुटवल बन्द भयो । राजधानीका सडकमा विद्यार्थीहरूले टायर बाली सडक अवरूद्ध गरे, सडकमा जताततै राजतन्त्रविरोधी नाराहरू घन्कन शुरू भयो, दिनहुँजसो राजधानीका क्याम्पसहरू अगाडि भिडन्त शुरू भए । पुलिसमाथि विद्यार्थीहरूले ढुंगा बर्साउन थाले, पुलिसले विद्यार्थीमाथि लाठी । चन्द सरकारले ठूलो संख्यामा आन्दोलनकारी विद्यार्थीहरूलाई गिरफ्तार गर्‍यो । शान्तिपूर्ण रूपमा विस्तारै शैक्षिक क्षेत्रका माग लिएर अघि बढेको आन्दोलन राजनीतिक र हिंस्रक हुन पुग्यो ।

उत्कर्षमा पुगेको आन्दोलन मृत देवीलाल पौडेललाई शहीद घोषणा गरी हत्यारालाई कार्वाही गर्ने र उनको परिवारलाई उचित क्षतिपूर्ति दिनु पर्ने, आन्दोलनका क्रममा घाइते भएकाहरूलाई निःशुल्क उपचारको व्यवस्था गर्नु पर्ने, सम्पूर्ण बन्दी विद्यार्थी रिहा गर्नु पर्ने जस्ता नयाँ मागका साथ अघि बढ्यो । यस्तै, संयुक्त संघर्ष समिति बुटवलले राखेका ९ सूत्रीय मागहरू पूरा गर्नु पर्ने, संयुक्त विद्यार्थीका साझा मागहरू पूरा गर्नु पर्ने (यसअन्तर्गत सार्वजनिक, निजी विद्यालय, उच्च मा.वि., त्रि.वि. र महेन्द्र संस्कृत विश्वविद्यालय, अन्य विश्व विद्यालयसम्बन्धी र अन्य विषय गरी ५४ सूत्रीय मागहरू रहेका छन्) र विद्यालय हाताभित्र सेना प्रहरी हस्तक्षेप बन्द गरिनु पर्ने जस्ता शैक्षिक क्षेत्रका मागहरू पनि साथै लिएर उठ्यो ।

अखिल क्रान्तिकारीसहितको संयुक्त विद्यार्थी आन्दोलनमा निजी शैक्षिक संस्थाहरू बन्द गर्ने, अधिराज्यभरि मशाल जुलूस निकाल्ने, नेपाल बन्द गर्ने, पेटोल पम्प बन्द गर्ने, अनिश्चित कालसम्म क्याम्पस अगाडिबाट सरकारी र संस्थानका गाडीहरू गुड्न नदिने, सम्बन्धित निकायमा संयुक्त ५४ सूत्रीय माग प्रस्तुत गर्ने आन्दोलनका कार्यक्रमहरू एकपछि अर्को गर्दै शुरू भए ।

चन्द सरकारले आन्दोलन चर्को रूपमा अघि बढिसकेपछि विद्यार्थी नेताको हत्यामा संलग्न दोषीमाथि कार्वाही नगरी मन्त्रीमण्डलबाट निष्काशन गर्न पूर्व तयारी भैसकेका निर्माण तथा आपूर्तिमन्त्री महेशलाल प्रधान, शिक्षामन्त्री देवीप्रसाद ओझा तथा गृहमन्त्री धर्मबहादुर थापाको राजिनामाको नाटक गर्‍यो । मृतक पौडेलको परिवारलाई उचित क्षतिपूर्तिको रूपमा विद्यार्थीहरूले १५ लाख माग गरेकोमा चन्द सरकारले सरकारी संचार माध्यममार्फत् ५ लाख क्षतिपूर्ति दिएको घोषणा गर्‍यो, तर उप-प्रधानमन्त्री बद्रि मण्डलले बुटवल गएर १ लाखमात्र दिए । उक्त हत्या काण्डको छानवीन गर्न हत्या भएको दुई दिनपछि लाकेन्द्र मल्लिकको संयोजकत्वमा छानवीन आयोग गठन भए पनि त्यसले तुरून्त कुनै काम-कार्वाही अघि बढाएन । अहिले एक महिना बितिसक्दा पनि छानवीन प्रक्रिया अघि बढेको छैन । सरकारले बुटवल घटनापछि उचित क्षतिपूर्तिसहित विद्यार्थीका मागहरू पूरा गर्न सकेको भए आन्दोलन केही मत्थर हुने थियो, तर त्यसो भएन ।

चन्द सरकारले उत्कर्षमा पुगेको संयुक्त विद्यार्थी आन्दोलनबाट अखिल क्रान्तिकारीलाई अलग गरी आन्दोलन कमजोर बनाउने षडयन्त्र गर्‍यो । स्वविवु



**राजेन्द्र राई**
**अध्यक्ष, अनेरास्ववियु**

## आन्दोलनमा जानुपर्छ

❑ **अनेरास्ववियु, क्रान्तिकारी निर्वाचनमा जान किन नमानेको हो ?**

– अहिले क्रान्तिकारीहरुले स्ववियु निर्वाचनमा राम्रो परिणाम प्राप्त गर्न सक्दैनन् । त्यसबाट क्रान्तिकारी कमजोर छन् भन्ने मात्रै हैन, नेपालमा माओवादी आन्दोलनसमेत अलोकप्रिय छ भन्ने सन्देश जाने भएकाले उनीहरु चुनावमा जान नमानेको हुन् ।

❑ **मागहरु पूरा भए पनि प्रतिगमनविरुद्धको आन्दोलनमा सहभागी हुनुहुन्छ ?**

– हामी यो सरकारले हाम्रा मागहरु पुरा गरेन भने सरकार परिवर्तन गर्नुपर्छ भन्छौं । मागको महत्व र आन्दोलनको व्यापकताको हिसावमा पनि प्रतिगमनविरुद्धको आन्दोलन पहिलो हो । राजनीतिक पार्टीहरुले प्रतिगमनविरोधी आन्दोलन घोषणा नगरेको भए तत्काललाई माग पूरा भएपछि हाम्रा आन्दोलनका कार्यक्रमहरु रोकिने थिए । तर अहिले पार्टीहरुले जनआन्दोलनको घोषणा गरेकाले हामी प्रतिगमनविरोधी आन्दोलनमा जानुपर्छ । ❑

निर्वाचनको स्थगनपछि यसमा ऊ केही मात्रामा सफल पनि भयो । एकातिर स्ववियु निर्वाचनको स्थगनले अखिल क्रान्तिकारी र अन्य विद्यार्थी संगठनबीच फुट ल्यायो, अर्कोतिर निर्वाचन स्थगनको आक्रोश अन्य विद्यार्थी संगठनमा थपियो र आन्दोलन झन् चर्क्यो । संयुक्त विद्यार्थी आन्दोलनबाट क्रान्तिकारी बाहिरिएपछि सात विद्यार्थी संगठनबीच पनि फुट ल्याउन विभिन्न संगठनका विद्यार्थी नेताहरूलाई एक्लाएक्लै बोलाएर सानोतिनो सम्झौतामा आन्दोलन टुङ्ग्याउन पनि कोशिस नगरिएको होइन । हुन त संयुक्त विद्यार्थी संगठनबीच शुरूदेखि नै अर्न्तविरोध नभएको होइन । अखिल क्रान्तिकारीका अनुसार एमाले अनेरास्ववियुको मनसाय शुरूदेखि नै उसलाई आन्दोलनमा समावेश गराउने थिएन किनभने क्रान्तिकारीसहितको आन्दोलन संसदीय राजनीतिक दलहरूको स्वार्थअनुरूप चल्न सक्दैनथ्यो । यस्तै, चन्द सरकारले सद्भावना (मण्डल)को विद्यार्थी संगठन *नेपाल विद्यार्थी मञ्च* आन्दोलनबाट बाहिरिएको घोषणा गर्‍यो । तर उक्त विद्यार्थी संगठन आन्दोलनमा समावेश भएकै थिएन । माओवादी वार्ता टोलीका संयोजक बाबुराम भट्टराईले राजनीतिक दलहरूले विद्यार्थीलाई उचालेर वार्ता भाड्ने षडयन्त्र गरेका हुन् भने भनेर सरकारी सन्चार माध्यममार्फत् प्रचार गरियो । त्यो पनि राजनीतिक दलहरू र माओवादीबीच फाटो ल्याउने षडयन्त्र थियो ।

विद्यार्थी आन्दोलनको उठान र विकासको अर्को पनि कारण थियो । ठूला राजनीतिक दलहरू प्रतिगमनको विरूद्ध ०४६ सालका उपलब्धीहरूको रक्षाको लागि राजासँग प्रत्यक्ष संघर्ष गर्न पुगे र राजनीतिक भूमिकाको खोजिमा - साना पार्टीहरूले पनि संघर्षमा साथ दिए । फलाम तताउन आगो फुक्दै गरेको नेतृत्वलाई पेट्रोलियम पदार्थको मूल्य वृद्धिले थप मसला दियो । तर राजनीतिक पार्टीहरूले आफूले जनविश्वास गुमाएको अनुभव गरिरहेको बेला एक्कासी आन्दोलनको घोषणा गर्दा त्यो प्रभावकारी नभई फितलो भयो भने आफ्नो राजनीतिक भविष्य संकटमा पर्ला भनी अकर्मण्यतामा फसिरहेको बेला विद्यार्थी संगठनहरूले आन्दोलनमा रिहर्सल गर्न खोजे, बिस्तारै आन्दोलन उठ्यो । एकातिर बुटवलको घटनामा मारिएका ने.प्र.वि.यु.का विद्यार्थी नेता देवीलाल पौडेललाई गिरिजाप्रसाद कोइरालाले प्रतिगमन विरूद्धको पहिलो शहीद भन्ने घोषणा गर्नु, माधवकुमार नेपालले यो कास्टिङ मात्रै हो भन्नु, गिरफ्तार विद्यार्थीहरूलाई भेट्न पुलिस चौकी चौकी पुग्नु राजनीतिक दलहरूको विद्यार्थी आन्दोलनप्रतिको ढाढस थियो भने अर्कोतिर गिरफ्तार गरिएका विद्यार्थीहरूलाई सार्वजनिक अपराधको मुद्दा लगाउने, दमन गर्ने, आन्दोलनको विरूद्ध माईकिङ गर्ने, मोटर साइकल र्‍याली गर्ने र देशव्यापी सरकारी सुरक्षा फौज परिचालन गर्नेजस्ता चन्द सरकारका रवैया चुनौतिको रूपमा खडा थियो । यो ढाढस र दमन-षडयन्त्रले आन्दोलनलाई झन् चर्कायो ।

चन्द सरकारले विद्यार्थी आन्दोलन प्रतिगमन विरूद्धको आन्दोलनमा परिवर्तन भइसकेको अवस्थामा आलटाल गर्दै दुई पटकमा अहिले मट्टितेलमा रू. २८ बाट ४ रूपैयाँ घटाई २४, पेट्रोलमा रू. ५६ बाट २ रूपैयाँ घटाई ५४, डिजेल रू. ३५.५० बाट ४.५० रूपैयाँ घटाई ३१ मा झारेको छ । यसैगरी मट्टितेलमा विद्यार्थी तथा भाडामा बस्नेहरूका लागि घरबेटीको सिफारिसमा रू. २० मा हप्ताको दश लिटर सहुलियत दिने निर्णय गरेको छ । तर विद्यार्थी संगठनहरूले आन्दोलनको क्रममा राखेका मागहरू सबै पूरा भए पनि आन्दोलनलाई प्रतिगमनविरूद्धको आन्दोलनमा बदल्ने निर्णय गरेका छन् । तसर्थ सरकारले घटाएको न्यून मूल्यले आन्दोलन रोकिने देखिँदैन ।

वैशाख २१ गतेदेखि प्रतिगमनविरूद्धको आन्दोलनमा समावेश भएको विद्यार्थी आन्दोलनको दम मुख्य राजनीतिक पार्टीहरूको नेतृत्व गराइमा रहनेछ । प्रतिगामीहरूको षडयन्त्र बुझेर एकतालाई सहअस्तित्वको आधारमा कायम राख्न सके विद्यार्थी आन्दोलन पनि सशक्त जनआन्दोलनसँगै अघि जानेछ । ❑

## स्वायत्तता गुमेको त्रि.वि.



**गुरुराज घिमिरे**
**सभापति, नेपाल विद्यार्थी संघ**

**❑ अनेरास्ववियु क्रान्तिकारी निर्वाचनमा जान किन नमानेको हो ?**

-युद्धविरामपछि प्रारम्भ भएको शान्ति वार्ता टुङ्गोमा पुगोस् र राष्ट्रिय रूपमा ने.क.पा. माओवादीको भूमिका स्थापित होस्, त्यसपछि हाम्रा साथीहरू सार्वजनिक हुन्छन्, संगठन पनि बिस्तार हुन्छ अनि निर्वाचनमा जाँदा फलदायी हुन्छ भन्ने उहाँहरूको विश्लेषण हुनुपर्छ ।

**❑ त्रि.वि.ले विद्यार्थीका मागहरु पूरा गर्ने आश्वासन दिएको छैन ?**

- अहिले त्रिविको स्वायत्तता गुमेको अवस्था छ । त्रिवि. पदाधिकारीहरू पदाधिकारी हैनन्, सत्ताका दास भएका छन् । त्यसैले सरकारले माग पूरा गर्न निर्देशन दिन्छ कि दिँदैन, त्यसमा भर पर्छ ।

**❑ मागहरु पूरा भए पनि प्रतिगमन विरुद्धको आन्दोलनमा सहभागी हुनुहुन्छ ?**

- पार्टीको आदेशअनुसार प्रतिगमनविरोधी आन्दोलनमा सहभागी हुन्छौं । प्रमुख राजनीतिक पार्टीहरुले आन्दोलन थालेपछि विद्यार्थी आन्दोलन मुख्य आन्दोलन बन्दैन । ❑

## हामी मारिनु पनि जायज ?



**देवेन्द्र पराजुली,**
**अध्यक्ष, अनेरास्ववियु (क्रान्तिकारी)**

**❑ सरकार तथा त्रि.वि.सँगका तपाईहरुका मागहरु के के हुन् ?**

- नयाँ संविधानमै स्पष्ट किटान गरी शिक्षा राज्यको दायित्वभित्र पर्नुपर्छ । अर्को माग भनेको हाम्रा महासचिव पूर्ण पौडेललगायत बन्दी विद्यार्थीहरूको रिहाई गर्ने, घाइतेहरूको औषधी उपचार गर्ने, झुठा मुद्दा खारेज गर्ने र शिक्षण संस्थाभित्र सेना र प्रहरीको हस्तक्षेप रोकिनुपर्छ भन्ने हो ।

**❑ निर्वाचनमा जान किन नमानेको ?**

- हामी स्ववियु निर्वाचनमा जान तयार नभएको हैन, तर स्ववियु निर्वाचनमा जाने वातावरणको सृजना त्रिवि. प्रशासनले गर्न सकेन । स्थिति यथावत् रहेको र न्यूनतम रूपमा हाम्रा केन्द्रीय समितिका १० जनाको स्थिति सार्वजनिक गरेमा हामी निर्वाचनमा जान सक्छौं भन्दा पनि त्रि.वि.ले त्यो माग पूरा गर्न सकेन । स्ववियु निर्वाचन स्थगित गर्न हामीलाई पनि प्रिय लागेको थिएन ।

**❑ मारिइसकेका विद्यार्थीहरुको निहुँ बनाएर खोचे थापेको हो भन्छन् नि ?**

- आन्दोलनमा बलिदान अपरिहार्य हुन्छ र त्यो बलिदानको जगमा नै आन्दोलन सुदृढ बन्दै बिजय हासिल हुने हो भन्ने मान्यतामा हामी स्पष्ट छौं । हाम्रा साथीहरूले शदाहत प्राप्त गरेको भए सगर्व शहीद घोषणा गर्ने थियौं ।

**❑ क्रान्तिकारीले पराजय हुने देखेर निर्वाचन हुन नदिएको हो भन्छन् नि ?**

- हामीले संघर्षको क्रममा धेरै पराजयलाई बेहोर्दै त्यसलाई विजय प्राप्त गर्ने खुड्किलोको रूपमा बुझिरहेका छौं । अनेरास्ववियु क्रान्तिकारीले पढ्न पाउनुपर्छ । क्रान्तिकारी भएपछि मारिनु पनि जायज, बेपत्ता पारिनु पनि जायज, पढ्न नपाउनु पनि ठीकै हो भन्ने मान्यतालाई अहिले शासकहरूले स्थापित गर्न खोजेका छन् । त्यो मान्यतालाई बल पुऱ्याउने काम अहिले एमाले अनेरास्ववियु लगायतका विद्यार्थी संगठनहरूले गरिरहेका छन् । कलेजहरूमा हाम्रा साथीहरू भर्ना हुन नपाए पनि हाम्रा शुभचिन्तक समर्थक प्रशस्त थिए । तर हामीले क्रान्तिकारी भएकै आधारमा पढ्न नपाउने स्थितिको अन्त्य हुनुपर्छ भन्ने कुरा स्थापना गर्न खोजेका हौं ।

**❑ वार्ताकार्यदलले के काम गरिरहेको छ ?**

- यस्ता कार्यदलहरू धेरै बनिसके । कुनै पनि कार्यदलले विद्यार्थीको पक्षमा काम गरेन । त्यसैले यो कार्यदलको कुनै औचित्य छैन । त्रि.वि.सँग गरेको सम्झौता कार्यान्वयन गर्ने इमान्दारिता नदेखाएकाले उनीहरुसँग वार्ता गर्नु र निष्कर्ष निकाल्नुको औचित्य छैन ।

**❑ संयुक्त आन्दोलनमा सहभागी हुने सोच छैन ?**

- हामी कुनै न कुनै रूपमा सहभागी नै त बनेका छौं नि !

# प्रतिगमनविरोधी जन-आन्दोलनको सफलताको पूर्वशर्त

■ हरिगोविन्द लुइँटेल

**गत वैशाख २१ गते** काठमाण्डौमा ५ संसदीय राजनीतिक दलहरुले जनआन्दोलनको घोषणासभा गर्ने व्यापक तयारी गरिरहेको एक दिनअघि २० गते प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले पार्टीहरुलाई ललकार्दै भने- "संभव छ भने दिनको दश पटक गर्नुहोस् । त्यस्ता सभाहरुले कुनै फरक पार्नेवाला छैन ।"

राजाद्वारा प्र.मं. नियुक्त लोकेन्द्रबहादुर चन्दको यो भनाइमा वर्तमान राजाको सहमति थियो कि थिएन वा यस भनाइमा राजाले जिम्मेवारी लिनुपर्छ वा पर्दैन भन्ने सन्दर्भतर्फ नजाने हो भने पनि प्रष्ट कुरा के हो भने, चन्दले विश्व प्रेस दिवसको अवसरमा नेपाल पत्रकार महासंघको कार्यक्रममा बोल्दै सार्वजनिक रुपमा दिएको यो जनविरोधी चुनौतिले वास्तवमा नेपालका पार्टीहरुको आँट र इज्जतमाथि 'धावा' पनि बोलेको छ । वास्तवमा सभा, जुलूसले तानाशाहहरुलाई खासै असर गर्दैन नै । यस अर्थमा लोकेन्द्रबहादुर चन्दको भनाइले यो नांगो सत्यको पर्दाफास गरेको छ । यो भनाइले पार्टीहरुलाई 'लातको भूत वातले मान्दैन' उखानअनुरुप आन्दोलनको 'वात', हैन, माओवादीको जस्तो बन्दूकको 'लात' बोकेर आउन उकासेको पनि प्रष्ट छ । यस्तो गैरजिम्मेवार उक्साहट झेल्दै भोलिपल्ट २१ गतेदेखि ने.का., एमाले, जनमोर्चा नेपाल, नेमकिपा र नेपाल सद्भावना पार्टी (आनन्दीदेवी समूह)ले प्रतिगमनविरुद्ध भनेर आन्दोलनको घोषणा गर्न जुन 'विशाल' भनिएको आमसभा गरे, त्यसमा जनसहभागिता चर्चा गरेजति विशाल नदेखिए पनि 'संयुक्तता'को भावनाले ल्याउने एक प्रकारको हलचल भने त्यसले पैदा गर्‍यो । त्यसमा १८ असोज यताको राजाका प्रतिगामी कदमहरुविरुद्ध कडा र स्पष्ट भनाइहरु प्रस्तुत गरेका गिरिजाप्रसाद कोइराला, माधवकुमार नेपाल, अमिक शेरचनलगायतका नेताहरुलाई घोषित पहिलो चरणका सबै कार्यक्रमहरुमा र दोस्रो चरणका शुरुका कार्यक्रमहरुमा मूलतः आफ्ना कार्यकर्ताहरुको मात्र साथ प्राप्त भयो । आमजनता अझै 'पर्खने र हेर्ने' मुडमा रहेको देखिए पनि आन्दोलनको क्रममा लागेका राजाविरोधी कडा नाराहरु लोकप्रिय हुन पुग्नुले पार्टीहरु लोकप्रिय नभएझैं आखिर राजाप्रति पनि जनता सन्तुष्ट नभएको खुला संकेत भने गरेरै छाडेको छ । विगत १२ वर्षमा पार्टीहरुको भूमिकाविरुद्ध कहिले आफैं बोल्ने, कहिले प्र.म. चन्दमार्फत् बोल्ने वा कहिले सेनामार्फत् बोल्ने राजाका सामु आफ्नै प्रत्यक्ष सक्रियताका विगत करिब ८ महिनाको शासनमा पनि कुनै सकारात्मक जनपक्षीय लक्षण देखाउन नसकेको ताजा इतिहासले गतिलो जवाफ दिइरहेको देखिन्छ । २०४६ अघिका कुख्यात भूमिगत गिरोहको नाइके शरदचन्द शाहलाई आफूले चालीसौं हजार रुपियाँ प्रतिमहिना खुवाएर 'सल्लाहकार'को रुपमा काम लगाएको कुरा ६ महिनापछि हालैमात्र आएर खोल्ने 'पारदर्शीताको महान पक्षधर' चन्द सरकारका पंगुपनाहरु राजाको 'सक्षमता'को भण्डाफोर गर्न यतिखेर स्वयं सक्रिय छन् । यीबाहेक पूर्वपंचहरु, मण्डलेहरु र केही भाट बुद्धिजीवीहरुद्वारा दलीय आन्दोलनविरुद्ध प्रदर्शित प्रतिकार चेष्टाहरु पनि प्रकारान्तरले राजाकै विपक्षमा सक्रिय छन् ।



*बुद्ध जयन्तीको दिन जेठ २ गते आन्दोलन र शान्तिको पक्षमा परेवा उडाउँदै नेताहरु*

यिनका नैतिक बलहीन स्याल हुइयाँहरुबीच साँच्चै पाँच पार्टीको संयुक्त जनआन्दोलनको चाहिं नैतिक बल कति छ त ? यो प्रश्न आजको अहं प्रश्न भएर खडा भएको छ । जनता मूलतः कांग्रेस, एमाले र सद्भावना पार्टीलाई यिनका विगतका शासनकालमा असक्षमता र सामन्तवाद साम्राज्यवाद पक्षधर रवैयाहरु सम्झाउँदै तिनमाथि खुला आत्मालोचना गरी आगामी दिनको लागि जनपक्षीय प्रष्टता एवं प्रतिवद्धताको माग गरिरहेछ । यो काम उनीहरुले गरेका छैनन् । यसैगरी जनता र आफ्नै कार्यकर्ताहरु पनि आज यी पार्टीहरुलाई संसद पुनर्स्थापना वा सवर्दलीय सरकार प्रकारका आफ्ना हालका यथास्थितिवादी मागहरुमै संशोधन गरी माओवादी मागमा साथ दिएर अग्रगामी निकास दिन अग्रसर हुने दवाव दिइरहेछन् । त्यस स्थितिमा नेतृत्वले ल्याएका आन्दोलनका कार्यक्रमहरुमा कार्यकर्ता अंश-मनले सामेल भैरहेको छ ।

यसैक्रममा गत वैशाख २५ गते सडकमा २० मिनेट मौनधारणसहितको र्‍यालीद्वारा प्रथम चरणको आन्दोलन शुरुवात गर्दा 'यो आन्दोलन आफ्नो लक्ष्यमा सफल भएर इतिहासमा स्वर्ण अक्षरले लेखिने विश्वास' ने.का. नेता गिरिजाप्रसाद कोइरालाले व्यक्त गरे । २६ गतेको देशभरिको कालो झण्डासहितको जुलूस प्रदर्शनमा 'सार्वभौम अधिकार जनतामा पुनर्वहाली नगरे राजतन्त्र नै समाप्त हुने चेतावनी' आन्दोलनकारीहरुले दिए । 'मुलुकबाट सक्रिय राजतन्त्रको चेष्टालाई सदाका निम्ति अन्त गर्नु' आफ्नो उद्देश्य रहेको दावी गर्दै गिरिजाप्रसाद-माधवकुमार नेपाल लगायतका नेताहरुले 'निरंकुश राजतन्त्र चाहिँदैन, प्रतिगामी शाही कदम चाहिँदैन'को नारा घन्काए । 'जनआन्दोलन ०४६ को उपलब्धीको रक्षा गरौं' भन्ने क. मोहनविक्रमको हालको मूल नारा पनि जुलूसले संयुक्त रुपमा लगायो ।

यसैबीच विगतमा राजाको पाउमा सबै अधिकार चढाएर राजाबाटै असक्षम सावित भएको शेरबहादुर समूहले पनि गत २६ वैशाखमा सदरमुकामहरुमा जुलूस गरी प्रतिगमनको विरोधमा आफू पनि छेउतिर



नेताहरूको सम्पत्ति छानवीन थाल्नुले देखाएको छ– दरवार नेताहरूको तेजोवध गरेर यो आन्दोनललाई शिथिल तुल्याउन चाहन्छ ।

*वैशाखको अन्तिम साता रत्नपार्कमा पाखुरामा कालोपट्टी बाँधी विरोध प्रदर्शन गर्दै नेताहरु*

कतै खडा रहेको सूचना जनता छेऊ जारी गऱ्यो ।

२७ वैशाखको प्रतिगमनको पुतला जलाउने कार्यक्रमदेखि भने चन्द सरकारले आफ्नो सक्कली 'मण्डले स्वरुप' प्रदर्शन गर्दै २०४६ को आन्दोलनमा मरिचमानले दर्शाएजस्तै व्यवहार दर्शाउन थालेको देखिन्छ । गृह मन्त्रालयमार्फत् सरकारले पुतला, मसाल बाल्न नपाइने र 'जथाभावी नाराबाजी गर्न नपाइने' सूचना जारी गऱ्यो । यसको अवज्ञामा भएको पुतला जलाउने कार्यक्रममा काठमाण्डौमा व्यापक सेना र प्रहरी परिचालन गरियो भने नेपालगंजमा डेढ दर्जन आन्दोनलकारीहरु घाइते पारिए, सात जनालाई सेनाले पक्रेर प्रहरीको जिम्मा लगायो भने सल्यान, इलाम, राजविराज, बारा, म्याग्दी, सर्लाही, हेटौंडा, भोजपुरलगायतका जुलूसहरुमा हस्तक्षेप गरियो । मुठभेड र लाठीचार्ज भयो । यो क्रम २८ गते आइपुग्दा काठमाण्डौमा ने.का. महामन्त्री शुसील कोइराला र प्रवक्ता अर्जुन नरसिंह के.सी., एमालेका स्थायी समिति सदस्य अमृत बोहरा र के.सं. प्रदिप ज्ञवाली लगायतमाथि ठाडो लाठी चार्जमा फेरियो । शंकर पाण्डे, रामचन्द्र तिवारी, विजय माली, पुरुराज घिमिरे, रुपनारायण श्रेष्ठ, राजेन्द्र राई, नवराज सुवेदी (जनमोर्चा), भरत विमल यादव (सद्भावना)समेत घाइते भए । मशाल जुलूसमाथि ठाडै अन्धाधुन्ध लाठी चार्ज गर्दै, पिट्दै घिसार्दै गरी सरकारले निर्दयतापूर्वक प्रहार गरेको यो घटना अधिराज्यका धेरै ठाउँहरुमा दोहोरियो । २९ गते यसको विरोधमा थप प्रदर्शन गरी साँझ आधा घण्टा 'ब्लाक आउट' कार्यक्रम सम्पन्न गरियो । यही दिन दोस्रो चरणको आन्दोलनको घोषणा गर्दाको क्षणमा घाइते नेताहरु पट्टी बाँधेका हात र टाउकाहरु लिएर पत्रकार सम्मेलनमा उपस्थित थिए । स्वयं गिरिजा र माधव नेपालहरु यस दिन पाखुरामा कालो पट्टीसहित सडकमा पलैंटी कसे ।


बैशाख ३० र ३१ गते सरकारी र सरकारी स्वामित्वका गाडीहरु चल्न नदिने कार्यक्रमले सडकमा जुन सन्सनी पैदा गऱ्यो, जेठ १ गतेको विद्यार्थी जुलूसमाथिको लाठी चार्जले त्यसमा आक्रोश थप्ने काम गऱ्यो । दोस्रो चरणको पहिलो दिन जेठ २ गते बुद्ध जयन्तीको दिन ७५ जिल्लाका सदरमुकाममा शान्ति ऱ्याली र प्रार्थना सभाले यसलाई केही शान्त स्वरुप प्रदान गऱ्यो । जेठ ५ गते गा.वि.स. र न.पा.हरुमा र ७ गते जिविसहरुमा धर्ना दिने र स्थानीय पूर्व जनप्रतिनिधिहरुको परिषद् बोलाई विरोध प्रस्ताव पास गर्ने, जेठ ८ गते जिल्ला प्रशासन घेराऊ र विरोधसभा गर्ने, जेठ ११ गते राजमार्गमा विरोध ऱ्याली र सभा गर्नेलगायत अन्य स्थानीय कार्यक्रमहरु गर्ने योजनाबमोजिम चलिराखेको यो आन्दोलनले कस्तो स्वरुप लेला र कस्तो प्रभाव छाड्ला भन्नेमा यसै भन्न सकिने स्थिति छैन । वैशाख ३१ गते काठमाण्डौको रत्नपार्कस्थित विद्युत प्राधिकरणको बागबजारतिरको चर्चित भित्तालाई 'डेमोक्रेसी वाल' नामाकरण गरिएको घटनालाई समेत ठूलो आपत्ति जनाई लाठी हान्न जाने वर्तमान दरवारिया सरकारले भोलिका दिनहरुमा कस्तो रवैया अपनाउला ? – करिव करिव प्रष्ट नै छ ।

यसैबीच संपत्ति छानवीन आयोगको प्रतिवेदनको आधारमा गिरिजाप्रसाद, अर्जुन नरसिंहलगायतका कांग्रेसी नेताहरु र एमालेलगायत अन्य समूहका नेताहरुमाथि पनि अख्तियारले छानवीन थाल्न शुरुवात गर्ने प्रसंगले देखाएको छ– दरवार नेताहरुको तेजोवध गरेर यो आन्दोनललाई शिथिल तुल्याउन चाहन्छ । वास्तवमा विगत २०४६ पछि दरवारकै आग्रहबमोजिम 'मल्लिक आयोग'को प्रतिवेदन लागु नगरेर दरवार रिझाउन उद्यत दलीय नेताहरुले आज आफूमाथि दरवारले निहुँ खोजेको देख्दा बल्ल यिनीहरु हिजोको आफ्नो गल्तीमा पछुताउ अनुभव गर्दै होलान् भन्ने अनुमान आम जनताको रहेको छ ।

दरवारले खोजेको यस्तो निहुँका जवाफहरु खोज्दै नेताहरुले यो आन्दोलनलाई अगाडि बढाउने हो भने ११ वाम समूहको बैठकले यस आन्दोलनलाई र माओवादी वार्तालाई समेत सकारात्मक दिशामा लान पहल गर्ने जेठ २ गते गरेको निर्णयजस्ता घटनाहरुले यसमा बल थप्ने चाहिं देखिएको छ ।

अब जनता र कार्यकर्ताको अंश-मनबाट मात्र हैन, पूर्ण समर्थनबाट आन्दोलन अगाडि बढाउने हो भने नेतृत्वले आन्दोलनको रुपका बारेमा मात्र हैन, यसको अन्तरवस्तुमै पुनर्विचार गर्नुपर्छ। एक, विगतका कमजोरीप्रति आत्मालोचना र भविष्यमा त्यो नदोहोरिने प्रतिबद्धता । दुई, आन्दोलनको मागलाई यथास्थितिवादी हैन, अग्रगामी बनाउने प्रष्टतापूर्ण बाचा । यी अन्तरवस्तुहरुले मात्र आन्दोलनलाई सफलताको दिशामा अघि बढाउने छन् । ❑


समाजवादको पराजयका कारणहरु खोतल्दै २१ औं शताब्दीलाई समाजवादको शताब्दीमा फेर्न खोज्नेहरुका लागि उपयोगी पुस्तक




○ के महान् वैज्ञानिक अल्बर्ट आइन्स्टाइन समाजवादी हुनुहुन्थ्यो ? समाजवादसम्बन्धी उहाँको विचार कस्तो थियो ?

■ अर्जेन्टिनामा जन्मी क्यूबामा क्रान्ति गरेका चे ग्वेभाराले २१ औं शताब्दीका लागि कस्ता खालका समाजवाद र नवमानवको कल्पना गर्नुभएको थियो ?

● उत्पीडितहरुको शिक्षाशास्त्र विकास गरेका शिक्षाशास्त्री पाउलो फ्रेरेले कस्तो चिन्तन र चरित्र भएका समाजवादी नायकहरुको सपना देख्नुभएको थियो ?

**समाजवादको सपना**

बजारमा उपलब्ध छ ।




नेपालमा चलिरहेको जनयुद्धका समर्थकदेखि विरोधीहरूका लागि समेत अध्ययनयोग्य पुस्तक

**चार दशक लामो कोलम्बियाली जनयुद्धको अनुभव र शान्तिवार्ताका दस्तावेजहरूको नालीबेली चाँडै प्रकाशित हुँदैछ**

प्रकाशक : संवाद

वितरक : अन्तर्क्रिया प्रकाशन प्रा.लि.

१५ पेजको बाँकी

सस्थाहरूको वर्तमान व्यवस्थालाई खारेज गर्ने । राजसस्थाको अधीनस्त रहँदै आएको शाही नेपाली सेनालाई राष्ट्रिय सेनामा रूपान्तर गरी जन निर्वाचित सरकारको अधीनस्थ ल्याउने ।

५. संविधानको प्रस्तावना लगायत संविधानका आधारभूत प्रश्नहरूलाई जनमत संग्रहका माध्यमबाट परिवर्तन गर्न सक्ने व्यवस्था राख्ने ।

६. सम्वैधानिक अंगका प्रमुखहरू र न्यायाधिशको नियुक्तिमा सार्वजनिक सुनुवाईको व्यवस्था गर्ने र संसदको सिफारिसमा नियुक्तिको व्यवस्था गर्ने ।

७. राज्य धर्मनिरपेक्ष र लोक कल्याणकारी चरित्रको हुनेछ । शिक्षा, स्वास्थ, रोजगार र मनोरञ्जनलाई जनताको मौलिक अधिकारको रूपमा व्यवस्था गर्ने । संविधानमा मौलिक अधिकारका साथै श्रम गर्ने, राष्ट्रलाई माया गर्ने र राष्ट्रको सुरक्षाका लागि शारीरिक रूपले सक्षम व्यक्तिहरूले आवश्यकता परेको अवस्थामा अनिवार्य सैन्यसेवा दिनुपर्ने व्यवस्था राख्ने ।

८. लिङ्ग भेद, जातिभेद र छुवाछूत जस्ता कुप्रथा र कुसंस्कारको अन्त्य गर्ने । सबै प्रकारका आर्थिक-समाजिक शोषणलाई अन्त्य गर्ने ।


९. बहुदलीय प्रतिस्पर्धा, आवाधिक निर्वाचन, वालिग मताधिकार, कानूनको शासन, वाक तथा प्रेस स्वतन्त्रता, मौलिक हक र मानव अधिकारका जस्ता सर्व स्वीकृत मान्यताहरूलाई ग्रहण गर्ने ।

१०. क्रान्तिकारी भुमिसुधार, नागरिकता समस्या जस्ता प्रश्नहरूको सम्वैधानिक समाधान दिने ।

११. नेपालको सिमाको रक्षा, प्राकृतिक सम्पदाको संरक्षण गर्ने, दीर्घकालीन प्रकृतिका द्विपक्षीय र बहुपक्षीय सन्धि र संझौताको सदनको दुई तिहाइबाट अनुमोदन हुनु पर्ने व्यवस्थालाई सुदृढ गर्ने ।

यी र यस्ता विषयहरू समाविष्ट भएको संविधानको निर्माण र त्यस अनुरूप राज्यसत्ताको संचालन समयको माग हो । मुलुक अहिलेको अवस्थामा अघि बढ्न सक्तैन भन्ने कुरा सबैले स्विकारीसकेको सत्य हो । विधि र प्रक्रियामा रहेका मतभेदका कारणले समस्या जस्ताका तस्तै रहने कुरा नेपाली जनताका लागि स्वीकार्य कुरा होइन । वर्तमान समयमा प्रक्रियाका विषयमा मतमतान्तर गरेर अग्रगमनमा जाने परिस्थितिलाई गुमाउनु भनेको शान्तिको प्रक्रियालाई सफल हुन नदिनु हो र प्रतिगमनका आधारहरूलाई बलियो बनाउनु नै हो । वर्तमान समयमा माओवादी पक्ष दलहरूको सहयोगविना वार्ताको टेबुलमा बस्नु भनेको या त प्रतिगमनका सामु झुक्न तयार हुनु हो, या त सरकार र माओवादी बीचमा सुरू भएको शान्ति वार्ता बिथोलिएर मुलुक भयंकर गृहयुद्धमा फस्नु हो । माओवादी पक्ष प्रतिगमनका सामु झुक्नु वा वार्ताबाट हट्न बाध्य हुनु भनेको हरेक हिसावले प्रजातन्त्रको भविष्य संकटमा पर्नु नै हो । यस प्रकारको अवस्थालाई ध्यानमा राखेर मूलधारका राजनीतिक दलहरू र माओवादीले माथि उल्लेखित विषयमा सहमति कायम राखेर वार्ता र आन्दोलन दुबैलाई उपरोक्त एजेण्डामा अघि बढाउने प्रयास गर्नु पर्दछ । यस प्रकारको प्रयासले नै यथार्थमा मुलुकलाई शान्ति, प्रजातन्त्र र अग्रगमनको दिशामा अघि बढाउन सक्दछ । अग्रगमनका एजेण्डाहरूमा राजनीतिक दलहरूका बीचमा सहमति कायम हुने हो भने त्यसलाई हासिल गर्ने प्रक्रिया र विधि त्यति ठूलो कुरा होइन । तर पनि असल उद्देश्य प्राप्तिका लागि पनि असल विधि प्रयोग स्वभाविक कुरा हो । दलहरूको एकताबद्ध प्रयास अघि बढ्ने हो भने जनताको बीचमा गएर जनअनुमोदन हुने संविधानसभाको चुनावको विधिलाई प्रयोग गर्ने कुरा सबैका लागि ग्रहणीय नै हुनेछ । तसर्थ विधि र प्रक्रियामा बहस गर्नु भन्दा पहिले अग्रगामी परिवर्तनको एजेण्डामा सहमति जुटाउने प्रयास गरौं । यसबाट नै आपसी अविश्वास हट्न गई विधि र प्रक्रियामा समेत सहमति जुट्न सक्नेछ र मुलुकले पनि शान्ति र प्रजातन्त्रको मार्गबाट अग्रगमन हासिल गर्न सफल हुनेछ । इतिहासको खास मोडमा मात्र अग्रगमनको आधार तयार हुन्छ । अहिले विभिन्न कारणले त्यो सम्भावना प्रकट भएको छ । हामी सबै राजनीतिक मतभेद र संकीर्णताबाट मुक्त भएर अग्रगमनको प्रक्रियालाई सार्थक बनाउन एकताबद्ध प्रयासमा जुटौं । ❑


नेपालको एकमात्र केबुलकार
मनकामना जाने सपना साकार




तल्लो स्टेशनमा रहेको रेष्टुरेंमा स्वादिष्ट नेपाली, भारतीय, र कन्टिनेन्टल खानाहरुको मजा लिन सकिन्छ । मनकामना माईको दर्शन गरेर फर्कँदा नदिको बहाव हेर्दै विश्राम गर्नको लागी यो अत्यन्तै रमाइलो र उपयुक्त छ ।

तल्लो स्टेशनमै रहेका खेलहरुले बालबालिकाहरुको मनोरञ्जन गर्दछन् भने यात्राको सम्झना सधैं ताजा राख्ने सोभिनीयरहरु पाईने पसल पनि छ ।

## मनकामना केबुलकार

मनकामना देवीले सम्पूर्ण मनोकाक्षा पूरा गर्छिन् भन्ने जनविश्वास शताब्दीयौं देखि रहेको पाइन्छ । यसै उच्च भावनाको कदर गर्दै सञ्चालन गरिएको नेपालको पहिलो र एकमात्र केबुलकार सेवाले मनकामना क्षेत्रको धार्मिक र पर्यटकीय महत्वलाई अझ विस्तारित र व्यापक बनाएको छ । विश्व प्रसिद्ध अष्ट्रियाली कपनी डोपलमायरद्वारा जडान गरिएको अत्याधुनिक प्रविधियुक्त हाम्रो केबुलकारको यात्रा आफैमा एक अविस्मरणीय अनुभव हुन पुगेको छ ।

**मनकामना दर्शन (प्रा) लि.**
**MANAKAMANA DARSHAN (P.) LTD.**
पो.ब.नं. ४४१६, नक्साल नागपोखरी, काठमांडौं, नेपाल । फोन: ४३४६९०, ४३४६४८ फ्याक्स: ९७७-१-४३४५१५
Email: mdpl@chitawoncoe.com, mc‚lstn@chitawoncoe.com Website: www.chitawoncoe.com/manakamana

DPI/mdpl/010714b



# वार्तामा सबैभन्दा चाम्रो एजेण्डा के होला ?

– रामबहादुर थापा 'बादल'

- प्रतिगमनलाई हटाइसकेपछि अग्रगमनको लागि बाटो के हो भन्ने बारेमा पार्टीहरू स्पष्ट छैनन्
- धोका भएमा अग्रगमनको लागि भिन्नै प्रक्रिया पनि शुरूवात हुनसक्छ
- तथ्यले के देखाउँछ भने शाही सेना कहिल्यै पनि जनताको र जनप्रतिनिधि-हरूको अधीनमा रहेको छैन
- हामीबाट नकारात्मक काम हुन गएमा हामीविरूद्ध विद्रोह गर्न हामी अहिले नै जनतामा अपील गर्दछौं

**❍ तपाईंहरु आचारसंहिताको कार्यान्वयन, त्यसको रेखदेखका लागि अनुगमन टोली निर्माण आदिको प्रसंगमा व्यस्त हुनुहुन्छ । तर यसैबीच तपाईंहरुबाट पनि अपहरण र दमन-थुनछेकका घटना भैरहेकै छन् नि !**

– स्पष्ट रूपमा देखापरेको कुरा के हो भने सत्ता पक्षले आचारसंहिताको गंभीर उल्लंघन गरिरहेको छ । केही समय अघिमात्र ओखलढुंगामा हाम्रा दुई जना कमरेडहरू शहीद हुनु भएको छ, पश्चिमतिर पनि हाम्रा एकजना जिम्मेवार कमरेडलाई उनीहरूले हत्या गरेका छन् । मकवानपुरमा दुई जना विद्यार्थीहरूको हत्या भएको घटना पनि धेरै गंभीर घटना हो । यसका साथै सेनाले मिडियाहरूबाट वार्तामा दवाब हाल्ने र वार्ताको सहमतिलाई उल्ट्याउने खालका र आचारसंहिता उल्लंघन हुने खालका कामहरू गरिरहेको छ । हामीले सत्तापक्षलाई यस्ता गतिविधि रोक्न भनेका छौं । तर यसले गंभीरतापूर्वक नलिएको हामीलाई लागेको छ ।

जहाँसम्म, हाम्रो पक्षले आचारसंहिता उल्लंघन गर्‍यो भन्ने प्रश्न छ, यदि त्यो ठोस रूपमा प्रमाणसहित आउंछ भने हामी त्यसलाई इमान्दारपूर्वक सच्याउने छौं । हाम्रो नीति आचारसंहितालाई उल्लंघन गर्ने भन्ने छैन, बरू त्यसलाई कडाइपूर्वक पालना गर्ने भन्ने छ । र, त्यसरीमात्र एउटा सार्थक परिणाममा पुग्न सकिन्छ भन्ने हाम्रो दृढ मान्यता हो ।

**❍ अहिले केही स्थानीय मानिसहरुलाई अपहरण गरियो भन्ने सूचनाहरु मिडियाहरुमा आइरहेका छन् । के तपाईंहरुसँग ती कुराहरुको आधिकारिक सूचना प्राप्त छैन ?**

– त्यस प्रकारको आधिकारिक सूचना हामीकहाँ आइपुगेको छैन । तर यी कुराहरू हामीले पनि पत्रपत्रिकाहरू तथा अन्य मिडियाहरूबाट सुनेका छौं । यस सन्दर्भमा सम्बन्धित ठाउँमा हामीले त्यसबारे छानवीन गरी तथ्य कुरा पठाउन निर्देशन दिइसकेका छौं । साथै यदि त्यस्तो भएको सत्य हो भने त्यसलाई तत्काल सच्याउन निर्देशन पठाइसकेका छौं । तर छानवीनको क्रममा हामीले के पाएका छौं भने कतिपय ठाउँहरूमा हामीप्रति नकारात्मक भावना पैदा गराउने नियतले अरू कसैले त्यस्तो क्रियाकलाप गरेका छन् । त्यसैले यस्ता क्रियाकलापहरूलाई सच्याउने भनेको आम जनतालाई संलग्न र सहभागी बनाएर नै सम्भव हुने हुन्छ । र, सत्ता पक्षको इलाकामा त्यस्तो भएको छ भने आचारसंहिता र त्यसको मूल्य मान्यतालाई कडाइपूर्वक लागु गरेर पनि त्यसलाई सच्याउन सकिन्छ । हाम्रो पक्षबाट आचारसंहिता लागु गराउन सबै प्रयासहरू भइरहेका छन् ।

**❍ अहिलेको युद्धविरामपछि पनि तपाईंहरुको सेनाले हतियार बोकेर हिंड्दा शाही सेनासँग कतिपय ठाउँमा झडप भएको छ । सत्ता पक्षका मान्छेहरु तपाईंहरुको सेनाले त्यसरी हतियार बोकेर हिंड्नु हुँदैन भनिरहेछन् । यसमा तपाईंहरुको भनाइ के छ ?**

– अहिले हाम्रो सेनाले हतियार बोकेर मार्चपास गरिरहेको छैन । हाम्रो स्पष्ट निर्देशन के छ भने त्यस्तो प्रकारको उत्तेजक गतिविधि अहिले कुनै पनि गरिनु हुँदैन । अर्को कुरा के छ भने हाम्रो सेना अर्थात् जनमुक्ति सेनाको कुनै स्थायी व्यारेक छैन । उसको व्यारेक भनेको नै जनता हो । उनीहरू जनताको बीचमा बस्ने हो र त्यहीं काम गरेर जनताको सेवा गर्ने हो । त्यसैले कतिपय ठाउँमा हतियारसहित उनीहरू बसेका हुन सक्छन् । किनभने सेना भन्ने बित्तिकै हतियार त आउँछ नै । युद्धविराम भन्दैमा उसले हतियारलाई जमिनमुनि दबाउने कुरा त आउँदैन नि । तर हाम्रो स्पष्ट नीति भनेको हतियारवद्ध भएर कुनै पनि गतिविधि नगर्ने भन्ने हो । यदि त्यस्तो ठोस घटना कहीं कतै हुन पुगेको छ भने त्यसलाई रोक्न सकारात्मक पाइला चाल्न हामी प्रतिवद्ध छौं ।

**❍ आचारसंहिता कार्यान्वयनको सम्बन्धमा भर्खरै गठित अनुगमन समितिले कस्तो भूमिका निर्वाह गर्ला ?**

– आचारसंहिता आइसकेपछि त्यसलाई कार्यान्वयन गर्ने कुरा गम्भीर रूपमा अगाडि आयो । तर सत्ता पक्षबाट त्यसको गम्भीर उल्लंघन भइरहेको छ । त्यसलाई रोक्न तुरून्त अनुगमन टोली बन्नुपर्छ भन्ने कुरा हामीले शुरूदेखि नै भन्दै आएका हौं । अहिले त्यो पनि बनिसकेको छ । तर त्यतिनै मात्र आचारसंहिता पालना गराउनमा पर्याप्त हुन्छ भन्ने लाग्दैन । त्यसको लागि नागरिक समाजबाट पनि सचेत र संगठित रूपले दुबै पक्षले आचारसंहिता लागु गर्‍यो कि गरेन भनेर अनुगमन गर्ने गर्नुपर्छ भन्ने हाम्रो मान्यता छ ।

**❍ वार्ता सम्पूर्ण नेपालीहरुको भाग्य निर्माण गर्ने विषय भएकोले यसबारे सम्पूर्ण नेपालीहरु सुसूचित हुनु जरुरी हुन्छ । यो पारदर्शी हुनुपर्छ । यस सन्दर्भमा, तपाईंहरु र सरकारी पक्ष बसेर तय भएका सहजकर्ताहरुको व्यवस्था मात्र के पर्याप्त छ ?**

– वार्ता प्रक्रियामा आम जनतालाई सहभागी गराएरमात्र वार्ताले सार्थक निकास दिन सक्छ । यसका लागि हामीले हाम्रा विचार, मान्यता र प्रस्तावहरूलाई सार्वजनिक गर्नु पर्छ । यस्तो काम सत्ता पक्षले पनि गर्नु पर्छ ।

अर्को कुरो, वार्ता स्थलभित्र कसले के भने भन्ने विषयमा आम जनताहरूलाई सुसूचित बनाउन सहजकर्ताहरूको एउटा टोली बनाइनु पर्छ । र, सहजकर्ताहरूलाई साक्षीको भूमिका खेल्न दिनु पर्छ । उनीहरूले वार्ता टोलीहरू र जनताबीच पुलको भूमिका खेल्नु पर्छ । यसरी नै वार्तालाई पार्दर्शी बनाउन सकिन्छ भन्ने लाग्छ । यसको साथसाथै वार्तालाई अझ पार्दर्शी बनाउन मिडियालाई पनि वार्तामा संलग्न गराइनु पर्छ भन्ने हाम्रो मान्यता रहेको छ ।

**❍ अहिले वार्ता प्रक्रिया चलिरहेको अवस्थामा नै अमेरिकाले उसको आतंकवादीको सूचिमा नेकपा**

**(माओवादी)लाई पनि राखेको कुरा सार्वजनिक गरेको छ । यसले वार्ता प्रक्रियालाई नकारात्मक असर गर्छ कि गर्दैन ?**

- निश्चित रूपमा अमेरिकाले जुन हाम्रो पार्टीलाई समेत उसको आतंकवादीको सूचिमा समावेश गरेको छ, यसले वार्ता प्रक्रियालाई सघाउ पुऱ्याउने त प्रश्न नै उठ्दैन । यसले वार्तालाई भाँड्ने, विकृत पार्ने र भ्रम फिँजाउने भूमिका नै बढी खेल्छ । यस बारेमा हाम्रो पार्टीको आधिकारिक वक्तव्य आइसकेको छ । हामी यसलाई घोर भर्त्सना गर्छौं । र, आम जनता र अन्तर्राष्ट्रिय जगतलाई अमेरिकाको यस्तो कदमलाई रोक्न लगाउन भूमिका खेल्न अपील गर्दछौं ।

**○ वार्तामा संसदवादी दलहरुलाई पनि संलग्न गराइनु पर्छ भन्ने कुरा आम जनताहरुले भनिराखेका छन् । सरकारले उनीहरु आएनन् भनिरहेछ । उनीहरु भने हामीलाई सम्मानजनक ठाउँ दिइएन भनिरहेछन् । यस्तो अवस्थामा उनीहरुलाई संलग्न गराउने ठोस उपायहरु के हुन सक्छ ?**

-सबै पक्षलाई यो वार्तामा संलग्न गराइनु पर्छ भन्ने हाम्रो मान्यता रहेको छ । यसको लागि राजनैतिक र सैद्धान्तिक रूपमा एउटा साझा आधार तयार गरिनु पर्छ । र, अहिलेको अवस्थामा त्यो आधार भनेको संविधान सभा र नयाँ संविधान हुनसक्छ । किनकि अहिले संविधान शून्यताको स्थिति छ । सत्यता र यथार्थलाई आत्मसाथ गरेर मात्र त्यो साझा आधार तयार हुनसक्छ । यसको लागि हाम्रो प्रयास जारी छ ।

हामीले आम नागरिक समाज, संसदवादी दलहरू र सत्ता पक्ष सबैलाई त्यो साझा आधार निर्माण गरौं र त्यसमा उभिएर वार्तामा संलग्न होऔं भनिरहेछौं । यो बाटोबाट मात्र सार्थक परिणाम आउन सक्छ भन्ने हाम्रो मान्यता रहेको छ । अहिले हामी यसमा नै प्रयासरत छौं । तर हाम्रो प्रयासले सार्थक परिणाम निकाल्न सकिराखेको हामीलाई महशुस भइरहेको छैन ।

अहिले संसदवादी दलहरू प्रतिगमनविरूद्ध सडकमा ओर्लिरहेका छन् । उनीहरू त्यसमा जति हदसम्म अगाडि बढ्छन्, त्यति हदसम्म उनीहरूको आन्दोलनलाई हाम्रो पूर्ण समर्थन रहनेछ । तर प्रतिगमनलाई हटाइसकेपछि अग्रगमनको लागि बाटो के हो भन्ने बारेमा उनीहरू स्पष्ट छैनन् । अग्रगामी निकासबारे उनीहरूको धारणा अपूर्ण र गलत छ । यसबारेमा हामीले जुन धारणा राखेका छौं, त्यो वास्तविकतासित र जनचाहनासित मिल्छ । त्यसले नै यथार्थतालाई प्रतिविम्बित गर्छ । हामी त्यही आधारमा टेकेर अग्रगमनको निकास निकाल्नु पर्छ भन्ने मान्यता राख्छौं । तर यस विषयमा अझै पूर्ण सहमति बन्न सकिराखेको छैन ।

जनताले अहिले शान्ति र प्रगति चाहेका छन्, शान्तिको सन्दर्भमा हामी सत्ता पक्षसित सहमत भइरहेका छौं, तर जहाँसम्म प्रगति कसरी हुन्छ भन्ने सवाल छ, त्यस मामलामा उनीहरूसित हाम्रो गम्भीर मतभेद रहेको छ । हामीबीच साझा आधारहरू तयार भइसकेको स्थिति छैन । त्यहाँ अझै द्वन्द्व कायम छ । तर हामी त्यही द्वन्द्वको बीचबाट नै निकास निकाल्न सकिन्छ भन्ने आशामा छौं ।

**○ अहिलेको चन्द सरकारलाई संसदवादी पार्टीहरुले प्रतिगमनको गोटीको रुपमा लिइरहेका छन् । उनीहरुले यसको वैधानिकतामाथि प्रश्न उठाइरहेका छन् । त्यसैले यो सरकार संलग्न वार्तामा बस्न उनीहरुलाई अप्ठेरो छ । यस्तो स्थितिमा उनीहरुलाई समेत वार्ता प्रक्रियामा संलग्न गराउन तपाईंहरुको भूमिका के हुने छ ?**

- संसदवादी दलहरू आफ्नै कुरामा अन्यौलग्रस्त छन् । एमालेले सर्वदलीय सरकारको कुरा उठाइरहेको छ । तर त्यो कसले गठन गरिदिन्छ ? निश्चित रूपमा त्यो राजाले गठन गरिदिने हो । राजाले गठन गरिदिन्छन् भने त्यसलाई विघटन पनि उनैले गर्न सक्छन् । र, अर्को कुरा, त्यो गठन पुरानै संविधान अन्तर्गत नै हुने हो ।

वास्तवमा एमाले आफ्नै नेतृत्वमा सर्वदलीय सरकार बनाउन चाहन्छ । साथै ऊ आफ्नो नेतृत्वमा चुनाव गराई आफ्नो बहुमत ल्याउने चाहना राख्दछ । त्यसैले एमालेको चाहना भनेको ०४६/४७ सालको पुरानो स्थितिमै फर्कने हो । तर त्यसरी फेरि ०४६/४७ सालमै फर्केर समस्याको समाधान हुँदैन भन्ने हाम्रो मान्यता हो ।

अर्कोतिर नेपाली कांग्रेस संसदको पुनर्स्थापना चाहन्छ । यो भनेको एमालेभन्दा रूपमा फरक तर सार चाहिँ एउटै हो । ऊ के सोच्दछ भने संसदको पुनर्स्थापना गरियो भने उसको त्यहाँ बहुमत भएकोले उसको सरकार बन्दछ । र, सरकार बनाएर चुनाव गराई आफ्नो बहुमत ल्याउने उसको चाहना हो । उसले संविधान संशोधनको पनि कुरा गरिरहेछ । तर यी सबै कुराहरू एमालेको जस्तै फेरि ०४६/४७ सालको स्थितिमा फर्कने प्रक्रियाहरू मात्र हुन् ।

यसरी एमाले र कांग्रेस एकातिर आन्दोलन गर्ने कुरा गरिराखेका छन्, अर्कोतिर फेरि पुरानै स्थितिमा फर्कने लक्ष्य लिइराखेका छन् । त्यसैले उनीहरू ठूलो द्विविधा, अन्यौल र अकर्मण्यतामा फँसिराखेको प्रष्ट छ ।

हामी उहाँहरूलाई के भन्छौं भने त्यसरी पुरानै स्थितिमा फर्केर अहिलेको समस्याको समाधान निस्कँदैन । अब त नयाँ किसिमको निकास निकाल्न अग्रसर हुनुपर्छ । त्यो नयाँ निकास भनेको संविधान सभाको निर्वाचन र नयाँ संविधानको निर्माण नै हो । यसले मात्र देशको अहिलेको संकट हल हुन सक्छ । यसै अनुरूप हामी उहाँहरूलाई सहयोग गर्न चाहन्छौं । साथै उहाँहरूसंग सँगसँगै अगाडि बढ्न चाहन्छौं ।

**○ संसदवादी पार्टीहरुलाई सम्मानजनक ढंगमा वार्तामा सामेल गर्ने माग सत्ता पक्षसँग तपाईंहरुले दरोसित राख्नु भएको पनि त छैन नि !**

- सबै राजनीतिक पार्टीहरूलाई विविध रूपमा वार्ता प्रक्रियामा सामेल गराइनु पर्छ भन्ने हाम्रो नीति रहँदै आएको छ । अहिले चलिरहेको भनेको पुरानो र नयाँ सत्ताबीचको वार्ता हो । र, मध्यवर्ती हिस्सा अर्थात् संसदवादी पार्टीहरू अहिले न पुरानो सत्तामा छन् न त नयाँ सत्तामा छन् । त्यसैले अहिलेको वार्तामा उनीहरूको प्रत्यक्ष सहभागिता हुँदैन । तर उनीहरूलाई अर्को रूपमा सहभागी गराउनु जरूरी छ । हाम्रो के मान्यता रहिआएको हो भने सहजकर्ताको टोलीमा संसदवादी पार्टीहरूको पनि एउटा प्रतिनिधि रहनु पर्छ । तर यस मामिलामा सत्ता पक्षले सकारात्मक प्रतिउत्तर दिएन । साथै संसदवादी पार्टीहरू स्वयंबाट पनि



**हामी उहाँहरूलाई के भन्छौं भने त्यसरी पुरानै स्थितिमा फर्केर अहिलेको समस्याको समाधान निस्कँदैन**

सकारात्मक जवाफ आएन । त्यसैले हामीले सहजकर्ताको टोलीमा नागरिक समाजबाट र बौद्धिक व्यक्तित्वहरूबाट मात्र प्रतिनिधिहरू राख्यौं ।

यो अहिले चलिराखेको नयाँ र पुरानो सत्ताबीचको वार्ता एउटा निश्चित टुङ्गोमा पुगिसकेपछि अर्को चरणको वार्ता शुरू हुन्छ । त्यसलाई हामीले गोलमेच सम्मेलन भनेका छौं । त्यसमा सबै पक्षहरू समावेश हुन्छन् । र, अग्रगामी निकास निकाल्नको निम्ति त्यो वार्ता नै निर्णायक हुन्छ । त्यसले नै अन्तरिम सरकार बनाउँछ । त्यही अन्तरिम सरकारले संविधान सभाको चुनाव गराउँछ र त्यसले बनाएको संविधान राजाप्रति होइन, जनताप्रति जवाफदेही हुन्छ । साथै त्यो संविधान गोलमेच सम्मेलनप्रति र अन्तरिम सरकारप्रति पनि जवाफदेही हुन्छ । र, यो प्रक्रियाबाट नै नयाँ नेपालको निर्माण हुन्छ भन्ने हाम्रो स्पष्ट धारणा रहेको छ ।

**○ वार्ता सफल हुन्छ कि हुँदैन ? यहाँसम्म आइपुग्दा तपाईंहरुलाई के अनुभव हुन्छ ?**

- यदि वार्तामा संलग्न दुवै पक्ष निकासप्रति इमान्दार भएन भने वार्ता असफलतामा पनि टुङ्गिन सक्छ । तर उनीहरू गम्भीर र इमान्दार नहुँदा नहुँदै पनि यदि जनता गम्भीर, इमान्दार, संगठित र आन्दोलित भए भने वार्तामा संलग्न पक्षहरूको इच्छा विपरित पनि परिणाम निक्लन सक्छ । र, एउटा सार्थक निकास निस्कन सक्छ । त्यसैले वार्ता सफल हुन्छ कि हुँदैन भन्ने कुरामा निर्णायक तत्व वार्तामा संलग्न पक्षहरू मात्र होइनन् भन्ने हाम्रो मान्यता हो ।

**○ वार्तामा सत्ता पक्ष बेतयारी र अगम्भीर भएको देखिन्छ । वार्ताका आगामी चरणहरुमा उनीहरुले यो स्थिति तोडेनन् भने तपाईंहरु के गर्नुहुन्छ ?**

- सत्ता पक्ष अहिले इमान्दारपूर्वक आइरहेको छैन भन्ने हामीलाई लागेको छ । उसको चरित्रमा द्वैधता देखापरेको छ । बाहिर उसले शान्तिको कुरा गरिरहेको छ, तर ऊ टेबिलमा विनाएजेण्डा प्रस्तुत हुन्छ । एकातिर ऊ निकासको कुरा गरिरहेछ, अर्कोतिर सेनालाई परिचालन गरिरहेछ । वार्ताको सहमतिविरूद्ध गएर चलखेल गरिरहेछ । सेनाले पत्रकार सम्मेलन गरेर धम्काउने काम गरिरहेछ । यसरी सत्ता पक्षले एकातिर सकारात्मक अमूर्त कुरा गरिरहेछ भने अर्कोतिर व्यवहारमा नकारात्मक संकेतहरू देखाइरहेछ । यी सबै कुराहरूलाई जोडेर

हेर्दा विषय गम्भीर बन्दैगइरहेछ भन्ने हामीलाई आभास मिलिराखेको छ ।

**○ सत्ता पक्षले वार्तालाई आल्याङ् टल्याङ् गरेर र सहमति भएको भन्दा फरक कुरा बाहिर ल्याएर दिइरहेको नकारात्मक संकेतको निवारण के ?**

– हाम्रो पहिलो चाहना भनेको शान्तिपूर्ण रूपमा अग्रगामी निकास होस् भन्ने हो । तर हाम्रो चाहनामै सबै कुराहरू निर्भर त छैनन् । त्यसैले राज्यपक्षबाट धोका भएमा अग्रगमनको लागि भिन्नै प्रक्रिया पनि शुरूवात हुनसक्छ । इतिहासले अहिले अग्रगामी निकास चाहेको छ । यसलाई कसैले पनि रोक्न सक्दैन । यदि त्यो निकास वार्ताबाट सम्भव भएन भने इतिहासले अर्को बाटो समात्छ । इतिहासले समात्ने त्यो अर्को बाटोमा जानु पर्ने बाध्यता आइपऱ्यो भने हामी त्यही बाटो नै समात्छौं ।

**○ फेरि एकछिन आन्दोलनकै प्रसंगमा फर्किऔं, तपाईंहरुको समर्थनलाई अभिव्यक्त गर्ने प्रकारले वार्ता र दलहरुको आन्दोलनलाई एकैसाथ तालमेल मिलाएर अगाडि बढाउने ठोस उपाय खोज्न संभव छैन ?**

– अहिले मुलुकमा विद्यमान राजनीतिक शक्तिहरू दरवार, संसदवादी पार्टीहरू, विद्रोही पक्ष र नागरिक समाज सबै एउटै आधारमा उभिएर एउटा निकास खोजिनु पर्छ । यो नै मुलुकले अहिले भोलिरहेको समस्याको समाधानका लागि उपयुक्त र सर्वोत्तम उपाय हो भन्ने हाम्रो स्पष्ट मान्यता रहेको छ । तर अहिले मुलुकमा हाम्रो यो मान्यता अनुसार काम भइरहेको छैन । यहाँ राजनीतिक पार्टीहरूबीच फाटो पैदा गर्न र उनीहरूबीच अनावश्यक मनमुटाव बढाउन विदेशी शक्तिहरूले नकारात्मक भूमिका खेलिरहेका छन् । यी कुराहरूको स्पष्ट संकेत अहिले खुला रूपमा पनि प्रकट भइरहेका छन् । हाम्रो के भनाइ हो भने संसदीय पार्टीहरू पनि अग्रगामी निकासको लागि एउटै थलोमा उभिनु पर्छ । त्यस्तै, दरवारिया शक्ति पनि यदि उनीहरू जनतालाई अधिकार दिन चाहन्छन् र इतिहासले देखाएको आवश्यकताप्रति साँच्ची नै सचेत र निष्ठावान छन् भने त्यो शक्ति पनि एउटै थलोमा उभिनु पर्छ । यी सबै शक्तिहरूको मेलबाट नै वाह्य शक्तिको हस्तक्षेपबाट मुलुकलाई जोगाउन सकिन्छ । त्यस्तै, मुलुकलाई एउटा अग्रगामी निकास दिन सकिन्छ । यदि योभन्दा फरक कुनै निश्चित शक्तिहरूमात्र मिलेर पनि निकास दिन सकिन्छ भनेर कसैले जानमा या अनजानमा सोचेको छ भने त्यसले निश्चितै रूपमा नकारात्मक परिणाम निकाल्छ भन्ने हाम्रो धारणा रहेको छ ।

**○ पुनः वार्ताकै विषयमा केन्द्रित बनौं, अड्कियो भने अन्ततः यो वार्ता केमा गएर अड्किने सम्भावना छ ?**

– वार्तामा आउन सक्ने बाधाहरूका दुई वटा पक्षहरू छन्- एउटा आन्तरिक र अर्को वाह्य । आन्तरिक पक्ष भन्नाले दरवारिया शक्तिभित्रको त्यो हिस्सा हो, जो देशघाती तथा जनघाती छ, जसले वार्तालाई अग्रगामी निकास दिन चाहँदैन र जसले हरबखत र हरतरह वार्तालाई असफल बनाउन कसरत गरिरहेछ । त्यसैले त्यो शक्तिलाई सबै प्रजातन्त्रवादी तथा वामशक्तिले कति हदसम्म नियन्त्रण गर्न सक्छन्, त्यसमा वार्ताको सफलता वा असफलता निर्भर हुन्छ । यसबारेमा आम जनतालाई अहिलेदेखि नै सचेत र सजग पार्दै जानु आवश्यक छ । किनकि अहिलेदेखि नै त्यो शक्ति वार्तालाई भाँड्न लागिपरेको छ ।

दोस्रो शक्ति भनेको वाह्य शक्ति हो र त्यसमा पनि मुख्य रूपमा अमेरिकी सरकार नै हो । त्यसले नेपालमा मात्र होइन, विश्वभरि नै शान्ति स्थापनाको काममा अवरोध खडा गरिराखेको छ । विश्वमा त्यसको एकाधिकारलाई नस्वीकार्ने र त्यसको अगाडि आत्मसमर्पण नगर्ने कुनै पनि शक्तिलाई अवरोध गर्न त्यो अगाडि आइरहेको छ । त्यसैले अहिले नै पनि वार्ता प्रक्रियामा ठूलो अवरोध अमेरिकी प्रभुत्ववाद र अमेरिकी एकाधिकारवाद भइरहेको छ । र, यो स्थिति भविष्यमा पनि रहिरहन सक्छ भन्ने हामीलाई लाग्दछ । यसबाहेक पनि भविष्यमा अन्य वाह्य शक्तिहरू पनि वार्तामा बाधक बनेर आउन सक्छन् भन्नेबारे हामी सचेत हुनु जरूरी छ । जनतालाई पनि यसबारे सचेत पार्नु आवश्यक छ ।

**○ वार्तामा सबभन्दा चाम्रो वा जटिल एजेण्डा के होला जस्तो छ ?**

– वार्तामा दुई वटा कुराहरू इतिहासले खडा गरिदिएको छ- एउटा, वार्तामा संलग्न पक्षहरूको अस्तित्वको सम्मानको प्रश्न र अर्को उनीहरूको शक्ति र अधिकारको प्रश्न । यी दुई कुराहरूमा पनि शक्ति र अधिकारको प्रश्न मुख्य हुन् । सबभन्दा चाम्रो अर्थात् जटिल विषय यो हो । यसलाई पनि अझ ठोस रूपमा भन्दाखेरि सेनाको प्रश्न नै सबभन्दा चाम्रो छ । सेना कसको अधीनमा हुने ? नयाँ सेना के आधारमा निर्माण हुन्छ ? त्यो कोप्रति जवाफदेही वा निष्ठावान हुन्छ ? यी प्रश्नहरू नै अहिलेको वार्ताको सबभन्दा जटिल कुराहरू होलान् भन्ने हामीलाई लागेको छ । हामीलाई लाग्छ, भविष्यमा यही चीजले नै धेरै कुराको फैसला गर्नेछ ।

**○ शाही सेनाले त ऊ संसदकै मातहतमा रहेको छ भनिरहेको छ नि ? सुरक्षा परिषदबाट संचालित हुनु नै संसद वा जनताबाट संचालित हुनु हो भन्ने उसको तर्क रहेको छ नि ?**

– यो उसको पुरानो चाल हो भन्ने लाग्छ । सुरक्षा परिषदका अध्यक्ष प्रधानमन्त्री रहने र ऊ संसदले चुन्ने भएकोले उसले त्यस्तो तर्क राखेको हुनसक्छ । यो वास्तवमा तार्किक कुरामात्र हो । मुख्य कुरा त तथ्य र व्यवहारमा भेटिन्छ, परिणाममा भेटिन्छ । त्यसअनुसार यथार्थमा सेना प्रधानमन्त्रीको अधीनमा छैन । त्यो दरवारको अधीनमा छ । अहिले त अझ त्यो दरवारको अधीनमा पनि छ कि छैन भन्ने प्रश्न उठेको छ, कहीं त्यो विदेशी शक्तिको अधीनमा पो छ कि ?! सेना वास्तवमा विदेशी शक्तिको निर्देशन वा आदेशमा पो चलिराखेको छ कि भन्ने प्रश्न टड्कारो रूपमा उठिरहेको छ । त्यसैले हामीले तर्कमात्र हेरेर पुग्दैन । तर्क हेरौं ठीकै छ, तर त्यसको साथसाथै तथ्य र परिणाम पनि हामीले हेर्नुपर्छ । मुख्य कुरा तर्क होइन, मुख्य कुरा तथ्य र परिणाम नै हुन् । र, तथ्यले के देखाउँछ भने शाही सेना कहिल्यै पनि जनताको अधीनमा र जनप्रतिनिधिहरूको अधीनमा रहेको छैन ।

**○ यस्तो आशंका केले पैदा गऱ्यो ?**

– एउटा घटना के स्मरण गरौं भने अमेरिकी विदेशमन्त्री नेपाल आउँदा उनले प्रधान सेनापतिलाई घण्टौं समय दिए, तर राजालाई केवल दश मिनेटमात्र दिए । अहिलेकै घटनालाई लिने हो भने पनि पहिलो दिन अमेरिकी राजदूतको अन्तर्वार्ता आउँछ र दोस्रो दिन सेनाले पत्रकार सम्मेलन गर्छ । यस्तो घटना त घटिराखेको छ । अर्को कुरो, यहाँ अहिले अमेरिकी सैनिक विशेषज्ञहरू आइराखेका छन् । र, उनीहरूले खुलेआम धम्की दिइराखेका छन् ।

सरकार अहिले लाचार देखिन्छ । ऊ वार्तामा आचारसंहिता मान्ने कुरा गर्छ, तर बन्दीहरूलाई छोड्ने, बेपत्ता पारिएकाहरूलाई सार्वजनिक गर्ने, सेनालाई व्यारेकमा फर्काउनेजस्ता वार्ताले गरेका निर्णयहरू ऊ पूरा गर्न सक्दैन । उसले सेना परिचालनलाई रोक्न सकेको छैन । जिल्ला-जिल्लाको कुरा गर्ने हो भने त्यहाँ अहिले पनि कर्फ्यू लगाउने काम भइरहेको छ । कर्फ्यू सेनाले लगाइरहेछ । जनसभाहरूलाई ठाउँ ठाउँमा सेनाले रोकिराखेको छ । प्रमुख जिल्ला अधिकारीले केही गर्न सकेको छैन । उसको आदेशलाई सेनाले पालना गरिरहेको देखिँदैन । सबै काम सेनाले गरिरहेछ । यी सबै तथ्यहरूले यहाँ यथार्थमा सैनिक शासन छ भन्ने देखाइरहेछन् । अहिले मुख्य शासक भनेका राजा हुन् । र, राजासँगै सहमतिमा वार्ता चलिरहेको छ । सरकार राजाकै हो । तर राजाको सरकारसित चलेको वार्ताको आचारसंहिता सेनाले मानिराखेको छैन । तसर्थ सेनाले राजा र प्रधानमन्त्री दुबैको कुरा मानिराखेको छैन । त्यसैले साँच्ची सेनाले कसको आदेश मानिराखेको छ भन्ने एउटा गम्भीर प्रश्न हाम्रो अगाडि खडा भएको छ । तर यसको उत्तर क्रमशः सार्वजनिक पनि भइराखेको छ भन्ने हामीलाई लागिराखेको छ ।

**○ राजनीतिक र आर्थिक एजेण्डाको सवालमा कस्तो खालको समाधान निस्किएला भन्ने तपाईंहरूले सोचिरहनु भएको छ ? वार्ताक्रम अघि बढ्दै जाँदा यसमा चाहिँ सरकारी पक्षले कतिको लचकता लेला भन्ने पूर्वानुमान गर्नु भएको छ ?**

– अहिलेसम्मको वार्तालाई हेर्दा सरकारी पक्ष लचकपूर्ण होइन, झन् झन् संकीर्ण बन्दै गइरहेको देखिन्छ । जहाँसम्म राजनीतिक र आर्थिक एजेण्डाबीचको अन्तर्सम्बन्धको सवाल छ, हामीले के भनेका छौं भने राजनीतिक एजेण्डा नै मुख्य र निर्णायक हो र यसका साथसाथै आर्थिक एजेण्डा पनि अनिवार्य हो । राजनीतिक मुद्दाको समाधान नभइकन आर्थिक मुद्दाको समाधान सम्भव छैन । यो अहिलेसम्मको इतिहासले पुष्टि गरेको कुरो हो । जस्तो कि, अहिलेसम्म मुलुकमा खरबौं विदेशी आर्थिक सहयोग आइसकेको छ । तर त्यसले कुनै आर्थिक प्रगति देखाएन । बरू त्यसले दुर्गति नै देखायो । अहिलेसम्ममा नवौं योजना बनेर कार्यान्वयनमा गइसकेको छ । तर देश त झन् झन्



**सबै तथ्यहरूले यहाँ यथार्थमा सैनिक शासन छ भन्ने देखाइरहेछन् । अहिले मुख्य शासक भनेका राजा हुन् । र, राजासँगै सहमतिमा वार्ता चलिरहेको छ । सरकार राजाकै हो । तर राजाको सरकारसित चलेको वार्ताको आचारसंहिता सेनाले मानिराखेको छैन ।**

निर्धन हुँदै गइरहेको छ । यसो हुनुको कारण भनेको यहाँको राजनीतिक संरचना र नेतृत्व नै हो, जुन भ्रष्ट र जनविरोधी छ । त्यसैले मुलुकको आर्थिक प्रगति गर्न दिँदैन । त्यसैले उपरी संरचनाको आमूल परिवर्तन नगरिकन मुलुकको आर्थिक विकास सम्भव छैन । शुरूवात राजनीतिक निकासबाट गरी, यो र आर्थिक विकासलाई एउटै प्याकेजको रूपमा अगाडि लानु पर्दछ । राजनीतिक निकासले नै आर्थिक विकासको ढोका खोलिदिन्छ भन्ने हाम्रो मान्यता हो ।

तर वार्ताको टेबुलमा अहिले नै यो अन्तर्वस्तुको सवालमा छलफल शुरू भइसकेको छैन । अहिले हाम्रा विषयहरूलाई हामीले सार्वजनिक गरिदिएका छौं र वार्ताको टेबुलमा प्रस्तुत गरेका छौं । सत्ता पक्षले हाम्रा प्रस्तावहरूबारे कुनै पनि टिप्पणी गरेको छैन । तर मिडियाहरूमा उनीहरूले जे बोलिराखेका छन्, त्यसले तिनीहरूमा लचकता होइन, बरू कट्टरता नै हावी छ भन्ने बुझिन्छ । यो आम जनताले नै बुझेको कुरो भयो । जस्तो कि सामाजिक एजेण्डामा पर्ने धर्म निरपेक्षताकै कुरा गर्दा पनि उनीहरू त्यसमा अलिकति पनि सकारात्मक भएका देखिँदैनन् । त्यस्तै, आर्थिक क्षेत्रका कुराहरूमा पनि उनीहरूको कुनै सकारात्मक संकेत देखिँदैन ।

तेस्रो कुरो, राजनीतिक क्षेत्रमा उनीहरू मूल प्रवाहको कुरा गरिरहेका छन् । मूल प्रवाह भनेर यही प्रतिगमनकारी राजनीतिमै हामीलाई पनि सामेल गराउने उनीहरूको चाहना देखिन्छ । यसरी उनीहरूमा लचकताको कुनै पनि संकेत हामीले पाइरहेका छैनौं । तैपनि जनतालाई विश्वास गरेर हामी यो वार्ता प्रक्रियामा कायम छौं । र, हामी अन्तिम अवस्थासम्म पनि कायम रहन्छौं । हामी के ठान्छौं भने अहिले नै आशाको दियो निभिसकेको छैन, त्यो धिपधिप बलिरहेको छ । त्यसैले हामीले आशा मारिसकेका छैनौं । तर भविष्यको बारेमा अहिले नै सबै कुरा गर्न सकिँदैन ।

**❍ गोर्खाभर्ती केन्द्र बन्द गर्ने कुरालाई लिएर तपाईंहरुलाई जनस्तरमै विरोध भइरहेको छ नि ! यसमा तपाईंको भनाई के छ ?**

– हामीले जनताको चाहनालाई प्रतिविम्बित गरेका छौं । जनताको र पार्टीको छुट्टाछुट्टै चाहना हुन्छन् भन्ने कुरालाई हामी मान्दैनौं । तैपनि कतिपय सवालमा हामीले जनताको चाहनालाई प्रतिविम्बित गर्न नसकेको पनि हुनसक्छ । यस्तो अवस्था देखापर्दा त्यस बिन्दुमा पनि हामी लचिलो हुन तयार छौं । जहाँसम्म गोर्खाभर्ती बन्द गर्ने सवाल छ, निश्चित रूपमा त्यसलाई हामीले मागको रूपमा वार्तामा राखेका छौं । तर त्यो त आम जनताको चाहना नै हो । यो कुरा सही हो कि गोर्खाभर्ती केन्द्र बन्द गर्दा तत्कालै भू.पू.गोर्खा सैनिकहरूलाई यसले असर गर्छ । तर हामीले वैकल्पिक रोजगारसहितको कुरा उठाइरहेका छौं । यदि हामीले त्यो केन्द्रलाई बन्द गर्ने कुरामात्र गरिरहेछौं र विकल्पमा अरू केही बोलिराखेका छैनौं भने त्यो एउटा ध्वंशात्मक नीतिमात्र हुन्थ्यो, रचनात्मक नीति हुँदैनथ्यो । हामी विकल्पप्रति संवेदनशील छौं । तर हामीले के नभुलौं भने गोर्खाभर्ती केन्द्र भनेको हाम्रो देशको लागि एउटा ठूलो कलंक हो । आखिर हामी बाँच्नुमात्र त मुख्य होइन, हामी बेलायतीहरूको दलाली गरेर पनि बाँच्न सक्छौं, जनताको सेवा गरेर पनि बाँच्न सक्छौं । त्यसैले प्रत्येक नेपालीले राष्ट्रको स्वाभिमानलाई जोगाएर देशको सेवा गरेर बाँच्नुपर्छ भन्ने हाम्रो मान्यता हो । यो मान्यता सही छ । यसलाई इतिहासले पनि पुष्टि गरेको छ ।

**❍ यो वार्ताको क्रममा तीन कुराहरु पैदा हुने सम्भावना पनि छन्– पहिलो तपाईंहरु र दरवार मिलेर अरु शक्तिहरुलाई छायाँमा पार्ने, दोस्रो तपाईंहरुले पुनः वार्ताको टेबुल छाडेर जंगल पस्ने र तेस्रो दरवारिया षड्यन्त्रमा फँसी तपाईंहरु पनि संसदवादी पार्टीहरुको यथास्थितिवादी पंक्तिमा उभिने । यी नकारात्मक संभावनाहरुप्रति तपाईंहरु कति सजग हुनुहुन्छ ?**

– यदि हामी माओवादी शक्ति र दरवार मिलेर अग्रगामी प्रक्रियालाई तुहाइन्छ भने त्यो ठूलो दुर्भाग्य हुनेछ । र, त्यसविरूद्ध जनताले फेरि नयाँ ढङ्गले विद्रोहलाई संगठित गर्नु पर्ने आवश्यकता हुन्छ । उनीहरूले जनघाती र राष्ट्रघाती नेतृत्वको विरोधमा नयाँ नेतृत्वलाई जन्म दिनु पर्ने हुन्छ । त्यसैले त्यस्तो नकारात्मक काम हुन गएमा हामीविरूद्ध पनि विद्रोह गर्ने अधिकार जनतामा सुरक्षित भएको र त्यस्तो विद्रोह गर्न हामी अहिले नै जनतामा अपील गर्दछौं । तर त्यस्तो नकारात्मक सम्भावना अहिले हामीले देखेका छैनौं । दोस्रो कुरो, सत्ता पक्षले हामीलाई लामो समयसम्म वार्तामा भुल्याइराख्ने र अन्तमा दमन गर्ने षड्यन्त्र रच्ने नकारात्मक सम्भावना पनि रहन सक्छ । यस्तो अवस्थामा पनि जनताले विद्रोहलाई पुनः संगठित गर्नुपर्छ । र, त्यसको लागि अहिलेदेखि नै सचेत हुन हामी अपील गर्दछौं । साथै, त्यस्तो अवस्थामा निश्चित रूपमा हामीले अर्को नयाँ उँचाइको विद्रोहलाई संचालन गर्नेछौं । जहाँसम्म हामीले वार्तालाई तोडेर फेरि जंगल पस्ने भन्ने कुरो छ, यो मान्यता अहिले हामीले लिएका छैनौं । हामी अन्तिम अवस्थासम्म पनि वार्ताको टेबुलबाट भाग्ने छैनौं । यस पटकको वार्ता हामीले होइन, सत्ता पक्षले छोडेर जाने सम्भावना छ । उसले छोडेर गइसकेपछि हामी जनतासँग वार्ता गर्छौं । हामी राजनीतिक शक्तिसँग वार्ता गर्छौं । र, त्यो वार्तालाई हामी अलि भिन्न ढंगले अगाडि बढाउँछौं । त्यो शान्तिपूर्ण ढंगले अगाडि बढ्न पनि सक्छ, यदि सत्ता पक्षले त्यसरी नै जान दिएमा । त्यस अवस्थामा अन्य राजनीतिक पार्टी तथा आम जनतासँग मिलेर हामी शान्तिपूर्ण आन्दोलनबाट नै नयाँ निकास दिनेछौं । तर यदि सत्ता पक्ष सशस्त्र दमनमा उत्रन्छ भने हामी पनि जनताको सशस्त्र विद्रोहलाई संगठित गर्नेछौं ।

**❍ ०४६ साललगायत विगतका अन्य आन्दोलनहरुमा जस्तै सत्ता पक्षले तपाईंहरुलाई पनि तार्किक रुपले लटरपटर पारेर सम्झौतामा ल्याई उपलब्धिहीन निष्कर्षमा पुऱ्याउने सम्भावना छ भन्ने आशंका पनि जनतामा छ । यसमा तपाईंहरुको भनाई के छ ?**

– यो सम्भावना पनि नभएको होइन । सत्ता पक्षले सबै तिकडमहरू अपनाउँछ । उनीहरूले षड्यन्त्रहरू गर्न सक्छन् । त्यसैले यस मामलामा क्रान्तिकारी पक्ष र जनता सचेत हुनुपर्छ । यदि उनीहरू सचेत हुन सकेनन्, उनीहरू विवेकशील हुन सकेनन् र उनीहरू साहसी हुन सकेनन् भने निश्चित रूपमा षड्यन्त्र सफल हुन पनि सक्छ । यसरी यदि वार्ता असफल हुन पुग्यो भने त्यसबाट जनता र राष्ट्रले नयाँ शिक्षा लिनु पर्ने हुन्छ । र, त्यो पाठ सिकेर जनताले आफूलाई अझ बढी सचेत पारी अगाडि बढ्नु पर्ने हुन्छ । विश्वको इतिहासमा पनि यस्ता घटनाहरू थुप्रै हुने गरेका छन् । त्यसैले नेपालमा त्यस्तो हुनै सक्दैन भन्ने कुरा छैन । हामीले जनतालाई सचेत पार्न सक्यौं, हामी सचेत हुन सक्यौं भने हामीलाई कसैले पनि ठग्न सक्दैन । यदि हामी मूर्ख भयौं र लाटो भयौं भने हामीलाई सबैले ठग्छन् । जहाँसम्म हाम्रो प्रश्न हो, हामी त्यति मूर्ख छैनौं, त्यति लाटो छैनौं, हामी त्यति अचेत छैनौं, जसले गर्दा उनीहरूले हामीलाई ठगून् । र, सार्वजनिक रूपमा हामीले जनतालाई हाम्रो न्यूनतम कुरा स्पष्ट राखेका छौं, जुन कुरा हामीले छोड्नु भनेको हामीले आत्मसमर्पण गर्नु हो । त्यो हामी कदापी गर्दैनौं ।

❑ प्रस्तुति :

हरिगोविन्द लुइँटेल/तुल्सीदास महर्जन

## बुद्ध दर्शनको ज्ञान

पूर्णाङ्ग १०३ देखि 'दर्शन' स्तम्भमा नियमित रुपमा बुद्ध दर्शनका विशेषताहरुसम्बन्धी प्रकाशित विश्लेषणात्मक लेखहरुले बुद्ध दर्शनको उच्चताबारे गहन ज्ञान दियो । मूल्यांकनको पूर्णाङ्ग १०७ सम्म आइपुग्दा बुद्ध दर्शनको द्वन्द्वात्मक भौतिकवादी चरित्रबारे अनभिज्ञताबाट मुक्त भइयो । प्रज्ञानरत्नद्वारा यस्तै लेखहरु आइरहुन् ।

*– संगीत श्रोता*
*सङ्गीतपुर, बाजुङ्– २, पर्वत ।*

## मोहनविक्रमको ताल

मूल्यांकनको पूर्णाङ्ग १०७ पढ्दै जाँदा विभिन्न पार्टीका नेताहरुको विचारअन्तर्गत मोहनविक्रम सिंहको विचार पढ्दा त के लाग्यो भने, कसैले अन्तरवार्ता लिने हो भने मोहनविक्रमले इराकलाई साम्राज्यवादी र अमेरिकालाई साम्राज्यवादविरोधी पनि भन्न बेर छैन ।

माओवादीका नेताहरुलाई सत्ताका निम्ति लागिपरेका र दरवारमुखी भनेर उहाँले आखिर कसलाई ढाँट्न खोज्नुभएको हो ? को कस्तो हो, के कस्तो हो, सबै नेपाली जनताले राम्ररी जानिसकेका छन् ।

*– प्रकाश पैंतोला*
*सलेना–५, (बैतडी)*

## खै त बाँधमा नेपाली सेना ?


गतांकमा महलीसागर बाँध बाँधेर फेरि भारतले बलमिच्याइ गरेको रिपोर्ट पढ्न पाइयो । भारतले हरेक वर्ष यसरी सीमा क्षेत्रमा दुःख दिएको देख्दा खै त नेपालका दरवारिया 'राष्ट्रवादी'हरु बोलेका ? खै त हाम्रो राष्ट्रसेवी भनिएको शाही सेना सक्रिय भएको ? के राष्ट्रको सीमा रक्षाका बारेमा चाहिँ सेना मौन बस्ने ?

*– रोचक वैद्य*
*पाटन ढोका, ललितपुर ।*

## फिनलैण्डको महिला स्थिति

नेपाली महिलाको पनि फिनलैण्डका महिलाको जस्तै राम्रो अवस्था कहिले हुने होला ? पैवी अहोनेनसँगको अन्तर वार्ता पढ्दा उत्साह पैदा भयो । आखिर गरेमा सुधार त हुँदो रहेछ त !

*– सुन्दर रिमाल*
*नारायणगढ, चितवन ।*



FEEL THE RHYTHM
Wherever you are
TUBORG
BEER


DAEWOO
नयाँ वर्ष मोडेल मूल्य
21D4 (Rs. 17,000/-)
20D4 (Rs. 15,800/-)
14D4 (Rs. 11,600/-)
21D9 (Rs. 19,500/-)
20D9 (Rs. 18,000/-)
21U8 (Rs. 27,500/-)
25G5 (Rs. 30,500/-)
29G4 (Rs. 39,000/-)
उच्च प्रविधि, उत्कृष्ट टिभी
प्रत्येक DAEWOO टिभीको खरिदमा आकर्षक उपहार
30 MONTHS WARRANTY
यो योजना बैशाख ५ गतेदेखि लागू हुनेछ ।
FREE VOLTAGE 90-240v
100 CHANNELS
4 SPEAKERS WITH LINE STEREO
DIGITAL TECHNOLOGY
FULL FUNCTION REMOTE CONTROL
CHILD LOCK
2 A/V In/Out
ON TIMER SLEEP TIMER
Digital Cubic Sensor
DVD Ready
CURVES/04578/03
Authorized Daewoo Dealers:
Kathmandu: International Sound Service, Star Plus Electronics, Shrestha Radio Concern, Voice & Vision, Surya Trade Concern, Monami Video, Electronics Home, V & V Audio Video, Music Hut; New Baneshwor: TV World, Kalika Electronics; Chabahil: Kuldeep Home Appliances Center; Dilli Bazaar: Hans TV Center; Bhaktapur: S & S Electronics, Suryabinayak; Shyam Electronics, Kamalbinayak; Kalanki: Electronic TV House; Balaju: National Electronics; Lalitpur: Silu Electronics, Patan Electronic Centre; Lagankhel: Patan TV Center; Kumaripati: Paramount Himalayan Trade Links; Trishuli: Samundra Radio Service; Dhading: Bhairabi TV Center; Illam: Govinda Electronics; Birtamode: Bansal TV Center; Damak: Acharya Electronics; Urlabari: Naveen Kota; Dharan: Light House; Itahari: New Pathivara Electronics; Biratnagar: Arun Electronics/Abhisek; Rajbiraj: New Gajananda Traders; Gaighat: GC Suppliers & Traders; Katari: Prashant Electronics; Lahan: Music & Vision House; Bayelbas: Jagadamba Enterprises; Sindhuli: Kshitiz Electronics; Janakpur: Preeti Enterprises; Malangwa: Malang Baba Traders; Birgunj: R.K. Emporium; Hetauda: Shrestha Electricals and General Suppliers, Om Sai Electronics; Narayanghat: Trimurti Radio & Watch Pasal; Gorkha: Sakriya Radio Pasal; Lamjung: Lamjung TV World; Damauli: National Radio Service; Pokhara: Gautam Electric & Electronics Center; Kushma: Kaligandaki Cable Networks; Baglung: Baglung Electronics; Waling Bazaar: Gandaki Electronics & Gift Center; Galyang Bazaar: Nishu Gift House; Palpa: Sri Nagar Suppliers; Bhairhawa: Shangrila International, Butwal: Kumari Audio Video & Home Appliances; Argakhachi: Lumbini Suppliers & TV Bikri Kendra; Lamahi: Bhusal Electronics; Ghorahi: Vijaya Electronics; Vishwo Jyoti Electricals & GeneralOrder Suppliers, Tulsipur: Shree Ram TV Center; Nepalgunj: Delta Electronics; Surkhet: Maa Durga Emporium; Dhangadi: Dinesh Electronics; Mahendranagar: Chataut Trading, Munal Electronics; Banepa: MS Electronics; Charikot: Rainbow Electronics; Ramechap: Srijana Electronics.
Golchha Organisation
Assembled in Nepal By: NIM ELECTRONICS PRIVATE LIMITED
नेपालको सर्वाधिक बिक्री हुने टिभी
DAEWOO
नेपालको नं १ COLOR TELEVISION
* Some features are only on select models.